नेपाल सरकार

भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना






## अन्तिम प्रतिवेदन

## २०७५

नेपाल डेभलप्मेन्ट कन्सल्टेन्सी

अनामनगर, काठमाडौं

फोन:०१-४२१९२६७

वृहत/एकीकृत शहरी विकास योजना तयारी अध्ययन टोली

| | |
|---|---|
| **आयोजनाको नाम** | **भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना** |
| **भाग** | **एक** |
| **प्रतिवेदन बुझाइएको मिति** | **३०७५/०१/२५** |
| **प्रतिवेदन किसिम** | **प्रिन्टेड प्रतिवेदन तथा डिजिटल** |
| **प्रिन्टेड प्रतिवेदन प्रतिलिपि** | **३** |
| **परामर्शदाता सदस्यहरु** | **नाम तथा पद** |
| | डा. केदार दाहाल, टोली प्रमुख/शहरी योजनाकर |
| | कृष्णप्रसाद तिमल्सिना, जिआएस तथा विकास विज्ञ |
| | सुनिल कुमार झा, सिभिल इन्जिनियर |
| | संजयकुमार मिश्र, वातावरण विद |
| | शैलेश कुमार थापा, जिओलोजिस्ट |
| | चुरामणि गौतम, अर्थशास्त्री |
| | सुरेन्द्र मिश्र, समाजशास्त्री |
| | ऋतुराज भण्डारी, संस्थागत तथा वातावरण विद |
| | कृष्णचन्द्र अधिकारी, पर्यावरण विद |
| **प्रतिवेदन तयारी एवं परीक्षण** | डा. केदार दाहाल, टोली प्रमुख |
| | कृष्णप्रसाद तिमल्सिना, जिआइएस तथा विकास विज्ञ |

# आभार

*भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि नगरपालिकामा विभिन्न चरणमा वृहत छलफल तथा अन्तरक्रिया, प्राविधिकहरुबाट अवलोकन भ्रमण, सामुदाय स्तरमा औपचारिक/अनौपचारिक छलफल तथा अन्तरक्रिया गरी समग्र वस्तुस्थितिको अध्ययन गरिएको छ । यस वृहत एकीकृत शहरी विकास योजना प्रतिवेदनमा भद्रपुर नगरपालिकाको संक्षिप्त पार्श्वचित्र, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, क्षेत्रगत विकास योजनाहरू: सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, जोखिम न्यूनीकरण, संस्थागत विकास, वित्तीय विकास योजना तयार गरिएको छ । नगरपालिकाको योजना तथा निर्माण मापदण्ड समेत छुट्टै भागमा समावेश गरी पहिचान भएका प्रमुख योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताक्रममा राखी प्रस्ताव गरिएकोले नगरपालिकाको समग्र विकासको लागि यो दस्तावेज कोशेढुङ्गो सावित हुने विश्वास लिइएको छ ।*

*नगरपालिकाको समग्र विषयवस्तुको विस्तृत विश्लेषण गरी क्षेत्रगत विकास योजनालाई समेटी अल्पकालीन, मध्यकालीन, दीर्घकालीन रुपमा संचालन गरिनुपर्ने योजनाहरु समेटी तयार पारिएको भद्रपुर नगरपालिकाको यो एकीकृत शहरी विकास योजना दस्तावेज नगरपालिकाको अन्य योजना तयारीको लागि समेत आधार हुनेछ भन्ने विश्वास लिइएको छ । योजना तर्जुमाले मात्रै कुनै पनि नगरको व्यवस्थित शहरी विकास नहुने हुँदा योजना कार्यान्वयनको पाटो महत्वपूर्ण हुन्छ । तसर्थ, नगरपालिकाले आफ्नो वार्षिक योजना तयारी गर्दा यस एकीकृत शहरी विकास योजनामा प्रस्ताव गरिएका क्षेत्रगत विकास योजनाहरुलाई समावेश गरी अगाडि बढ्ने छ र कार्यान्वयनमा विशेष चासो दिनेछ भन्ने विश्वास समेत लिइएको छ । साथै, नगरपालिकामा रहेका विकासमा संलग्न संघसंस्थाहरुले समेत यस योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमहरुलाई आ-आफ्ना वार्षिक योजनामा समावेश गर्दै लानुपर्नेछ र नगरपालिकासँगको समन्वयमा सो समेत प्रभावकारी कार्यान्वयन हुनेछ भन्ने विश्वास समेत लिइएको छ ।*

*अन्तमा, योजना तयारीको क्रममा सक्रिय सहयोग पुऱ्याउनुहुने भद्रपुर नगरपालिकाका मेयर श्री जीवन कुमार श्रेष्ठ ज्यू, उपमेयर श्रीमती चन्द्रमाया श्रेष्ठ ज्यू, वडाका वडा अध्यक्ष ज्यूहरु, नगरपालिकाका कार्यकारी अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ ज्यू तथा तत्कालीन कार्यकारी अधिकृत श्री काजीमान राई ज्यू, ई. श्री योगेन्द्र रन्जितकार लगायत नगरपालिकाका सम्पूर्ण पदाधिकारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, नगरपालिकाका सरोकारवाला निकायका पदाधिकारी, स्थानीयवासी, बुद्धिजिवी, समाजसेवी प्रति समेत हामी आभारी छौं । उहाँहरुको सक्रिय सहयोग, समन्वयले नै यो योजना प्रतिवेदन यस रुपमा तयार हुन सकेको हुँदा योजना तयारीमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरुप्रति योजना तयारी टोली हार्दिक आभार व्यक्त गर्न चाहन्छ ।*

*योजना तयारी टोली*<br>
*नेपाल डेभलपमेन्ट कन्सल्टेन्सी,*<br>
*काठमाडौं*

## विषयसूची

**आभार** ........ ३
**विषयसूची** ........ ३
**कार्यकारी सारांश** ........ १०
**१. परिचय** ........ १३
१.१ पृष्ठभूमी ........ १३
१.२ अध्ययनको उद्देश्य ........ १५
१.३ अध्ययनको कार्य क्षेत्र ........ १६
**२. अध्ययन विधि** ........ २०
२.१ परिचय ........ २१
२.२ पूर्व अध्ययनहरुको पुनरावलोकन ........ २१
२.३ तथ्याङ्क संकलन ........ २४
२.३.१ द्वितीय तथ्याङ्क संकलन ........ २४
२.३.२ प्राथमिक तथ्याङ्क संकलन ........ २४
२.४ तथ्याङ्क प्रशोधन ........ ३३
२.५ विश्लेषण ........ ३४
२.५.१ भौतिक विश्लेषण ........ ३४
२.५.२ वातारणीय विश्लेषण ........ ३४
२.५.३ सामाजिक स्थिति विश्लेषण ........ ३५
२.५.४ आर्थिक स्थिति विश्लेषण ........ ३५
२.५.५ वित्तीय विश्लेषण ........ ३५
२.५.६ संस्थागत स्थिति विश्लेषण ........ ३६
२.६ योजना तयारी ........ ३६
२.७ आधार नक्शा (ध्क्रुब्ड तकम) तयारी ........ ३६

२.७.१ विद्यमान आधार नक्शाको उपलब्धताको मूल्याङ्कन ..... ३६

२.७.२ भू-उपग्रह नक्शाको प्राप्ति ..... ३७

२.७.३ Ground Control Points (निर्देशित बिन्दु) र Geo-referencing ..... ३८

२.७.४ Grid and Height Datum ..... ३८

२.७.५ Digitization ..... ३८

**३. भद्रपुर नगरपालिकाको पार्श्वचित्र ..... ४१**

३.१ सामान्य परिचय ..... ४१

३.२ ऐतिहाँसिक पृष्ठभूमी ..... ४१

३.३ भौगोलिक अवस्थिति, सिमाना तथा राजनैतिक र प्रशासनिक विभाजन ..... ४२

३.३ हावापानी तथा जलवायु ..... ४२

३.४ नदिनाला तथा तालहरु ..... ४४

३.५ नगरपालिकाको वर्तमान भू-उपयोग ..... ४४

३.६ विद्यमान भौतिक पूर्वाधार तथा सेवा सुविधाहरु ..... ४५

३.६.१ सडक तथा यातायात ..... ४६

३.६.२ खानेपानी ..... ४८

३.६.३ विद्युत तथा ऊर्जा ..... ५१

३.६.४ खाना पकाउने ईन्धनको प्रयोग ..... ५२

३.६.५ घरधुरीमा उपलब्ध सेवा सुविधाहरु ..... ५३

३.५.६ शौचालय प्रयोगको स्थिति ..... ५५

३.६.७ ढल तथा सतह ढल ..... ५६

३.६.८ फोहोरमैला व्यवस्थापन ..... ५७

३.६.८ सूचना तथा संचार ..... ५७

३.६.९ प्रशासनिक सेवा ..... ५८

३.७ भद्रपुर नगरपालिकाको जनसंख्या र सामाजिक स्थिति ........ ५९
३.७.१ जनसंख्याको स्थिति ........ ५९
३.७.२ जनसंख्याको वडागत वितरण ........ ६०
३.७.३ जनसंख्याको उमेरगत विवरण........ ६१
३.७.५ भाषा ........ ६२
३.७.६ जातजाति........ ६४
३.७.७ पेशागत विवरण ........ ६५
४.७.८ बसाई सराईको अवस्था ........ ६७
३.८ सामुदायिक सेवा ........ ६८
३.८.१ शिक्षा........ ६९
३.८.२ स्वास्थ्य ........ ७१
३.८.३ सुरक्षा निकाय ........ ७३
३.८.४ सरकारी तथा गैर्ह सरकारी कार्यालयहरु ........ ७३
३.८.५ आवास तथा बसोबास ........ ७४
३.८.६ संस्कृति तथा चाडपर्व ........ ७७
३.८.७ खेलकुद तथा मनोरन्जन........ ७९
३.८.८ स्मारक........ ७९
३.९ पर्यटन ........ ८०
३.१० शहरी स्वरुप (Urban Form) ........ ८४
३.११ आर्थिक तथा रोजगारीको स्थिति ........ ८५
३.११.१ कृषि तथा पशुपालन ........ ८६
३.११.२ सिंचाई........ ८८
३.११.२ हाटबजार........ ८८

३.११.३ उद्योग तथा व्यापार ........ ९०

३.११.४ बैदेशिक रोजगार र विप्रेषण ........ ९१

३.११.५ वित्तीय संस्था ........ ९३

३.११ वन तथा हरियाली क्षेत्र ........ ९४

३. १२ वातावरण संवेदनसिलता/जोखिम क्षेत्र ........ ९६

३.१३ संस्थागत स्रोत तथा क्षमता ........ ९७

**४. नगर विकासको समस्या, चुनौती, अवसर र बिषयगत विश्लेषण ........ १०१**

४.१ एकीकृत विकास योजनाका मुख्य सवालहरु/मुद्दाहरु ........ १०१

४.२ नगर विकासको चुनौती तथा अवसरहरु ........ १०१

४.२.१ नगर विकासका प्रमुख समस्याहरु ........ १०२

४.३ नगरपालिकाको समस्या संभावना विश्लेषण (SWOT Analysis) ........ १०७

४.४ नगर विकासको अग्रणी क्षेत्र ........ १०९

**४.५ ग्रामीण शहर अन्तरसम्बन्ध** ........ ११०

४.५.१ भूमिका ........ ११०

४.५.२ भद्रपुर नगरपालिकाको अन्तरसम्बन्ध ........ १११

४.६ सामाजिक विश्लेषण ........ ११७

४.६.१ जनसंख्या ........ ११७

४.६.२ जनसंख्याको प्रक्षेपण ........ ११८

४.६.३ शिक्षा ........ ११९

४.६.४ स्वास्थ्य ........ १२०

४.६.५ सामाजिक विविधता, महिला सहभागित र विकास ........ १२१

४.६.६ धार्मिक र साँस्कृतिक अवस्था ........ १२२

४.७ आर्थिक अवस्थाको विश्लेषण ........ १२३

४.७.१ आन्तरिक स्रोत परिचालन ....... १२५
४.७.२ लागत सहभागिता ....... १२६
४.७.३ राजश्व सुधार कार्ययोजनाका कार्यक्रमहरु ....... १२७
४.७.४ वित्तीय विकास ....... १२८
४.८ भौतिक विश्लेषण ....... १२८
४.९ वातावरणीय विश्लेषण ....... १३२
४.१० जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन विश्लेषण ....... १३४
४.११ संस्थागत क्षमता विश्लेषण ....... १३६
४.११.१ नगरपालिकाको जनशक्ति तथा प्राविधिक क्षमता विश्लेषण ....... १३६
४.११.२ योजना तथा कार्यान्वयन क्षमता विष्लेषण ....... १३७
४.११.३ नगरपालिकाको संगठन विकास ....... १३८
४.११.४ जनसहभागिता परिचालन ....... १३९
४.११.५ निजी क्षेत्र ....... १४०
४.१२ वित्तीय स्रोत तथा क्षमता विश्लेषण ....... १४१
४.१२.१ आयको विवरण ....... १४१
४.१२.२ व्ययको विवरण ....... १४२
४.१२.३ नगरपालिकाको आगामी ५ बर्षको अनुमानित आय प्रक्षेपण ....... १४३
**५. नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु ....... १४५**
५.१ नगरपालिकाको दीर्घकालीन सोच ....... १४५
५.२ दीर्घकालीन सोचको व्याख्या ....... १४५
५.२ ध्येय (Mission) ....... १४७
५.३ लक्ष, उद्देश्य तथा रणनीतिहरु ....... १४७
५.४ नगरका विकासका निर्देशक सिद्धान्तहरु (Guiding Principles) ....... १४९

**६. क्षेत्रगत विकास योजना तथा तर्कबद्ध खाका विश्लेषण ........................................ १५६**
६.१ परिचय........................................................................................१५६
६.२ भौतिक विकास योजना ........................................................................ १५७
६.२.१ भुमिका.......................................................................................... १५७
६.२.२ भौतिक विकास योजनाको परिभाषा एवं उद्देश्य .................................... १५७
६.२.३ योजना तयारी ...................................................................................१५८
६.२.४ शहरी विस्तार क्षेत्र निर्धारण .......................................................... १५९
६.२.५ प्रस्तावित भू-उपयोग क्षेत्र निर्धारण .......................................................१६०
६.२.६ जग्गा विकास कार्यक्रम ...................................................................... १६१
६.२.७ पूर्वाधार लगानी रणनीति.......................................................................१६२
६.२.८ भू-उपयोग क्षेत्र भित्र स्वीकृत हुने क्रियाकलाप ........................................... १६३
६.२.९ निर्माण मापदण्ड ............................................................................... १६६
६.२.१० सडक अधिकार क्षेत्र निर्धारण.................................................................१६७
६.२.११ ठेगाना प्रणाली ............................................................................... १६८
६.२.१२ तर्क बद्ध खाका विष्लेषण (Logical Framework Analysis) ........................ १७०
६.३ सामाजिक विकास योजना........................................................................ १४३
६.३.१ भूमिका.......................................................................................... १४३
६.३.२ तर्कबद्ध खाका विश्लेषण....................................................................... १४३
६.४ आर्थिक विकास योजना.........................................................................१५२
६.४.१ भूमिका...........................................................................................१५२
६.४.२ तर्कबद्ध खाका विश्लेषण........................................................................१५३
६.५ वातावरण व्यवस्थापन योजना ................................................................ १६१
६.५.१ भूमिका........................................................................................... १६१

६.५.२ नगरपालिकाको वातावरण संवेदनशील क्षेत्रहरु ........................................ १६२

६.६ जवायु परिवर्तन प्रकोप न्यूनीकरण तथा जलवायु अनुकुलन योजना ........................ १६७

६.६.१ भूमिका ........................................ १६७

६.६.२ तर्कवद्ध खाका विश्लेषण ........................................ १६८

६.७ संस्थागत विकास योजना ........................................ १७३

६.७.१ भूमिका ........................................ १७३

६.७.२ संस्थागत विकास रणनीति ........................................ १७४

६.७.३ तर्कबद्ध खाका विश्लेषण ........................................ १७५

**७. प्रस्तावित योजना तथा कार्यक्रम र बहु-क्षेत्रगत लगानी कार्य योजना ........................ १८०**

७.१ परिचय ........................................ १८०

७.२ डिपिआर तयारीको लागि योजना छनौटको आधार ........................................ १८०

७.३ विस्तृत आयोजनाहरुको विवरण र पुष्ट्याई ........................................ १८०

७.४ अल्पकालीन योजनाहरु (०-५ बर्ष ) ........................................ १८२

७.५ मध्यकालीन योजनाहरु ( ६-१० बर्ष ) ........................................ १९३

७.६ दीर्घकालीन योजनाहरु (११-२० ) ........................................ १९७

७.७ योजनाहरुको बहु-क्षेत्रगत लगानी कार्ययोजना ........................................ २०२

**८. निष्कर्ष तथा सुझाव ........................................ २०७**

८.१ निष्कर्ष ........................................ २०७

९.२ सुझावहरु ........................................ २०९

अनुसूचीहरु

अनुसूची १: माइन्युट

अनुसूची २: निर्देशक तथा विषयगत उप-समितहरुको विवरण

अनुसूची ३: फोटोहरु

अनुसूची ४: डिपिआर डिजाइन तथा नक्शा

अनुसूची ५: नक्शाहरु

# कार्यकारी सारांश

*नेपाल सरकार स्थानीय विकास मन्त्रालयले  तयार गरेको कार्य शर्त बमोजिम भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना प्रतिवेदनमा नगरपालिकाको संक्षिप्त पार्श्वचित्र, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, क्षेत्रगत विकास योजनाहरु: सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, जोखिम न्यूनीकरण, संस्थागत विकास, वितीय विकास योजना तथा नगरपालिकाको योजना तथा निर्माण मापदण्डहरुलाई समावेश गरी प्रमुख योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताक्रम निर्धारण गरी यो प्रतिवेदन तयार गरिएको छ ।*

*एकीकृत शहरी विकास योजना तयारीको लागि प्रारम्भिक कार्यशाला गोष्ठी आयोजना गरी निर्देशक समिति, विषयगत उप-समिति गठन गरी ती समितिहरुसँग छलफल अन्तर्क्रिया गरी सुझाव संकलन गरिएको थियो । यसैगरी, स्थानीय सरोकारवाला व्यक्तिहरु, स्थानीयवासी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाजका व्यक्तिहरुसँग प्रत्यक्ष तथा अप्रत्यक्ष छलफल अन्तर्क्रिया समेत गरी स्थानीय समस्याहरु पहिचान गरिएको थियो । वस्तुस्थिति अध्ययन, नक्शांकन, पार्श्वचित्र तयार गरी नगरपालिकाको समग्र वस्तुस्थिति विश्लेषणको आधारमा क्षेत्रगत विकास योजनाहरु तयार गरिएको छ ।*

*प्रदेश नं १ को झापा जिल्लामा अवस्थित भद्रपुर नगरपालिका नेपालको जेठो नगरपालिका मध्येको एक नगरपालिका हो । वि.सं. २००८ सालमा स्थापना भएको यो नगरपालिकामा २०३८/३९ सालमा चन्द्रगढी र महेशपुर गाविसको केही वडाहरुलाई एकीकृत गरी १५ वडामा विभाजन गरिएको थियो । वि.स. २०७१ सालमा चन्द्रगढी र महेशपुर दुबै गाविसहरु तत्कालिन भद्रपुर नगरपालिकामा समावेश गरी १५ वटै वडामा विभाजित गरिएको थियो भने २०७३ को राज्य पुनरसंरचनाले साविकको पृथ्वीनगर गाविसलाई समेत समावेश गरी १० वटा वडाहरुमा विभाजन गरिएको छ । व्यापारिक दृष्टिकोणले पूर्व पश्चिम राजमार्गको पूर्वी द्वार काकडभिट्टा शुरु हुनु भन्दा अगाडि नै भद्रपुर भारतको विहार राज्यसँग सिधै जोडिएको हुनाले यो नगरपालिका व्यापारिक केन्द्रको रुपमा चिनिन्थ्यो । भद्रपुर झापा जिल्लामा अवस्थित पूर्वी तराईको प्रमुख र महत्वपूर्ण नगरपालिका हो । भद्रपुर नगरपालिका महेन्द्र राजमार्गको विर्तामोड देखि १७ कि.मी. दक्षिणमा अवस्थित छ । मेची नदीमा पुल र हुलाकी मार्ग (भद्रपुर-गौरीगंज-रंगेली-विराटनगर) निर्माण भएमा व्यापारिक दृष्टिकोण र रणनैतिक अवस्थितिले गर्दा यस नगरपालिकाको अझ विकास हुने देखिन्छ । भद्रपुर पुरानो नगरपालिका भएतापनि भौतिक विकास तथा निर्माणमा भने अझै पनि पछि परेको स्थिति छ ।*

*भद्रपुरको विकासको लागि मुख्यतया कृषि, उद्योग/व्यापार व्यवसाय, पूर्वाधार विकास लगायत नगरमा विद्यमान धार्मिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धनका साथै वातावरण सुधारतर्फ ध्यान दिनुपर्दछ । यसबाट एकातिर यस नगरपालिकालाई औधोगिक, व्यापारिक र कृषि केन्द्रको रुपमा विकास गरी*

*वरिपरिका क्षेत्रहरुमा सेवा र सुविधाहरु पुऱ्याउने एक महत्वपूर्ण नगरपालिकाको रुपमा विकास गर्न सकिने देखिन्छ भने कृषिसँग सम्बन्धित र अन्य उत्पादन मुलक उद्योगहरुको विकास मार्फत नयाँ रोजगारीको सृजना हुने प्रचुर संभावना रहेको छ ।*

***"पूर्वी क्षेत्रको व्यापारिक द्वारः शान्ति, समृद्धि सहितको भद्रपुर शहर"** भन्ने दीर्घकालीन सोच निर्धारण गरिएको यस वृहत/एकीकृत शहरी विकास योजनाले भद्रपुरलाई नेपालको पूर्वी क्षेत्रको प्रमुख व्यापारिक द्वारको रुपमा चित्रण गरेको छ । उद्योग, व्यापार, कृषि र पर्यटनको विकास र विस्तारद्वारा भद्रपुर नगरपालिकालाई पूर्वी नेपालकै नमूना आधुनिक शहरको रुपमा विकास गर्ने यस योजनाले अगाडि सरेको ध्येय हो । नगरपालिकामा शान्ति सुव्यवस्था कायम गरी समृद्ध भद्रपुरको सपना देख्ने तर्फ यस योजनाले परिलक्षित गरेको छ । प्रस्तावित दीर्घकालीन सोच हासिल गर्नको लागि पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति, गरिवी निवारण, कृषि विकास, चिया खेति, पशुपालन, तरकारी खेति, पर्यटन प्रवर्द्धन र विकास, सामाजिक सुरक्षा, प्राविधिक शिक्षालयको स्थापना, वैदेशिक व्यापार, आयात- निर्यात, वातावरण व्यवस्थापन, कटान तथा डुबान नियन्त्रण, फोहोर मैला व्यवस्थापन, संस्थागत सुदृढिकरण र सेवा प्रहावमा सुधार गरी नयाँ स्थानीय तहको निर्माण पश्चात स्थानीय तहको सवलीकरण गर्दै राज्यको पुनरसंरचना अनुरुपको मर्म अनुसार सेवा सुविधाको सहज पहुँच तथा विकास निर्माणमा तीव्रता र चुस्तता हुनु अत्यन्त जरुरी देखिन्छ ।*

*क्षेत्रगत विकास योजनालाई समेटी क्षेत्रगत आवश्यकताका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरु समेत पहिचान गरी प्रस्ताव गरिएको यस प्रतिवेदनमा योजना तथा कार्यक्रमहरुलाई Indicative रुपमा प्रस्ताव गरिएको छ । नगरपालिकाको आवश्यक्तालाई प्रतिबिम्बित गर्ने गरी वस्तुगत विश्लेषणको आधारमा समेत योजनाहरु प्रस्ताव गरिएकोले नगरपालिकाले वार्षिक योजनामा यस्ता आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनुपर्दछ ।*

*मेची पुलको निर्माण र हुलाकी राजमार्गको स्तरोन्नतीसँगै आर्थिक, व्यापारिक र औद्योगिक विकास हुन सक्ने, पूर्वी क्षेत्रको व्यापारिक शहरको रुपमा विकास हुन सक्ने, कृषि तथा नगदे वालीको विकास र विस्तार गर्न सकिने, पर्यटन विकास (किचकवध, कमलधाप र चन्द्रगढ) द्वारा रोजगारीको सृजना गर्न सकिने, अन्तरदेशीय नाकाको रुपमा विकास हुन सक्ने मुख्य सवल पक्षहरु रहेको यस नगरपालिकामा थुप्रै चुनौतीहरु समेत रहेका छन् । पूर्वका दमक, विर्तामोड र मेचीनगर जस्ता शहरहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने, सुरक्षित वस्ती विकासको लागि भवन संहिता र निर्माण मापदण्डको सफल कार्यान्वय , डुबान र कटानको समस्या नियन्त्रण गरी सुरक्षित शहर बनाउनु, विभिन्न क्षेत्रमा लगानी आकर्षित गर्न नसक्नु जस्ता चुनौतीहरु चिर्दै यस वृहत/एकीकृत शहरी विकास योजनाले निर्दिष्ट गरेको लक्ष अनुसार भद्रपुरको व्यवस्थित शहरी विकासको लागि मूल रुपमा निर्माण मापदण्डको कार्यान्वयन, पूर्वाधार विकास, संस्थागत पुनरसंरचना, आवश्यक बजेट विनियोजन, स्थानीय सरकार (नगरपालिका), प्रादेशिक सरकार तथा केन्द्र सरकारको समन्वय, सहकार्य तथा सकृयतामा योजना कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ ।*

# १. परिचय

## १.१ पृष्ठभूमी

नेपालमा बिगतका दशकहरु देखि नै शहरीकरणको प्रकृया र गति तीब्र रुपमा बढिरहेको छ । सन १९९१ र २००१ को बिचमा शहरी जनसंख्याको वृद्धिदर ३.६% प्रति बर्ष रहेकोमा सन २००१ र २०११ को बिचमा शहरी जनसंख्याको वृद्धि दर ३.४% रहेको थियो । २०७०/७१ साल सम्ममा नेपालमा ५८ वटा नगरपालिकाहरु रहेका थिए र तिनीहरु मध्ये धेरैजसो नगरपालिकाहरु पूर्व-पश्चिम महेन्द्र राजमार्ग वा जिल्ला सदरमुकाममा अवस्थित थिए । नगरपालिकाहरुको संख्या वृद्धि भैरेहेको सन्दर्भमा २०७२ मा नगरपालिकाहरुको संख्या २१७ वटा पुगेको थियो भने राज्य पुनरसंरचना पश्चात नेपालमा हाल ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका र २४६ नगरपालिका सहित कूल २९३ वटा पुगेका छन् । यस भद्रपुर नगरपालिका भने ५८ वटा नगरपालिका मध्येकै पुरानै नगरपालिका हो । तर साविकको भद्रपुर नगरपालिकामा वरिपरिका गाविसहरु (चन्द्रगढी, महेशपुर) पहिलो चरणमा र पछि पृथ्वीनगर गाविस समेत समावेश गरी भद्रपुर नगरपालिका घोषिणा गरिएको छ ।

नेपालमा हालसम्म पनि धेरैजसो नगरपालिकाहको अर्थतन्त्र मुलत: कृषिमा आधारित रहेको देखिन्छ । साविकका गाविसहरुलाई समेटेर घोषणा गरिएको हुनाले अधिकांश शहरहरु ग्रामीण प्रकृतिका छन् । धेरै गाउँ/गाविसहरुलाई समेटी नगरपालिका घोषित गर्ने गरिएकोले अधिकांश शहरहरुमा आधारभूत सेवा सुविधा समेत पुगिसकेको छैन । सबै नगरपालिकाहरुमा बस्ने जनसंख्यालाई आधार मान्दा हाल नेपालमा शहरी जनसंख्या ५९% भन्दा माथि पुगिसकेको स्थिति छ ।

विगत केही दशक देखि नेपाल सरकारले शहरी योजना र विकासलाई आधुनिक विधि र पद्दति अनुरुप विकास गर्ने रणनीति अख्तियार गरेको छ । यसै परिप्रेक्ष्यमा सन १९६९ मा काठमाण्डौ नगरपालिकाको पहिलो भौतिक विकास योजना तयार गरिएको थियो । यो योजना भौतिक विकास योजनाको क्षेत्रमा महत्वपूर्ण प्रयासको रुपमा स्थापित भएको पाइन्छ । यसपछि पनि काठमाडौंको व्यवस्थित विकासको लागि धेरै प्रयासहरु भए, योजनाहरु तयार गरिए तर संस्थागत समन्वयको कमी तथा प्रयाप्त लगानीको अभावका कारण कतिपय योजनाहरु व्यावहारीक रुपमा कार्यान्वयनमा

आउन सकेनन । योजना तर्जुमाको क्रममा समय क्रमसँगै आवधिक विकास योजना, गुरुयोजना, भौतिक विकास योजना, एकीकृत विकास योजना जस्ता शहरी विकासका आधुनिक विधि र सोचहरुलाई पनि क्रमश: अगाडि बढाउँदै लगिएको पाइन्छ । नगरपालिकाको तहमा हालसम्म पनि आवधिक योजनाको अभ्यास भैरहेको पाइन्छ । तर यस्ता कतिपय योजनाहरुको कार्यान्वयन पक्ष भने सन्तोषजनक हुन सकिरहेका छैनन् ।

नेपालमा शहरीकरणलाई व्यवस्थित गर्न तथा संतुलित शहर विकास गर्नको लागि नेपाल सरकारले "राष्ट्रिय शहरी नीति २००७" तयार गर्‍यो । यसै नीति अनुसार नेपालका पछि परेका नगरपालिकाहरुलाई विशेष प्राथमिकताका साथ योजना तर्जुमा गर्दै कार्यान्वयनलाई अगाडि बढाउने नीति समेत समावेश गरेको छ । राष्ट्रिय शहरी विकास रणनीति २०१५ (National Urban Development Strategy, 2015) ले एकीकृत र क्षेत्रीय शहरी पद्धतिको विकासलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको पाइन्छ । तर नेपालमा पहिलेकै ५८ वटा नगरपालिकाहरुमा समेत भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको छ । राष्ट्रिय शहरी विकास रणनीति अनुसार शहरी सडक घनत्व केवल ३.२६ किमि/प्रति व्यक्ति रहेको छ, जुन दक्षिण एशियाकै न्यून हो । तर शहरीकरणको तिब्र विकासले गर्दा नेपालमा शहरी पूर्वाधारको विकास र निर्माणमा तीब्र दबाव परेको छ । शहरी पूर्वाधार निर्माणमा सार्वजनिक पूँजीको लगानी अहिलेसम्म पनि न्यून नै रहेको छ । नेपाल सरकार दातृ निकायहरुको सहयोगमा एकीकृत विकासका आयोजनाहरुको कार्यान्वयनमा लागिरहेको छ । हाल दातृ निकायहरुको सहयोगमा मझौला एकीकृत शहरी विकास तथा वातावरण सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project), एकीकृत शहरी विकास आयोजना (Integrated Urban Development Project), शहरी सुशासन तथा विकास कार्यक्रम (Urban Governance and Development Program) जस्ता शहरी विकास आयोजनाहरु संचालनमा आएका छन् । नेपाल सरकारकै पहलमा शहरी विकास मन्त्रालय अन्तरगत केही नगरपालिकाहरुमा सघन शहरी कार्यक्रम अन्तर्गत शहरी विकासको लागि पूर्वाधारमा लगानी भै रहेको छ ।

शहरी विकासकै सन्दर्भमा नेपाल सरकारले वि. स. २०६७/६८ देखि मध्य-पहाडी लोकमार्गमा अवस्थित १० वटा नमुना शहर छनौट गरी उक्त शहरहरुको एकीकृत विकास गर्नको लागि आफ्नै स्रोतबाट नयाँ शहर आयोजना कार्यक्रम संचालन गरिरहेको छ । मध्य-पहाडी लोकमार्गको

कोरिडोरमा छनौट भएका १० वटा नयाँ शहरहरुमा योजना तर्जुमा र कार्यान्वयन एकै साथ हुँदै आईरहेको छ । आ.व. २०७२/७३ देखि शहरी विकास तथा भवन निर्माण विभागले तराई-मधेशमा अवस्थित हुलाकी राजमार्गमा १० वटा नयाँ शहरहरु छनौट गरी तिनीहरुको संभाव्यता अध्ययन गर्नेको लागि बजेट विनियोजन गरी १० नयाँ शहरको संभाव्यता अध्ययन कार्य अगाडि बढाएको छ । देशकै सबैभन्दा पुरानो हुलाकी राजमार्ग तराईका शहरहरुलाई जोडने एक प्रमुख राजमार्ग भएतापनि यसको विकास राम्ररी अगाडि बढ्न सकेको छैन भने हुलाकी राजमार्गमा रहेका वस्ती तथा बजारले समेत व्यवस्थित रुप लिन सकिरहेका छैनन् । यसै उद्देश्का साथ, तराईमा समेत शहरीकरणलाई व्यवस्थित गर्ने उद्देश्यले नयाँ शहरहरुको विकास र विस्तार गर्ने नीति नेपाल सरकारको रहेको छ । यसका साथै, यसै आर्थिक बर्षमा शहरी विकास मन्त्रालयले सुर्खेत र प्यूठान जिल्लामा १/१ नयाँ शहर निर्माण गर्ने कार्य समेत सँगसँगै अघि बढाएको छ ।

योजनाबद्ध शहरी विकासलाई प्राथमिकतामा राखी स्थानीय विकास मन्त्रालयले समेत नगरपालिकाहरुको योजना तर्जुमा गर्दै आएको छ । आवधिक योजना, शहरी सडक यातायात गुरुयोजना तर्जुमा, आवधिक जिल्ला विकास योजना, शहरी गुरुयोजना, पूर्वाधार विकास योजना, जिल्ला सडक यातायात गुरु योजना स्थानीय विकास मन्त्रालयहरुबाट तर्जुमा गरी व्यवस्थित शहरी विकास योजनालाई स्थानीय विकास मन्त्रालयले समबन्धित नगरपालिकाहरु मार्फत अगाडि बढाउँदै आएको छ ।

राष्ट्रिय शहरी विकास नीतिलाई अत्मासाथ गर्दै शहरी पूर्वाधार विकास गरी शहरी गरिवीलाई न्यूनीकरण गर्नको लागि आर्थिक बर्ष २०७३/७४ देखि स्थानीय विकास मन्त्रालयले प्राथमिकताक्रममा रहेका २५ वटा नगरपालिकाहरुलाई व्यवस्थित गर्नको लागि वजेट विनियोजन गरी "वृहत/एकीकृत शहरी विकास योजना तर्जुमा" गर्ने कार्यक्रम शुरु गरेको छ । यसै परिप्रेक्ष्यमा भद्रपुर नगरपालिका र यस परामर्शदाताबीच भएको संझौता बमोजिम भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना तर्जुमा कार्यको मस्यौदा प्रतिवेदन तयार गरी बुझाइएको छ ।

## १.२ अध्ययनको उद्देश्य

**यस अध्ययनको मुख्य** उद्देश्य भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना तर्जुमा गर्नु हो । यसै मूल उद्देश्यसँग सम्बन्धित निम्न उद्देश्यहरु यस अध्ययनले समेटेको छ;

१. भद्रपुर **नगरपालिकाको प्रोफाइल**/पार्श्वचित्र **तयार गर्ने**
२. भद्रपुर नगरपालिका क्षेत्रको **आधार नक्शा** तयार **गर्ने**
३. **नगरपालिकाको दीर्घकालीन सोच**, **लक्ष्य**, **उद्देश्य**, **रणनीतिहरुको निर्धारण गर्ने**
४. **विषयगत लक्ष्य**, **उद्देश्य**, **रणनीति**, **नतिजाका आधारमा क्षेत्रगत योजना** (**भौतिक** विकास योजना, **सामाजिक** विकास योजना, **आर्थिक** तथा वित्तीय विकास योजना, **वातावरण** व्यवस्थापन योजना, संस्कृति, पर्यटन तथा संरक्षण योजना, **संस्थागत विकास** योजना, **प्रकोप न्यूनीकरण** तथा जोखिम व्यवस्थापन **योजना**) तयार **गर्ने**
५. **प्र मुख आयोजनाहरु पहिचान तथा प्राथमिकीकरण गर्ने**
६. **बहु-क्षेत्रगत लगानी कार्ययोजना** तयार पार्ने
७. **निर्माण**/योजना **मापदण्ड प्रस्ताव गर्ने**

## १.३ अध्ययनको कार्य क्षेत्र

यस अध्ययनको कार्य क्षेत्रलाई बुँदागत रुपमा तल व्याख्या गरिएको छ;

### १.३.१ आधार नक्शा अध्यावधिक

भद्रपुर नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा गर्ने कार्यको लागि आधार नक्शा अध्यावधिक गरिएको छ । आधार नक्शा अध्यावधिक गर्ने कार्यको लागि स्थलगत अध्ययन, भ्रमण, अवलोकन गरिएको छ भने जि.पि.एस.को सहायताले सबै किसिमका पूर्वाधारहरुको नक्शाङकन समेत गरिएको छ । अधार नक्शा अध्यावधिक गर्ने कार्य अन्तर्गत निम्न पक्षहरु समावेश गरिएको छः

- विद्यमान सडक संजाल (सडक, यातायत रुट, बस स्टप, सडकको किसिम आदि),
- भवनहरुको अवस्थिति, किसिम, संचनाको स्थिति आदि,
- भू-उपयोग (व्यापारिक, आवासीय, संस्थागत, बसोबास, कृषि, प्राकृतिक, गुठी, सार्वजनिक आदि)
- जल प्रवाह प्रणाली (नदि, खोला, पोखरी)
- शहरी पूर्वाधार (विद्युत, टेलिफोन, खानेपानी, सार्वजनिक धारा, पोखरी, पार्किङ स्थल, एयरपोर्ट, आदि)

- सार्वजनिक पूर्वाधार (स्वास्थ्य, शिक्षा, सुरक्षा, चिहान, मन्दिर, मस्जिद, उद्योग, कलकारखाना आदि)
- वातावरणीय प्रदूषण स्थल (भू-क्षय, आगलागी, ल्याण्डफिल साइट, फोहोर विसर्जन स्थल आदि)
- संस्कृतिक तथा पर्यटकीय (मन्दिर, म्युजियम, सिनेमाघर, भ्यूटावर, पार्क, पूरातात्विक क्षेत्र आदि)

### **१.३.२ नगरपालिकाको पार्श्वचित्र तयारी**

भद्रपुर नगरपालिकाको समग्र क्षेत्रलाई समेटी योजनाको लागि आवश्यक पार्श्वचित्र तयार गरिएको छ । यस्तो पार्श्वचित्रमा आधारभूत सूचनाहरु जस्तै: भौतिक, सामाजिक, आर्थिक, वातावरणीय, वित्तीय तथा संस्थागत पक्षहरु समिटिएको छ । विषयगत मुद्दाहरुलाई व्याख्या तथा विश्लेषण समेत गरी नक्शा, चित्र, प्रमुख समस्या र संभावनाहरु तथा विगतको आधारमा प्रवृत्तिगत विश्लेषण समेत गरिएको छ ।

### **१.३.३ विश्लेषण**

विश्लेषण अन्तर्गत प्रवृत्ति विश्लेषण, समस्या संभावना विश्लेषण, स्थानिक विश्लेषण, वित्तीय विश्लेषण गरी विगत र वर्तमानको वस्तुस्थितिको तुलनात्मक अध्ययन गरिएको छ । यसबाट भद्रपुर नगरपालिकाको विगत र वर्तमान स्थिति बुझ्न सहज भएको थियो ।

### **१.३.४ नगरपालिकाको दीर्घकालीन सोंच**

सहभागितात्मक पद्धतिबाट नगरपालिकाको दीर्घकालीन सोच निर्धारण गरिएको छ । सोही दीर्घकालीन सोचलाई आधार मानी नगरपालिकाले वार्षिक योजना तथा कार्यक्रमहरु अगाडि बढाईएको छ ।

### **१.३.५ विषयगत लक्ष्य, उद्देश्य तथा रणनीतिहरु**

यस योजना तयारीको क्रममा विषयगत लक्ष्य, उद्देश्य तथा रणनीतिहरु समेत प्रस्ताव गरी विषयगत योजना तयार गरिएको छ । विषयगत योजना तयारीको लागि निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्ने आधार, योजना तथा कार्यक्रमहरु, जोखिम पक्ष समेत निर्धारण गरी प्रस्ताव गरिएको छ ।

### १.३.६ दीर्घकालीन भौतिक विकास योजना तर्जुमा

विद्यमान शहरी वस्तुस्थितिको अध्ययन गरी दीर्घकालमा कस्तो किसिमको शहर निर्माण गर्ने, कुन कुन क्षेत्रमा के के पूर्वाधार विकास गर्ने, शहरी विकास कुन क्षेत्रतिर विस्तार गर्ने, जोखिम युक्त क्षेत्रहरु कता रहेका छन् लगायत भविष्यमा कस्तो शहर बनाउने भन्ने विषयलाई विशेष ध्यान दिई दीर्घकालीन भौतिक विकास योजना तर्जुमा गरिएको छ । यस्तो भौतिक विकास योजनाले भविष्यको शहरी स्वरुप निर्धारण गर्न मद्दत गर्दछ ।

### १.३.७ वातारण व्यवस्थापन योजना

यस योजना दस्तावेजमा वातावरण व्यवस्थापन योजनालाई पनि समावेश गरिएको छ । वातावरण व्यवस्थापन योजना अन्तर्गत फोहोर व्यवस्थापन, प्रदूषण नियन्त्रण, शहरी हरियाली, कृषि, पार्क, खुल्ला क्षेत्र व्यवस्थापन, संरक्षण तथा संवेदनशील क्षेत्र जस्ता वातावरणीय पक्षलाई समेटी वातावरण व्यवस्थापन योजना तयार गरिएको छ ।

### १.३.८ सामाजिक विकास योजना

सामाजिक विकास योजना अन्तर्गत सामाजिक अवस्थाको विश्लेषण गर्दै शिक्षा, स्वास्थ्य, सुरक्षा, महिला सहभागिता, समावेशिता, पिछडिएका समुदाय/वर्गको विकास, संस्कृति तथा खेलकुद, मनोरन्जन, पुस्तकालय, सामुदायिक भेला, उत्सव जस्ता सामाजिक विषयलाई मध्यनजर गरी योजनाहरु प्रस्ताव गरिएको छ । यस किसिमको योजनाले सामाजिक विकासलाई विशेष मद्दत पुऱ्याउनेछ ।

### १.३.९ संस्कृति, पर्यटन तथा संरक्षण योजना

नगरको धर्म, संस्कृति, सम्पदा, पुरातात्विक महत्वका क्षेत्र लगायत पर्यटन विकासका संभावनाहरुलाई समेत समेटी संस्कृति, पर्यटन तथा संरक्षण योजना तयार गरिएको छ । स्थानीय संस्कृति, चाडपर्व, रीतिरिवाज, मन्दिर, मस्जिद, पर्व आदिलाई समेटी संस्कृति, पर्यटन तथा संरक्षण योजना तयार गरिएको छ।

### १.३.१० आर्थिक विकास योजना

आर्थिक विकास योजना अन्तर्गत आर्थिक विकासका संभाव्य क्षेत्रहरु, औद्योगिक विकास, रोजगारीको अवसर, कृषिको विविधिकरण तथा विकास र विस्तार, ग्रामीण-शहर अन्तरसम्बन्ध, उत्पादन, नगदेवाली, साना तथा मझौला उद्योग र व्यवसायिक गतिविधि, आर्थिक क्षेत्र लगायत आर्थिक विकासका समस्या र संभावनालाई समेटी विद्यमान आर्थिक गतिविधिको आधारमा भविष्यको संभावनालाई उजागर गरिएको छ। यस किसिमको योजनाले नगरको विद्यमान आर्थिक स्थितिको साथै भविष्यको आर्थिक विकासको संभावनालाई अगाडि बढाउन मद्दत गर्नेछ ।

**१.३.११ वित्तीय विकास योजना**

वित्तीय विकास योजना अन्तर्गत नगरपालिकाको विगतको आय-व्यय तथा योजना कार्यान्वयनका लागि आवश्यक हुने बजेट तथा बजेट उपलव्ध हुने स्रोतहरु समेत पहिचान गरी योजना कार्यान्वयनको लागि वित्तीय विकास योजना प्रस्ताव गरिएको छ । यस किसिमको वित्तीय विकास योजनाले बजेट व्यवस्थापनको खाका प्रस्तुत गरेको छ ।

**१.३.१२ संस्थागत विकास योजना**

संस्थागत सुदृढीकरण विना विकास योजनाहरु कार्यान्वयन गर्न सकिदैन । तसर्थ सुसाशन, स्रोत परिचालन, जन सहभागिता, स्थानीय स्रोतहरुको समुचित प्रयोग, नगरपालिकाको विद्यमान स्रोत साधन तथा क्षमता लगायत विविध पक्षलाई समेटी संस्थागत विकास योजना तयार गरिएको छ । संस्थागत विकास योजनाले संस्थागत समन्वय, लगानीको स्रोत तथा योजना कार्यान्वयन सहज बनाउने छ ।

**१.३.१३ बहु-क्षेत्रगत लगानी योजना**

बहु-क्षेत्रगत लगानी कार्ययोजनामा प्रस्तावित योजना तथा कार्यक्रमहरुको संभाव्य स्रोत पहिचान गरी लगानीको खाका तयार गरिएको छ । यसमा कुन कुन आयोजनाको लागि के कति रकम कुन कुन स्रोतबाट परिचालन गर्न सकिन्छ सो कुरालाई स्पष्ट किटान गरी योजना खाका कोरिन्छ । योजना कार्यान्वयनको संभाव्य निकाय, उपलब्ध हुन सक्ने स्रोत, लगानी वर्ष समेत किटान गरी योजना दस्तावेजमा समावेश गरिएको छ ।

### १.३.१४ निर्माण मापदण्ड

नगरपालिका क्षेत्रभित्र निर्माण हुने पूर्वाधार तथा भवनहरुको निर्माण मापदण्ड समेत तयार गरिएको छ । निर्माण मापदण्ड अन्तर्गत भवनको कभरेज, तल्ला, उचाई, खुल्ला क्षेत्र लगायत न्यूनतम आधारहरु समेत तोकी तयार गरिएको छ । निर्माण मापदण्ड तयार गर्दा स्थानीय विकास मन्त्रालयले तयार गरेको २०७२ को मापदण्डलाई समेत आधार मानिएको छ ।

### १.३.१५ मुख्य पूर्वाधारको डिपिआर तयारी

नगरपालिकाले आयोजना निर्माणको लागि मुख्य पूर्वाधारहरुको संभाव्यता अध्ययन प्रतिवेदन समेत तयार गरिएको छ । यस किसिमको संभाव्यता अध्ययनले योजना निर्माणमा सहयोग पुऱ्याउने छ ।

### १.३.१६ नक्शा तयारी

वृहत/एकीकृत शहरी विकास योजनाको लागि आवश्यक नक्शाहरु समेत तयार गरिएको छ । जसको लागि निम्न बमोजिमक नक्शाहरु तयार गरी यो प्रतिवेदन तयार गरिएको छः

- अवस्थिति नक्शा (Location Map)
- प्रभाव क्षेत्र नक्शा (Hinterland Map)
- वर्तमान भू-उपयोग नक्शा (Existing Land use Map)
- वर्तमान पूर्वाधार नक्शा (Existing Infrastructure Map)
- प्रस्तावित भू-उपयोग नक्शा (Proposed Land use Map)
- वर्तमान र प्रस्तावित सडक संजाल नक्शा (Existing and Proposed Road Network Map)
- वातावरणीय र जोखिम संवेदनशील नक्शा (Environmental and Risk Sensitive Map)

# २. अध्ययन विधि

## २.१ परिचय

भद्रपुर नगरपालिकाको कार्यालय र यस परामर्शदाताबीच भएको सम्झौता अनुरुप भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना तर्जुमाको लागि वृहत जनसहभागिता, सरोकारवाला निकायहरुसँगको छलफल/अन्तर्क्रिया, स्थलगत अध्ययन भ्रमण, नक्शा अध्यावधिक गरी योजना दस्तावेज तयार गरिएको छ। विकासका हरेक चरणमा सबै जनताको समान पहुँच होस भन्ने कुरालाई मनन गरी सहभागी तथा समतामुलक प्रकृयाबाट यस प्रतिवेदन तयार गरिएको छ । अध्ययनको कार्य विधिमा नगरपालिकाको स्थलगत सर्वेक्षण, अवलोकन, नगरपालिकाका नवनिर्वाचित पधाधिकारीहरु, नगरपालिका भित्रका दलीय प्रतिनिधि, स्थानीय जनसमुदाय तथा प्रमुख सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, औपचारिक तथा अनौपचारिक छलफल, लक्षित समूह छलफल साथै स्थानीय निकाय एवं अन्य स्रोतबाट संकलित सूचना, जानकारी एवं तथ्याङ्कहरुलाई अध्ययन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ । यस अध्ययनको कार्य विधि निम्न अनुसार रहेको छ:

## २.२ पूर्व अध्ययनहरुको पुनरावलोकन

वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि नगरपालिकासँग सम्बन्धित विभिन्न प्रतिवेदनहरु, जानकारीहरु, तथ्याङ्कहरु, नक्शाहरु संकलन गरी अध्ययन गरिएको छ । उपलब्ध तथ्याङ्क, जानकारी तथा प्रतिवेदनहरुको पुनरावलोकन तथा समीक्षाको आधारमा भद्रपुर नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा गर्न सहयोग पुगेको थियो । अध्ययनको यस प्रारम्भिक चरणमा तल उल्लेखित प्रतिवेदनहरुको अध्ययन गरिएको थियो । अन्य प्रतिवेदन तथा तथ्याङ्कहरु समेत आवश्यकता अनुसार अध्ययन/समीक्षा गरिएको थियो र सोही आधारमा योजना तयारी कार्यलाई अगाडि बढाइएको थियो ।

- वार्षिक नगर विकास योजना (२०६७/६८- २०७२/७३)
- गाविस/नगरपालिका पार्श्वचित्रहरु (साविक चन्द्रगढी, महेशपुर, पृथ्वीनगर गाविसहरु तथा साविक भद्रपुर नगरपालिका)
- साविक भद्रपुर नगरपालिकाको आवधिक योजना, (२०६९-२०७४)
- साविक भद्रपुर नगरपालिकाको पार्श्वचित्र (२०६९)
- राष्ट्रिय शहरी विकास रणनीति, २०१५ (National Urban Development Strategy, 2015)

- भू-उपयोग क्षेत्र निर्धारण निर्देशिका तथा नीति, २०६९
- भौतिक विकास योजना प्रतिवेदनहरु
- शहरी विकास नीति, २०६४
- स्थानीय विकास मन्त्रालय, निर्माण मापदण्ड तथा निर्देशिका, २०७२
- राष्ट्रिय आवास नीति, २०६८
- GIS Based Base Map Data of Bhadrapur Municipality, 2071

यसका साथै, शहरी विकाससँग सम्बन्धित अन्य नीतिहरुको पुनरावलोकन गरी यसको निष्कर्ष समेत यहाँ प्रस्तुत गरिएको छ ।

**Business Plan, 2014 (DUDBC):** Business Plan 2014 को ३ नम्बर (पेज ४७) मा उल्लेख भए अनुरुप शहरी क्षेत्र तथा वजारहरुमा पूर्वाधार विकास कार्यक्रमहरु जस्तै: सडक, एकीकृत ढल प्रणाली, रंगशाला, पार्क जस्ता योजनाहरुको विकास र विस्तार गर्नुपर्ने जस्ता रणनीतिक कार्यक्रमहरु तय गरी व्यवस्थित शहरी विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । रणनीतिक योजनाहरु, कार्यक्रम तथा नीति र कार्यनीतिहरुको तय गरी कार्यक्रमहरु तयार पार्ने, कार्यान्वयन गर्ने र पुनरावलोकन गर्ने कुरा उल्लेख गरिएको छ । नगरपालिकाहरुको शहरी योजना तर्जुमाको मुख्य उद्देश्य नै दिगो शहरी विकासलाई वढावा दिई आधुनिक भौतिक पूर्वाधार विस्तारको माध्यमबाट शहरी गरिवी न्यूनीकरण गर्दै ग्रामीण शहरी क्षेत्र बिचमा समन्वय स्थापित गर्नु हो । त्यसैले नगर क्षेत्रको एकीकृत शहरी विकास योजना तर्जुमा गर्नुपर्ने तथा डाटावेस तयार गरी शहरी योजनाहरुको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ । यस किसिमको एकीकृत शहरी विकास योजनाले एकातिर सबै क्षेत्रलाई समेटी एकीकृत विकासमा योगदान पुर्‍याएको हुन्छ भने अर्कोतिर डिजिटल डाटा पनि तयार हुने हुँदा आवश्यकता अनुसार नगरपालिकाले उपयोग गर्न सक्दछ।

**तेह्रौं योजना (२०७०-२०७२/७३):** यस योजनाको परिच्छेद ५ (५.४.२) मा उल्लेख भए अनुसारको उद्देश्य पर्याप्त पूर्वाधार सहित सुरक्षित, स्वच्छ, व्यवस्थित र आर्थिक रुपमा समृद्ध शहरहरुको विकास गर्ने विभिन्न रणनीति तथा कार्यनीतिहरु तय गरिएका छन् । यस्ता रणनीति र कार्यनीतिहरु मुख्यत एकीकृत पूर्वाधार विकास योजनासँग सम्वन्धित रहेका छन् । यसका लागि शहरी नक्शाङ्कन, एकीकृत क्षेत्रगत विकास योजना, भौतिक पूर्वाधार विकास योजनाको तर्जुमा गर्नुपर्ने जस्ता प्रमुख कार्यक्रमहरु समावेश गरिएको छ ।

**चौधौ योजना (२०७३/७४-२०७५/७६):** यस योजनाले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवं समृद्ध नेपाली सोच सहित सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने लक्ष्य राखेको छ । यसको लागि उत्पादनशील रोजगारी उन्मुख र न्यायपुर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गतिमा गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक उद्देश्य हासिल गर्नुपर्ने उद्देश्य समेत निर्धारण गरेको छ । यसै पृष्ठभूमिमा यो योजना तयार पारिएको छ ।

**राष्ट्रिय शहरी विकास रणनीति २०१५** (National Urban Development Strategy 2015): राष्ट्रिय शहरी विकास रणनीति २०१५ (अन्तिम मस्यौदा प्रतिवेदन) मा उल्लेख भए अनुसारको उद्देश्य पुरा गर्न शहरी विकास वा शहरी प्रणाली सम्वन्धी मध्य र दीर्घकालीन रणनीतिहरु तय गरिएका छन् । ग्रामीण शहर अन्तरसम्बन्धको सवलीकरण, क्षेत्रीय र अन्तर क्षेत्रीय सडक स्तरोउन्नती, सडक पूर्वाधार सुधार, साना शहरहरुको गुणात्मक विकास गर्ने, स्मार्ट शहरहरुको परिकल्पना अनुरुपको पूर्वाधार तयार गर्नुपर्ने तथा प्रान्तीय र केन्द्रहरुलाई क्षेत्रीय तथा राष्ट्रिय शहरी प्रणालीमा आवद्ध गराउने जस्ता रणनीतिहरु छन् । त्यसैगरी शहरी क्षेत्रहरुमा लगानी प्रोत्साहन गर्ने, पूर्वाधार विकास गर्ने, खानेपानीको स्रोत संरक्षण र व्यवस्थापन गर्दै पानीको गुणस्तर, आपूर्ति तथा वितरण प्रणालीलाई वैज्ञानिकीकरण गर्ने, सहभागितामूलक फोहोर व्यवस्थापन, भूउपयोग, सडक यातायातलाई शहरी तथा क्षेत्रिय योजना तर्जुमा प्रकृयामा एकीकृत गर्दै जाने लगायत अन्य शहरी वातावरण, उर्जा, शहरी अर्थतन्त्र, शुसासन, भूमी व्यवस्थापन सम्बन्धी बिषेश रणनीतिहरु तर्जुमा गरिएका छन् ।

**राष्ट्रिय आवास नीति, २०६८ र योजना, २०७१**: "सबैका लागि आवास" भन्ने अवधारणा सहितका राष्ट्रिय आवास नीति २०६८ लागु गरिएको छ भने उक्त नीतिका लक्ष्य तथा उद्येश्यहरु पुरा गर्न आगामी १० वर्षको लागि राष्ट्रिय आवास योजना तर्जुमा गरिएको छ । सबैका लागि सुरक्षित, पर्याप्त र औकात अनुकुलको आवास उपलब्ध गराउने उद्देश्यबाट निर्देशित राष्ट्रिय आवास नीति २०६८ ले गरिवीको रेखामुनी रहेका अव्यवस्थित तथा असुरक्षित वस्तीलाई समेटी आवास अवधारणा विकास गरेको पाईन्छ भने राष्ट्रिय आवास योजना २०७१ मा १० वर्षीय कार्यक्रम अन्तर्गत आवास सेवालाई विपन्न वर्ग लक्षित आवास सेवा, निजी क्षेत्रबाट संचालित आवास सेवा र आवास क्षेत्रमा क्षमता विस्तार गर्ने महत्वपूर्ण तीन समूहहरुमा वर्गीकरण गरिएको पाईन्छ ।

## २.३ तथ्याङ्क संकलन

परामर्शदाताको स्थलगत अध्ययन टोलीबाट अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथा द्वितीय दुबै किसिमका तथ्याङ्क, जानकारी तथा सूचनाहरु निम्नानुसार संकलन गरिएको थियो ।

### २.३.१ द्वितीय तथ्याङ्क संकलन

यस अध्ययनका लागि आवश्यक पर्ने द्वितीय तहको तथ्याङकहरु निम्न माध्यमबाट संकलन गरिएको थियो:

क) विभिन्न कार्यालयका अध्ययन प्रतिवेदनहरु जस्तै: सावि गाविस, जिविस, जिल्ला स्थित स्वास्थ्य, शिक्षा, कृषि तथा अन्य विकास निर्माणसँग सम्बन्धित कार्यालय, गैऱ्ह सरकारी संघ संस्थाहरुबाट प्रकाशित प्रतिवेदन, पुस्तक आदिबाट आवश्यक तथ्याङ्क तथा जानकारी संकलन गरिएको थियो ।

ख) नगरपालिकामा उपलब्ध आवधिक योजना, वार्षिक योजना, नक्शा तथा अन्य जानकारीहरु ।

ग) आवश्यक निम्न नक्शाहरु समेत संकलन गरिएको थियो:

**नापी नक्शा:** स्थलरुप नक्शा (Topography Map) १:२५००० मापनलाई आधार नक्शाको रुपमा लिईएको थियो । स्थलरुप नक्शा १:२५००० मापन र साविकका गाविस नक्शालाई सहायक नक्शाको रुपमा लिइएको थियो ।

**जिल्ला नक्शा:** यस्ता नक्शाहरु नापी विभाग तथा सम्बन्धित नापी कार्यालयहरुबाट समेत संकलन गरिएको थियो ।

**भू-उपग्रह नक्शाः** यसको लागि गुगल अर्थको माध्यमद्वारा उक्त क्षेत्रको भू-उपग्रह नक्शा अध्ययन गरी आवश्यक जानकारीहरु संकलन गरिएको थियो ।

### २.३.२ प्राथमिक तथ्याङ्क संकलन

वृहत/एकीकृत शहरी विकास योजना तर्जुमाको लागि आवश्यक पर्ने तथ्याङ्कहरु स्थलगत अध्ययन, भ्रमण तथा विभिन्न निकाय/व्यक्तिहरुसँग औपचारिक तथा अनौपचारिक छलफल, अन्तरक्रियाको माध्यमबाट संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्क, सूचना, जानकारी तथा योजनाहरु तल उल्लेखित विधि तथा प्रक्रियाबाट संकलन गरिएको थियो ।

**क) निर्देशक समिति तथा विषयगत उप-समिति गठन तथा छलफल**

वृहत/एकीकृत शहरी विकास योजना तर्जुमाको कार्यविधि अनुसार स्थानीय सरोकारवाला निकायलाई प्रत्यक्ष सहभागी गराई उनीहरुबाट सूचना संकलन गर्ने अभिप्रायले मिति २०७४/१/२० मा निर्देशक समिति र बिषयगत उप-समितिहरु गठन गरिएको थियो । परामर्शदाताको प्राविधिक टोलीले निर्देशक समिति तथा विषयग उप-समितिहरुसँग छलफल/अन्तरक्रिया समेत आयोजना गरेको थियो । परामर्शदाताको प्राविधिक टोली तथा नगरपालिकाको संयुक्त आयोजनामा १ दिने कार्यशाला गोष्ठी गरी वृहत/एकीकृत शहरी विकास योजनाबारे प्रस्तुतीकरण गरी छलफल समेत संचालन गरेको थियो । स्थानीय विकास मन्त्रालयले जारी गरीको वृहत/एकीकृत शहरी विकास योजना तर्जुमाको कार्यशर्तमा प्रस्ताव गरे बमोजिम भद्रपुर नगरपालिकको वृहत/एकीकृत शहरी विकास योजना तर्जुमाको लागि निर्देशक समितिको गठन देहाय बमोजिम रहेको थियो;

- **नगरपालिकाका नगर प्रमुख/कार्यकारी अधिकृत**, **संयोजक -१ जना**
- **शहरी योजनाकार**, **नगरपालिकाद्वारा चयन/मनोनयन गरेको**, **सदस्य- १ जना**
- **डिभिजन कार्यालय**, **शहरी विकास तथा भनव निर्माण विभागका प्रतिनिधि**, **सदस्य -१जना**
- **जिल्ला प्राविधिक कार्यालयका प्रतिनिधि**, **सदस्य -१ जना**
- **नगरपालिकाका इन्जिनयर**, **सदस्य सचिव-१ जना**

यसैगरी योजना तर्जुमालाई आवश्यक विषयगत छलफल तथा अन्तर्क्रियाको लागि विषयगत उप-






वृहत/एकीकृत शहरी विकास योजना तर्जुमाको पूर्व योजना तयारी कार्यशाला गोष्ठी आयोजना

समितिको गठन समेत गरिएको थियो ।






नगरपालिकाका कार्यकारी अधिकृत लगायत योजना तर्जुमा




योजनाबारे जिज्ञासा तथा सुझाब दिनुहुँदै सरोकारवाला कार्यालय प्रतिनिधि



पूर्व योजना तयारी कार्यशालामा सहभागी नगरवासीहरु



स्थानीय सरोकारवाला प्रतिनिधिहरु, जिज्ञासा र सुझा दिँदै



स्थानीय सरोकारवाला प्रतिनिधिहरु, जिज्ञासा र सुझा दिँदै



सरोकारवालाहरु आ-आफ्नो धारणा र जिज्ञासा राख्नुहुँदै



सहभागीहरुलाई योजनाबारे प्रकाश पार्नुहुँदै योजना टोली

**क) स्थलगत अध्ययन, अवलोकन भ्रमण**

भद्रपुर नगरपालिकाको वस्तुस्थिति अध्ययनको लागि स्थलगत अध्ययन, अवलोकन भ्रमण समेत गरिएको थियो । खासगरी योजना क्षेत्रको समस्या संभावनालाई स्थलगत अध्ययन भ्रमण गरी प्राविधिक दृष्टिकोण निर्माण गर्न समेत स्थलगत अवलोकन भ्रमण महत्वपूर्ण रहेको थियो । स्थलगत अध्ययन भ्रमणमा योजना टोलीका टोली प्रमुख, योजनाविद, स्थानीय बुद्धिजिवी, नगरपालिका प्रतिनिधि समेत सहभागी भएका थिए। स्थलगत अध्ययन भ्रमणमा खासगरी नगर क्षेत्रको जोखिम स्थलहरु, संभावनाहरु, प्राकृतिक वातावरण, निर्माणाधीन ठूला आयोजनाहरु, बजार





परामर्शदाताका टोली प्रमुख र प्राविधिकहरु किचकबधको स्थलगत निरीक्षण गर्दै

विकासको क्रम, वातावरणीय अवस्था, धार्मिक-पुरातात्विक महत्वका क्षेत्रहरुको अवलोकन भ्रमण गरिएको थियो । स्थलगत सर्भेक्षणका केही फोटो तल प्रस्तुत गरिएको छः



ज्ञाने चौक



भानु चौक



देउनिया पुल



निर्माणधीन मेची पुल



प्रशिक्षण केन्द्र, कलवलगुडी




बजार क्षेत्र

**ख) नक्शा अध्यावधिक**

यस वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि नगरपालिका क्षेत्रलाई समेटी भौतिक, सामुदायिक/सार्वजनिक पूर्वाधार, प्राकृतिक वातावरण, सामाजिक वस्तुस्थिति समेतलाई समावेश गरी नक्शाको अध्यावधिक गर्नुपर्ने भएकोले GPS को सहायताले नक्शा अध्यावधिक गरिएको थियो । उपलब्ध भू-उपग्रह नक्शामा शहरमा विद्यमान शहरी पूर्वाधारहरु जस्तै: विद्यालय, क्याम्पस, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, उद्योग/कारखाना, अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरु, मठ/मन्दिर, देवालय, मस्जिद, चर्च, विमानस्थल, एनजिओ/आइएनजिओ, होटल, पुल, सडक, पार्क, खुल्ला क्षेत्र, विद्युत, सिंचाई, खानेपानी लगायत सबै किसिमका पूर्वाधारहरुको अवस्थिति नक्शांकन गर्ने कार्य सम्पन्न गरिएको छ । सोही आधारमा भद्रपुर नगरपालिकाको अध्यावधिक आधार नक्शा समेत तयार गरिएको छ । यसैको आधारमा नगरको भू-क्षेत्र निर्धारण, पूर्वाधारको आवश्यकता विश्लेषण, प्रस्ताव, योजना तयारी कार्य सम्पन्न गरिएको छ । नक्शा अध्यावधिक गर्ने कार्यको लागि प्राविधिक टोलीलाई स्थलगत रुपमा परिचालन गरिएको थियो । नक्शा अद्यावधिकमा निम्न पक्षहरु समिटिएको थियो:

**प्रशासनिक सिमाना नक्शा**

- जिल्ला सिमाना
- वडा सिमाना
- ग्रामीण र शहरी क्षेत्रको सिमाना

**आधार नक्शा**

- Irrigation Canal
- Water body/pond/lake
- River and stream
- Religious/cultural Buildings

**अवस्थिति नक्शा**

Major Place Name/location
River, Lakes, and other major features names

**सडक संजाल नक्शा (सडक र पुल)**

कालोपत्रे

ग्राभेल सडक

धुले सडक

**सडक पदानुक्रम**

राजमार्ग

सहायक मार्ग

मुख्य्य मार्ग

पैदल मार्ग

**अन्य पूर्वाधार नक्शा**

Electricity transformer
Electricity Line
Telephone Distribution
Water supply Source
Drinking Water Pipeline
Water Tank

**सामाजिक पूर्वाधार नक्शा**

शैक्षिक र स्वास्थ्य संस्था नक्शा

उद्योग कलकारखाना नक्शा

सरकारी/गैऱ्ह सरकारी संस्था र सामुदायिक केन्द्रको नक्शा

वडा सेवा केन्द्र नक्शा

हाटबजार र संकलन केन्द्र नक्शा

**वातावरण संवेदनशील नक्शा**

वन जंगल संरक्षण नक्शा

ताल र सिमसार संरक्षण नक्शा

नदि नियन्त्रण नक्शा

**भू-उपयोग नक्शा**

विद्यामान भू-उपयोग नक्शा (कृषि, आवासीय, औद्योगिक, व्यापारिक, नदि, खोला/ वालुवा, वन लगायत) तयार गरिसकिएको छ (अनुसूची-५) ।

**ग) सामुदायिक/लक्षित समूह छलफल आयोजना**

योजना तयारीको लागि सामुदायिक तथा लक्षित समूह छलफल गरी समस्या संभावनाहरु समेत संलकन गरिएको थियो । लक्षित समूह छलफल गर्दा महिला, बालबालिका, दलित, जनजाति, पिछडिएका समूहहरुसँगको छलफल गरी लक्षित समुहका समस्या/सवालहरुलाई यस वृहत/एकीकृत योजना प्रतिवेदनमा समावेश गरिएको छ । आवश्यकता अनुसार विभिन्न क्षेत्रमा सामुदायिक/लक्षित समुह छलफल गरी सूचना संकलन गरिएको थियो ।

**घ) दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी आयोजना**

नगर विकासको लागि कुनै पनि योजनाले दीर्घकालीन सोचलाई आधार मान्नु पर्दछ । दीर्घकालीन सोच बिना निश्चित  लक्ष र उद्देश्यका साथ अगाडि बढ्ने बाटो पहिल्याउन कठीन हुने हुँदा दीर्घकालीन सोच तयार गरी सोही मुताविक अगाडि बढ्नु पर्ने हुन्छ । यस वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि भद्रपुर नगरपालिकालाई विद्यमान संभावनाका आधारमा भविष्यमा कहाँ पुग्ने भनी दीर्घकालीन सोच निर्धारण गर्न दीर्घकालीन सोच कार्यशाला गोष्ठी आयोजना गएको थियो । योजना तथा कार्यक्रम तयार गर्दा सोही दीर्घकालीन सोच हासिल गर्नका लागि परिलक्षित हुनेगरी प्रस्ताव गरिएको छ । दीर्घकालीन सोच कार्याशालामा विभिन्न समुहहरु बनाई छलफल गरी नगरको दीर्घकालीन सोच निर्धारण गरिएको छ ।

**ङ) निर्देशक समितिसँगको छलफल**

निर्देशक समितिको कार्यक्षेत्र निम्नानुसार तोकिएको थियो;

- **योजना टोलीलाई दिशा निर्देशन दिने**
- **नगरपालिकाको दीर्घकालीन सोच निर्धारण गर्ने**
- **विषयगत उप-समितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने**
- **नगरस्तरीय भेला गराई रणनैतिक योजना तयार गर्न सहयोग पुर्याउने**
- **सरोकारवाला निकायहरुबाट आएका सुझावहरुलाई आवश्यक्ता अनुसार योजनामा समावेश गर्न सल्लाह प्रदान गर्ने**
- **सहभागितात्मक कार्यशाला गोष्ठी गराई योजना तर्जुमा कार्य अगाडि बढाउने**
- **वृहत्तर/एकीकृत शहरी विकास योजना दस्तावेजलाई अन्तिम रुप दिने**

उपरोक्त कार्यक्षेत्र बमोजिम भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि आवश्यकता अनुसार निर्देशक समितिसँग छलफल अन्तर्क्रिया आयोजना गरिएको थियो । निर्देशक समितिबाट प्राप्त सुझाव सल्लाहलाई आवश्यकता अनुसार योजना प्रतिवेदनमा समावेश गरिएको थियो ।

**च) विषयगत उप-समितिहरुसँगको छलफल**

विषयगत उप-समितिको कार्य क्षेत्र निम्नानुसार तोकिएको थियो;

- **विषयगत योजना तथा कार्यक्रम तयारीको लागि सहजीकरण गर्ने**
- **समस्या पहिचान**, **योजना छनौट र प्राथमीकरणमा सहयोग गर्ने**
- **सरोकारवाला निकायहरुसँगको छलफलमा सहभागिता जनाई सक्रिय सहयोग गर्ने**
- **विषयगत अग्रणी क्षेत्र पहिचान गरी सो सम्बन्धी मस्यौदा योजना तयारीमा सहयोग गर्ने**
- **दीर्घकालिन सोच कार्यशाला गोष्ठी तथा अन्य परामर्श छलफलमा सकृय सहभागिता जनाउने**
- **विषयसँग सम्बन्धित सूचनाहरु संकलन तथा विश्लेषण गर्न सहयोग गर्ने**

उपरोक्त कार्यक्षेत्र तोकी विषयगत-उपसमिति गठन कार्य अगाडी बढाइएको थियो । विषयगत उप-समितिसँग आवश्यकता अनुसार पटकपटक छलफल/अन्तर्क्रिया/गोष्ठी आयोजना गरिएको थियो । विषयगत समस्या तथा योजनाहरु तयारीको लागि विषयगत उप-समितिसँगको छलफल महत्वपूर्ण भएको थियो भनौ क्षेत्रगत विकास योजना तर्जुमा गर्नमा समेत विषयगत उपसमितिको छलफल महत्वपूर्ण भएको थियो ।

**छ) अन्य सरोकारवाला निकायहरुसँगको छलफल/अन्तर्क्रिया**

वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि भद्रपुर नगरपालिकाका र राजनैतिक दलका प्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्धिजिवी, पत्रकार र अन्य सरोकारवाला निकायहरु सम्मिलित छलफल/अन्तरक्रिया गरिएको थियो । यस किसिमका छलफल/अन्तर्क्रियाबाट नगर विकासका सवल पक्ष, दुर्वल पक्ष, चुनौती र अवसरहरु समेत निर्धारण गरिएको छ ।

## २.४ तथ्याङ्क प्रशोधन

प्राथमिक तथा द्वितीय तहको तथ्याङ्क संकलन गर्ने क्रममा विभिन्न तथ्याङ्कहरु संकलन हुने भएकोले भद्रपुर नगरपालिकाको वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि आवश्यक तथ्याङ्कहरुलाई केलाई उपयुक्त तथ्यांङ्कहरु विश्लेषणको लागि प्रयोग गर्न स्थलगत कार्यबाट प्राप्त तथ्याङ्कहरु प्रशोधन गरिएको थियो । तथ्याङ्क प्रशोधन गर्ने क्रममा सरल एवं उपयुक्त ढाचा जस्तै: तालिका, चार्ट, डायग्राम आदिमा प्रस्तुत गरिएको छ । साथै, स्थलगत सर्वेक्षण तथा अध्ययनबाट प्राप्त तथ्याङ्क, सूचना तथा जानकारीहरुलाई उपयुक्त मान नापको नक्शाहरुमा समावेश गरी नक्शाहरु समेत अध्यावधिक गरिएको थियो। प्रशोधित तथ्याङ्कलाई आवश्यकता अनुसार योजना तर्जुमा प्रतिवेदनमा समावेश गरिएको छ ।

## २.५ विश्लेषण

वृहत/एकीकृत शहरी विकास योजना तयारीको लागि संकलित तथ्याङ्कहरु प्रशोधन गरिसकेपछि विश्लेषण गरिएको छ । योजना तयारीको लागि विषयगत रुपमा निम्नानुसार विश्लेषणको गरिएको छ:

### २.५.१ भौतिक विश्लेषण

विद्यमान शहरी वस्तुस्थितिको अध्ययन गरी दीर्घकालमा कस्तो किसिमको शहर निर्माण गर्ने, कुन कुन क्षेत्रमा के के पूर्वाधार विकास गर्ने, शहरी विकास कुन क्षेत्रतिर विस्तार गर्ने, जोखिमयुक्त क्षेत्रहरु कता रहेका छन् लगायत भविष्यमा कस्तो शहर बनाउने भन्ने विषयलाई विशेष ध्यान दिई दीर्घकालीन भौतिक विकास योजना तर्जुमा गरिएको छ । भौतिक विश्लेषणमा शहरी भौतिक पूर्वाधारको स्थिति, आवश्यकता, शहरी स्वरुप, प्रवृत्ति विश्लेषण गरी भौतिक वस्तुस्थितिको विश्लेषण गरिएको छ । भौतिक विश्लेषणको आधारमा नै भौतिक विकास योजना प्रस्ताव गरिएको छ ।

### २.५.२ वातारणीय विश्लेषण

वातावरणीय विश्लेषण अन्तरगत शहरी वातावरणीय विविध पक्षलाई समेटिएको छ । वातावरणीय विश्लेषण अन्तर्गत फोहोर व्यवस्थापनको विद्यमान स्थिति, भावि योजना तथा संभावना, प्रदूषण नियन्त्रण, शहरी हरियाली, कृषि, पार्क, खुल्ला क्षेत्र व्यवस्थापन, संरक्षण तथा संवेदनशील क्षेत्र जस्ता वातावरणीय पक्षको विश्लेषण गरी वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ ।

वातावरणीय विश्लेषणले वर्तमान वातावरणीय अवस्था र भविष्यको योजना तयारीको आधार प्रदान गर्ने विश्वास गरिएको छ ।

**२.५.३ सामाजिक स्थिति विश्लेषण**

सामाजिक स्थिति विश्लेषण अन्तरगत सामाजिक अवस्था जस्तैः शिक्षा, स्वास्थ्य, सुरक्षा, महिला सहभागिता, समावेशिता, पिछडिएका समुदाय/वर्गको विकास, संस्कृति तथा खेलकुद, मनोरन्जन, पुस्तकालय, सामुदायिक भेला/उत्सव जस्ता सामाजिक विषयलाई विश्लेषण गर्दै सामाजिक स्थिति सुधार गर्न अवश्यक विविध पक्षहरु समेटिएको छ । खासगरी यस अन्तर्गत, जनसंख्या वृद्धि, बसाईसराइको प्रवृत्ति, शैक्षिक अवसर, स्वास्थ्य स्थिति, पिछडिएका समुदायहरुको उत्थान र विकासको लागि अपनाइनुपर्ने पद्दतिका विषयमा योजनामा समावेश गर्नुपर्ने विविध पक्षहरु समेटिएको छ । यसरी सामाजिक स्थितिको समग्र विश्लेषणका आधारमा नै सामाजिक योजना तयार गरिएको छ ।

**२.५.४ आर्थिक स्थिति विश्लेषण**

आर्थिक स्थिति विश्लेषण अन्तर्गत नगरको आर्थिक स्थिति जस्तैः औद्योगिक विकास, रोजगारीको अवसर, कृषिको विविधिकरण तथा विकास र विस्तार, ग्रामीण-शहर अन्तरसम्बन्ध, उत्पादन, नगदेवाली, साना तथा मझौला उद्योग र व्यवसायिक गतिविधि, आर्थिक क्षेत्र लगायत आर्थिक विकासका समस्या र संभावनालाई समेटी विद्यमान आर्थिक गतिविधिको आधारमा भविष्यको संभावनालाई समेट्ने प्रयास गरिएको छ । यसैगरी नगरको आयात निर्यात, आर्थिक विकासको अग्रणी क्षेत्र लगायत नगरको विद्यमान आर्थिक स्थितिको साथै भविष्यको आर्थिक विकासको संभावनालाई समेत समेटी आर्थिक स्थिति विश्लेषण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

**२.५.५ वित्तीय विश्लेषण**

वित्तीय विश्लेषण अन्तर्गत नगरपालिकाको विगतको आय-व्यय तथा योजना कार्यान्वयनका लागि आवश्यक हुने बजेट तथा बजेट उपलव्ध हुने स्रोतहरुको स्थितिलाई समेटिएको छ । यसका साथै योजना कार्यान्वयनको लागि नगरपालिकामा उपलब्ध हुने वित्तीय स्थिति, आम्दानीको संभाव्य

स्रोतहरु, लगानीका प्रमुख स्रोतहरु लगायतका वित्तीय पक्षलाई विश्लेषण गरिएको छ। वित्तीय विकास योजना तथा लगानी रणनीति तयार गर्दा सोही आधारमा तयार गरिएको छ।

### २.५.६ संस्थागत स्थिति विश्लेषण

विद्यमान संस्थागत स्थितिको विश्लेषण गरी भावि संस्थागत सुदृढीकरणको आवश्यकतालाई समेत यस अन्तर्गत समावेश गरिएको छ। स्वशासन, स्थानीय स्रोत परिचालन, जनसहभागिता, स्थानीय स्रोतहरुको समुचित प्रयोग, नगरपालिकाको विद्यमान स्रोत साधन तथा क्षमता लगायत विविध पक्षलाई समेटी संस्थागत विकास योजना तयार गर्नको लागि संस्थागत पक्षको विश्लेषण गर्नुपर्ने हुन्छ। विद्यमान संस्थागत संरचना, क्षमता विश्लेषण गरी भविष्यको लागि आवश्यक पर्ने संस्थागत संरचना एवं संस्थागत समन्वय, लगानीको स्रोत तथा योजना कार्यान्वयनका पक्षलाई समेटी संस्थागत विश्लेषण गरी संस्थागत विकास योजना तयार गरिएको छ।

## २.६ योजना तयारी

वृहत/एकीकृत शहरी विकास योजनाको लागि सबै तहमा छलफल अन्तर्क्रिया तथा विश्लेषण पश्चात योजना तयारी गरिएको छ। योजना तयारी गर्दा क्षेत्रगत योजनाहरु (भौतिक विकास, सामाजिक विकास, आर्थिक विकास, वातावरणीय, संस्थागत विकास, वित्तीय विकास, जलवायु परिवर्तन तथा प्रकोप न्यूनीकरण योजना तयारी गरिएको छ। योजना तयारी गर्दा LFA Approach मा आधारित भै विषयगत लक्ष्य, पार्श्वचित्र, रणनीति, योजना तथा कार्यक्रमहरु, विद्यमान अवस्था र लक्षित पार्श्वचित्र समेत झल्कनेगरी तयार गरिएको छ।

यसैगरी योजना तथा कार्यक्रमहरु तयार गर्दा अल्पकालीन, मध्यकालीन, दीर्घकालीन गरी योजनाको आवश्यकता र लगानीको स्थिति अनुसार प्रस्ताव गरिएको छ। योजनाहरु प्राथमिकीकरण गर्दा विषयगत उप-समितिको सुझाव एवं प्राविधिक विश्लेषणलाई समेत आधार मानिएको छ।

## २.७ आधार नक्शा (Base Map) तयारी

### २.७.१ विद्यमान आधार नक्शाको उपलब्धताको मूल्याङ्कन

भद्रपुर नगरपालिकाको आधार नक्शा अध्यावधिक गर्ने कार्य यस अध्ययनको कार्य सीमा अन्तरगतको मुख्य कार्य हो । यसको लागि भद्रपुर नगरपालिका क्षेत्रको विद्यमान आधार नक्शाको उपलब्धता सम्बन्धी अध्ययन/मूल्याङ्कन गरिएको छ । उपलब्ध भए सम्मको आधार नक्शाहरु संकलन गरिएको थियो । विशेषगरी शहरी विकास तथा भवन निर्माण विभाग, नगरपालिका, जिल्ला नापी कार्यालयहरुबाट आधार नक्शाहरु खोजी गरिएको थियो भने उपलब्ध नभएका नक्शाहरु प्राप्तिको लागि गुगल नक्शा लगायत अन्य स्रोतहरुलाई समेत आधार बनाईएको थियो । यसरी संकलित तथ्याङ्कलाई आधार मानी स्थलगत अध्ययनको आधारमा समेत नक्शा अध्यावधिक गर्ने कार्य गरिएको छ ।

### २.७.२ भू-उपग्रह नक्शाको प्राप्ति

भद्रपुर नगरपालिकाको आधार नक्शा तयारीको लागि ERDAS नामक सफ्टवेयरबाट प्रशोधन (processing) गरी नक्शाको विश्लेषण तथा विवेचना गरिएको छ । भू-उपग्रह नक्शालाई आधार मानी नगरपालिकाको सडक संजाल नक्शा तयार गरिएको छ । यसरी सडक संजालको नक्शा तयार गरिसकेपछि उक्त नक्शाको आधारमा अन्य भौतिक पूर्वाधारहरुको नक्शाहरु तयार गर्ने र परिमार्जन गर्ने काम सम्पन्न गरिएको छ । साथै स्थलगत अध्ययनद्वारा यसरी तयार गरिएको पूर्वाधार, सडक संजाल तथा अन्य आवश्यक सूचनाहरु स्थलगत अध्ययनद्वारा प्रमाणित गरी अध्यावधिक समेत गरिएको छ ।



भद्रपुर नगरपालिकाको भू-उपग्रह नक्शा

### २.७.३ Ground Control Points (निर्देशित बिन्दु) र Geo-referencing

यस अध्ययनको लागि आवश्यक पर्ने नक्शाहरु तयार गर्नको लागि नापी विभाग, काठमाण्डौबाट Ground control points प्राप्त गरिएको थियो । अन्य आवश्यक Ground control point को हकमा Differential Global Positioning System (DGPS) प्रयोग गरी WGS 85 निर्देशाङ्कलाई राष्ट्रिय ग्रीड प्रणालीमा आधारित रहेर प्राप्त गरिएको थियो । ग्राउन्ड कन्ट्रोल प्वाईन्टहरु जिपिएसको सहायताले प्राप्त गरिएको थियो र आवश्यक मात्रामा यस्ता कन्ट्रोल प्वाइन्टहरु लिईएको थियो । यसै प्वाइन्टहरुका आधारमा भू-उपग्रह नक्शालाई राष्ट्रिय ग्रीड प्रणालीमा लगी Geo-reference गरिएको थियो । यसरी Geo-reference गरिएको भू-उपग्रह नक्शालाई आधार मानी आधार नक्शा तयारी तथा स्थलगत अध्ययनबाट अध्यावधिक गरिएको छ ।

### २.७.४ Grid and Height Datum

आधार नक्शाहरु तयार गर्दा National Nepalese Modified UTM ग्रीड प्रणालीमा तयार गरिएको छ । सम्पूर्ण कन्ट्रोल विन्दुहरु, उचाई र समोच्च रेखाहरु National Nepalese Height Datum मा आधारित छन् । यसको मुख्य उद्देश्य प्राप्त गरिएको सेटलाइट नक्शालाई उपयुक्त माननापका आधारमा नक्शांकन कार्य अगाडि बढाउनु हो ।

### २.७.५ Digitization

प्रशोधन गरिएको भू-उपग्रह नक्शालाई परामर्शदाताका प्राविधिकहरुबाट सजकतापूर्वक डिजिटाईजेसन गरी आवश्यक नक्शाहरु तयार गरिएको छ । यसरी तयार गरिएको नक्शामा स्थलगत अध्ययनबाट अध्यावधिक गरिएको सम्पूर्ण सूचनाहरुलाई समावेश गरिएको छ । अध्यावधिक नक्शाहरुलाई पुन: स्थलगत सर्वेक्षण तथा अवलोकन भ्रमण र अन्तर्क्रियाबाट रुजु गरिएको छ । आधार नक्शामा मूल रुपमा तलको तालिकामा प्रस्ताव गरिए बमोजिमका Thematic and Attribute समावेश गरिएको छ;

**तालिका २.१: आधार नक्शाका Thematic Attribute**

| प्रशासनिक सिमाना नक्शा | आधार नक्शा | अवस्थिति नक्शा | सडकको किसिम तथा पुल | सडक पदानुक्रम | अन्य पूर्वाधार नक्शा | सामाजिक/सार्वजनिक पूर्वाधार नक्शा | वातावरण संवेदनशील नक्शा | भू-उपयोग नक्शा |
|---|---|---|---|---|---|---|---|---|
| अन्तराष्ट्रिय सिमाना | Building Footprints | Major Place Name/location | कालोपत्रे | राजमार्ग | Electricity transformer | शैक्षिक, स्वास्थ्य संस्था, सुरक्षा | वन जंगल | आवासीय क्षेत्र |
| जिल्ला सिमाना | Irrigation Canal | River, Lakes, and other major features names | ग्राभेल सडक | सहायक मार्ग | Electricity Line | उद्योग कलकारखाना | ताल संरक्षण | आवासीय तथा व्यापारिक क्षेत्र |
| नगरपालिका सिमाना | Water body/pond/lake | Chowk, Gate, Statue | धुले सडक | मुख्य मार्ग | Telephone Distribution | सरकारी/गैन्ह सरकारी संस्था र सामुदायिक केन्द्रहरु | नदि नियन्त्रण | कृषि क्षेत्र |
| वडा सिमाना | River and stream | Adjoining Rural Municipality/municipality | पैदल मार्ग | पैदल मार्ग | Water supply Source | नगरपालिका कार्यालय | जोखिम क्षेत्र | संस्थागत क्षेत्र |
| ग्रामीण र शहरी क्षेत्रको सिमाना | Religious/cultural Buildings | | पुल पुलेसा (पक्की पुल, झोलुङ्गे पुल, कलभर्ट) | | Water Tank | हाटबजार र संकलन केन्द्र | संरक्षण क्षेत्र | औद्योगिक क्षेत्र |
| | Contour | | | | Drainage and Sewerage network | वैंक तथा वित्तीय संस्थाहरु | फोहोर व्यवस्थापन स्थल, संकलन स्थान | खुल्ला क्षेत्र |
| | Control Points | | | | | रंगशाला, खेल मैदान, सिनेमाघर, पुस्तकालय | भू-क्षय, डुबान तथा कटान क्षेत्र | संरक्षण क्षेत्र, जोखिम क्षेत्र |
| | | | | | | धार्मिक/सांस्कृति, पुरातात्विक केन्द्र | | |
| | | | | | | सवदाहगृह | | |

साथै, आवश्यकता अनुसार नगरपालिकामा विद्‍यमान अन्य पूर्वाधार, सेवा सुविधा स्थिति, वितरण, अवस्थितिलाई समेत आधार नक्शामा समावेश गरिएको छ।

यसरी भद्रपुर नगरपालिकाको आधार नक्शा अध्यावधिक गरी सो अध्यावधिक नक्शाको आधारमा नगरपालिकाको क्षेत्रगत विकास योजना तयार गरिएको छ। वृहत/एकीकृत शहरी विकास योजनाले नगरपालिकाको समग्र क्षेत्रलाई समेटी दीर्घकालीन विकासको खाका प्रस्तुत गरेको छ।

# ३. भद्रपुर नगरपालिकाको पार्श्वचित्र

## ३.१ सामान्य परिचय

प्रदेश नं १ को झापा जिल्लामा अवस्थित भद्रपुर नगरपालिका नेपालको जेठो नगरपालिका मध्येको एक नगरपालिका हो । वि.सं. २००८ सालमा स्थापना भएको यो नगरपालिकामा २०३८/३९ सालमा चन्द्रगढी र महेशपुर गाविसको केही वडाहरुलाई एकीकृत गरी १५ वडामा विभाजन गरिएको थियो । वि.स. २०७१ सालमा चन्द्रगढी र महेशपुर दुबै गाविसहरु तत्कालिन भद्रपुर नगरपालिकामा समावेश गरी १५ वटै वडामा विभाजित गरिएको थियो भने २०७३ को राज्य पुनरसंरचनाले साविकको पृथ्वीनगर गाविसलाई समेत समावेश गरी १० वटा वडाहरुमा विभाजन गरिएको छ । व्यापारिक दृष्टिकोणले पूर्व पश्चिम राजमार्गको पूर्वी द्वार काकडभिट्टा शुरु हुनु भन्दा अगाडी नै भद्रपुर भारतको विहार राज्यसँग सिधै जोडिएको हुनाले यो नगरपालिका व्यापारिक केन्द्रको रुपमा चिनिन्थ्यो । भद्रपुर झापा जिल्लामा अवस्थित पूर्वी तराईको प्रमुख र महत्वपूर्ण नगरपालिका हो । भद्रपुर नगरपालिका महेन्द्र राजमार्गको विर्तामोड देखि १७ कि.मी. दक्षिणमा अवस्थित छ । मेची नदीमा पुल र हुलाकी मार्ग (भद्रपुर-गौरीगंज-रंगेली-विराटनगर) निर्माण भएमा व्यापारिक दृष्टिकोण र रणनैतिक अवस्थितिले गर्दा यस नगरपालिकाको अझ विकास हुने देखिन्छ । भद्रपुर पुरानो नगरपालिका भएतापनि भौतिक विकास तथा निर्माणमा भने अझै पनि पछि परेको स्थिति छ ।

## ३.२ ऐतिहाँसिक पृष्ठभूमी

सन् १७७३ मा तत्कालीन राजा रणबहादुर शाहको शासन कालमा नेपालको सिमाना पश्चिम तर्फ कुमाउ गडवाल र पूर्वतर्फ टिष्टासम्म पुगेको थियो । विराटनगर र रंगेलीबीच पर्ने धनपुर भन्ने स्थान र झापा बजारमा (साविक कुमरखोद गाविस) सन् १८१४ अंग्रेजहरुले आक्रमण गरी आफ्नो कब्जामा लियो र सन् १८१५ नोभेम्बर २८ मा सुगौली सन्धिमा हस्ताक्षर भयो । यसरी मेची नदी सदाको लागि पूर्वी अन्तराष्ट्रिय सिमाना हुन पुग्यो । तत्कालिन झापा जिल्ला मोरङ गोश्वरा अन्तरर्गत पर्दथ्यो । पछि तत्कालिन कुमारखोद गाविस अन्तरर्गत रहेको झापा बजार मोरङ गोश्वरा सर्न आएको हुदा यस जिल्लाको नाम झापा रहन गयो । वि.स. २००७ सालपछि झापाबाट गोश्वरा तत्कालिन चन्द्रगढी गाविसमा सर्न पुगी चन्द्रगढी सदरमुकाम कायम भयो । पछि चन्द्रगढी गाविसका केही भागहरु भद्रपुर नगरपालिका गाभेर भद्रपुर नै जिल्लाको सदरमुकाम रहन भयो ।

बि.स. २०७१ मा साविक चन्द्रगढी र महेशपुर गाविसलाई भद्रपुर नगरपालिका भागेर पुरै चन्द्रगढी भद्रपुर नगरपालिका बन्न गयो भने वि.स. २०७३ को राज्य पुनरसंरचनामा साविक पृथ्वीनगर गाविस पनि भद्रपुर नगरपालिकामा गाभिएको छ ।

## ३.३ भौगोलिक अवस्थिति, सिमाना तथा राजनैतिक र प्रशासनिक विभाजन

झापा जिल्लाको दक्षिण पूर्वी भूभागमा अवस्थित भद्रपुर नगरपालिका जिल्लाको सदरमुकाम पनि हो । भद्रपुर नगरपालिका २६° २५' २१'' उत्तरी अक्षांश देखी २६°३७' ००'' उत्तरी अंक्षाश र ८८° ०६'४५'' पूर्वी देशान्तर देखि ८८° ०२' ०९'' पूर्वी देशान्तर सम्म फैलिएको छ । मेची नदिको किनारमा अवस्थित भद्रपुर नगरपालिकाको अधिकांश भु-भाग समथल रहेको छ भने यस नगरपालिकाको उचाई समुन्द्र सतहबाट ६८ मिटर (साविक पृथ्वीनगर गाविसको दक्षिणी क्षेत्र) देखि ११३ मिटर (साविक चन्द्रगढी गाविसको उत्तरी क्षेत्र) सम्म रहेको छ । भद्रपुरको भूस्वरुप समथल भएतापनि उचाईगत हिसाबले हेर्दा यसको उचाई दक्षिणबाट उत्तर तर्फ क्रमश बढ्दै गएको छ । भद्रपुर नगरपालिकाको उत्तरमा मेचीनगर नगरपालिका र दक्षिणमा कचनकवल गाउँपालिका रहेको छ । त्यसैगरी पूर्वमा भारतको पश्चिम बंगाल र बिहार प्रान्त रहेका छन् भने पश्चिममा हल्दिबारी गाउँपालिका रहेको छ ।

स्थानीय तह पुनरसंरचनामा तत्कालीन भद्रपुर नगरपालिकामा साविक पृथ्वीनगर गाविस गाभेर भद्रपुर नगरपालिका निर्माण गरिएको छ । हाल भद्रपुर नगरपालिकाको क्षेत्रफल ९६.३५ वर्ग किमि रहेको छ भने भद्रपुर नगरपालिकामा १० वटा वडाहरु रहेका छन् । स्थानीय तह पुनरसंरचनाले साविक भद्रपुर नगरपालिकाको कार्यालय रहेको स्थान अर्थात भद्रपुर बजारलाई नगरपालिकाको केन्द्र मानेको छ । भद्रपुर नगरपालिका जिल्लाको ३ नं संसदीय क्षेत्रमा पर्दछ । भद्रपुर बजार पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट १७ किमि दक्षिणमा रहेको छ ।

## ३.३ हावापानी तथा जलवायु

समुन्द्र सहतबाट कम उचाईमा अवस्थित भएकोले भद्रपुर नगरपालिकामा उष्ण हावापानी पाईन्छ भने भद्रपुर बर्षातमा बंगालको खाडीबाट आउने मनसुनी हावापानीबाट प्रभावित क्षेत्र हो । गृष्मकालमा यहाँको तापक्रम ३४.२ डिग्री सेल्सियससम्म मापन गरिएको छ भने शीतकालमा १५ देखि ६.८ डिग्री सेल्सियससम्म मान गरिएको छ (तालिका ३.१) ।

**तालिका ३.१: भद्रपुर नगरपालिकाको तापक्रमको विवरण (डिग्री सेल्सियसमा)**

| बर्ष | तापक्रम (डिग्री सेलसियस) | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | औसत (बर्षिक) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०११ | अधिकतम | २२.४ | २८.१ | ३२.१ | ३२.८ | ३३.३ | ३४.१ | ३३.२ | ३३.७ | ३३.४ | ३२.४ | २८.८ | २५.३ | ३०.८ |
| | न्युनतम | ६.५ | १०.६ | १५.० | १९.३ | २१.८ | २३.७ | २३.६ | २४.२ | २३.९ | २०.९ | १५.७ | १०.७ | १८.० |
| २०१२ | अधिकतम | २२.४ | २६.७ | ३१.३ | ३२.६ | ३४.४ | ३२.६ | ३२.७ | ३३.८ | ३२.६ | ३१.७ | २९.५ | २४.४ | ३०.४ |
| | न्युनतम | ८.१ | १०.१ | १४.३ | १९.७ | २२.५ | २३.६ | २४.५ | २५.४ | २४.३ | १९.६ | १३.३ | ९.२ | १७.९ |
| २०१३ | अधिकतम | २३.१ | २८.१ | ३१.७ | ३३.५ | ३३.१ | ३३.५ | ३२.९ | ३२.९ | ३३.५ | ३०.४ | २९.४ | २४.६ | ३०.६ |
| | न्युनतम | ६.८ | ११.२ | १६.३ | १९.७ | २२.० | २४.५ | २५.१ | २४.६ | २४.० | २०.९ | १४.५ | १०.७ | १८.४ |
| २०१४ | अधिकतम | २३.२ | २४.५ | ३१.३ | ३५.५ | ३३.३ | ३३.४ | ३४.२ | ३२.८ | ३२.७ | ३२.० | २९.४ | २५.१ | ३०.६ |
| | न्युनतम | ८.७ | ९.५ | १४.३ | १९.२ | २२.० | २३.८ | २५.० | २४.८ | २४.० | २०.१ | १५.८ | ११.५ | १८.२ |
| २०१५ | अधिकतम | २३.५ | २७.७ | ३१.२ | ३२.२ | ३२.८ | ३३.३ | ३४.३ | ३२.६ | ३३.० | ३२.५ | २९.४ | २५.२ | ३०.६ |
| | न्युनतम | ९.८ | ११.० | १५.० | १९.७ | २१.८ | २३.५ | २४.८ | २४.९ | २४.२ | २०.६ | १६.२ | १०.४ | १८.५ |
| औसत | अधिकतम | २२.९ | २७.० | ३१.५ | ३३.३ | ३३.४ | ३३.४ | ३३.५ | ३३.२ | ३३.० | ३१.८ | २९.३ | २४.९ | |
| | न्युनतम | ८.० | १०.५ | १५.० | १९.५ | २२.० | २३.८ | २४.६ | २४.८ | २४.१ | २०.४ | १५.१ | १०.५ | |

*Source: Department of Hydrology and Metrology, 2017*

भद्रपुर नगरपालिकामा वर्षा ऋतुमा हिन्द महासागरको बंगालको खाडीबाट आउने मनसुनी हावाबाट जुम महिनामा ७७८.३ मिलि सम्म वर्षा मापन गरेको पाइन्छ भने कुनै कुनै बर्ष त नोमेम्वर, डिसेम्वर र जनवरीमा वर्षा नहुने गरेको पनि पाईन्छ (तालिका ३.२) ।

**तालिका ३.२: भद्रपुर नगरपालिकाको वर्षाको विवरण (मिमिमा)**

| बर्ष | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | कुल मिलि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०११ | ०.५ | ५.४ | १७.० | १२३.४ | १४४.० | ४३८.६ | ७७८.३ | ३८४.६ | ३५५.५ | १४.६ | २१.४ | ३.६ | २२८६.९ |
| २०१२ | ३.० | ०.२ | ३.० | ९७.१ | १७१.२ | ६१०.७ | ३८७.६ | २३६.६ | २७८.४ | ८७.० | ०.० | ०.० | १८७४.८ |
| २०१३ | १०.६ | २७.४ | १६.० | ५८.४ | ३३९.६ | ३९९.३ | ६५८.१ | ३६९.५ | ४१७.३ | १२८.८ | ८.१ | ०.० | २४३३.१ |
| २०१४ | ०.० | १५.५ | २.० | १९.४ | २५७.४ | - | ४२५.५ | ३५३.६ | २७३.४ | ५१.१ | ०.० | १.४ | १३९९.३ |
| २०१५ | १२.२ | ४.७ | ३८.१ | ९८.८ | २०६.६ | ३१२.७ | ३३०.८ | ३८८.४ | ३९६.० | ४३.९ | ०.९ | ०.० | १८३३.१ |
| औसत | ५.३ | १०.६ | १५.२ | ७९.४ | २२३.८ | ४४०.३ | ५१६.१ | ३४६.५ | ३४४.१ | ६५.१ | ६.१ | १.० | |

Source: Department of Hydrology and Metrology, २०१७

## ३.४ नदिनाला तथा तालहरु

भद्रपुर नेपाल भारतमा सीमाना भएर बग्ने मेची नदीको किनारमा अवस्थित नगरपालिका हो । देउनिया, झिलिमिले, घोडामारा अन्य स-साना खोलाहरु हुन् । देउनिया खोला चुरेबाट आएकोले बर्षैभरि पानी बग्ने गर्दछ भने झिलिमिले र घोडामारा स्थानीय खोला भएकोले हिउद लागेपछि सुक्ने गर्दछन् । तर बर्षातमा भने यी खोलाहरु बढेर नदिको रुप लिने गर्दछन् । भद्रपुर नगरपालिकामा प्राकृतिक ठूला ताल नभएपनि केही स्थानहरुमा निजी स्तरमा खनिएका पोखरीहरु छन्, जहाँ व्यवसायिक माछा पालन गर्ने गरिएको छ । हाल वडा नं १ स्थित भैसाबाडी भन्ने स्थानमा केही प्राकृतिक तालहरु रहेको भएतापनि हाल उक्त ताललहरु संरक्षणको अभावमा सुक्दै गएका छन् भने वडा नं २ स्थित कमलधापमा (साविक पृथ्वीनगर-५) सीमसार क्षेत्र रहेकोका उक्त सीमसार पनि संरक्षणको अभावमा सुक्दै गएको छ । नदिनालाहरुको नक्शा अनुसूची ५ मा समावेस गरिएको छ ।

## ३.५ नगरपालिकाको वर्तमान भू-उपयोग

कुनैपनि ठाँउको विकास योजना कार्यान्वयन गर्नको लागि भू-उपयोग योजना निक्कै महत्वपूर्ण हुने गर्दछ । नगरपालिकामा कुन कुन ठाँउमा के कस्ता प्रकारका गतिविधिहरु भैरहेका छन् र भविष्यमा के कस्ता गतिविधिहरुको संभावना हुन्छ भन्ने कुरा भू-उपयोग योजनाबाट प्रष्ट हुने गर्दछ । भविष्यको भू-उपयोग योजना तयारीको लागि वर्तमानको भू-उपयोगबारे थाहा पाउनु जरुरी हुन्छ । भद्रपुर नगरपालिकाको विगत आवधिक योजनाको तुलनामा बसोबास क्षेत्र र चियाबारी केही बढेको देखिन्छ । भद्रपुर नगरपालिकाको वर्तमान भू-उपयोगलाई विश्लेषण गर्दा सबैभन्दा बढी कृषि क्षेत्र (चिया बगान समेत) कुल भू-भागको ७५.९२% रहेको देखिन्छ भने दोस्रो स्थानमा आवास क्षेत्र ८.२६% रहेको देखिन्छ । नगरपालिकामा कृषि भू-भागको बाहुल्यता रहेको र बसोबास क्षेत्र विस्तारित भएकोले वन क्षेत्र केवल ५.१७% रहेको छ । त्यसैगरी नदी, खोला, पोखरी तथा वालुवा क्षेत्र ५.९४% रहेको छ । नगरपालिकाको वर्तमान भू-उपयोगलाई तालिका ३.३ मा प्रस्तुत गरिएको छ भने भू-उपयोग नक्शा अनुसूची ५ मा राखिएको छ ।

**तालिका ३.३: नगरपालिकाको वर्तमान भू-उपयोग स्थिति**

| क्र.स. | भू-उपयोग | क्षेत्रफल (व. किमि) | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | कृषि क्षेत्र् (चिया वगान समेत) | ७३.१५ | ७५.९२ |
| २ | व्यापारिक क्षेत्र् | ०.९४ | ०.९७ |
| ३ | आवासीय क्षेत्र | ७.९६ | ८.२६ |
| ४ | वन क्षेत्र् | ४.९८ | ५.१७ |
| ५ | पुरातात्विक तथा संरक्षण क्षेत्र् | ०.१० | ०.१० |
| ६ | औद्योगिक क्षेत्र (चिया उद्योग समेत) | ०.४६ | ०.४८ |
| ७ | सार्वजनिक तथा खुल्ला क्षेत्र् | २.३६ | २.४५ |
| ८ | नदी, खोला, वालुवा तथा बगर क्षेत्र् | ५.७३ | ५.९४ |
| ९ | अन्य क्षेत्र | ०.६६ | ०.६८ |
| **जम्मा** | | **९६.३५** | **१००.००** |

स्रोतः टोपोग्राफिक नक्सा १९९६, स्थलगत अध्ययन २०७४ र गुगल नक्शा २०१६

## ३.६ विद्यमान भौतिक पूर्वाधार तथा सेवा सुविधाहरु

झापा जिल्लाको सदरमुकाम, पुरानो नगरपालिका र ऐतिहासिक शहर भएकोले भद्रपुर भौतिक पूर्वाधारको हिसाबले सवल रहेको छ । महेन्द्र राजमार्गबाट १७ किमि दक्षिणमा अवस्थित भएपनि यो नगरपालिका भद्रपुर-विर्तामोड र चन्द्रगढी-चारआली गरी २ वटा पक्की सडकले महेन्द्र राजमार्गसँग जोडिएको छ भने भद्रपुर-धुलावारी ग्राभेल सडकबाट पनि महेन्द्र राजमार्गसँग जोडिएको छ । भद्रपुर नगरपालिका उत्तर दक्षिण ईलाम-चारआली-केचना मेची राजमार्ग र पूर्व पश्चिम हुलाकी राजमार्गको संगम स्थल पनि हो । पुर्वी पश्चिम हुलाकी राजमार्ग यही भद्रपुरबाट शुरु भएर झापाको राजगढ, गौरीगंज र मोरङ्को रंगेली हुँदै बिराटनगरतर्फ गएको छ । जिल्लाको एक मात्र चन्द्रगढी विमानस्थल, त्रिभुवन विश्व विद्यालय अन्तरगतको मेची बहुमुखी क्याम्पस, मेची अंचल अस्पताल, भद्रपुर रंगशाला जस्ता ठूला पूर्वाधाहरु पनि यस नगरपालिकामा रहेका छन् । भद्रपुरको विद्यमान भौतिक पूर्वाधार तथा सेवा सुविधाहरुको बारेमा तल विस्तृत रुपमा व्याख्या गरिएको छ:

**३.६.१ सडक तथा यातायात**



भद्रपुरको सडकको स्थिति

सडक तथा यातातातको पहुँचको हिसाबले हेर्दा भद्रपुर नगरपालिका निक्कै सुगम छ । पूर्व-पश्चिम हुलाकी राजमार्ग (भद्रपुर-राजगढ-गौरीगंज-रंगेली-बिराटनगर) र उत्तर दक्षिण ईलाम-चारआली-केचना राजमार्गको संगम स्थलमा रहेको भद्रपुर नगरपालिकालाई तीनवटा सडकहरुले (बिर्तामोड-भद्रपुर, चारआली-चन्द्रगढी, भद्रपुर जनताचोक-धुलावारी) महेन्द्र राजमार्गसँग जोडेको छ । विर्तामोड-भद्रपुर र चाआली-चन्द्रगढी कालोपत्रे सडक हुन् भने भद्रपुर-जनताचोक-धुलावारी ग्राभेल सडक हो । मुख्य बजार क्षेत्रका सबैजसो भित्री सडकहरु कालोपत्रे भैसकेका छन् । मुख्य बजारका अधिकांश सडकहरु पनि ग्राभेल भैसकेका छन् । साविक चन्द्रगढी गाविसको ग्रामीण क्षेत्रका सडकहरु ग्राभेल छन् भने साविक महेशपुर र पृथ्वीनगर गाविसका अधिकांश सडकहरु ग्राभेल र केही कच्ची समेत रहेका छन् । हाल हुलाकी आयोजना मार्फत चारआली-केचना राजमार्गको स्तरोउन्नती भैरहेको छ, जसले गर्दा हालको वडा नं १, २, ३ अन्तरगत पर्ने साविक पृथ्वीनगर गाविसको मुल सडक पनि चाडै नै कालोपत्रे हुन गैरहेको छ । त्यसैगरी हुलाकी राजमार्ग परियोजना अन्तरगत भद्रपुरको झापा चौक देखि राजगढ जाने सडक पनि स्तरोउन्नती भै कालोपत्रे हुन गैरहेको छ । यसले गर्दा भद्रपुर नगरपालिका अन्तरगत साविक महेशपुर गाविस खण्डमा पर्ने मुख्य सडक पनि कालोपत्रे भै सहज आवागमन हुनेछ । सडक सम्बन्धी विवरण तालिका ३.४ मा देखाइएको छ ।

**तालिका ३.४: भद्रपुर नगरपालिकाको सडक सम्बन्धी विवरण**

| क्र.स. | सडकको किसिम | लम्बाई (किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की सडल | ९१.७८ | १७.१० |
| २ | ग्राभेल सडक | २६४.९७ | ४९.३७ |
| ३ | कच्ची सडक | १७९.९४ | ३३.५३ |
| कूल | | ५३६.६९ | १००.०० |

स्रोत: स्थलगत अध्ययन, २०७४

| तालिका ३.४ (अ): सडकको वडागत विवरण (किमी) | | | | |
|---|---|---|---|---|
| वडा | पक्की | ग्रेभेल | कच्ची | जम्मा |
| १ | ३.८८७ | २६.२७७ | २६.४३६ | ५६.६०० |
| २ | ४.८७६ | ६३.१११ | २५.३६३ | ९३.३५० |
| ३ | 0.0२७ | २९.८४१ | २०.३३२ | ५०.२०० |
| ४ | 0.२२८ | २९.७०१ | ४८.३२१ | ७८.२५० |
| ५ | ७.९०४ | ८.५१४ | ३.२१२ | १९.६३० |
| ६ | १२.०६७ | ६.९२३ | ४.३१० | २३.३०० |
| ७ | ८.३२१ | ३७.२१४ | १९.६१५ | ६५.१५० |
| ८ | २४.७५ | [illegible] | [illegible] | [illegible] |
| ९ | ९.७७६ | [illegible] | [illegible] | [illegible] |
| १० | १९.९४ | [illegible] | [illegible] | [illegible] |
| **कूल** | **९१.७८१** | [illegible] | [illegible] | [illegible] |

स्रोत स्थलगत अध्ययन तथा सडक यातायात गुरुयोजना, २०७४



भद्रपुरको विमानस्थल

नगरपालिकाका अन्तरगत पर्ने मुख्य पक्की सडकहरुमा विर्तामोड-संगम चौक हुँदै झापा चोकसम्म जाने बिर्तामोड-भद्रपुर राजमार्ग खण्डको ४.५ किमि, संगम देखि भन्सार छेउसम्म शहरी सडक १.५ किमि, जनताचोक देखि ज्यामिरगढी हुँदै धुलावारी जाने सडकको खण्ड २ किमि, लेखनाथ चौक देखि गार्मेन्ट हुँदै भद्रपुर भानुचोक सम्म शहरी सडक ४ किमि, सगरमाथा-गार्मेन्ट शहरी सडक १.५ किमि, सगरमाथा-किरातकोलनी हुँदै विद्युत प्राधिकरण शहरी सडक २ किमि, क्याम्पस मोड देखि मेची क्याम्पस शहरी सडक १ किमि, अस्पतालमोड देखि मेची अस्पताल शहरी सडक १ किमि, त्रिभुवन स्मारक देखि मेची क्याम्पस सम्म शहरी सडक १.५ किमि, भद्रपुर बजार पुरानो सिनेमा हल भानु चोक हुँदै पशु अस्पताल आउने शहरी सडक १.५ किमि, भद्रपुर भन्सार-झापा चौक शहरी सडक १.५ किमि, राम भवन-बजार-कृष्ण मन्दिर-वाचनालय शहरी सडक १ किमि,

रामभवन-पुरानो टिम्वर १ किमि शहरी सडक, भद्रपुर हाईस्कुल गेट-नयाँ बजार शहरी सडक १ किमि र बसपार्क-गिरीचौक  शहरी सडक१ किमि छन् ।

झापाचोक-हिमाली-लाहुरेचौक, नयाँबजार-आपगाँछी, ज्ञानेचोक-रंगेडाँडा, सगरमाथा-वालुवाडी, भिमनगर-किचकवध-चारआली, सगरमाथा-किचकवध, चारआली-कमलधाप, सोमबारे-सिंगामाडी, लाहुरे चौक-फुटबल ग्राउण्ड-सोमबारे, हिमाली-भैसाबाडी, झापा चोक-रंगेडाँडा, सगरमाथा -किचकबध, भिमनगर -मन्त्री चौक अन्य प्रमुख ग्राभेल सडकहरु हुन्् ।

नगरपालिका अन्तरगत पर्ने साना तिना थुप्रै अन्य सडकहरुले सवारी साधन प्रयोग गर्न स्थानीयवासीहरुलाई सुविधा प्रदान गरेको छ । मुख्य राजमार्गसँग नजोडिएपनि यहाँ स्थानीय स्तरमा सर्वसाधरण आवतजावतको लागि सफारी, ट्याम्पो, माइक्रोबस, बस, जिप, रिक्सा आदि चल्ने गर्दछ । भद्रपुर बजारमा एक बसपार्क रहेको छ, जहाँबाट पूर्वका शहरहरु काकडभिट्टा, ईलाम, विर्तामोड, बिराटनगर, गौरींगज, धरान, गाईघाट, ईटहरी, धनकुटासम्म नियमित बस सेवाहरु संचालनमा रहेका छन् भने यहाँबाट काठमाण्डौ जाने दिवा तथा रात्रीबस र सिन्धुली हुँदै काठमाडौं जाने माईक्रोबस पनि संचालनमा रहेका छन् । यसैगरी भद्रपुर नगरपालिकाको चन्द्रगढीमा एक विमानस्थल रहेको छ । यो विमानस्थलले पूर्वका झापा, ईलाम, पाँचथर जिल्ला लगायत उत्तर पूर्वी भारतबाट आउने पर्यटकहरुलाई काठमाडौं जान आउन हवाई सेवा प्रदान गरिरहेको छ । पक्की रनवे भएको यस विमानस्थलबाट हाल बुद्ध, यति, सौर्य एयरलान्सका दैनिक ६ वटा नियमित उडानहरु भैरहेका छन् । भद्रपुर नगरपालिकामा रहेको देउनिया खोलामा ३ वटा ठूला पक्की पुलहरु (विर्तामोड-भद्रपुर सडक खण्ड, झापा चोक-हिमाली सडक खण्ड र झापाचोक-हल्दीवारी सडक खण्ड) रहेका छन् भने मेची नदीमा हाल पक्की पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

### ३.६.२ खानेपानी

**तालिका ३.५: खानेपानीको स्रोतको विवरण**

| स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| धाराको पानी | ४६८४ | ३०.७ |
| ट्बवेल/हेण्डपम्म् | १००९३ | ६६.१ |
| ढकनी भएको ईनार | ९९ | ०.६ |
| ढकनी नभएको ईनार | १८४ | १.२ |
| मुल | १८ | ०.१ |



भद्रपुर २ गौरीशंकरमा अवस्थित खानेपानीको ओभरहेड टैंक

भद्रपुर नगरपालिकाको खानेपानीको मुख्य स्रोत ट्यूवेल, ईनार र धारा नै हो । हाल भद्रपुर नगरपालिकामा खानेपानी वितरणको लागि ४ वटा ओभरहेड टैंक रहेकोमा भद्रपुर र चन्द्रगढीको ओभरहेड टैंक संचालनमा रहेको तर पृथ्वीनगरको सोमबारे र गौरीशंकरमा अवस्थित खानेपानीको ओभरहेड टैंक भने संचालनमा आउन सकेको छैन । नगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा (तत्कालिन भद्रपुर नगरपालिका र चन्द्रगढी गाविस) दुईवटा खानेपानी आयोजनाको ओभरहेड टैंक मार्फत पानी वितरण भैरहेकोले यी क्षेत्रमा खानेपानी आपुर्ति राम्रो रहेको छ । नगरपालिकाको शहरी क्षेत्रमा खानेपानीको आपुर्तीको लागि ४,५०,००० लिटर क्षमताको एक ओभरहेड टैंक, १ रिजर्भभायर टैंक र ३ लाख लिटर क्षमताको फिल्ट्रेसन प्लान्ट रहेको छ ।

पानीको मुख्य स्रोत डिप बोरिङ नै हो । बोरिङ्गको ३ वटा ईनार रहेको छ । पहिलो ईनार चिया बगानमा रहेको छ भने दोस्रो र तेस्रो ईनार संस्थानको हाता भित्र रहेको छ । नगरपालिकाको मुख्य शहरी क्षेत्रमा ४७ वटा सार्वजनिक धारा रहेका छन् भने ५१ वटा धारा संघ संस्थाहरुलाई वितरण गरिएको छ । त्यसैगरी १०४९ वटा धारा निजी घरधुरीमा वितरण गरिएको छ । भद्रपुर नगरपालिका स्थापना भए पछि नगरपालिकामा खानेपानी संस्थानबाट ३ लाख लिटर क्षमताको ओभरहेड टंकी निर्माण गरी नगरपालिकाको साविक वडाहरु १, २, ३, ४, ७, ८, ९, १२, १३, १४ र १५ मा खानेपानी वितरण गरिएको थियो । त्यसैगरी तत्कालिन चन्द्रगढी गाविसमा खानेपानी तथा ढल निकास विभागले ३ लाख लिटर क्षमताको ओभरहेड टैंक निर्माण गरी तत्कालिन नगरपालिकाको वडा नं ५, ६, १० र ११ वडामा खानेपानी वितरण गरेको थियो । यसरी

मुख्य शहरी क्षेत्रमा २ वटा ओभरहेड टैंकीबाट खानेपानी वितरण भएकोले खानेपानी आपूर्ति राम्रो रहेको देखिन्छ । तर सडक र बढ्दो शहरीकरणले खानेपानी लाइन विस्तारमा विभिन्न समस्या रहेको छ ।

खानेपानी संस्थान वा खानेपानी विभागबाट विस्तार भएको पुरानो पाईपहरुको साइज र लाईन विस्तार अझै पनि पर्याप्त मात्रामा हुन सकेको छैन भने हाल नगरपालिकामा गाभिएका साविक महेशपुर र पृथ्वीनगरमा खानेपानी वितरण हुन सकेको छैन ।

राष्ट्रिय जनगणना २०६८ लाई आधार मानेर हेर्दा भद्रपुर नगरपालिकामा खानेपानीको मुख्य स्रोत ट्युवेल/हेण्डपम्प (६६.१%) नै रहेको देखिन्छ । धाराको पानी ३०.७% घरधुरीमा मात्र वितरण भएको भएको छ । धाराको पानी मुख्य शहरी क्षेत्रमा (चन्द्रगढी, भद्रपुर) मात्र वितरण भएको छ भने पृथ्वीनगर र महेशपुर ग्रामीण क्षेत्रहरु भएकोले त्यहाँ खानेपानीको मुख्य स्रोत ट्युवेल/हेण्डपम्प हो । खानेपानीको अन्य स्रोतहरुमा ढकनी भएको ईनार प्रयोग गर्ने घरधुरी १.२% रहेका छन् ।




**तालिका ३.६: बत्तीको स्रोतको विवरण**

| क्र.स. | स्रोत | घरधुरी | प्रतिशत |
|---|---|---|---|

### ३.६.३ विद्युत तथा ऊर्जा

भद्रपुर नगरपालिकाका सबै वडाहरुमा विद्युत सेवा पुगेको छ । तत्कालिन भद्रपुर नगरपालिकामा गाभिएका महेशपुर र पृथ्वीनगरका केही ग्रामीण घरहरुमा नेपाल विद्युत प्राधिकरणले विद्युतीकरण नगरेको भएतापनि उक्त घरहरुले छिमेकी र स्थानीय प्रयासबाट विद्युत सेवा उपभोग गरिरहेका छन । मुख्य शहरी क्षेत्रमा नगरपाललिकाले सडक बत्तीको व्यवस्था गरेको भएतापनि नियमित मर्मत संभारको अभावमा सबै सडक बत्तीहरुले काम गरेको छैन । बढ्दो शहरीकरण र नयाँ घरहरु बन्ने क्रमले गर्दा विद्युत आपुर्तिमा केही कमी आएको छ । कतिपय स्थानहरुमा विद्युत लाईन विस्तार गर्न र पुरानो पोलहरु हटाई नयाँ पोलहरु राख्ने कार्य भैरहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार भद्रपुर नगरपालिकामा करिब ८६% घरधुरीले विद्युत सेवा प्रयोग गरेको देखिन्छ भने अहिले पनि १२.६% ले बत्तीको लागि मट्टितेल प्रयोग गरेको देखिन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने विशेषगरी आफ्नो घर नभएका, गरिब र सुकुम्वासी वस्तीका घरहरुमा अहिले पनि मट्टितेलको प्रयोग भएको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार वायोग्यास र सोलार प्रयोग गर्ने घरधुरीको संख्या निक्कै न्यून रहेको छ ।

| | | | |
|---|---|---|---|
| १ | विद्युत | १३१२३ | ८५.९ |
| २ | मट्टितेल | १९२६ | १२.६ |
| ३ | वायो ग्यास | ८३ | ०.५ |
| ४ | सोलार | ४५ | ०.३ |
| ५ | अन्य | १५ | ०.१ |
| ६ | उल्लेख नभएको | ७८ | ०.५ |
| कुल | | १५२७० | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८



### ३.६.४ खाना पकाउने ईन्धनको प्रयोग

**तालिका ३.७: खाना पकाउने ईन्धनको प्रयोग**

| क्र.स. | स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाउरा | ९००० | ५८.९४ |
| २ | मट्टीतेल | १७२ | १.१३ |
| ३ | एलपी ग्यास | ४६७५ | ३०.६२ |
| ४ | सन्ठी/गुईठा | १६५ | १.०८ |
| ५ | बायो ग्यास | ११०१ | ७.२१ |
| ६ | विद्युत | ८ | ०.०५ |
| ७ | अन्य | ७४ | ०.४८ |
| ८ | उल्लेख नभएको | ७५ | ०.४९ |
| कुल | | १५२७० | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

भद्रपुर नगरपालिकाको शहरी क्षेत्रलाई मात्र हेर्ने हो भने खाना पकाउन एलपी ग्यास प्रयोग गर्ने घरधुरी ९०% भन्दा बढी रहेका छन् । तर भद्रपुर नगरपालिकामा महेशपुर र पृथ्वीनगर जस्ता ग्रामीण क्षेत्रहरु भएका साविक गाविसहरु गाभिएकोले राष्ट्रिय जनगणनालाई आधार मानेर समग्रमा हेर्दा दाउराबाट खाना पकाउने घरधुरी सबैभन्दा बढी (५८.९४%) देखिएको छ भने दोस्रोमा एलपि ग्यास प्रयोग गर्ने घरधुरीहरु ३०.६२% रहेको देखिन्छ । पृथ्वीनगर र महेशपुरमा केही सामुदायिक वनहरु र जलथलको जंगल समेत नजिकै रहेकोले अहिले पनि उक्त ठाँउका मानिसहरु दाउराबाट खाना पकाउने गर्दछन् । त्यसबाहेक पृथ्वीनगर र महेशपुरका ग्रामीण भेगमा बसोबास गर्ने मानिसहरु खाना पकाउन आफ्नै घरवारीमा भएको दाउरा, बास, सन्ठी, झिगटी आदि प्रयोग गर्ने भएकोले भद्रपुर नगरपालिका भएर पनि दाउरा प्रयोग गर्ने घरधुरीहरु धैरै देखिएको हो । त्यसैगरी भद्रपुर नगरपालिकामा वायोग्यास प्रयोग गर्ने घरधुरी ७.२१% र मट्टितेल प्रयोग गर्ने घरधुरी १.१३% रहेका छन् ।




### ३.६.५ घरधुरीमा उपलब्ध सेवा सुविधाहरु

नगरपालिकामा बसोबास गर्ने मानिसहरुले आफ्नो घरमा कस्ता सेवा सुविधाहरु उपभोग गरिरहेका छन् भने कुराले नगरवासीहरुको जीवनस्तरलाई पनि दर्शाउने गर्दछ । रेडियो, टेलिभिजन, कम्प्युटर, टेलिफोन, मोवाईल फोन, केवल टेलिभिजन, मोटर, मोटर साईकल, रेफ्रिजेरेटर जस्ता घरयासी साधनहरु नगरवासीले कति प्रयोग गरिरहेका छन् भनेर हेर्दा भद्रपुर नगरपालिका करिब ९४% घरधुरीले कम्तिमा एउटा सुविधा प्रयोग गरेको देखिन्छ । साईकल (७७.८%) भद्रपुर नगरपालिकाका घरहरुमा सबैभन्दा बढी प्रयोग हुने साधन हो । मोवाईल (७१.४%) र टेलिभिजन (७१%) प्रयोग गर्ने घरधुरीहरु करिब करिब उस्तै देखिन्छन् भने त्यसपछि रेडियो ५१.४% घरहरुमा प्रयोग गरेको देखिन्छ । नगरपालिकामा केवल टिभी भएका घरधुरीहरु २३.८% छन् जवकी केवल ९.६% घरधुरीमा मात्र कम्प्युटर रहेको देखिन्छ । करिब १५% घरधुरीमा मोटरसाईकल रहेको देखिन्छ भने १.९% को घरमा मोटर पनि रहेको देखिन्छ (तालिका ३.८) ।

**तालिका ३.८: घरधुरीमा उपलब्ध सेवा सुविधाहरु**

| क्र.स. | उपलब्ध सुविधा | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | कुनै सुविधा नभएको | ८६२ | ५.६ |

| | | | |
|---|---|---|---|
| २ | कम्तिमा एउटा सुविधा भएको | १४३३४ | ९३.९ |
| ३ | रेडियो | ७८५३ | ५१.४ |
| ४ | टेलिभिजन | १०८३५ | ७१.० |
| ५ | केवल टिभ ी | ३६२८ | २३.८ |
| ६ | कम्प्युटर | १४६९ | ९.६ |
| ७ | ईन्टरनेट | ५७४ | ३.८ |
| ८ | टेलिफोन | २२१७ | १४.५ |
| ९ | मोवाईल फोन | १०८९६ | ७१.४ |
| १० | मोटर | २९५ | १.९ |
| ११ | मोटर साईकल | २२४७ | १४.७ |
| १२ | साईकल | ११८७८ | ७७.८ |
| १३ | अन्य सवारी साधन | १६० | १.० |
| १४ | रेफ्रिजेरेटर | १९५८ | १२.८ |
| १५ | उल्लेख नभएको | ७४ | ०.५ |
| कुल घरधुरी | | १५२७० | |

स्रोतः राष्ट्रिय जनगणना, २०६८




### ३.५.६ शौचालय प्रयोगको स्थिति

**तालिका ३.९: शौचालय प्रयोगको स्थिति**

| क्र.स. | शौचालयको अवस्था | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | शौचालय नभएका घरधुरीहरु | ३३७५ | २२.१ |
| २ | शौचालय भएका घरधुरीहरु | ११८१६ | ७७.४ |
| २.१ | फ्लस शौचालय | ७९३० | ५१.९ |
| २.२ | साधरण शौचालय | ३८८६ | २५.४ |
| ३ | उल्लेख नभएको | ७९ | ०.५ |
| कुल | | १५२७० | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

शौचालयको प्रयोगको स्थितिले उक्त स्थानमा बसोबास गर्ने मानिसहरुको सरसफाई सम्बन्धी चेतनाको स्तरलाई दर्शाउने गर्दछ । भद्रपुर नगरवासीहरुको शौचालय प्रयोगको स्थितिलाई हेर्दा ७७.४% घरहरुमा मात्र शौचालय रहेको देखिन्छ भने अहिले पनि २२.१% घरहरुमा शौचालय छैन । पुरानो नगरपालिका भएतापनि हालसम्म पनि २२.१% घरहरुमा शौचालय नहुनुले नगरपालिकाले सरसफाई सम्बन्धी कार्यक्रममा निक्कै ध्यान दिनुपर्ने देखिन्छ । शौचालय भएका घरहरु मध्ये ५१.९% घरहरुमा फ्लस शौचालय र २५.४% घरहरुमा साधरण शौचालय रहेको देखिन्छ । भद्रपुर नगरपालिकामा महेशपुर र पृथ्वीनगर जस्ता ग्रामीण वस्तीहरु भएका साविक गाविसहरु गाभिएको

हुनाले पनि नगरपालिकामा शौचालय प्रयोग गर्ने घरहरुको संख्या कम देखिएको हो । तर हाल भद्रपुर नगरपालिका र युएन ह्याविटाटको पहलमा स्थानियको समन्वयनमा शौचालय नभएका घरहरुमा शौचालयको निर्माण कार्य धमाधम भैरहेको र केहि समय भित्र नै भद्रपुर नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्रको रुपमा घोषणा गर्ने योजना रहेको छ ।




### ३.६.७ ढल तथा सतह ढल

नगरपालिका क्षेत्रमा ढलको सुविधा छैन । नगरपालिकाको मुख्य बजार क्षेत्र र शहरी क्षेत्रमा (साविक भद्रपुर नगरपालिका क्षेत्र र चन्द्रगढी बजार क्षेत्र) सतह ढल निर्माण भएको छ भने साविक नगरपालिका भित्रका अन्य स्थानहरुमा पनि केही सतह ढल निर्माण भएको छ । यस हिसाबले हेर्दा पुरानो नगरपालिका क्षेत्रका सम्पूर्ण सडकहरुको दायाँबायाँ सतह ढलहरु निर्माण भएको देखिन्छ । तर उक्त सतह ढलहरु जाम भएको, पानी वहाव सहज रुपमा नभएको, बर्षातको समयमा डुबानले गर्दा फोहोर सडकमा निस्कने जस्ता समस्याहरु रहेका छन् । नगरपालिका भित्र रहेका पुराना कुलोहरु नयाँ भवन बन्ने क्रममा अतिक्रमण गरी कुलोहरुको प्राकृतिक वहावलाई अवरोध गरिएकोले निकासीमा निकै समस्या देखिएको छ । बजार क्षेत्र र शहरी क्षेत्रमा रहेका सतह ढलहरु पनि कुनै ढाकिएका र कुनै नढाकिएको अवस्था छ भने सडकको दायाँबायाँ रहेका अन्य कच्ची नालाहरु पनि खुला रहेका छन् । भद्रपुर नगरपालिकामा गाभिएका साविक पृथ्वीनगर र महेशपुर जस्ता गाविसहरुमा हालसम्म कुनै प्रकारको सतहढल  तथा नालाहरु निर्माण भएको छैन ।

### ३.६.८ फोहोरमैला व्यवस्थापन

नगरपालिका स्थापना भएको ६५ बर्ष पुगिसक्दा पनि भद्रपुर नगरपालिकामा फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन हुन सकेको छैन र नगरपालिकाले पनि यसतर्फ उचित ध्यान दिन सकेको देखिदैन । सिमित जनशक्ति, अपर्याप्त भौतिक साधन र पूर्वाधारले गर्दा फोहोरमैलाको व्यवस्थापन उचित रुपमा हुन सकेको छैन भने अहिले आएर महेशपुर र पृथ्वीनगर जस्ता ग्रामीण वस्तीहरु भएका साविक गाविसहरु भद्रपुर नगरपालिका गाभिएपछि नगरपालिकाको क्षेत्रफल र जनसंख्या बढ्न गै फोहोरमैला व्यवस्थापनमा अझ चुनौतीहरु थपिएका छन् । हाल नगरपालिकाबाट बजार क्षेत्र सरसफाई गर्न १५ जना कुचिकार तथा फोहर मैला उठाउने कामको लागि ३ वटा ट्र्याक्टरहरु संचालन भैइरहेको छन्, जुन सम्पूर्ण नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्न अपुग देखिन्छ । हाल नगरपालिकामा ३ वटा सार्वजनिक शौचालय संचालनमा रहेतापनि उक्त संख्या निक्कै अपुग रहेको देखिन्छ । भद्रपुर बसपार्कमा रहेको सार्वजनिक शौचालय पनि मर्मत संभार र सरसफाईको अभावमा प्रयोग गर्ने स्थितिको छैन । नगरपालिकाले हालसम्म फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनको लागि स्यानिटरी ल्याण्ड फिल साइटको व्यवस्थापन गर्न सकेको छैन भने फोहोर फ्याक्ने स्थानको पनि अभाव रहेको देखिन्छ ।

घरहरुबाट निस्किएको फोहोरपानी विसर्जनका लागि नगरपालिकाबाट ढलको व्यवस्था हुन सकेको छैन, जसले गर्दा फोहोरपानी विर्सजनका लागि यहाँका वासिन्दाले आफनो घर कम्पाउण्ड, तरकारी बारी र खेतबारी प्रयोग गर्ने गरेका छन् । केही घरहरुले आफ्नो घरबाट निस्किएको फोहोरपानी घर नजिकैको सडक तथा नदी वा खोल्सामा समेत फाल्ने गरेको पाईन्छ तर त्यो संख्या निकै न्यून छ । तरपनि भद्रपुर नगरपालिका समग्रमा सफा रहेको देखिन्छ । नगरपालिका क्षेत्र भित्र प्लाष्टिक झोला निषेधित गरिएको छ भने नगरपालिकाले मुख्य बजार र चोकहरुमा फोहोर फाल्नको लागि डस्टविनको व्यवस्था गरेको छ ।

### ३.६.८ सूचना तथा संचार

सूचना तथा संचारको दृष्टिकोणले भद्रपुर निकै सवल देखिएको छ । भद्रपुर नगरपालिकामा वि.स. २०३२ सालमा नै नेपाल दुर संचार संस्थान स्थापना भै हाल करिब ३००० ल्यान्ड लाईन वितरण भएको छ । यही

लाईनबाट चन्द्रगढीमा १२०, महेशपुरमा ५० र पृथ्वीनगरको ज्ञानेचोकसम्म ५० ल्याण्ड लाईन फोन वितरण भएको छ । त्यसैगरी बिभिन्न सरकारी कार्यालय र निजी उद्योग तथा होटलहरुमा गरी १५० टेलिफोन लाईन वितरण भएको छ । हाल नगरपालिकाको सम्पूर्ण वडाहरुमा नेपाल टेलिकम र एनसेलको मोवाईल सेवा उपलब्ध रहेको छ । भद्रपुर बजारमा झापा जिल्लाको जिल्ला हुलाक कार्यालय र ईलाका हुलाक कार्यालय रहेका छन् भने पृथ्वीनगर, महेशपुर र चन्द्रगढीमा अतिरिक्त हुलाक कार्यालयहरु रहेका छन् । अन्य निजी क्षेत्रबाट संचालित कुरियर सेवा लगायत बुद्ध एयर र यति यएरको हवाई कुरियर सेवा पनि भद्रपुरमा उपलब्ध रहेको छ । भद्रपुर र चन्द्रगढीको शहरी र मुख्य बजार क्षेत्रमा ईन्टरनेट, इमेल र फ्याक्स सेवा उपलब्ध रहेको छ । ग्रामीण क्षेत्रहरुमा साईबर क्याफेहरु संचालनमा रहेका छन् । भद्रपुर नगरपालिबाट ४ वटा संचार गृहहरुबाट (निर्माण लहर साप्ताहिक, बरुण साप्ताहिक, नौलो आवाज साप्ताहिक, स्वाधिन सम्वाद साप्ताहिक) साप्ताहिक रुपमा पत्रिका प्रकाशन हुने गरेको छ भने बिगत लामो समयदेखि विवेचना दैनिक प्रकाशित हुँदै आएको छ । भद्रपुरमा विर्तामोड, बिराटनगर, धरान लगायत राजधानी काठमाण्डौबाट प्रकाशित हुने सम्पूर्ण पत्रपत्रिकाहरु सहज रुपमा उपलब्ध हुने गरेको छ ।

नगरवासीहरुले हाल टेलिभिजनमा डिस होम मार्फत विभिन्न स्वदेशी तथा विदेशी च्यानहरुबाट मनोरन्जन लिने गरेका छन् भने स्थानीय केवल टेलिभिजनहरु (न्यू होम भिजन नेटवर्क प्रालि भद्रपुर र न्यू बुद्ध केवल नेटवर्क प्रालि पृथ्वीनगर) पनि संचालनमा रहेका छन् । त्यसैगरी भद्रपुरमा १ नागरिक एफ. एम. स्टेसन पनि संचालनमा रहेका छन् ।

### ३.६.९ प्रशासनिक सेवा

भद्रपुर झापा जिल्लाको सदरमुकाम पनि भएकोले जिल्लाका सम्पूर्ण सरकारी कार्यालयहरु नगरपालिका रहेका छन् । यस हिसाबले हेर्दा भद्रपुर एक प्रशासनिक सेवा केन्द्र पनि हो भने जिल्लावासीहरु आफ्नो प्रशासनिक कार्यको लागि भद्रपुर आउनु पर्ने हुन्छ । भद्रपुर नगरपालिका मेची अंचलकै प्रशासनिक केन्द्र पनि रहेको केही अंचल स्तरीय सरकारी कार्यालयहरु पनि भद्रपुरमा रहेका छन् । तत्कालिन भद्रपुर नगरपालिकाको वडा नं ६ र १० मा अधिकांश सरकारी कार्यालयहरु रहेका छन् जुन स्थान पहिले तत्कालिन चन्द्रगढी गाविसमा पर्दथ्यो । बि.स. २०३८ मा उक्त स्थानलाई भद्रपुर नगरपालिकामा गाभेर भद्रपुरलाई झापा जिल्ला र मेची अंचलको प्रशासनिक केन्द्र बनाईएको

थियो । भद्रपुर नेपाल भारत सिमामा अवस्थित शहर भएकोले यहाँ भन्सार कार्यालय समेत रहेको छ ।

## ३.७ भद्रपुर नगरपालिकाको जनसंख्या र सामाजिक स्थिति

बि.स. २०७१ मा साविक चन्द्रगढी र महेशपुर गाविसलाई भद्रपुर नगरपालिका गाभिएको थियो भने वि.स. २०७३ को राज्य पुनरसंरचनामा साविक पृथ्वीनगर गाविस पनि भद्रपुर नगरपालिकामा गाभिएको छ । त्यसैले यहाँ तत्कालिन भद्रपुर नगरपालिका र साविक गाविसहरुलाई (चन्द्रगढी, महेशपुर, पृथ्वीनगर) समावेस गरि भद्रपुर नगरपालिकाको जनसंख्या र सामाजिक स्थितिको व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.७.१ जनसंख्याको स्थिति

पूर्व-पश्चिम हुलाकी राजमार्ग र उत्तर-दक्षिण मेची राजमार्गले छोएको भद्रपुर नगरपालिका जिल्लाको दक्षिण पूर्व दिशामा मेची नदिको किनारमा अवस्थित देशकै पुरानो नगरपालिका हो । राष्ट्रिय जनगणना २०६८ का अनुसार तत्कालिन भद्रपुर नगरपालिकाको जनसंख्या १८१६४ रहेको थियो । तर २०७१/८/१६ को नेपाल सरकार मन्त्री परिषदको निर्णय अनुसार तत्कालिन भद्रपुर नगरपालिकामा चन्द्रगढी र महेशपुर गाविसलाई गाभेर नगरपालिकाको क्षेत्र विस्तार गरिएको थियो, जस अनुसार तत्कालिन भद्रपुर नगरपालिकाको जनसंख्या ५०,२४९ रहेको थियो । हालै गरिएको स्थानीय तह पुनरसंरचनामा साविक भद्रपुर नगरपालिकामा साविकको पृथ्वीनगर गाविसलाई समेत गाभियो, जस अनुसार हाल भद्रपुर नगरपालिकाको जनसंख्या ६५,५३३ हुन गएको छ । यस नगरपालिकामा हाल पुरुषको संख्या ३०,९५८ (४७.२%) र महिलाको संख्या ३४,५७५ (५२.८%) रहेको छ भने कुल घरधुरी संख्या १५,२७० रहेको छ ।

**तालिका ३.१०: भद्रपुर नगरपालिकाको जनसंख्याको विवरण**

| क्र.स. | साविक गाविस | घरधुरी संख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | सरदर घरधुरी संख्या | लिंग अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भद्रपुर | ४२४८ | ८८८० | १३.६ | ९२८४ | १४.२ | १८१६४ | २७.७ | ४.३ | ९५.६ |
| १ | चन्द्रगढी | ४५१४ | ९०१३ | १३.८ | ९९३६ | १५.२ | १८९४९ | २८.९ | ४.२ | ९०.७ |
| ३ | महेशपुर | २८५३ | ६२५१ | ९.५ | ६८८५ | १०.५ | १३१३६ | २०.० | ४.६ | ९०.८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पृथ्वीनगर | ३६५५ | ६८१४ | १०.४ | ८४७० | १२.९ | १५२८४ | २३.३ | ४.२ | ८०.४ |
| कुल | | १५२७० | ३०९५८ | ४७.२ | ३४५७५ | ५२.८ | ६५५३३ | १००.० | ४.३ | ८९.४ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

### ३.७.२ जनसंख्याको वडागत वितरण

जनसंख्याको वडागत वितरणलाई हेर्दा सबैभन्दा बढी ८३८० (१२.८%) जनसंख्या वडा नं ७ मा रहेको छ भने सबैभन्दा कम २८३६ (८.४%) जनसंख्या वडा नं ८ मा रहेको छ । दोस्रो सबैभन्दा बढी जनसंख्या भएको वडा १० हो जहाँ नगरपालिकाको कुल जनसंख्याको ११.६% मानिसहरु बसोबास गर्छन् भने वडा नं २ तेस्रो सबैभन्दा बढी जनसंख्या भएको वडा हो जहाँ १०.६% मानिसहरु बस्ने गर्दछन् । नगरपालिकाको वडागत वितरणलाई तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ:

**तालिका ३.११: जनसंख्याको वडागत वितरण**

| वडा नं | समावेश भएका साविक गाविस/नपा | साविक वडा | घरधुरी | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पृथ्वीनगर | १,२,७,८,९ | १३२२ | २५५२ | ३.९ | ३०२१ | ४.६ | ५५७३ | ८.५ |
| २ | पृथ्वीनगर | ३,५,६ | १६६८ | ३०२३ | ४.६ | ३८९६ | ५.९ | ६९१९ | १०.६ |
| ३ | भद्रपुर र पृथ्वीनगर | भद्रपुर १, पृथ्वीनगर ४ | १३७३ | २७९९ | ४.३ | ३२९४ | ५.० | ६०९३ | ९.३ |
| ४ | भद्रपुर | २ | १३६८ | २८७९ | ४.४ | ३२७१ | ५.० | ६१५० | ९.४ |
| ५ | भद्रपुर | ५,७ | १२१५ | २९०८ | ४.४ | २९५१ | ४.५ | ५८५९ | ८.९ |
| ६ | भद्रपुर | ४,६ | १४४८ | ३३१८ | ५.१ | ३३७९ | ५.२ | ६६९७ | १०.२ |
| ७ | भद्रपुर | ३,९,१५ | २०२३ | ३९९९ | ६.१ | ४३८१ | ६.७ | ८३८० | १२.८ |
| ८ | भद्रपुर | ८,१० | १४२९ | २६४७ | ४.० | २८३६ | ४.३ | ५४८३ | ८.४ |
| ९ | भद्रपुर | ११,१२ | १५६० | ३२१९ | ४.९ | ३५२९ | ५.४ | ६७४८ | १०.३ |
| १० | भद्रपुर | १३,१४ | १८६४ | ३६१४ | ५.५ | ४०१७ | ६.१ | ७६३१ | ११.६ |
| कुल | | | १५२७० | ३०९५८ | ४७.२ | ३४५७५ | ५२.८ | ६५५३३ | १००.० |

स्रोतः राष्ट्रिय जनगणना २०६८ र भद्रपुर नगरपालिका कार्यालय २०७४




### ३.७.३ जनसंख्याको उमेरगत विवरण

भद्रपुर नगरपालिकाको जनसंख्याको उमेरगत विवरणलाई हेर्दा सबैभन्दा बढी १०-१४ बर्ष समूहका मानिसहरुको संख्या ११.३% रहेको छ । त्यसैगरी १५-१९ बर्ष उमेर समूहका मानिसहरुको संख्या १०.९% रहेको छ । जनसंख्याको उमेरगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका ३.१२: जनसंख्याको उमेरगत विवरण**

| उमेर समूह | पुरुष | पुरुष (५%) | महिला | महिला (%) | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | २७४२ | ४.२ | २६६३ | ४.१ | ५४०५ | ८.२ |
| ५-९ | ३३०३ | ५.० | ३१८७ | ४.९ | ६४९० | ९.९ |
| १०-१४ | ३७३९ | ५.७ | ३६९६ | ५.६ | ७४३५ | ११.३ |
| १५-१९ | ३४६५ | ५.३ | ३६८३ | ५.६ | ७१४८ | १०.९ |
| २०-२४ | २३७० | ३.६ | ३४८५ | ५.३ | ५८५५ | ८.९ |
| २५-२९ | २१०९ | ३.२ | ३२८४ | ५.० | ५३९३ | ८.२ |
| ३०-३४ | २०१२ | ३.१ | २६२८ | ४.० | ४६४० | ७.१ |
| ३५-३९ | १९३९ | ३.० | २४८१ | ३.८ | ४४२० | ६.७ |
| ४०-४४ | १८१८ | २.८ | २०६३ | ३.१ | ३८८१ | ५.९ |
| ४५-४९ | १६७० | २.५ | १८७७ | २.९ | ३५४७ | ५.४ |
| ५०-५४ | १५२९ | २.३ | १४१४ | २.२ | २९४३ | ४.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५-५९ | १२३० | १.९ | ११४८ | १.८ | २३७८ | ३.६ |
| ६०-६४ | १०७६ | १.६ | ९८० | १.५ | २०५६ | ३.१ |
| ६५-६९ | ७४९ | १.१ | ६९१ | १.१ | १४४० | २.२ |
| ७०-७४ | ५३८ | ०.८ | ५३६ | ०.८ | १०७४ | १.६ |
| ७५+ | ६६९ | १.० | ७५९ | १.२ | १४२८ | २.२ |
| कुल | ३०९५८ | ४७.२ | ३४५७५ | ५२.८ | ६५५३३ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना, २०६८




### ३.७.५ भाषा

भाषागत रुपमा हेर्दा भद्रपुरमा धेरै थरिका भाषाहरु बोल्ने मानिसहरुको बसोबास देखिन्छ । तर पनि सबैभन्दा बढी नेपाली भाषा बोल्ने मानिसहरुको संख्या २९,२७२ (४४.७%) रहेको छ । त्यसैगरी दोस्रो स्थानमा राजवंशी भाषा बोल्ने मानिसहरु १६.१% रहेका छन् । तत्कालिन महेशपुर र चन्दगढी गाविसमा राजवंशी जातिका मानिसहरुको बसोबास रहेको छ भने साविक भद्रपुर नगरपालिकाका पनि केही क्षेत्रहरुमा राजवंशीहरुको बसोबास रहेको छ । जसले गर्दा राजवंशी भाषा बोल्ने मानिसहरुको संख्या दोस्रो स्थानमा रहन पुग्यो । तेस्रो स्थानमा रहेको मैथिली भाषा बोल्ने मानिसहरुको संख्या ८.६% रहेको छ भने चौथो स्थानमा रहेको लिम्बु भाषा बोल्ने मानिसहरुको संख्या ७.६% रहेको छ ।




साविक पृथ्वीनगरमा लिम्बु जातिहरुको बाहुल्यता रहेको छ । सन्थाली र राई भाषा बोल्नेहरुको संख्या क्रमश: ४.२% र ३.४% रहेको छ भने राई र तामाङ भाषा बोल्नेहरु क्रमश: ३.४% र २.८% रहेका छन् ।

**तालिका ३.१३: भाषागत विवरण**

| भाषा | कुल | प्रतिशत |
|---|---|---|
| नेपाली | २९२७२ | ४४.७ |
| राजवंशी | १०५३७ | १६.१ |
| मैथिली | ५६६७ | ८.६ |
| लिम्बु | ४९८९ | ७.६ |

| | | |
|---|---|---|
| सन्थाली | २७५४ | ४.२ |
| राई | २२२० | ३.४ |
| तामाङ | १८२८ | २.८ |
| बंगला | ११६५ | १.८ |
| नेवार | ११६२ | १.८ |
| मगर | १०५३ | १.६ |
| उर्दु | ७९२ | १.२ |
| गुरुङ | ७४५ | १.१ |
| अन्य | ३३४९ | ५.१ |
| जम्मा | ६५५३३ | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

**३.७.६ जातजाति**

भद्रपुर नगरपालिका जातिगत विविधता भएको नगरपालिका हो । यहाँ कुनै एक जातिको बाहुल्यता रहेको नभएतापनि सबैभन्दा बढी पहाडी ब्राम्हण जातिका मानिसहरु रहेका छन् जसको संख्या १३,७४७ (२१%) रहेको छ । त्यसैगरी दोस्रो र तेस्रो धैरै स्थानमा क्रमश राजवंशी (१४.७%) र क्षेत्री (१०.८%) जातिका मानिसहरु रहेका छन् । भद्रपुर नगरपालिकामा ८.४% लिम्बुहरु रहेका छन् । सन्थाल जातिहरु विशेष गरेर साविक महेशपुर बसोबास गर्ने गर्दछन् र उनीहरुको संख्या ४.५% रहेको छ ।

यादव, तामाङ, नेवार र राई जातिमा मानिसहरुको संख्या ३.५% को हाराहारीमा रहेको पाईन्छ भने मगर र कामी समुदायका मानिसहरु २.५% र २.१% रहेका छन् । मुसलमान, बन्गाई, सन्यासी/दशनामी, माझी, दमाई/ढोली, मारवाडी जस्ता समुदायहरुको संख्या १-२% को बिचमा रहेको छ । गन्गाई, घर्ती/भुजेल, मल्लाह, ब्राम्हण तराई, गुरुङ, केवट, थारु, कुर्मी, तेली, हजार/ठाकुर, सार्की, मुसहर जस्ता समुदायका मानिसहरुको संख्या १% भन्दा कम रहेको छ भने अन्य जातिका मानिसहरुको संख्या ५.२% जति रहेको देखिन्छ ।

**तालिका ३.१४: जातिगत विवरण**

| जातजाती | कुल | प्रतिशत |
|---|---|---|
| ब्राम्हण पहाड | १३७४७ | २१.० |

| | | |
|---|---|---|
| राजवंशी | ९६२६ | १४.७ |
| क्षेत्री | ७०६२ | १०.८ |
| लिम्बु | ५५०६ | ८.४ |
| सतार/सन्थाल | २९३० | ४.५ |
| यादव | २३४० | ३.६ |
| तामाङ | २३०६ | ३.५ |
| नेवार | २२६२ | ३.५ |
| राई | २००९ | ३.१ |
| मगर | १६६४ | २.५ |
| कामी | १३४६ | २.१ |
| मुसलमान | ११७४ | १.८ |
| बन्गाई | १०९२ | १.७ |
| सन्यासी/दशनामी | ९३४ | १.४ |
| माझी | ८८९ | १.४ |
| दमाई/ढोली | ६८६ | १.० |
| मारवाडी | ६७० | १.० |
| गन्गाई | ६२१ | ०.९ |
| घर्ती/भुजेल | ५९४ | ०.९ |
| मल्लाह | ५४६ | ०.८ |
| ब्राम्हण तराई | ५३८ | ०.८ |
| गुरुङ | ५२९ | ०.८ |
| केवट | ४६९ | ०.७ |
| तराई अन्य | ४२७ | ०.७ |
| अन्य | ४०५ | ०.६ |
| थारु | ३९६ | ०.६ |
| कुर्मी | ३९३ | ०.६ |
| तेली | २७० | ०.४ |
| हजाम/ठाकुर | २६२ | ०.४ |
| सार्की | २४० | ०.४ |
| मुसहर | २०० | ०.३ |
| अन्य | ३४०० | ५.२ |
| जम्मा | ६५५३३ | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

### ३.७.७ पेशागत विवरण

**तालिका ३.१५: पेशागत विवरण**

| पेशा | पथ्वीनगर | जनसंख्या* | प्रतिशत |
|---|---|---|---|
| शसस्त्र | २ | १७ | ०.२ |

| | | | |
|---|---|---|---|
| म्यानेजर | ३ | २७६ | २.८ |
| व्यवसायिक | २५ | ६६३ | ६.६ |
| प्राविधिक र सह-व्यवसायिक | ७ | ४४२ | ४.४ |
| कार्यालय सहयोगी | ७ | २६८ | २.७ |
| सेवा र बिक्री कामदार | ७२ | १९११ | १९.१ |
| तालिम प्राप्त कृषि, वन र मत्स्य कामदार | ६९८ | २६९२ | २६.९ |
| कालीगढ | ६१ | १३८० | १३.८ |
| मेसीनरी प्राविधिक | १५ | ४१५ | ४.१ |
| साधारण पेशा | ११३ | १४३८ | १४.३ |
| उल्लेख नभएको | २५ | ५२३ | ५.२ |
| जम्मा | १०२८ | १००२५ | १००.० |

* Public Use Micro Sample Data File (PUMS), CBS, 2011
स्रोतः राष्ट्रिय जनगणना, २०६८

भद्रपुर नगरपालिकाको मुख्य बजार क्षेत्र/शहरी क्षेत्र (मुख्य बजार, नयाँ बजार, जनता चौक, भानु चौक, बसपार्क क्षेत्र, संगम चौक, अस्पताल मोड, पशु अस्पताल क्षेत्र, अस्पताल क्षेत्र, सगरमाथा, किराँत कोलनी, क्याम्पस मोड) र साविक चन्द्रगढी गाविसको मुख्य बजार क्षेत्र/शहरी वस्तीहरुमा बस्ने मानिसहरु व्यापारिक, आर्थिक र सेवामुलक कार्यमा सलग्न रहेका छन् । साविक पृथ्वीनगर र महेशपुर गाविसको पुरै क्षेत्र र साविक चन्द्रगढी गाविसको केही ग्रामीण क्षेत्रहरुमा बसोबास गर्ने मानिसहरु पूर्णतया कृषिजन्य पेशामा संलग्न रहेका छन् ।



राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कलाई विश्लेषण गर्दा भद्रपुर नगरपालिकामा तालिम प्राप्त कृषि, वन र मत्स्य कामदार पेशामा संलग्न मानिसहरुको संख्या सबैभन्दा बढी भएतापनि केवल केवल २६.९% मानिसहरु मात्र उक्त पेशामा संलग्न रहेका छन् । यसको मुख्य कारण पुरानो नगरपालिकाको पुरै क्षेत्र र साविक चन्द्रगढी गाविसको बजार क्षेत्रका मानिसहरु व्यापार व्यवसाय र जागिरमा संलग्न रहनु नै हो । दोस्रो ठूलो पेशामा सेवा र बिक्री कामदार रहेको छ जहाँ १९.१% मानिसहरु संलग्न रहेका छन् । त्यसैगरी साधरण पेशामा संलग्न मानिसहरु १४.३% र कालिगढ पेशामा १३.८% मानिसहरु संलग्न रहेका छन् । व्यवसायिक, प्राविधिक/सह-व्यवसायिक, मेशिनरी प्राविधिक पेशामा संलग्न मानिसहरु भने क्रमश: ६.६%, ४.४% र ४.१% रहेका छन् ।

### ४.७.८ बसाई सराईको अवस्था

कुनैपनि नगरको सामाजिक र भौतिक विकासमा उक्त नगरमा हुने मानिसहरुको बसाईसराईले (In-migration) महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नगरमा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारहरुको अवस्था जति राम्रो हुन्छ त्यही मात्रामा उक्त नगरमा बसाईसरी आउने मानिसहरुको संख्या पनि बढी हुन्छ । सामाजिक, आर्थिक र भौतिक सेवा सुविधाको कमी भएको ठाउँमा अक्सर मानिसहरु रोजगारी, शिक्षा लगायत अन्य अवसरहरुको खोजिमा उक्त ठाँउबाट मानिसहरु अन्यन्त्र जाने गर्दछन् ।

**तालिका ३.१६: बसाईसराईको अवस्था**

| | | |
|---|---|---|
| अनुपस्थित घरधुरी | ४५३५ | २९.७ |
| कुल घरधुरी | १५२७० | १००.० |
| अनुपस्थित पुरुष | ५२६६ | ८.० |
| अनुपस्थित महिला | ११३४ | १.७ |
| अनुपस्थित जनसंख्या | ६४०० | ९.८ |
| कुल जनसंख्या | ६५५३३ | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८




भद्रपुर नगरपालिकाको बसाईसराईको अवस्थालाई विश्लेषण गर्दा २९.७% घरधुरीहरु अनुपस्थित रहेको देखिन्छ भने अनुपस्थित जनसंख्या ९.८% रहेको देखिन्छ । अनुपस्थित जनसंख्यामा पुरुषको संख्या ८% र

महिलाको संख्या १.७% रहेको छ । देशका अन्य भागमा जस्तै भद्रपुर नगरपालिका क्षेत्रबाट पनि ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगागरीको सिलसिलामा अरबेयिन मुलुक, मलेशिया, दक्षिण कोरिया, इजरायल लगायत अष्ट्रेलिया, जापान, अमेरिका, वेलायत र क्यानडासम्म पुगेका छन् । यो संख्या कति छ भनेर यकिन नभएपनि नगरमा प्रत्येक घरमा जसो युवाहरु वैदेशिक रोजगारी र अध्ययनको सिलसिलामा विदेश गएको पाईन्छ । भद्रपुरको मुख्य बजार र शहरी क्षेत्र लगायत ग्रामीण क्षेत्रमा समेत खुलेका रेमिट कम्पनीहरुले पनि विदेशमा जाने युवाहरुको संख्या ठूलो रहेको कुरालाई पुष्टि गर्दछ । तर भद्रपुर नगरपालिकाबाट रोजगारी र अध्ययनको सिलसिलामा बाहिर जानेको संख्यासगै वरीपरिका गाउँपालिका र ग्रामीण वस्तीहरुबाट शिक्षा, स्वास्थ्य, रोजगारी लगायत अन्य शहरी सुविधाहरुको खोजिमा भद्रपुर नगरपालिकाभित्र बसाई सराई गरी आउने घरपरिवारहरुको संख्या पनि बिगत केही बर्षदेखि बढ्दै गरेको देखिन्छ । भद्रपुरमा हाल घडेरीको बढ्दो मूल्य र नयाँ बनेका घरहरुले पनि यस नगरपालिकामा आन्तरिक बसाईसराई क्रमश बढिरहेको देखिन्छ ।

## ३.८ सामुदायिक सेवा

यस खण्डमा भद्रपुर नगरपालिका रहेका सामुदायिक सेवाहरु जस्तै शिक्षा, स्वास्थ्य, सुरक्षा, आवास, खेलकुद, मनोरन्जन आदिको बारेमा चर्चा गरिएको छ:

### ३.८.१ शिक्षा

भद्रपुर नगरपालिकामा शिक्षाको राम्रो अवस्था रहेको छ । तत्कालिन भद्रपुर नगरपालिकामा गाभिएका साविस महेशपुर, चन्द्रगढी र पृथ्वीनगर गाविसलाई समेत जोडेर समग्रमा हेर्दा पनि भद्रपुर नगरपालिकाको साक्षरता ७६.९% रहेको देखिन्छ । यस तथ्याङ्कले पनि भद्रपुर नगरपालिकामा शिक्षाको स्तर राम्रो रहेको कुरालाई पुष्टि गर्दछ ।

**तालिका ३.१७: साक्षरताको विवरण**

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| पढन र लेख्न सक्ने | ४६२२५ | ७६.९ |
| पढन मात्र सक्ने | १००४ | १.७ |
| पढन र लेख्न नसक्ने | १२८८७ | २१.४ |
| उल्लेख नभएको | १२ | ०.० |
| ५ बर्ष माथिको जनसंख्या | ६०१२८ | १००.० |
| साक्षरता | ७६.९ | |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

राष्ट्रिय जनगणना २०६८ का अनुसार नगरपालिकामा हाल पढ्न मात्र सक्ने जनसंख्या १.७% रहेको छ भने पढ्न लेख्न नसक्ने निरक्षर मानिसहरुको संख्या २१.४% रहेको छ ।

हाल भद्रपुर नगरपालिकामा सरकारी र निजी गरी कुल ६८ वटा विद्यालहरु रहेका छन् जसमा १० वटा वाल विकास केन्द्र र ३ मदरसा रहेका छन् भने सरकारी र निजी गरी कूल २२ वटा प्राथमिक विद्यालयहरु रहेका छन् । त्ससैगरी ७ वटा सरकारी र ७ वटा निजी निम्न माध्यमिक विद्यालयहरु रहेका छन् । भद्रपुर नगरपालिकामा हाल ५ वटा सरकारी माध्यामिक विद्यालय र १० वटा निजी माध्यामिक विद्यालयहरु रहेका छन् । निजी र सरकारी गरी कुल ४ वटा उच्च माध्यमिक विद्यालयहरु रहेका छन् ।

**तालिका ३.१८: शैक्षिक संस्थाको विवरण**

| विद्यालयको प्रकार | सम्बन्धन | संख्या |
|---|---|---|
| बालविकास | सरकारी | १० |
| मदरसा | सरकारी | १ |
| प्रावि | सरकारी | १८ |
| | निजी | ४ |
| निमावि | सरकारी | ७ |
| | निजी | ७ |
| मावि | सरकारी | ५ |
| | निजी | १० |
| उच्च मावि | सरकारी | २ |
| | निजी | २ |
| कुल | | ६६ |

स्रोतः शिक्षा विभाग, २०७०



भद्रपुर उच्च माध्यमिक विद्यालय



मेची बहुमुखी क्याम्पस

भद्रपुर नगरपालिकामा उच्च शिक्षाको लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको मेची बहुमुखी क्याम्पस रहेको छ । यो क्याम्पस भद्रपुरको मात्र नभएर पूर्वी नेपालकै सबैभन्दा ठूलो र पुरानो क्याम्पस पनि हो । यस क्याम्पसमा प्रविणता प्रमाणपत्र तह देखि स्नातक तहसम्मको पढाई हुने गरेको छ । साढे पन्ध्र विगाह क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा मानविकी, व्यवस्थापन र विज्ञान संकायको प्रविणता तहको कक्षा संचालन हुने गरेको छ । नेपाली र अर्थशास्त्र बिषयमा यहाँ स्नाकोत्तर तहको कक्षा पनि संचालन हुने गरेको छ भने मानविकी र वाणिज्य संकायमा स्नातक तहसम्मको कक्षा संचालन हुने गरेको छ । कूल ४००० विद्यार्थी संख्या र १३५ जना शिक्षक शिक्षिका रहेको यस बहुमुखी क्याम्पसमा विहान, दिउसो र साँझ गरेर तीन समयमा कक्षा संचालन हुने गरेको छ । भद्रपर नगरपालिकामा मदन भण्डारी मेमोरियल नरसिंह क्याम्पस पनि रहेको छ । उक्त क्याम्सपसमा भद्रपुर नगरपालिकाका अलावा कचनकवल गाउँपालिका र हल्दीवारी गाउँपालिकाबाट समेत विद्यार्थीहरु नरसिंह पढन आउने गरेका छन् । भद्रपुर पुस्तकालय (भद्रपुर बजार) र लेखनाथ वाचनालय (चन्द्रगढी) गरी भद्रपुरमा २ पुस्तकालयहरु रहेका छन् ।

### ३.८.२ स्वास्थ्य

स्वास्थ्य सेवा र सुविधाको दृष्टिकोणले हेर्दा भद्रपुर नगरपालिका सवल नै रहेको देखिन्छ । भद्रपुर नगरपालिकामा १०० शैयाको मेची अंचल अस्पताल, १५ शैयाको ओम साई पाथिभरा रिसर्च सेन्टर, शान्तिदेवी योग तथा प्राकृतिक चिकित्सालय, एक स्वास्थ्य चौकी लगायत अन्य निजी स्तरमा खुलेका क्लिनिकहरु पनि प्रशस्त रहेका छन् । भद्रपुरमा अवस्थित मेची अंचल अस्पतालको स्विकृत दरवन्दी संख्या ४८ मध्ये १ जना मेडिकल सुपरिटेडेन्ट, १० जना मेडिकल अधिकृत र अन्य २४

स्वास्थ्यकर्मीहरुले विभिन्न खोप कार्यक्रम, कुष्ठरोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम र अन्य राष्ट्रिय कार्यक्रमहरु संचालन गर्दै नगरवासीलाई स्वास्थ्य सेवा पुऱ्याईरहेका छन् ।



भद्रपुरमा अवस्थित मेची अंचल अस्पताल

यस मेची अंचल अस्पतालले भद्रपुरवासीलाई मात्र नभएर पूर्वी नेपालकै तराई र पहाडी जिल्लाहरुलाई (झापा, ईलाम, पाँचथर र ताप्लेजुङ) समेत स्वास्थ्य सेवा पुऱ्याईरहेको छ । बि.स. २०३१ सालमा स्थापना भएको मेची अञ्चल अस्पताललाई वि.स. २०३४ सालमा जनश्रमदान समेत गरी भव्य भवनको निर्माण कार्य गरी ५० शैयाको क्षमता भएको अल्ट्रासाउण्ड, इन्डोस्कोपी, प्रयोगशाला, एक्सरे, एम्बुलेन्स सेवा उपलब्ध रहेको छ भने हाल यस अस्पतालमा आधुनिक आईसियु सेवाको समेत शुरुवात भएको छ । यस अस्पतालमा १८ जना डाक्टर, १ मेट्रोन, २ सिस्टर, १९ स्टार्फ नर्स, ६ अनमी समेतको दरबन्दी रहेको भएतापनि हाल आधा भन्दा कम चिकित्सकहरु मात्र कार्यरत छन् । यस मेची अंचल अस्पतालका अलावा हाल भद्रपुर नगरपालिका वार्ड नं १ (पृथ्वीनगर, सोमबारे) मा एक प्राथिमक स्वास्थ्य चौकी रहेको छ । मेची अंचल अस्पताल, ओम साई पाथिभरा अस्पताल लगायत नेपाल रेडक्रस सोसाइटी भद्रपुरको एम्बुलेन्स सेवा रहेको छ ।

केही बर्ष अघि स्थापना भएको ओम साई पाथिभरा अस्पतालले भने हाल यस क्षेत्रका वासिन्दाहरुलाई सबैभन्दा भरपर्दो र गुणस्तरीय सेवा पुऱ्याईरहेको छ । मेची अंचल अस्पताल र ओम पाथीभरा साई अस्पतालमा उच्च स्तरको उपचार सेवा उपलब्ध नभएपनि नगरवासीहरु भद्रपुर बजारबाट १७ किमि

टाढा बिर्तामोडमा रहेको बिएण्डसी मेडिकल कलेजमा उपचारको लागि जाने गरेका छन् जसले गर्दा भद्रपुरवासीहरुले स्वास्थ्य सेवा सहज रुपमै पाउने अवस्था रहेको छ ।

### ३.८.३ सुरक्षा निकाय

भद्रपुर नगरपालिका झापा जिल्ला र मेची अंचलको प्रशासनिक केन्द्र भएकोले यहाँ नेपाली सेना, शसस्त्र र नेपाल प्रहरी तिनै सुरक्षा निकायको दरिलो उपस्थिति रहेको छ । चन्द्रगढीमा हाल नेपाली सेनाको जवरजंग गुल्म रहेको छ भने शसस्त्र प्रहरीको मेची अंचल शसस्त्र प्रहरी गुल्म र बोर्डर आउट पोष्ट रहेको छ । त्यसैगरी भद्रपुरमा नेपाल प्रहरीको अंचल प्रहरी कार्यलय र जिल्ला प्रहरी कार्यालय समेत रहेको छ । नगरपालिकाको वडा नं १ स्थित सोमबारेमा सीमा सुरक्षा प्रहरी चौकी रहेको छ भने महेशपुरमा एक प्रहरी चौकी रहेको छ ।

### ३.८.४ सरकारी तथा गैऱ्ह सरकारी कार्यालयहरु

भद्रपुर नगरपालिका झापा जिल्लाको सदरमुकाम पनि भएकोले यहाँ जिल्ला र केही अंचल स्तरीय सरकारी कार्यालयहरु रहेका छन्, जसको विवरण तल प्रस्तुत गरिएको छ:

**तालिका ३.१९: सरकारी कार्यालयहरुको विवरण**

| क्र.स. | कार्यालयको नाम | क्र.स. | कार्यालयको नाम |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | ३२ | जिल्ला सिंचाई कार्यालय |
| २ | जिल्ला समन्वय समितिको कार्यालय | ३३ | श्रम कार्यालय |
| ३ | मेची अंचल प्रहरी कार्यालय | ३४ | सिम विकास तालिम केन्द्र |
| ४ | जिल्ला प्रहरी कार्यालय | ३५ | जिल्ला खेलकुद विकास समितिको कार्यालय |
| ५ | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय | ३६ | जिल्ला पशु सेवा कार्यालय |
| ६ | नेपाली सेना | ३७ | पशु चेक क्वारेन्टाईन कार्यालय |
| ७ | कारागार शाखा | ३८ | सहकारी कार्यालय |
| ८ | जिल्ला जनस्वास्थ्य कार्यालय | ३९ | घरेलु तथा साना उद्योग कार्यालय |
| ९ | आन्तरिक राजश्व कार्यालय | ४० | जिल्ला हुलाक कार्यालय |
| १० | कोष तथा लेखा नियन्त्रण कार्यालय | ४१ | नेपाल खानेपानी सस्थान |
| ११ | मालपोत कार्यालय | ४२ | नेपाल टेलिकम भद्रपुर |

| | | | |
|---|---|---|---|
| १२ | छोटी भन्सार कार्यालय | ४३ | नागरिक उड्यन कार्यालय |
| १३ | जिल्ला अदालत | ४४ | जिल्ला सहकारी कार्यालय |
| १४ | जिल्ला सरकारी वकिलको कार्यालय | ४५ | टिम्वर कर्पोरेशन नेपाल |
| १५ | जिल्ला कृषि विकास कार्यालय | ४६ | शहरी विकास तथा भवन निर्माण विभाग, फिल्ड अफिस |
| १६ | जिल्ला शिक्षा कार्यालय | ४७ | महिला तथा बालवालिका कार्यालय |
| १७ | जिल्ला वन कार्यालय | ४८ | जिल्ला प्राविधिक कार्यालय |
| १८ | मेची अंचल अस्पताल | ४९ | नेपाल विद्युत प्राधिकरण |
| १९ | राष्ट्रिय वाणिज्य बैंक | ५० | जिल्ला भू-संरक्षण कार्यालय |
| २० | नेपाल राष्ट्र बैंक | ५१ | राष्ट्रिय समाचार समिति |
| २१ | खाद्य संस्थान | ५२ | बिमा संस्थान |
| २२ | जिल्ला भू-संरक्षण कार्यालय | ५३ | खानेपानी समिति |
| २३ | भूमी सुधार कार्यालय | ५४ | जिल्ला रेडक्रस सोसाइटी |
| २४ | जिल्ला आयुर्वेद औषधालय | ५५ | मेची अंचल अस्पताल |
| २५ | जिल्ला नापी कार्यालय | ५६ | खानेपानी संस्थान भद्रपुर |
| २६ | जिल्ला निर्वाचन कार्यालय | ५७ | नेपाल स्काउट |
| २७ | बार ऐसोसियसन | ५८ | कृषि विकास बैंक |
| २८ | विद्युत प्राधिकरण | ५९ | शैक्षिक तालिम केन्द्र |
| २९ | परिवार नियोजन | ६० | यान्त्रीक कार्यालय |
| ३० | कृषि सामग्री संस्थान | ६१ | साझा प्रकाशन |
| ३१ | स्थानीय शान्ति समितिको कार्यालय | | |

स्रोत: स्थलगत सर्भे, २०७४

माथि उल्लेख गरिएका बाहेक भद्रपुरमा विभिन्न गैर सरकारी संस्थाहरु, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बचत तथा ऋण सहकारी संस्थाहरु आदि पनि सक्रिय रुपमा कार्यरत रहेका छन् ।

### ३.८.५ आवास तथा बसोबास

**तालिका ३.२०: घरको जगको विवरण**

| जगको वनावट | घरधुरी | प्रतिशत |
|---|---|---|
| ईटा र माटो | ५९९ | ३.९ |
| ईटा र सिमेन्ट | ५११६ | ३३.५ |

| | | |
|---|---|---|
| आरसीसी पिल्लर | २६६५ | १७.५ |
| काठको खाबो | ५४६२ | ३५.८ |
| अन्य | १३३२ | ८.७ |
| उल्लेख नभएको | ९६ | ०.६ |
| कुल | १५२७० | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

भद्रपुर समथल स्थल भएकोले यहाँका अधिकांश वस्तीहरु छरिएर रहेका छन् । तर भद्रपुर र चन्द्रगढीको मुख्य बजार क्षेत्रमा भने घरहरु साँघुरिएका र बाक्ला छन् । अधिकांश घरहरु सडकले छोएका छन् भने घरहरु सडकको दुवैतिर रेखाकार स्वरुपमा बसेका छन् । हाल बजार क्षेत्रमा पक्की २/३ तले पक्की घरहरु बन्न थालेका छन् । ग्रामीण भेगका अधिकांश घरहरु काठले बनेका र जस्तापाताले छाएका छन् । बजार क्षेत्रमा रहेका घरहरुको पहिलो तल्लामा व्यवसाय एवं कार्यालयहरु छन् भने बाँकी माथिल्लो भागहरु प्राय आवासीय प्रयोजनको लागि उपयोग भएको पाइन्छ । यहाँ निर्मित घरहरुमा प्रयोग भएका निर्माण सामग्रीहरुमा काठ, ढुंगा, माटो तथा ढलान युक्त घरहरु छन् । पृथ्वीनगर, महेशपुर जस्ता ग्रामीण क्षेत्रका घरहरुमा पशुपालन र कृषि कृयाकलाप समेत हुने हुँदा प्राय ती घरहरुमा गोठ, भण्डार, भान्छा एवं पाहुनाकोठाको समेत व्यवस्था गरिएको पाइन्छ । बजार क्षेत्रका लगभग सबै घरहरुमा शौचालय निर्माण भएको पाईन्छ ।




**तालिका ३.२१: घरको छानाको विवरण**

| क्रा.स. | छानाको बनावट | घरधुरी | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | फुस्को छानो | ९२७ | ६.१ |
| २ | जस्ता पाता | १०२०६ | ६६.८ |
| ३ | टाईल/स्लेट | ५६ | ०.४ |
| ४ | पक्की | ३८८३ | २५.४ |
| ५ | काठ | ४२ | ०.३ |
| ६ | अन्य | ३४ | ०.२ |
| ७ | उल्लेख नभएको | १२२ | ०.८ |
| जम्मा | | १५२७० | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

अहिले पनि भद्रपुरका ३५.८% घरहरु काठको खाबाबाट बनेका छन् । जगमा ईटा र सिमेन्ट प्रयोग गरेर बनेका घरहरु ३३.५% छन् भने आरसीसी पिलरको जग हालेर बनेका घरहरुको संख्या १७.५% रहेको छ । अहिले निर्माण हुने अधिकांश घरहरु भने आरसीसी पिल्लर हालेर बनेका छन् । त्यसैगरी जगमा इटा र माटो प्रयोग गरेर बनेका घरहरुको संख्या करिब ४% रहेको छ । घरको छानाको बनावटलाई हेर्दा सबैभन्दा बढी जस्ता पाताले छाएका घरहर ६६.८% रहेका छन् भने त्यसपछि पक्की छाना भएका घरहरु २५.४% रहेका छन् । त्यसैगरी फुस्को छाना भएका घरहरुको संख्या ६.१% रहेका छन् ।




**तालिका ३.२२: घरको स्वामित्तको विवरण**

| स्वामित्त | घरधुरी | प्रतिशत |
|---|---|---|
| आफ्नै घर | १३०४५ | ८५.४ |
| भाँडाको घर | १६६५ | १०.९ |

| | | |
|---|---|---|
| संस्थागत | ३०९ | २.० |
| अन्य | २५१ | १.६ |
| कुल | १५२७० | १००.० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

भद्रपुर नगरपालिका रहेका घरको स्वामित्तलाई हेर्दा ८५.४% घरहरु आफ्नै स्वामित्तका रहेका छन् । त्यसैगरी भाँडाको घरहरु ११.९% छन् भने संस्थागत घरहरु २% रहेका छन । बैदेशिक रोजगागरीले गर्दा हालैका बर्षहरुमा नयाँ आधुनिक घरहरुको निर्माणले तिब्रता पाएको छ, जसले गर्दा घडेरीको मुल्य समेत चर्को रुपमा वृद्धि भएको छ ।




### ३.८.६ संस्कृति तथा चाडपर्व

**तालिका ३.२३: धार्मिक स्थलहरुको विवरण**

| क्र.स. | नाम | साविक वडा |
|---|---|---|
| १ | जनगन्नाथ मन्दिर | ५ |
| २ | बौद्ध गुम्वा | ५ |
| ३ | पंचमुखी बालाजी हनुमान मन्दिर | ५ |
| ४ | लक्ष्मी नारायण मन्दिर | ४ |
| ५ | काली मन्दिर | ४ |
| ६ | हनुमान मन्दिर | ४ |
| ७ | जामे मियाँ ईस्लामिया मस्जिद | ४ |
| ८ | शिव लक्ष्मी नारायण मन्दिर | ८ |

भद्रपुर नगरपालिकाका मानिसहरु मूलतः हिन्दू, मुस्लिम, क्रिस्चियन बौद्ध, किराँत धर्म मान्ने मानिसहरु रहेका छन् । हिन्दू धर्मावलम्बीहरुले मुख्यतया: बडा दशै, शुभ दिपावाली, तीज, छठ, होली, सिरुवा, गाई जात्रा तथा साकेला जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । क्रिस्चियन समुदायहरुले क्रिसमस डे, मुस्लिम समुदायले इदुल फ्रिद इद र बकरिद एवं बौद्ध धर्मावलम्बीहरुले बुद्ध पूर्णिमा जस्ता चाडपर्वका साथै जाती विशेष अनेक चाडवाड आ-आफ्नै परम्परा र संस्कृति अनुसार मनाउने गरेको पाइन्छ । आ–आफ्नै जाति बिशेषका अलग अलग वैवाहिक, ब्रतबन्ध, पूजा–पाठ र क्रियाकर्म गर्ने रीतिरिवाज परम्परा अनुसार मनाउने प्रचलन रहेको पाइन्छ । यहाँको मुख्य भाषा नेपाली हो भने हिन्दी, उर्दू, बंगाली, मारवाडी, मैथली भोजपुरी, राजवंशी, नेवारी लगायतका जाती विशेष भाषा पनि मातृभाषाको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ र मारवाडी संघ, नेवा समाज कल्याण गुठी, मैथिली समाज मियाँ इस्लामिया लगायतका सम्प्रदाय र जाति विशेष संघ संस्थाहरु गठन गरी संगठिट हुने गरेको पाईन्छ । अलग अलग धर्म, सम्प्रदाय, संस्कृति, परम्पर, मान्यता, विश्वास र रीतिरिवाज मनाउन जाती, जनजाती एवं विविध भाषाभाषी भएको नगर भएतापनि एकताको, सोहाद्रताको र आपसी सदभाव एवं सम्मानको अनुपम उदाहरण नै यस नगरको खास परिचय हो । विभिन्न धर्म, संस्कृति तथा परम्पराका मानिसहरु बस्ने भएकाले नै यस

| | | |
|---|---|---|
| ९ | भद्रसिद्धि विनायक मन्दिर (गणेश मन्दिर) | ८ |
| १० | भद्रशिवा भगवती मन्दिर | ८ |
| ११ | हनुमान मन्दिर | ६ |
| १२ | शनि मन्दिर | ६ |
| १३ | शिव मन्दिर | ६ |
| १४ | दुर्गा मन्दिर | ६ |
| १५ | कृष्ण मन्दिर | ६ |
| १६ | राधाकृष्ण मन्दिर | ६ |
| १७ | शिव मन्दिर | ६ |
| १८ | गायत्री पंचायन मन्दिर | ७ |
| १९ | शिवालय र राधाकृष्ण मन्दिर | ७ |
| २० | राम मन्दिर | ८ |
| २१ | सरस्वती मन्दिर | ८ |
| २२ | ब्रम्ह कुमारी राजयोग सेवा उपकेन्द्र | ८ |
| २३ | विलिभर्स चर्च | ८ |
| २४ | दुर्गा मन्दिर | १ |
| २५ | शिव मन्दिर | १ |
| २६ | शिव मन्दिर | २ |
| २७ | बौद्ध गुम्वा | २ |
| २८ | विलियर्स चर्च | ३ |
| २९ | शिव मन्दिर | २ |
| ३० | दुर्गा मन्दिर | १२ |
| ३१ | राम मन्दिर | ११ |

स्रोत: भद्रपुर नगरपालिकाको पार्श्वचित्र, २०६९

नगरपालिकामा मन्दिर, गुम्बा देखि लिएर चर्च, मस्जिदहरु सबै छन् । हिन्दूहरुको बाहुल्यता भएका कारण मठमन्दिरको संख्या पनि अन्य धर्मालम्वीहरुको भन्दा बढी रहेको छ ।

### ३.८.७ खेलकुद तथा मनोरन्जन

भद्रपुरमा रहेको मेची रंगशाला नै यहाँको मुख्य खेल पूर्वाधार हो । यस रंगशालामा जिल्ला, क्षेत्रीय र राष्ट्रिय स्तरका खेल प्रतियोगिता हुने गरेको छ । हाल यस रंगशालाको semi covered hall को स्तरोउन्नती भै full covered hall मा परिणत भएको छ । यस कभर्ड हलमा हाल विजुली, पानी, चेन्जिङ्ग रुम र शौचालयको समेत व्यवस्था भएको छ, जसले गर्दा विशेष गरी indoor martial sport हरु जस्ता शारीरिक रुपमा जोखिमपूर्ण र बढी लगन चाहिने खेलहरुको खुला मैदानमा प्रशिक्षण हुँदा वर्षायाममा प्राय प्रशिक्षण अवरुद्ध भई seasonal training गर्नुपर्ने समस्या समाधान भएको छ । यसका अलावा यस रंगशाला परिसरमा खेलकुद विकास समितिको कार्यालय समेत रहेको छ । मेची रंगशालाका अलावा भद्रपुर नगरपालिकाको वडा नं १ सोमवारेमा एक फुटबल ग्राउण्ड रहेको छ । त्यसैगरी वडा नं कै १ हिमाली उच्च मावि परिसरमा पनि एक खेल मैदान रहेको छ भने चन्द्रगढी स्थित विरेन्द्र उच्च मावि र भद्रपुर मावि परिसरमा पनि फुटबल ग्राउण्ड रहेको छ । भद्रपुर बजार, चन्द्रगढी र पृथ्वीनगरमा युवाहरुको लागि जिम हल समेत रहेका छन् । मनोरन्जनको लागि चन्द्रगढीमा एक पार्क रहेको छ भने नगरपालिका भित्र केही पर्यटकीय स्थलहरु (किचकवध, पिकनिक स्थल र चिया वगानहरु) पनि रहेका छन् । त्यसैगरी भद्रपुर बजारमा हाल २ वटा सिनेमा हलले पनि स्थानीय युवा युवातीहरुलाई मनोरन्जन प्रदान गर्दै आएको छ ।

### ३.८.८ स्मारक

कुनैपनि स्थानको परिचय र इतिहास उक्त स्थानमा रहेका विभिन्न स्मारकहरुले दिने गर्दछन् । भद्रपुर पुर्वी नेपालकै पुरानो नगरपालिका र शहर भएकोले यहाँ राष्ट्रका विभिन्न स्रष्टा/व्यक्तित्व, धरोधर लगायत विभिन्न कालखण्डको झल्को दिने स्मारकहरु रहेका छन् । भद्रपुरमा रहेको महेन्द्र उद्यानमा राजा महेन्द्रको शालिक रहेको छ भने त्रिभुवन चौकमा राजा त्रिभुवनको शालिक रहेको छ । त्यसैगरी भानुचौक आदिकवि भानुभक्तको अर्धकदको शालिक रहेको छ । चन्द्रगढीमा लेखनाथ चौकमा कवि लेखनाथ पौडेलको शालिक रहेको छ भने चन्द्रगढी मै नेपाली राजनीतिका शिखर पुरुष विश्वेश्वर प्रसाद कोईराला र महाकवि लक्ष्मी प्रसाद देवकोटाको शालिक पनि रहेको छ । चन्द्रगढीमा

रजत जयन्ती र पंचायत स्मारक रहेका छन् । भद्रपुरको भानुनगर स्थित देवकोटा स्मृति भवनमा पनि महाकवी लक्ष्मी प्रसाद देवकोटाको शालिक रहेको छ । नगरपालिकाको वडा नं २ स्थिति ज्ञाने चोकमा किराँत धर्मका धरोधर श्रीजंघाको मूर्ती रहेको छ भने मेची क्याम्पस परिसरमा शहिद राम थापाको शालिक रहेको छ । भद्रपुर नगरपालिकाको वडा नं २ स्थित ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल किचकवधमा भिमसेनले किचकको घाँटी थिचेर वध गरेको मुर्ति पनि रहेको छ ।

## ३.९ पर्यटन

भद्रपुर नगरपालिकाको पर्यटकीय स्थलहरुमा चन्द्रगढीमा अवस्थित महेन्द्र पार्क, कलवलगुडी र चन्द्रगढ, पृथ्वीनगरमा अवस्थित किचकवध र कमलधाप क्षेत्रहरु हुन् । नगरपालिका अवस्थित पर्यटकीय क्षेत्रहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छः

**महेन्द्र पार्क**

स्वर्गीय राजा श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको सम्झनामा पंचायत कालमा राजा महेन्द्रको सालिक सहित निर्माण गरिएको यो पार्क भद्रपुर नगरपालिकाको वडा नं ८ स्थित चन्द्रगढीमा पर्दछ । युवा युवतीहरुमा लोकप्रिय रहेको यो पार्क गत वर्ष भद्रपुर नगरपालिका र स्थानीय संघ संगठनहरुको प्रयासमा मर्मत संभार र रंगरोगन गरिएको थियो । एक बिगाह क्षेत्रफलमा अवस्थित महेन्द्र उद्यानले नगरपालिकाको शोभा बढाएको छ भने यहाँ दैनिक सैयौंको संख्यामा मानिसहरु अवलोकन गर्न आउने गरेका छन् । यो पार्क तत्कालिन मेची अंचलाधिश छिरिङ तेन्जिङ लामाको सक्रियतामा निर्माण भएको थियो ।



महेन्द्र उद्यान, चन्द्रगढी

**चन्द्रगढ**

भद्रपुर नगरपालिकाको वडा नं १० मा ६२ विगाह क्षेत्रफलमा अवस्थित यस स्थान पनि नगरपालिकाको ऐतिहासिक स्थल हो । श्री ३ चन्द्र शमसेर आई सैनिक किल्ला कायम गरी गढ निर्माण गरेकोले यस स्थानको नाम चन्द्रगढ रहन गएको किंवदन्ती छ । उक्त गढ परिसर भित्र ईनार समेत निर्माण गरिएको र हाल उक्त ईनार भग्नावशेषको रुपमा रहेको छ । यही चन्द्रगढको नामबाट साविक चन्द्रगढी गाविसको नाम रहन गएको भन्न भनाई पनि छ । चन्द्रगढलाई क्षेत्रलाई व्यवस्थित गरी पर्यटकीय गतिविधि संचालन गर्न सकिने संभावना समेत रहेको छ ।

**कलवलगुडी**

कलवलगुडी पंचायत कालमा निर्माण गरिएको ग्रामीण प्रशिक्षण केन्द्र हो । नगरपालिकाको वडा नं १० मा पर्ने कलवलगुडी देउनिया खोलाको किनारमा अवस्थित, वन क्षेत्र र हरियाली क्षेत्र समेत रहेकोले हाल यो स्थान पिकनिक स्थलको रुपमा समेत रहेको छ । कलवलगुडीमा नेपालमा एक मात्र रहेको कलवलको वृक्ष समेत रहेको छ । यो क्षेत्रलाई पटर्यटकीय पार्क, पिकनिक स्थलको रुपमा विकास गर्न सकिने संभावना देखिन्छ ।

**चिया बगान**

भद्रपुर नगरपालिकामा रहेका चिया बगानहरु पनि पर्यटकीय स्थलको रुपमा रहेका छन् । गर्मीको समयमा चिया बगान घुम्ने र रमाईलो गर्ने गरिन्छ भने स्थानीय चिया बगानहरु हाल पिकनिक स्थलको रुपमा पनि प्रयोग हुने थालेका छन् । नगरपालिका क्षेत्र भित्र थुप्रै चिया बगानहरु रहेको हुँदा चिया बगानलाई पर्यटकीय क्षेत्रकै रुपमा समेत विकास हुने देखिन्छ ।



भद्रपुर नगरपालिका १ रहेको चिया बगान

**किचकबध**

किचकबध हाल भद्रपुर नगरपालिकाको वडा नं २ मा मेची र देउनीया खोलाको संगम स्थमा रहेको छ । किचकबधलाई ऐतिहासिक र धार्मिक स्थलको रुपमा समेत लिईन्छ । महाभारतको कथा अनुसार राजा विराटको दरवारमा गुप्तवास बसेको अवस्थामा विराट राजाका साला एवं मत्स्य देशको सेनापति किचकले द्रौपदीमाथि कुदृष्टी लगाउँदा भिमसेनले यो कुरा थाहा पाई सौरन्द्रीको रुप धारण गरी किचकको बध गरेको किवदन्ती रहेको छ । त्यही वध गरेको ठाउँलाई किचकबध भनिएको हो, जुन कुरा पौराणिक महाभारत ग्रन्थमा समेत उल्लेख गरिएको छ । किचकवध दुई नदीको संगम स्थलमा रहेको, धार्मिक र ऐतिहासिक महत्व बोकेको र रमणीय स्थान समेत भएकोले धार्मिक तथा

मनोरन्जन पर्यटनको लागि यो क्षेत्र लोकप्रिय रहेको छ । आजकल स्थानीय युवा युवतीहरु वनभोजको लागि समेत किचकवध जाने गरेका छन् । किचकबधमा ऐतिहासिक दरवार, पोखरी र मन्दिरहरुको अवषेश रहेकोले यो स्थानको पुरातात्विक महत्व समेत रहेको छ ।



भद्रपुर २ स्थित धार्मिक तथा ऐतेहासिक स्थल किचकवध

**कमलधाप**

भद्रपुर नगरपालिकाको वडा नं २ स्थित कमलधाप क्षेत्र पनि पर्यटकीय स्थलको रुपमा रहेको छ । गोलधापको चारकोशी झाडी, सामुदायिक वन र सिमसार क्षेत्र समेत रहेको यो स्थान प्राकृतिक रुपमा पनि रमणीय रहेको छ । यहाँ हिन्दू, बौद्ध र क्रिश्चियन धर्मको मठ मन्दिर र चर्चहरु समेत रहेकोले यो स्थान एक नमूना धार्मिक स्थलको रुपमा समेत रहेको छ । कमलधाप चारआली केचना हुलाकी राजमार्गको पृथ्वीनगरमा सगरमाथा चौकबाट करिब १.५ पश्चिममा रहेको छ ।




भद्रपुर २ स्थित कमलधाप क्षेत्र

## ३.१० शहरी स्वरुप (Urban Form)

शहरी स्वरुप भन्नाले कुनैपनि शहर, नगर, महानगर, बजार, बस्ती आदिको शहरी धरातलीय स्वरुप भन्ने बुझिन्छ । शहरी स्वरुप भित्र फरक फरक स्केलमा उक्त स्थानको भौतिक बनावट र भू-उपयोगमा समय क्रमसँगै कसरी परिवर्तन हुँदै गैरहेको छ भन्ने कुरालाई पनि विशेष ध्यान दिईएको हुन्छ । शहरी स्वरुपको निर्धारण विशेषगरी भवन र सडकको बनावटले निर्धारण गर्ने भएतापनि बिशेषत: उक्त स्थानमा भएका सडकहरुको स्वरुपले कसरी शहरको कुनै वस्ती वा बजारको धरातलीय स्वरुपलाई समयक्रमसँगै परिवर्तन/निर्धारण गरेको हुन्छ भन्ने कुरालाई नै जोड दिईएको हुन्छ । भद्रपुर नगरपालिकाको शहरी स्वरुपको कुरा गर्दा विभिन्न किसिमका स्वरुपहरु देख्न सकिन्छ । भद्रपुर नगरपालिकाको पुरानो बजार क्षेत्र, जनता चौक, भानु चौक, संगम, सगरमाथा, किराँत कोलोनी, क्याम्पस मोड, नयाँ बजार, लेखनाथ चौक, धनुष मोड, चन्द्रगढी बजार क्षेत्र, सोमबारे, गौरीशंकर, रंगेझोडामा घरहरु एक आपसमा जोडिएका भएकोले compact urban form पाईन्छ भने अन्य क्षेत्र र नयाँ वस्तीहरुमा (वडा नं १ र २, एसपी मोड देखि क्याम्पस मोडसम्म, गार्मेन्ट देखी दक्षिण तर्फका क्षेत्र, झापा चोक आसपासका क्षेत्र) घरहरु एक आपसमा नजोडिएकोले seperate urban form रहेको छ । मेची राजमार्ग, झापाचोक-हिमाली, झापाचोक-हल्दावारी, देउनीया चैतु मन्दिर देखी चन्द्रगढी लेखनाथ चोक र अन्य सडक आसपासमा रेखाकार रुपमा वस्तीहरु विकास भएको पाईन्छ । त्यसैगरी पृथ्वीनगरमा (हाल भद्रपुर वडा नं १ र २) आयातकार रुपमा वस्तीहरु विकास भएको पाईन्छ । पृथ्वीनगर योजनाबद्ध रुपमा विकास गरिएको पुनर्वास क्षेत्र भएकोले यहाँ आयातकार रुपमा सडकहरुको विकास भएकोले पनि यहाँको वस्तीहरु आयातकार रुपमा रहेको पाईन्छ । भद्रपुर नगरपालिकामा हालसम्म पनि अग्ला भवनहरु निर्माण नभएको, ग्रामीण क्षेत्रमा भएका वडाहरुमा हरियाली क्षेत्रहरु कायम रहेको र वस्ती विकासको लागि सुहाउँदो हावापानी रहेको परिप्रेक्ष्यमा भद्रपुर नगरपालिकाको शहरी स्वरुपलाई राम्रो मान्नुपर्ने हुन्छ ।






Seperate Urban form (Left) and Compact Urban form of Bhadrapur (Right)

नेपालमा शहरीकरण र शहरी स्वरुपको निर्धारण सडकको विकास र विस्तारसँगै अगाडि बढेको देखिन्छ । जताजता सडकको विस्तार हुँदै जान्छ त्यतै त्यतै नयाँ बस्तीहरुको विकास हुने क्रम पनि बढ्दै जान्छ । नगरपालिकाको वडा नं १ र २ (साविक पृथ्वीनगर गाविस), वडा नं ४ को पश्चिम क्षेत्र, वडा नं ७, वडा नं १० र ९ को उत्तरी क्षेत्रमा हालसम्म पनि वस्ती विकास गर्नको लागि प्रशस्त खाली ठाउँहरु रहेको छन् भने उक्त स्थानमा भविष्यमा जग्गा विकास कार्यक्रमहरु संचालन गर्न सकेमा यहाँ सडकको स्वरुप जस्तै आयातकार वस्ती विकास गर्नेको लागि प्रशस्त ठाँउहरु रहेको छ । तथापि सडकको विकास सँगै रेखाकार रुपमा समेत बस्ती विकास हुदै जाने संभावन समेत त्यतिकै रहेको छ ।

हालको शहरी स्वरुपको स्थितिलाई नक्शांकन गर्दा शहर विकास र विस्तारको प्रवृत्ति शहरी सडक विकाससँगै विस्तारित र विकासित हुँदै गएको देखिन्छ र भविष्यमा पनि सोही स्थिति हुने अनुमान लगाउन सकिन्छ । सडक/राजमार्गको आसपासमा रेखाकार वस्ती विकास हुने देखिन्छ भने केही क्षेत्रहरुमा योजनावद्ध विकासको थालनी भएको तथा नयाँ विस्तारित क्षेत्रमा खण्ड खण्ड रुपमा आयताकार वस्तीसमेत विकसित हुने देखिन्छ । तथापि हाल विकसित भैरहेका वस्तीहरुबीचको खाली जग्गाहरुमा समेत शहरी वस्ती विकास र विस्तार हुँदै जाँदा नगरपालिकाको वाहिरी क्षेत्रतिर छरिएको वस्ती समेत बढ्दै जाने देखिन्छ ।

## ३.११ आर्थिक तथा रोजगारीको स्थिति

भद्रपुर नगरपालिकाको प्रमुख आर्थिक आधार कृषि र व्यापार तथा वाणिज्य नै हो । नगरवासीको प्रमुख पेशा र अर्थतन्त्र कृषिमा नै आधारित रहेको देखिन्छ । नगरपालिकामा हालसम्म खासै ठूला औधोगिक प्रतिष्ठानहरुको स्थापना भएर नगरपालिकाको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा पुऱ्याउन सकेको देखिदैन । नगरपालिकामा अवस्थित साना तथा घरेलु उद्योग, चिया बगान, राइस मिल र चिया प्रशोधन उद्योग, ईटा भट्टा, एलपिजी ग्यास रिफिलिङ सेन्टरहरु नै नगरपालिकाका प्रमुख उद्योगहरु हुन् । नगरपालिकाबाट ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीको लागि विदेश गएको र उनीहरुले पठाउने विप्रेषणले पनि भद्रपुर नगरपालिकाको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुऱ्याईरहेको छ । कृषि अन्तरगत दूध, फलफूल र तरकारीको उत्पादनमा वृद्धिगरी बजार विस्तार गर्ने र सोही अनुसार नै नगरपालिकामा विकास निर्माण कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्नु

नगरपालिकाको विकास सन्दर्भमा महत्वपूर्ण हुनेछ । नगरपालिकाको अर्थतन्त्रमा योगदान दिने केही उल्लेखनीय पक्षहरुको चर्चा तल प्रस्तुत गरिएको छ ।

### ३.११.१ कृषि तथा पशुपालन

भद्रपुर नगरपालिकामा गैऱ्ह कृषि कार्यमा संलग्न मानिसहरुको संख्या उल्लेख्य भएतापनि कृषि तथा पशुपालन नै यहाँको प्रमुख पेशाको रुपमा रहेको छ । भद्रपुर पुरानो नगरपालिका, जिल्लाको सदरमुकाम र प्रमुख व्यापारिक केन्द्र भएतापनि कृषिसँग सम्बन्धित (कृषि, वन र मत्स्य) कार्यमा संलग्न मानिसहरुको संख्या करिब २७% रहेको छ । नगरपालिकामा गाभिएका साविक पृथ्वीनगर र महेशपुर गाविसहरु पूर्ण रुपमा कृषि र पशुपालनमा आधारित गाविसहरु हुन् । धान, मकै, गहुँ लगायत तरकारी र फलफूलहरु यहाँका प्रमुख कृषि उत्पादनहरु हुन् भने पृथ्वीनगर र महेशपुरमा नगदे बालीको रुपमा व्यवसायिक चिया खेती पनि गरिदै आएको छ । त्यसैगरी साविक भद्रपुर नगरपालिका र चन्द्रगढी गाविसका ग्रामीण क्षेत्रहरुमा पनि व्यवसायिक चिया खेती हुँदै आएको छ । नगरपालिकामा कृषिसँग सम्बन्धित काम गर्ने गैर सरकारी संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२४: कृषिसँग सम्बन्धित गैर सरकारी सस्थाहरु**

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | स्थानीय विकास तालिम तथा अनुसन्धान प्रतिष्ठान | कलवलगुरी, चन्द्रगढी |
| २ | सामुदायिक स्वालम्वन सचेतना विकास केन्द्र | चन्द्रगढी |
| ३ | डिप ट्युवेल जल प्रवन्ध समिति | महेशपुर |
| ४ | नागर्जुन बहुउद्देश्यीय विकास परिषद | भद्रपुर |
| ५ | महिला चेतना तथा जागृति समूह | चन्द्रगढी |

स्रोत: बार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क, एक झलक, जिल्ला कृषि विकास कार्यालय, २०७२/७३

ग्रामीण क्षेत्रमा बसोबास गर्ने र कृषि पेशासँग सम्बद्ध मानिसहरुले पशुपालन पनि गर्ने गरेका छन् । नगरपालिकाका ग्रामीण वस्तीहरुमा गाई, गोरु, भैसी, राँगा, बाख्रा, बंगुर, कुखुरा, हाँस, परेवा आदि पाल्ने गरेका छन् । पृथ्वीनगर र महेशपुर जस्ता ग्रामीण क्षेत्रमा व्यवसायिक रुपमा गाई समेत पाल्ने गरिएको छ । पृथ्वीनगरको सोमबारेमा दुग्ध संकलन केन्द्र रहेको छ भने भद्रपुर र चन्द्रगढीमा डेरी

उद्योगहरु रहेका छन् । नगरपालिकाको वडा नं १ स्थित सोमबारेमा साना किसान सहकारी संस्था रहेको छ भने उक्त संस्थाले साना किसानहरुलाई सुलभ दरमा कृषि तथा पशुपालन र चिया खेतीको लागि ऋण प्रवाह गर्ने गरेको छ । भद्रपुर नगरपालिकामा हाल ५८ वटा कषक समूहहरु रहेका छन् जसमा कुल १३५८ जना सदस्यहरु रहेका छन् । नगरपालिकामा रहेका कृषक समूहहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका ३.२५: कृषक समूहहरुको विवरण**

| क्र.स. | समूहको नाम | स्थान | सदस्य संख्या | क्र.स. | समूहको नाम | स्थान | सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्रजना महिला कृषक समूह | पृथ्वीनगर | ३ | ३० | कन्चनजंघा कृषक समूह | चन्द्रगढी | २५ |
| २ | नवप्रभात कृषि महिला समूह | पृथ्वीनगर | ११ | ३१ | विहानी महिला कृषक समूह | चन्द्रगढी | २३ |
| ३ | डाँडागाँउ कृषक समूह | पृथ्वीनगर | १० | ३२ | जन कल्याण कृषक समूह | चन्द्रगढी | २५ |
| ४ | आधुनिक वाली कृषक समूह | पृथ्वीनगर | ८ | ३३ | हरियाली कृषक समूह | चन्द्रगढी | २१ |
| ५ | वाली विकास कृषक समूह | पृथ्वीनगर | १२ | ३४ | देवकोटा कृषक समूह | चन्द्रगढी | २६ |
| ६ | दियालो कृषक समूह | पृथ्वीनगर | ११ | ३५ | दुर्गा महिला कृषक समूह | चन्द्रगढी | १९ |
| ७ | प्रगतिशिल कृषि समूह | पृथ्वीनगर | १५ | ३६ | शान्ति कृषक सहकारी संस्था | चन्द्रगढी | ३७ |
| ८ | हरियाली कृषक समूह | पृथ्वीनगर | १५ | ३७ | महिला जागृति वहुउदेश्यिय कृस | चन्द्रगढी | ३१ |
| ९ | विकासोन्मुक कृषि समूह | पृथ्वीनगर | १५ | ३८ | एकीकृत प्रकाश कृषक समूह | चन्द्रगढी | १७८ |
| १० | चन्द्रमुखी कृषक समूह | पृथ्वीनगर | १५ | ३९ | सयपत्री महिला कृषक समूह | चन्द्रगढी | ३७ |
| ११ | पुर्वेली कृषक समूह | पृथ्वीनगर | २१ | ४० | गंगाजल कृषक समूह | चन्द्रगढी | १६ |
| १२ | शान्ति कृषक समूह | पृथ्वीनगर | २० | ४१ | वाली समूह | चन्द्रगढी | १६ |
| १३ | गुराशपुर कृषक समूह | पृथ्वीनगर | १८ | ४२ | प्रकाशपुर कृषक समूह | चन्द्रगढी | २१ |
| १४ | समगरमाथा कृषक समूह | पृथ्वीनगर | १९ | ४३ | वाली समूह | चन्द्रगढी | २२ |
| १५ | प्रयास मिश्रित कृषि समूह | पृथ्वीनगर | २८ | ४४ | लक्ष्मि कृषक समूह | चन्द्रगढी | २२ |
| १६ | क्रान्ती कृषक समूह | पृथ्वीनगर | २२ | ४५ | करेशावारी तरकारी उकृस | चन्द्रगढी | १५ |
| १७ | आरती कृषक समूह | पृथ्वीनगर | १७ | ४६ | भृकुटी सिर्जनशील मकृस | चन्द्रगढी | ३१ |
| १८ | सुर्य कृषक समूह | पृथ्वीनगर | १५ | ४७ | आदिवासी राजवंशी कृषक समूह | चन्द्रगढी | ३४ |
| १९ | किचकबध कृषक समूह | पृथ्वीनगर | २४ | ४८ | जे छ्योलिङ कृषक समूह | चन्द्रगढी | २५ |
| २० | सदाबहार कृषक समूह | पृथ्वीनगर | ३७ | ४९ | उन्नत कृषि समूह | चन्द्रगढी | २७ |
| २१ | कोपिला कृषक समूह | पृथ्वीनगर | १८ | ५० | सिर्जनशील महिला कृषक समूह | चन्द्रगढी | २० |
| २२ | सयपत्री कृषि तथा पशुपालन समूह | पृथ्वीनगर | १५ | ५१ | मिलीजुली कृषक समूह | चन्द्रगढी | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | एकता महिला तथा पशुपालन समूह | पृथ्वीनगर | २० | ५२ | वाली कृषक समूह | चन्द्रगढी | १५ |
| २४ | महिला निश्चल कृषक समूह | महेशपुर | १७ | ५३ | नमुना कृषक समूह | चन्द्रगढी | १० |
| २५ | साहारा कृषक समूह | महेशपुर | २५ | ५४ | पुर्व क्षितिज सुर्योदय मिकृस | चन्द्रगढी | २४ |
| २६ | शिवशक्ति कृषक समूह | महेशपुर | २७ | ५५ | कंचनजंघा कृषक समूह | चन्द्रगढी | २५ |
| २७ | वेधानी मिस्रित कृषक समूह | महेशपुर | २० | ५६ | वाली कृषक समूह | चन्द्रगढी | १५ |
| २८ | सगरमाथा कृषक समूह | चन्द्रगढी | १५ | ५७ | जनजागृति महिला कृषक समूह | भद्रपुर | ३८ |
| २९ | लालिगुराश कृषक समूह | चन्द्रगढी | १८ | ५८ | उर्जाशील महिला कृषक समूह | भद्रपुर | १५ |
| ३० | कन्चनजंघा कृषक समूह | चन्द्रगढी | २५ | कुल | | | १३५८ |

स्रोत: बार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क, एक झलक, जिल्ला कृषि विकास कार्यालय, झापा, २०७२/७३

### ३.११.२ सिंचाई

भद्रपुर नगरपालिकाको अधिकांश भू-भाग कृषियोग्य भूमि भएतापनि ठूला सिंचाई आयोजनाहरु निर्माण हुन सकेका छैनन् । जिल्ला कृषि विकास कार्यालय झापाका अनुसार चन्द्रगढीमा अवस्थित हडिया खोला सिंचाई आयोजना नै नगरपालिका क्षेत्रमा रहेको एक मात्र सिंचाई आयोजना हो । यस आयोजनाबाट ४९५ हेक्टर भुमिमा सिंचाई सुविधा पुगेको छ । भद्रपुर नगरपालिकामा चन्द्रगढी र महेशपुरमा २ वटा सामुदायिक भूमिगत जल सिंचाई आयोजनाहरु संचालनमा रहेका छन् । चन्द्रगढी जल उपभोक्ता समूहबाट संचालित यस सिंचाई आयोजनाले २० वटा स्यालो ट्युवेवल मार्फत ७० हेक्टर कृषियोग्य भूमिलाई सिंचाई सुविधा पुगेको छ । महेशपुरमा रहेको महेशपुर जल उपभोक्ता समूहबाट सचालित आयोजनाले १९ वटा स्यालो ट्युवेल मार्फत ६८.४ हेक्टर कृषियोग्य भुमिलाई सिंचाई सुविधा पुगेको छ । यी सिंचाई आयोजनाहरुबाट सिंचाई सुविधा प्राप्त नगरेका अधिकांश कृषि योग्य भुमिमा डिप वोरिङ मार्फत सिंचाई गरिएको छ । भद्रपुर नगरपालिकामा रहेका प्राय सबै चिया बगानहरुले पनि डिप वोरिङ मार्फत नै सिंचाई गर्ने गरेका छन् ।

### ३.११.२ हाटबजार

भद्रपुर नगरपालिका वि.स. २००८ सालमा स्थापना भएको यस क्षेत्रकै पुरानो व्यापारिक केन्द्र हो । पृथ्वीनगर, महेशपुर, चन्द्रगढी, जलथल, बनियानी, वालुवाडी, केचना, पथरिया जस्ता साविक

गाविसहरुको लागि भद्रपुर मुख्य बजार केन्द्र भएतापनि भद्रपुरमा जुन रुपमा आर्थिक गतिविधि र व्यापार/व्यवसायको विकास हुनुपर्ने त्यो रुपमा हुन सकेको छैन । नगरपालिका क्षेत्रमा रहेका हाटबजारहरु स्थानीय कृषि तथा घरेलु उत्पादनहरु बिक्रीवितरण गर्ने एक प्रमुख थलो हो । भद्रपुर नगरपालिकामा हाल ९ वटा स्थानहरुमा १५ वटा हाटबजारहरु लाग्ने गरेका छन् । भद्रपुर नगरपालिकामा मुख्य बजार क्षेत्रमा प्रत्येक बुधबार र शनिवार हाल लाग्ने गरेको छ भने बसपार्क र पुरानो माछाबजार क्षेत्रमा पनि सोही दिन हाटबजार लाग्ने गरेको छ । अन्य प्रमुख हाटबजारहरुमा चन्द्रगढी बजारमा लाग्ने हाटबजार र साविक पृथ्वीनगर गाविसको सोमबारेमा लाग्ने हाटबजारहरु हुन् ।



पृथ्वीनगरको सोमबारेमा अवस्थित हाटबजार

**तालिका ३.२६: हाटबजारको विवरण**

| क्र.स. | साविक गाविस/नपा | स्थान | हाटबजार लाग्ने बार | सेवा पुऱ्याउने साविक गाविसहरु |
|---|---|---|---|---|
| १ | भद्रपुर नपा | भद्रपुर | बुधबार र शनिवार | भद्रपुर, हल्दीवारी, गरामनी, दुवागढी, ज्यामिरगढी, पृथ्वीनगर, महेशपुर, चन्द्रगढी, बनियानी, केचना, पाठामारी, वालुवाडी, जलथल |
| २ | भद्रपुर नपा | चन्द्रगढी बजार | सोमबार र शुक्रबार | चन्द्रगढी, भद्रपुर, हल्दीवारी, दुवागढी, ज्यामिरगढी |
| ३ | चन्द्रगढी | कलवलगुरी बजार | मंगलबार | चन्द्रगढी, भद्रपुर, हल्दीवारी, गरामनी |
| ४ | महेशपुर | सुर्यनगर | मंगलबार | महेशपुर, पृथ्वीनगर, वालुवाडी, , थपरिया, पाठामारी, बनियानि, |

| | | | | |
|---|---|---|---|---|
| ५ | पृथ्वीनगर | सोमबारे | आईतबार र बिहिबार | पृथ्वीनगर, वालुवाडी, घेरावारी, पथरिया, पाठामारी, बनियानी, केचना |
| ६ | पृथ्वीनगर | हिमाली | बुधबार र शनिवार | पृथ्वीनगर, वालुवाडी, घेरावारी, पथरिया, पाठामारी, बनियानी, केचना |
| ७ | पृथ्वीनगर | सगरमाथा | सोमबार र शुक्रबार | पृथ्वीनगर, वालुवाडी, घेरावारी, पथरिया, पाठामारी, बनियानी, केचना |
| ८ | पृथ्वीनगर | ज्ञानेचौक | आईतबार र बिहिबार | पृथ्वीनगर, वालुवाडी, महेशपुर, पथरिया, पाठामारी, बनियानी, केचना |
| ९ | पृथ्वीनगर | कमलधाप | मंगलबार | पृथ्वीनगर, वालुवाडी, महेशपुर, पथरिया, पाठामारी, बनियानी, केचना |

स्रोत: स्थलगत सर्भे, २०७४

### ३.११.३ उद्योग तथा व्यापार

पूर्वी नेपालकै पुरानो नगरपालिका र शहरको रुपमा रहेको भद्रपुर विगतमा औद्योगिक शहरको रुपमा पनि परिचित थियो । वि.स. २०२५/३० सालतिर यस नगरपालिकामा ४० वटा जति राईस मिल थिए जसमा ११ वटा आधुनिक स्वचालित मिल थिए । तर अहिले उक्त राईस मिलहरु विस्थापित हुने पुगे भने राईस मिलहरुको विस्थापन सँगै भद्रपुरको उद्योग तथा व्यापारमा पनि क्रमश मन्दी छायो । राईस मिलहरु संचालनको समयमा भद्रपुरको आर्थिक चहलपहल निक्कै थियो भने त्यो बेला भद्रपुर झापा जिल्लाकै मात्र नभएर पुर्वी नेपालकै प्रमुख औधोगिक र व्यापारिक नगरको समेत परिचित थियो । एशियाकै ठूलो गार्मेन्ट उद्योगको रुपमा रहेको मोमेन्टो एपरल्स प्रालिको स्थापनासँगै भद्रपुरको उद्योग तथा व्यापारमा नयाँ आयास शुरु भएको थियो । तत्कालिन भद्रपुर नगरपालिकाको वडा नं ११ स्थापित यस उद्योगले वरिपरिका साविक गाविसहरु लगायत झापा जिल्लाका करिब ७००० मजदुरहरुलाई रोजगारीको अवसर प्रदान गरेको थियो भने भद्रपुरको आर्थिक गतिविधिमा समेत ठूलो परिवर्तन ल्याएको थियो । संचालनको केही बर्षसम्म यस उद्योगले देशकै सबैभन्दा बढी बिदेशी मुद्रा कमाउने उद्योगको रुपमा आफूलाई दर्ता गराउन सफल भएको थियो । जसले गर्दा यस उद्योगको स्थापनाले भद्रपुरको मात्र नभएको देशकै आर्थिक उन्नतिमा समेत टेवा पुर्‍याएको थियो । केही बर्षसम्म सलतापुर्वक संचालनमा रहेको यो उद्योग विगत केही बर्षदेखि बन्द रहेको छ ।

भद्रपुर नगरपालिकामा गाभिएका साविक पृथ्वीनगर, महेशपुर, चन्द्रगढी लगायत तत्कालिन भद्रपुर नगरपालिकामा समेत व्यवसायिक चिया खेति हुँदै आएको छ । चिया खेतीको शुरुवातसंगै हाल भद्रपुरका विभिन्न स्थानहरुमा ११ वटा आधुनिक चिया प्रसोधन उद्योगहरु संचालनमा रहेका छन् । चिया प्रशोधन उद्योगहरुको स्थापनासँगै स्थानीय मजुदुरहरुले रोजगारी प्राप्त गरेका छन् साथै नगरपालिकामा आर्थिक गतिविधिमा समेत बढोत्तरी भएको छ । त्यस बाहेक हाल भद्रपुरमा प्लाई उड उद्योग, चिया प्याकेजिङ उद्योग, सेलर मिल, समील, ग्रील उद्योग, डिस्टीलरी उद्योग, ट्राभल एजेन्सी, मेसीनगरी पार्टपूर्जा मर्मत केन्द्र, विस्कुट र पाउरोटी उद्योग, पोलेथिन उद्योग, चालम र तेल मिल, बरफ उद्योग, विडी उद्योग, चकलेट उद्योग, डेरी उद्योग, जुस उद्योग, मसला उद्योग, छापाखाना उद्योग, होटल तथा रेष्टुरेन्टहरु, लज, रेमिट सेवा आदि संचालनमा रहेका छन् । यस्ता उद्योगहरुमा करिब २५०० जति स्थानीय मानिसहरुले रोजगारी पाएका छन् भने भद्रपुरको आर्थिक चहलपहल समेत विस्तारै बढन थालेको छ ।

भद्रपुर नगरपालिका यस क्षेत्रको व्यापारिक केन्द्र पनि हो । वरिपरिका गाउँपालिका, वस्ती र बजार केन्द्रमा बसोबास गर्ने मानिसहरुको लागि भद्रपुर किनमेलको प्रमुख थलो हो । भद्रपुरबाट निर्माण सामग्री लगायत हार्डवेयर, विद्युतिय सामग्री, लत्ता कपडा, खाद्य सामग्री, औषधी, घरयासी सामानहरु, भाँडाकुडा, कृषि सामाग्री र मल आदि जस्ता सामानहरु वरिपरिका गाउँपालिका, वस्ती र बजार केन्द्रहरुमा आपूर्ति हुने गरेको छ । त्यसैगरी कचनकवल र हल्दीवारी जस्ता गाउँपालिकामा उत्पादन हुने कृषिजन्य उत्पादन, फलफुल र दुधहरु भद्रपुरमा आउने गरेको छ । यस हिसाबले हेर्दा भद्रपुर यस क्षेत्रकै व्यापारिक केन्द्रको रुपमा समेत रहेको छ ।

### ३.११.४ बैदेशिक रोजगार र विप्रेषण

भद्रपुर नगरपालिकामा बस्ने मानिसहरुको आम्दानीको प्रमुख स्रोतमा बैदेशिक रोजगार पनि रहेको छ । नगरपालिकाका १८-४५ बर्ष उमेर समूहका धैरै युवाहरु हाल वैदेशिक रोजगारीको लागि साउदी अरेविया, कतार, बहराईन, कुवेत, संयुक्त अरब इमिरेट्स, मलेशिया, कोरिया र इजरायल लगायत देशहरुमा गएका छन् । राष्ट्रिय जनगणना २०६८ लाई आधार मानेर हेर्दा पनि करिब ३०% घरधुरीहरुबाट मानिसहरु बसाई सरेर गएको देखिन्छ । यसै जनगणना अनुसार भद्रपुर नगरपालिकामा करिब १५,२७० घरधुरी रहेको र उक्त घरधुरीको कुल अनुपस्थित संख्या हिसाब गर्दा करिब ४५०० घरधुरीहरु जनगणनाको क्रममा अनुपस्थित रहेको देखिन्छ । प्रत्येक घरबाट कम्तिमा

पनि एक जना वैदेशिक रोजगारीको लागि गएको अनुमान लगाउदा पनि करिब ५००० जति युवाहरु यस नगरपालिकाबाट वैदेशिक रोजगारीको लागि विदेश गएको मान्न सकिन्छ । यस नगरपालिकाको वडा नं १ र २ (साविक पृथ्वीनगर गाविस) बाट वैदेशिक रोजगारीको विदेश जाने युवाहरुको संख्या निक्कै बढी रहेको कुरा स्थानीय स्थानीय मानिसहरुले स्थलगत सर्भेको क्रममा बताएका थिए ।

नगरपालिकामा रहेका रेमिट सेवा कम्पनीहरुको उलेख्य संख्याले पनि भद्रपुर नगरपालिकाबाट वैदेशिक रोजगारिको लागि ठूलो संख्यामा युवाहरु विदेश गएको कुरालाई थप पुष्टि गर्दछ । त्यसैले नगरपालिकाको महत्वपूर्ण आर्थिक स्रोतको रुपमा विप्रेषण (Remittance) समेत लाई लिन सकिन्छ । विप्रेशणबाट कति रकम नगरपालिकामा भित्रिन्छ भन्ने हालसम्म कुनै यकिन तथ्याङ्क नभए पनि मासिक १० करोड रुपैया नगरपालिका भित्र भित्रने कुरा स्थानीय रेमिट्यान्स कम्पनीहरुको तथ्याङ्बाट प्रष्ट हुन्छ । नगरपालिका बाहिर रहेका शहरहरु विर्तामोड र अन्य बजारहरुबाट पनि मानिसहरुले विप्रेषण लिने गरेकोले नगरपालिकका भित्रिने विप्रेशण रकम यो भन्दा पनि निक्कै ठूलो हुने कुरा अनुमान लगाउन सकिन्छ ।

हाल भन्द्रपुर नगरपालिका निजी संस्था, सरकारी बैंक, फाईनान्स कम्पनी, सहकारी, विप्रेषण कारोवार गर्ने अन्य संस्थाहरु (आईएमई, प्रभु, वेस्टर्न युनियन मनि ट्रान्सफर, सूर्योदय रेमिट, एभरेष्ट रेमिट, हिमाल रेमिट, शिद्धार्थ रेमिट, सिटी एक्स्प्रेस, पृथ्वी एक्स्प्रेस, सेवा मनि ट्रान्सफर आदि) को कारोवारलाई हेर्दा नगरपालिका भित्रिने विप्रेषणको आकार निक्कै ठूलो भएको अनुमान गर्न सकिन्छ । यस हिसाबले हेर्दा नगरपालिकामा विप्रेषणको रुपमा भित्रिने रकम उत्पादनशील क्षेत्रमा खर्च गर्न सकेको खण्डमा नगरपालिकामा रोजगारीको नयाँ अवसर सिर्जना भै नगरपालिकाको अर्थतन्त्रमा समेत ठूलो टेवा पुग्न जाने देखिन्छ ।

भद्रपुर नगरपालिकामा विप्रेषण आउने प्रमुख देशहरुमा मलेसिया, साउदी अरब, कतार, बहराईन, संयुक्त अरब इमिरेट्स, कोरिया, जापान मध्ये मलेशिया, साउदी अरब, बहराईन, संयुक्त अरब इमिरेट्स धेरै रेमिटेन्स आउने देशहरु हुन् । दैनिक करिब १५०-२०० जति मानिसहरुले नगरपालिकाका विभिन्न बैंक, रेमिट कम्पनी र सहकारी मार्फत विप्रेषण बुझ्ने गर्दछन् । असोज, कार्तिक र माघ जस्ता चाड पर्व पर्ने महिनामा सबैभन्दा बढी विप्रेषण आउने गर्दछ । आन्तरिक तर्फ एक पटकमा रु ५,००० देखिरु ३,००,००० सम्म विप्रेषण आउने गर्दछ भने विदेशबाट एक पटकमा रु ८,००,००० सम्म विप्रेषण आएको रेकर्ड छ । सामान्यतया विप्रेषण ७०% महिलाको नाममा आउने

गर्दछ । साविक पृथ्वीनगरका हिमाली, सोमबारे, गौरीशंकर, एगाउँ, बिगाउँ, चारआली, ज्ञानेचौक, भिमनगर बढी विप्रेषण भित्रिने स्थानहरु हुन् । यसरी विप्रेषणको कूल रकम र यसको आवृतिलाई हेर्दा भद्रपुर नगरपालिकामा कृषि बाहेक विप्रेषण अर्को प्रमुख अर्थतन्त्र हुन आएको देखिन्छ ।

### ३.११.५ वित्तीय संस्था

भद्रपुर नगरपालिकामा नेपाल राष्ट्र बैंकबाट सम्बन्धन प्राप्त ६ वटा "क" श्रेणीका बैंक, २ विकास बैंक, १ लघुवित्त संस्था र २ साना किसान सहकारी संस्थाहरु रहेका छन् । यी संस्थाहरुका अलावा सहकारी डिभिजनबाट सम्बन्धन प्राप्त बचत तथा ऋण सहकारी संस्थाहरु पनि रहेका छन् । भन्द्रपुर नगरपालिकामा विप्रेषण सम्बन्धी कारोवार गर्ने रेमिट्यान्स कम्पनीहरु पनि रहेका छन् । ग्लोबल आईएमई, वेस्टर्न युनियन मनि ट्रान्सफर, प्रभु, वेस्टर्न युनियन मनि ट्रान्सफर, नविल रेमिट, एनआईसी रेमिट, सूर्योदय रेमिट, एभरेष्ट रेमिट, हिमाल रेमिट, शिद्धार्थ रेमिट, सिटी एक्स्प्रेस, पृथ्वी एक्स्प्रेस, सेवा मनि ट्रान्सफर आदि नगरपालिकामा रहेका रेमिट कम्पनीहरु हुन् । नगरपालिकामा रहेका प्रमुख वित्तीय संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका ३.२७: वित्त ीय संस्थाहरुको विवरण**

| क्र.स. | नाम | स्थान | सेवा विवरण |
|---|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | भद्रपुर, धाख्वा मैदान | कर्जा वितरण, निवृतभरण तथा सामजिक सुरक्षा भत्ता वितरण र अन्य बैकिङ कारोवार |
| २ | राष्ट्रिय वाणिज्य बैंक | एसपी मोड | कर्जा वितरण, निवृतभरण तथा सामजिक सुरक्षा भत्ता वितरण र अन्य बैकिङ कारोवार |
| ३ | कृषि विकास बैंक | चन्द्रगढी | सम्पूर्ण बैकिङ कारोवार |
| ४ | सिद्धार्थ बैंक | चन्द्रगढी | सम्पूर्ण बैकिङ कारोवार |
| ५ | सनराईज बैंक | भद्रपुर बजार | सम्पूर्ण बैकिङ कारोवार |
| ६ | नविल बैंक | चन्द्रगढी | सम्पूर्ण बैकिङ कारोवार |
| ७ | बिराट लक्ष्मी विकास बैंक | चन्द्रगढी | सम्पूर्ण बैकिङ कारोवार |

| | | | |
|---|---|---|---|
| ८ | एक्सल डेभलपमेन्ट बैंक | भद्रपुर बजार | सम्पूर्ण बैकिङ कारोवार |
| ९ | नेरुडे लघुबित्त विकास बैंक | लेखनाथ चौक | सम्पूर्ण बैकिङ कारोवार |
| १० | साना किसान सहकारी संस्था लिमिटेड | महेशपुर | सम्पूर्ण बैकिङ कारोवार |
| ११ | साना किसान सहकारी संस्था लिमिटेड | पृथ्वीनगर, सोमबारे | सम्पूर्ण बैकिङ कारोवार |

स्रोत: स्थलगत सर्भेक्षण, २०७४

## ३.११ वन तथा हरियाली क्षेत्र

कुनैपनि स्थानको वातावरणीय र पर्यावरणीय स्थितिलाई उक्त स्थानमा रहेको वन तथा हरियाली क्षेत्रले दर्शाउछ । भद्रपुर नगरपालिकामा हाल ८ वटा सामुदायिक वनहरु रहेका छन् जसको कुल क्षेत्रफल १८९१.२३ हेक्टर रहेको छ भने उक्त वनहरुबाट नगरपालिकाको ६९६३ घरधुरीहरु लाभान्वित भएका छन् । साविक चन्द्रगढी गाविसको वडा नं २, ३, ४, ५, ६ र ९ वडामा अवस्थित चन्द्रगढी सामुदायिक वन नगरपालिकाको सबैभन्दा ठूलो सामुदायिक वन हो, जसको क्षेत्रफले ४३०.५९ हेक्टर रहेको छ भने यस चन्द्रगढी सामुदायिक वनबाट २०५१ घरधुरीहरु लाभान्वित भएका छन् । सामुदायिक वनहरुको अलावा नगरपालिकाको उत्तरमा वडा नं ९ र १० मा चारआली वनको केही क्षेत्र रहेको छ । उक्त वनको क्षेत्रफल २६८.४७ हेक्टर रहेको छ भने नगरपालिकाको भित्रको यो एक मात्र सरकारी वन हो ।

**तालिका ३.२८: सामुदायिक वनहरुको विवरण**

| क्र.स. | नाम | ठेगाना (साविक) | क्षेत्रफल (हे) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १ | कमलधाप रामपोखरी | पृथ्वीनगर-५ | २९९.९७ | १०४४ |
| २ | दशरथपुर | पृथ्वीनगर-१ | २२४.८१ | ४४९ |
| ३ | विशाल | पृथ्वीनगर-३, ५ | २१६.६६ | २०० |
| ४ | दियालो | पृथ्वीनगर-२ | २७५.१९ | १२०० |
| ५ | मायालु | महेशपुर-१,२,३ | ३२९.३३ | ८६० |

| | | | | |
|---|---|---|---|---|
| ६ | चन्द्रगढी | चन्द्रगढी-२,३,४,५,६,९ | ४३०.५९ | २०५१ |
| ७ | कालीमन्दिर | भद्रपुर-२,३ | २३.५१ | १५९ |
| ८ | भेलागढी | भद्रपुर, हल्दीवारी र विर्तामोड समेत | ९१.१७ | १००० |
| कुल | | | १८९१.२३ | ६९६३ |

स्रोतः जिल्ला वन कार्यालय झापा, २०७४

भग्रपुर नगरपालिकामा आर्थिक वर्ष २०७२/७३ मा ८ वटा सामुदायीक वनलाई उपभोक्ता समुहमा हस्तान्तरण भौसकेको छ (तालिका ३.२९) ।

**तालिका ३.२९: हस्तान्तरित सामुदायीक वन समुहको विवरण**

| क्र. सं. | सेक्टर वन कार्यालय | ईलाका वन कार्यालय | सामुदायीक वन | ठेगाना | घरधुरी संया | जनसंख्या | क्षेत्रफल | मुख्या प्रजाती |
|---|---|---|---|---|---|---|---|---|
| १ | जलथल | अधिकारी चोक | भेलागढी | भद्रपुर हल्दिवारी गापा तथा विर्तामोड नपा | १००० | ५००० | ९१.१७ | साल, टिक, मसला, चेक्रसिया आदि |
| २ | जलथल | सगरमाथा | कालिमन्दिर | भद्रपुर २ र ३ | १४९ | ८२० | २३.५१ | साल |
| ३ | सुरुङ्गा | निचाझोला | चन्द्रगढी | साविक चन्द्रगढी २, ३, ४, ५, ६, र ९ वडा | २०५१ | १०६९४ | ४३०.५९ | साल मिश्रित |
| ४ | जलथल | सगरमाथा | मायालु | महेसपुर १, २ र ३ वडा | ८६० | ४१४६ | ३२९. ३३ | प्राकृतिक साल, ल |
| ५ | जलथल | सगरमाथा | दियालो | पृथ्विनगर २ | १२०० | ६००० | २७५.१९ | साल,लटहर, क्यामुनु |
| ६ | जलथल | सगरमाथा | विशाल | पृथ्विनगर ३ र ५ | २०० | २४२७ | २१६.६६ | साल मिश्रित |
| ७ | जलथल | सगरमाथा | दसरथपुर | पृथ्विनगर | ४४९ | २८२८ | २२४.८१ | साल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | | | | मिश्रित |
| ८ | जलथल | सगरमाथा | कमलधाप रामपोखरी | पृथ्विनगर ५ | १०४४ | ६३११ | २९९.९७ | साल मिश्रित |
| | | | | **कुल** | **६९५३** | **३८२२६** | **१५६१.९** | |
| *स्रोतः वार्षिक प्रगति पुस्तिका, जिल्ला वन कार्यालय, २०७२/७३* | | | | | | | | |

सामुदायिक वन र राष्ट्रिय वनको अलावा नगरपालिकामा करिब ३० हेक्टर जति झाडी तथा बुट्यान क्षेत्रहरु रहेका छन् । नगरपालिका क्षेत्रभित्र रहेका चिया बगानहरुले समेत नगरको हरियाली कायम राख्न ठूलो योगदान गरेका छन् ।

## ३. १२ वातावरण संवेदनसिलता/जोखिम क्षेत्र

भद्रपुर गरपालिका समथर र होचो भूभाग भएको कारण बर्षाको समयमा डुबानको समस्या देखिन्छ । नगरपालिकाको  पुर्वी सिमानामा रहेको मेची नदिका कारण डुवानका साथै नदि कटानको समस्या रहेको छ । त्यस्तै देउनिया खोलाले पनि वडा नं २, ३ र ४ मा डुवान तथा कटानको समस्या निम्त्याएको छ । यो क्षेत्रमा जंगली जनावर हात्तीले धेरै दुख दिने गरेको स्थानियहरुको गुनासो छ । जंगली हात्तिका कारण लगाएको वालिनाली तथा फलफुल नष्ट गरिदिने, घरहरु भत्काईदिने र  कहिले काँही मानवीय क्षति समेत हुने गरेको छ ।








नगरपालिकाको वातावरणीय संवेदनशिलताको स्थिति

## ३.१३ संस्थागत स्रोत तथा क्षमता

भद्रपुर नगरपालिकामा पुरानो नगरपालिका भएकोले संस्थागत रुपमा अन्य नगरपालिकाको दाँजोमा सम्पन्न देखिन्छ । नगरपालिकाको आफ्नै भवन रहेको छ भने हाल नगरपालिकाले गोरुहट्टीमा नयाँ आधुनिक भवन निर्माण गरिरहेको छ । भद्रपुर नगरपालिका नेपाल सरकारको रापअ द्वितीय श्रेणीको कार्यकारी अधिकृतको दरवन्दी रहेको छ । नगरपालिका तर्फ हाल ५४ जना कर्मचारीहरु कार्यरत रहेका छन्, जसमा प्रशासकीय अधिकृत, ईन्जिनियर र लेखा अधिकृत १/१ जना, नायब सुब्बा ५ जना, सव ईन्जिनियर २ जना, खरिदार/सहलेखापाल/मुखिया ७ जना, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, विद्युत मिस्त्री २ जना, जमदार/हवल्दार १ जना लगायत अन्य श्रेणी विहिन कर्चारीहरु रहेका छन् । स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तरगत ईन्जिनियर १ जना, कार्यक्रम अधिकृत (LGCDP Focal Person) १ जना र ICT Volunteer १ जना रहेका छन् । विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरणको लागि भद्रपुर नगरपालिकासंग ३ वटा दमकल भएतापनि हाल मर्मत संभारको अभावमा एउटा दमकल मात्र चालु हालतमा रहेको छ । नगरपालिकाले हालै १ व्याक हो लोडर पनि खरिद गरेको छ । नगरपालिकाको सांगठनिक संरचना तल प्रस्तुत गरिएको छः

**नगरपालिकाको संगठनिक संरचना**



साथै, स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ अनुसार देहाय बमोजिमको दरबन्दीको व्यवस्था हुने व्यवस्था गरेको छ;

१) कार्यकारी अधिकृत (उप-सचिव)-१
२) इन्जिनियर (क\जनरल सिभिल)-१
३) कम्प्युटन इन्जिनियर/अधिकृत -१
४) लेखा अधिकृत-१
५) नायव सुब्बा-१
६) सव इन्जिनियर (सिभिल जनरल)-२
७) कार्यालय सहयोगी-२
८) विभिन्न सरकारी सेवा तथा निकायबाट खटिई आएका कर्मचारीहरु (इन्जिनियर, सव-इन्जिनियर र कम्प्युटर इन्जिनियरहरुले वडाको समेत सम्बन्धित प्राविधिक काम गर्ने)

उपरोक्त सांगठनिक संरचना अनुसार नगरपालिकाले आफ्नो कार्य संचालन गर्दै आएको भएतापनि नेपाल सरकार (म.प.) बाट मिति २०७४/१२/१४ गते स्वीकृत 'स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४' (१८-१)को सम्पत्ति, दायित्व तथा बजेट स्थानान्तरण अन्तरगत उल्लेख भए अनुसार संघीय संरचनामा जिल्लास्तरमा रहने संघीय सरकारका कार्यालयहरु बाहेकका जिल्लास्थित कार्यालय, विकास समिति तथा निकायको नेपालको संविधान र स्थानीय सरकार ऐन, २०७४

बमोजिम स्थानीय तहको कार्य जिम्मेवारीमा परेका कार्यहरु स्थानीय तहमा हस्तान्तरण भए अनुसार सो ऐनको दफा १०४ बमोजिम त्यस्ता कार्यालय, निकाय, विकास समिति तथा अन्य निकायको सम्पत्ति, दायित्व, अभिलेख, कागजात तथा बजेट सम्बन्धित नगरपालिकामा हस्तान्तरण गरिसक्नु पर्नेछ भन्ने व्यवस्था गरिएको छ । सो व्यवस्था अनुसार अब नगरपालिका अन्तरगत देहायका कार्यालयहरु समेत रहने प्रावधान रहेको देखिन्छ ।

- जिल्ला प्राविधिक कार्यालय
- कृषि विकास कार्यालय
- पशुसेवा कार्यालय
- घरेलु तथा साना उद्योग कार्यालय
- नगर विकास समिति, खेलकुद विकास समिति जस्ता विकास समितिहरु
- भू-संरक्षण कार्यालय
- शिक्षा कार्यालय
- तथ्याङ्क कार्यालय
- पर्यटन कार्यालय
- महिला तथा वालवालिका कार्यालय
- प्रतिष्ठान र आयोजना परियोजना
- यस्तै प्रकृतिका जिल्ला स्थित कार्यालय र सो मातोहतका अन्य कार्यालय वा निकायहरु

हालको स्थानीय तह पुनरसंरचना अनुसार प्रस्ताव गरिए बमोजिम स्थानीय तहको संगठनात्मक ढांचा तथा दरबन्दीलाई जनसंख्याको आधारमा विभाजन गरिएको अवस्था छ । भद्रपुर नगरपालिकाको विद्यमान संस्थागत संरचना देहाय बमोजिम प्रस्ताव गरिएको छ । यसमा

(ङ) ५० हजार देखि ७५ हजारसम्म जनसंख्या भएकानगरपालिकाको संगठन संरचना (६८ वटा) (अनुसूची ५.१)




'स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४' ले प्रस्ताव गरेको स्थानीय तहको व्यवस्थालाई समेत अंगिकार गरेको छ ।

# ४. नगर विकासको समस्या, चुनौती, अवसर र बिषयगत विश्लेषण

## ४.१ एकीकृत विकास योजनाका मुख्य सवालहरु/मुद्दाहरु

भद्रपुर नगरपालिकाको छलफल तथा अन्तरक्रिया, स्थलगत अबलोकन र वस्तुस्थितिका आधारमा विषयगत समस्याहरुलाई समेत विश्लेषण गरी योजना टोलीले एकीकृत विकासका लागि निम्न अनुसारको थुप्रै सवाल तथा मुद्दाहरु पहिचान गरेको छ ।

- फोहोमैलाको उचित व्यवस्थापन (स्यानिटरी ल्याण्ड फिल साइट)
- नगरपालिकामा ढल तथा सहतढल व्यवस्थापन
- नगर यातायता गुरु योजना तर्जुमा तथा यातायात व्यवस्थापन
- भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन
- पर्यटन गुरु योजना तर्जुमा, कार्यान्वयन र पर्यटन प्रचार प्रसार
- निर्माण तथा योजना मापदण्ड कार्यान्वयन
- नगरपालिकाको घर नम्बरिङ (Metric Addressing System
- ग्राभेल र धुले सडकहरुको स्तरोउन्नती (गाभिएका साविक गाविस क्षेत्र)
- कृषि विद्युतीकरण तथा सिंचाई
- संस्थागत सुदृढीकरण, सुशासन र सूचना प्रविधीको प्रयोग (नगरपालिका, वडा कार्यालय)
- शहरी पूर्वाधार तथा शहरी सेवा केन्द्रको विकास
- सामाजिक/सामुदायिक पूर्वाधारको स्तरोन्नती तथा वाल, अपाङ्ग र महिला मैत्री पूर्वाधार
- सार्वजनिक जग्गा पहिचान र अभिलेखीकरण तथा सुकुम्वासी व्यवस्थापन
- रोजगारी तथा आर्थिक गतिशिलता
- व्यवसायिक कृषि तथा पशुपालन
- मेची नदि र देउनिया खोलाबाट डुबान र कटान नियन्त्रण
- निर्माणधीन मेची पुल र हुलाकी राजमार्गको निर्माण र स्तरोन्नती
- भद्रपुर भन्सारको भौतिक पूर्वाधारको स्तरोउन्नती र सुख्का वन्दरगाहाको विकास
- प्राविधिक शिक्षालय
- चन्द्रगढी विमानस्थलको स्तरोउन्नती

## ४.२ नगर विकासको चुनौती तथा अवसरहरु

भद्रपुर नगरपालिकाको वस्तुगत विवरण तयार पश्चात सोही विवरणहरुको आधारमा योजना टोलीले विकासका चुनौती तथा अवसरहरुको पहिचान गरेको छ । स्थलगत अध्ययन तथा विभिन्न विषयगत समस्याहरु, अवसरहरु, सम्भावनाहरु तथा विगतका प्रयास र उपलब्धीहरु निम्न अनुसार रहेका छन्:

### ४.२.१ नगर विकासका प्रमुख समस्याहरु

अध्ययनका क्रममा प्राप्त गरेका तथ्याङ्कहरु, स्थलगत अबलोकन र वस्तुस्थितिका आधारमा विषयगत समस्याहरुलाई समेत विश्लेषण गरी योजना तथा कार्यक्रमका छनौट गर्ने कार्य गरेको छ । समस्याहरुको संकलन लक्षित वर्गको दृष्टिकोणबाट पहिचान गरिएको छ । यसैगरी समस्याहरुको संकलन गर्दा समाधान गर्न सकिने खालका मात्र विषयहरुलाई समावेश गरिएको छ । नगर विकासका प्रमुख समस्याहरुलाई निम्न अनुसारको विषयगत समूहको आधारमा पहिचान गरिएको छ ।

**सामाजिक विकास सम्बन्धी समस्याहरु**

भद्रपुर नगरपालिका जिल्लाको सदरमुकाम हुनुका साथै यस क्षेत्रकै प्रमुख व्यापारिक केन्द्र समेत भएकोले यहाँ विद्यमान सामाजिक साँस्कृतिक पूर्वाधारहरुको विकास हुनुपर्ने देखिन्छ । यस नगरपालिकामा विद्यमान सामाजिक समस्याहरु निम्न बमोजिम रहेका छन्:

क) केही विद्यालयहरुको शैक्षिक तथा भौतिक पुर्बाधारको अभाव
ख) ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति अभाव
ग) खेल मैदान र पुर्बाधारको अभाव (मेची रंगशालाको स्तरोउन्नती गर्नु पर्ने)
घ) धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन नभएको
ङ) मठ मन्दिर, गुम्वा, चर्च, पाटी पौवा आदिको विस्तृत अभिलेख नभएको
च) बजार क्षेत्रमा रहेको धर्मशाला जीर्ण भएको
छ) पर्याप्त दाह संस्कार स्थलको अभाव र भएकामा पनि पूर्वाधारको कमी,
ज) द्वन्द कालमा भत्किएका सीमा सुरक्षा प्रहरी चौकीहरुको भवन निर्माण हुन नसकेको,
झ) आदिवासी, दलित, जनजाती, लोपोउन्मुख, लगायत पिछडिएको वर्गहरुको उत्थानको लागि कुनै ठोस कार्यक्रमहरु नभएको,

**आर्थिक विकास सम्बन्धी समस्याहरु**

नगरपालिकाको आर्थिक स्रोतको पहिचान गरी व्यवस्थित रुपमा आर्थिक विकासको योजना कार्यान्वयन गरिएको देखिदैन । नगरपालिकाका विद्यमान आर्थिक विकास सम्बन्धी समस्याहरु निम्न बमोजिम रहेका छन्:

क) स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गरी आर्थिक पूर्वाधार विकासको कार्यक्रमहरु खासै प्रभावकारी रुपमा परिचालन हुन सकेको पाइदैन । रोजगारी सृजना गर्ने उद्योग, कलकारखाना लगायत अन्य अवसरको लागि योजनाबद्ध प्रयास रहेको देखिन्न ।

ख) नगरपालिकाले आर्थिक पूर्वाधार विकासका केही क्रियाकलापहरु अघि सारेतापनि आर्थिक पूर्वाधार विकास योजनाबद्व रुपमा संचालन हुन सकेको पाईदैन । आर्थिक विकासको लागि स्थानीय स्रोत साधनको समुचित प्रयोग गर्दै स्थानीय वातावरण सुहाउँदो कार्यक्रमहरुको विकास र परिचालन गरिएको देखिदैन,

ग) भद्रपुर नगरपालिकाको प्रमुख आयस्रोत मध्ये विप्रेषण रहेको देखिन्छ तर यसलाई आर्थिक अवस्था सुधार्ने कार्यमा लगानी भएको देखिन्न,

घ) नगरपालिकामा भित्र रहेका उद्योग, चिया बगान, होटल, रेष्टुरेन्ट, पार्टी प्यालेस लगायत अन्य लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायबाट पूर्ण रुपमा करको दायरामा ल्याउन नसक्नु,

ङ) मेची पुल निर्माणमा ढिलाईले गर्दा भारतीय बजारसँग सहज पहुँच हुन नसकेको,

च) छोटी भन्सारको स्तरोउन्नती हुन नसकेको,

छ) कृषिमा व्यवसायीकरण हुन नसक्नु र कृषि पकेट क्षेत्रको विकास नभएको,

ज) सिंचाई सुविधा, कृषि उपज प्रसोधन केन्द्र, चिस्यान केन्द्र र संकलन केन्द्र को अभाव,

झ) उद्यमशीलता र गरिवी निवारणमा सम्बन्धी कार्यक्रमहरु नभएको

ञ) स्थानीय युवाको बढ्दो पलायनको कारण दक्ष जनशक्तिको अभाव हुँदै जानु,

ट) कृषकहरुलाई सहज र सुलभ रुपमा ऋण उपलब्ध हुन नसक्नु आदि ।

**भौतिक पूर्वाधार विकास योजना सम्बन्धी समस्याहरु**

नगरपालिकामा विद्यमान भौतिक पूर्वाधार विकास सम्बन्धी विभिन्न समस्याहरु रहेको पाईन्छ । यस अन्तरगत रहेका प्रमुख समस्याहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छः

क) नगरपालिकामा दीर्घकालीन सोच, सम्भाव्यता र प्राथमिकताको आधारमा योजनाहरु छनौट र संचालन नहुनु र भौतिक विकास योजनालाई दिशानिर्देशन गर्ने योजना दस्तावेजहरुको अभाव,

ख) नगरपालिकामा निर्माणधीण ठूला आयोजनाहरु (मेची पुल र चारआली केचना हुलाकी सडक) लामो समयसम्म पनि सम्पन्न हुन नसक्नु,

ग) मेची पारी रहेका वडाहरुसम्म पुग्नको लागि हालसम्म पुल निर्माण हुन सकेको छैन भने योजनामा परेको झोलुङ्गे पुलको निर्माण हालसम्म शुरु भएको छैन,

घ) यातायात गुरु योजना हालसम्म बन्न नसक्नु । नगरका कतिपय वडाहरु नयाँ गाभिएका साबिक गाविसहरु (वडा नं १, २, ३, ४ र ७ को पश्चिमी भाग,९ र १० को उत्तरी भाग) जोडने सडक कच्ची र ग्रेड नमिलेका अवस्थाका छन्,

ङ) खानेपानीको आपूर्ती नियमित र पर्याप्त हुन नसकेको ।

च) भद्रपुर नगरपालिकाको मुख्या बजारमा मात्र सतह ढल रहेको छ । ढल संजाल प्रभावकारी बनाउन ढल संजाल गुरु योजना तयार गरी प्राथमिकताका आधारमा विकास र सुधार गर्नुपर्ने देखिन्छ,

छ) विद्युत सेवा विस्तार प्राय: सबै वडाहरुमा पुगेको भएतापनि व्यवस्थित र प्रभावकारि हुन नसकेको।

ज) ठुला सिंचाई आयोजनाहरु निर्माण हुन नसकेको,

झ) भू-उपयोगको योजना नभएको,

ञ) भवन संहिता पूर्ण रुपमा लागू हुन नसक्नु,

ट) पूर्वाधार विकासका प्रमुख सरोकारवाला निकाहरुबीच समन्वयको अभाव आदि ।

ठ) मठ, मन्दिर, गुम्वा, चर्च, पाटी पौवा आदिको विस्तृत अभिलेख तयार गरी मर्मत तथा संभार नभएको।

**वातावरणीय विकास सम्बन्धी समस्याहरु**

भद्रपुर नगरपालिकाको वातावरणीय समस्याहरु निम्न प्रकार छन्:

क) भद्रपुर नगरपालिकामा ढल संजालको उचित व्यवस्थापन नहुँदा वातावरणीय प्रतिकुलता निम्त्याएको छ । बजार क्षेत्रमा व्यवस्थित सतहढल तथा ढल संजालको विकास गर्न नसकिएको कारणले बर्षातमा सतहबाटै पानी बग्ने, सडक हिलाम्मे हुने लगायत शहर बजारको वातावरणमा प्रतिकुल असर परेको देखिन्छ,

ख) नगरमा अझै पनि फोहोरमैला (Solid Waste) को उचित व्यवस्थापन हुन सेकेको छैन । स्यानिटरी ल्याण्ड फिल साइट निर्माण भै नसकेकोले नगरवासीले घरबाट संकलित फोहोरमैला नयाँ बजारबाट दक्षिण तर्फ मेची किनारमा खाल्डो खनी फाल्ने गरिएकोले स्थानीय वातावरणमा प्रतिकुल असर परेको देखिन्छ,

ग) नगरपालिका भित्र रहेका पार्क, खोला, पोखरी, ताल, सिमसार र झीलहरुको संरक्षण हुन नसकेको,

घ) सामुदायिक वन र राष्ट्रिय वनको सुरक्षमा चुनौतीहरु रहेको,

ङ) प्रदुषण जन्य उद्योगहरुको संख्या बढ्दै जानु,

च) स्थानीय चिया बगान र खेतीहरुमा विषादीको बढ्दो प्रयोग,

छ) नगरपालिकाको निर्माण तथा योजना मापदण्ड कार्यान्वयन नहुँदा सुरक्षित एवं व्यवस्थित वस्ती विकासमा समस्या हुनु,

ज) वन, सीमसार, सार्वजनिक जग्गाहरु र झील क्षेत्रको उचित संरक्षण हुन नसक्नु,

झ) व्यवस्थित वधशाला र सार्वजनिक शौचालयको अभाव,

ञ) लक्षित वर्ग (दलित, जनजाति, आदिवासी)मा वातावरणीय चनचेतनाको कमी

**जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी समस्याहरु**

जलवायु परिवर्तनका समस्याहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छः

क) अतिबृष्टी, खण्डबृष्टी, अनाबृष्टी जस्ता समस्या देखिन थालेको

ख) उर्वरा शक्तिमा ह्रास

ग) बाढी, डुबान, खडेरी, सुख्खा

घ) कृषि र पशुमा नयाँ रोगहरु देखा पर्ने

ङ) पानीका स्रोत र मुहानहरु सुक्नु

च) आकासे पानिमा आधारित कृषि

छ) जीवन निर्वाहको लागि सीमित विकल्पहरु

**वित्तीय स्रोत व्यवस्थापन सम्बन्धी समस्याहरु**

नगरपालिकाको वित्तीय स्रोतको व्यवस्थापन हुनु अत्यन्त आवश्यक हुन्छ । भद्रपुर नगरपालिकाको वित्तीय स्रोत व्यवस्थापनका समस्याहरु निम्न प्रकार छन्:

क) राजश्व संकलन गर्ने नीतिगत व्यवस्थापन गर्न नस्नु ।

ख) राजश्व संकलनका श्रोतहरुको पहिचान हुन नसक्नु ।

ग) पहिचान भएका स्रोतहरुलाई समेत करको दायरामा ल्यउन नसक्नु

घ) नगरपालिकाको विकासको लागि आवश्यक पर्ने स्रोत जुटाउन निक्कै समस्या परेको देखिन्छ । एकातिर नगरपालिकाको धेरै जसो भू-भाग ग्रामीण क्षेत्रमा रहेको छ भने अर्कोतिर बजारमा बसोबास गर्ने मानिसले पनि नगरपालिकालाई नियमित कर नबुझाउने तथा नगरपालिकाले समेत कडाइका साथ कर संकलन गर्न सकिरहेको छैन ।

ङ) नगरपालिकाले गर्ने ठूलो विकास निर्माणमा अनुदान तथा वाह्य ऋणमा भर पर्नु परेको र नगरवासीहरुमा नगर विकासको लागि सहभागितात्मक भावना जागृत हुन सकेको देखिन्न । नगरवासीहरुमा अपनत्वको भावना विकास गर्न सके मात्र दिगो विकास गर्न सकिने हुँदा जनसहभागिता पनि जरुरी हुन आउछ ।

**संस्थागत क्षमताको विकास सम्बन्धी समस्याहरु**

नगरपालिकाको सेवा प्रभावलाई चुस्त र प्रभावकारी बनाउन विद्‌यमान संगठन संरचनालाई समयानुकुल परिमार्जित र व्यवस्थित गर्दै लैजानु पर्ने अवस्था छ । स्थानीय तह पुनरसंरचना पश्चात नगरपालिकाले निर्वाचित पदाधीकारीहरु पाएको भएतापनि नगरपालिकाको विद्‌यमान संरचना अनुसार प्रस्तावित जनशक्तिको पदपुर्ति हुन सकेको छैन । सम्पूर्ण वडा कार्यालयहरुको आफ्नै भवन नभएकोले संयुक्त वडा कार्यालय मार्फत काम गर्नु परिरहेको छ । संचालनमा रहेका वडा कार्यालयहरुमा समेत जनशक्ति तथा पूर्वाधारको अभाव रहेको छ ।

नगरपालिकाको कामलाई चुस्त बनाउन र नगरवासीहरुलाई स-साना कामको लागि समेत नगरपालिका नै धाउनु पर्ने बाध्यताको अन्त्य गर्न नगरपालिकाको कार्यवोझलाई वडा कार्यालयहरुमा क्रमश: हस्तान्तरण गर्दै लैजानु पर्ने देखिन्छ । यसरी नगरपालिकाले विकेन्द्रीकरणको रणनीति अवलम्बन गर्दै संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । यसको लागि नगरपालिकाले आवश्यक नीति तर्जुमा गर्दै समयानुकुल परिवर्तन गर्दै लैजानु पर्दछ र आवश्यक जनशक्ति परिपूर्ति गर्नु पर्दछ ।  नगरपालिकाको लागि प्राविधिक कर्मचारी, शहरी योजनाकार, भूगोलविद्‌व, तथ्याङ्कविद, GIS विज्ञ, समाजशास्त्री, वातावरणविद्‌व लगायतका जनशक्ति हुनु आवश्यक भएतापनि यी जनशक्तीहरु हालसम्म नगरपालिकामा नियुक्त हुन सकेका छैनन्‌ । यसले गर्दा प्राविधिक र विषयगत काम समयमा सहज रुपले सम्पन्न गर्न कठिनाई भएको देखिन्छ । राष्ट्रिय जनगणना भएको लामो समय भैसकेको र नगरपालिकासँग विद्‌यमान सामाजिक, भौतिक, आर्थिक, वातावरणीय आदि सम्बन्धी पछिल्लो तथ्याङ्कहरुको अभाव भएकोले यथाशिघ्र घरधुरी सर्वेक्षण गर्नुपर्ने देखिन्छ ।

भद्रपुर नगरपालिकाको सम्बन्धमा देखिएका संस्थागत समस्याहरु निम्म बमोजिम छन् ।

क) नगरपालिकाको क्षेत्र विस्तार र राज्य पुनरसंरचनामा गाभिएका साविकका गाविसहरुलाई समेटी समग्र नगरपालिकाको योजना कार्यान्वयन नभएको,

ख) नगरपालिका र वडा कार्यालयहरुमा आवश्यक प्राविधिक, जनशक्ति र बजेटको अभाव रहेको,

ग) सरोकारवाला निकायहरुबीचको समन्वयमा कमी,

घ) बर्षेनि हुने बाढी र डुबानको समस्यालाई दीर्घकालीन रुपमा सम्बोधन गर्न जनशक्ति र बजेटको अभाव,

ङ) निर्माणाधीन आयोजनाहरुको नियमित अनुगमन र मूल्याङ्कन नहुनु,

च) आयोजनाहरु निर्माणमा निजी साझेदारी अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन नहुनु आदि ।

माथि उल्लेखित समस्याहरुको अलावा यस एकीकृत शहरी विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्नको लागि नगरपालिकाले निम्न कुराहरुमा विशेष ध्यान पुऱ्याउन जरुरी देखिन्छ :

क) सुशासन मार्फत स्थानीय जनताको माग र चासोहरुलाई सम्वोधन गर्दै भौतिक, सामाजिक र आर्थिक विकास गर्ने ।

ख) संस्थागत संरचनामामा सुधार गरी स्थानीय सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय स्थापना गर्ने ।

ग) योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि दक्ष जनशक्तिको विकास गर्ने ।

घ) संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

ङ) स्रोतहरुको सही उपयोग र परिचालन गर्ने ।

च) योजनामा जनसहभागिता गराई कार्यान्वयन रणनीति तर्जुमा गर्ने ।

## ४.३ नगरपालिकाको समस्या संभावना विश्लेषण (SWOT Analysis)

कुनै पनि स्थानको आफ्नै भिन्दै धार्मिक, साँस्कृतिक, भौगोलिक, ऐतिहासिक पहिचान र महत्व हुन्छ । त्यस्ता महत्व र पहिचानहरुलाई उजागर गर्नको लागि बिभिन्न सूचकहरुको गहन अध्ययन र

अनुसन्धान गर्न आवश्यक हुन्छ । तसर्थ यस भद्रपुर नगरपालिकाको महत्व र पहिचानको संभाव्यतालाई दृष्टिगत गरी स्थानीय जानकार व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु, सम्बन्धित निकायका व्यक्तिहरु एवं अन्य बुद्धिजिवीहरुसँगको बृहत छलफल र अन्तरकृयाको माध्यमबाट त्यहाँको बिद्यमान सबल पक्ष, कमजोर पक्ष, अवसरहरु र चुनौतीहरुको (SWOT) विश्लेषण गरिएको छ ।

**तालिका ४.१: नगरपालिकाको SWOT विश्लेषण**

| **सवल पक्ष (Strength)** | **कमजोर पक्ष (Weakness)** |
|---|---|
| ▪ विर्तामोड-भद्रपुर, चारआली-चन्द्रगढी र धुलावारी-भद्रपुर तथा झापा चौक-राजगढ हुलाकी राजमार्गको पहुँच<br>▪ विमानस्थल, अस्पताल, क्याम्पस, रंगशाला जस्ता मुख्य शहरी पूर्वाधाहरु भएको<br>▪ जिल्लाको प्रशासनिक केन्द्र<br>▪ उद्योगहरुको विकास र विस्तार<br>▪ खाद्य तथा नगदे वालीको विकास<br>▪ शहरी विकास र विस्तार<br>▪ जिल्लाको दक्षिण पूर्वी भेगको मुख्य बजार<br>▪ योजनाबद्ध वस्ती विकास (पृथ्वीनगर) | ▪ समग्र नगरपालिकालाई समेटी योजनावद्ध विकास हुन नसकेको<br>▪ आधुनिक बसपार्क, ढल संजाल, बधशाला र स्यानिटरी ल्याण्ड फिल साइट नभएको<br>▪ हुलाकी राजमार्गको स्तरोन्नती नभएको<br>▪ भद्रपुर भंसारको स्तरोन्नती हुन नसकेको<br>▪ पर्यटनको सम्भावनाका क्षेत्रहरुमा आवश्यक पर्यटकीय पूर्वाधार निर्माण नभएको<br>▪ सीमावर्ती शहर भएतापनि तुलानात्मक लाभ लिन नसकेको |
| **अवसर (Opportunities)** | **चुनौती (Threats)** |
| ▪ मेची पुलको निर्माण र हुलाकी राजमार्गको स्तरोन्नतीसँगै आर्थिक, व्यापारिक र औद्योगिक विकास हुन सक्ने<br>▪ पूर्वी क्षेत्रको व्यापारिक शहरको रुपमा विकास हुन सक्ने<br>▪ कृषि तथा नगदे वालीको विकास र विस्तार गर्न सकिने<br>▪ पर्यटन विकास (किचकवध र कमलधाप) द्वारा रोजगारीको सृजना गर्न सकिने<br>▪ अन्तरदेशीय नाकाको रुपमा विकास हुन सक्ने | ▪ पूर्वका दमक, विर्तामोड र मेचीनगर जस्ता शहरहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने<br>▪ सुरक्षित वस्ती विकासको लागि भवन संहिता र निर्माण मापदण्डको सफल कार्यान्वय<br>▪ डुबान र कटानको समस्या नियन्त्रण गरी सुरक्षित शहर बनाउनु<br>▪ विभिन्न क्षेत्रमा लगानी आकर्षित गर्न नसक्नु |

## ४.४ नगर विकासको अग्रणी क्षेत्र

हरेक नगरपालिकाहरुको आ-आफ्नै महत्व र विशेषता रहेको हुन्छ । उपलब्ध साधन र श्रोतको अवस्थाले गर्दा हरेक नगरपालिकाहरुको आफ्नै विशिष्ट क्षमता हुने गरेको छ । विभिन्न नगरपालिकाहरुमा उपलब्ध साधन र श्रोतहरुको संभावनाहरु फरक फरक हुनाले विकासका संभावनाहरु समेत फरक पर्न सक्दछन् । अग्रणी क्षेत्र पहिचान गर्ने आधार मुख्य गरी प्रत्यक्ष रुपमा संभावनासँग (Potentiality) सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि नगरपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका संभावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरिराखेको छ र भविश्यमा यी मध्ये कुन कुन क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्ने हो सोको निक्यौंल समेत गर्नु पर्ने देखिन्छ । भद्रपुरको विकासको लागि मुख्यतया कृषि, उद्योग, व्यापार-व्यवसाय, पूर्वाधार विकास लगायत नगरमा विद्यमान धार्मिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धनका साथै वातावरण सुधारतर्फ ध्यान दिनुपर्दछ । यसबाट एकातिर यस नगरपालिकालाई औधोगिक, व्यापारिक र कृषि केन्द्रको रुपमा विकास गरी वरिपरिका क्षेत्रहरुमा सेवा र सुविधाहरु पुर्‍याउने एक महत्वपूर्ण नगरपालिकाको रुपमा विकास गर्न सकिने देखिन्छ भने कृषिसँग सम्बन्धित र अन्य उत्पादन मुलक उद्योगहरुको विकास मार्फत नयाँ रोजगारीको सृजना हुने प्रचुर संभावना रहेको छ । भद्रपुर नगरपालिकाको स्थलगत अध्ययन, स्थानीयवासीहरुसँगको अन्तरक्रिया तथा छलफल र तय भएको दीर्घकालीन सोच अनुसार नगरपालिकाको मुख्यगरी २ किसिमका अग्रणी क्षेत्रहरुको पहिचान गरिएको छ । ती क्षेत्रहरु निम्न किसिमका छन्:

- कृषि
- उद्योग तथा व्यापार

भद्रपुर नगरपालिकाको अग्रणी क्षेत्रहरु तलको चित्रमा समेत देखाईएको छ:






## ४.५ ग्रामीण शहर अन्तरसम्बन्ध

### ४.५.१ भूमिका

जुनसुकै गाउँ तथा शहरहरु एक अर्कासँग सम्बन्धित भएर रहेका हुन्छन् । गाउँको उत्पादन शहरमा निर्यात गरी कुनै पनि गाउँले आर्थिक आम्दानी गर्न सक्छ र उसलाई चाहिने आवश्यक सामग्रीहरु शहरबाट आयात गर्न सक्छ । त्यसैगरी शहरले उसको जनसंख्यालाई चाहिने उपभोग्य सामग्रीहरु तथा आवश्यक श्रम शक्ति समेत गाउँबाट प्राप्त गर्दछ, जसले गर्दा शहर र गाउँ बीच एक अर्कामा अन्योन्याश्रित सम्बन्ध स्थापित रहेको छ । मानिस तथा सामानहरुको प्रवाह एक गतिशिल प्रकृया हो र यो विभिन्न तत्वहरु जस्तै: जनसंख्या र यसको वितरण, सडक, सुविधा, शहरको कार्यगत संरचना तथा श्रोत आदिमा भर पर्दछ । कार्यगत संरचनाले बजार क्षेत्रमा रहेका पसलहरुको किसिम तथा ती पसलहरुले पु¥याएको सुविधाको किसिम भन्ने जनाउछ । आवत जावतको मापन भने मागको आकार तथा दुरीमा भर पर्दछ । त्यसैगरी सामान र सुविधाहरु शहरको भौगोलिक वितरण तथा यातायात र संचारको किसिममा भर पर्दछ ।

मालसामान तथा सेवा प्राप्तिको लागि मानिसहरुको आवत जावतबाट बजार केन्द्रहरु कुनै पनि क्षेत्रमा विकसित हुन्छन् । बजार केन्द्रहरुले आफ्ना वरिपरिका समुदायहरुलाई सेवा सुविधा प्रदान गर्दछन् । मानिसहरु मालसामान, सेवा तथा रोजगारीको लागि बजार केन्द्रमा आउने गर्दछन् । तसर्थ ग्रामीण तथा शहरी सम्बन्धको प्रगाढता त्यहाँ हुने मानिस र सामानहरुको आवतजावतले संकेत गर्दछ । यस्तो आवतजावतको किसिम र मात्राले ग्रामीण शहर अन्तरसम्बन्ध तथा बजार केन्द्रहरुको यसको पृष्ठ प्रदेशसँग तुलनात्मक सम्बन्धलाई देखाउँछ । अन्तरसम्बन्ध आर्थिक, सामाजिक,

प्राविधिक, प्राकृतिक, साँस्कृतिक, शैक्षिक, राजनैतिक, मानव संसाधन आदिका आधारमा हुने गर्दछ । वस्तु तथा सेवाको प्रवाह प्रणालीलाई विभिन्न कारक तत्वहरु जस्तै: जनसंख्या परिणाम, वितरण र परिवर्तन, सडक प्रणाली, संचार, बजारको कार्य स्वरुप, संसाधनको प्रयोग र उत्पादन आदि तत्वहरुले असर गरिरहेका हुन्छन् ।




ग्रामीण शहर अन्तरसम्बन्ध र यसका

वस्तीहरु विभिन्न पदानुक्रम (Hierarchy)मा रहेका हुन्छन् । वस्तीहरुको पदानुक्रम अनुसार वस्तुहरु तथा सेवाहरुको प्रवाह गर्ने मात्रा र प्रकारमा फरक पर्दछ साथै एक आपसमा Interdependent भएका हुन्छन् । ठूलो शहरले धेरै किसिमका तथा धेरै मात्रामा वस्तु तथा सेवा प्रवाह गर्दछन् भने साना बजार केन्द्रले थोरै मात्रामा वस्तु तथा सेवा प्रवाह गर्दछन् । कुनै पनि बजारकेन्द्र तथा शहरहरुको आकारलाई त्यस स्थानले पुऱ्याउने सेवाको किसिम, त्यसको पृष्ठ प्रदेशको आकार तथा त्यसको कार्य (Function) ले निर्धारण गरेको पाइन्छ । किनभने बजार केन्द्रहरुको प्रमुख कार्य भनेको त्यसको वरिपरिको क्षेत्र वा प्रदेशलाई वस्तु तथा सेवा उपलब्ध गराउनु हो । गाउँ शहर अन्तरसम्बन्ध (Rural Urban Linkage) को अवधारणालाई माथिको चित्रमा देखाईएको छ ।

### ४.५.२ भद्रपुर नगरपालिकाको अन्तरसम्बन्ध

कुनैपनि ठाउँ/स्थान विशेषसँग त्यस वरपर रहेका वस्ती तथा बजार, शहर, गाउँपालिका, नगरपालिकाका आ-आफ्नै प्रकृतिका अन्तर-सम्बन्धहरु कायम रहेका हुन्छन् । खासगरी त्यस्ता वस्तीहरुको वितरण, त्यसको आकार, बजार केन्द्रबाट दुरीपार गर्न लाग्ने समय, यातायातका

साधनहरुको गुणस्तर एवं पूर्वाधारहरुको अवस्था, यातायातका साधनहरुको प्रकार, यातायात साधनहरुको पर्याप्तता एवं पहुँच, यात्रागर्दा लाग्ने खर्च, उपलब्ध सेवा र सुविधाहरुको वितरण, एवं त्यहाँ उपलब्ध हुने सामान र सेवाहरु तथा त्यस्ता वस्तुहरुको गुणस्तर आदिले पनि निर्धारण गरिरहेको हुन्छ । भद्रपुर नगरपालिकालको अन्य वस्ती, बजार केन्द्र, शहर, गाउँपालिका र नगरपालिकाहरुसँगको अन्तरसम्बन्धको कुरा गर्दा मुख्यतया तीनवटा अन्तरसम्बन्धहरुलाई बिशेष जोड दिनु पर्ने हुन्छ । ती हुन्: पहिलो- भद्रपुरको सामाजिक, धार्मिक र साँस्कृतिक अन्तरसम्बन्ध, दोस्रो- भद्रपुरले दिने विभिन्न सेवाहरु (प्रशासनिक, शिक्षा, स्वास्थ्य आदि) र तेस्रो- अन्य बजार/बस्ती र शहरहरुसँग यसको व्यापारिक र आर्थिक अन्तरसम्बन्ध । सोही अनुरुप भद्रपुर नगरपालिकाको अन्तरसम्बन्ध जोडिएका गापा/नपा/वस्तीहरु, बजार एवं वरिपरिका जिल्ला लगायत पूर्वी तराईका ठूला शहरहरुबीच फरकफरक प्रकृतिमा हुनेगरेको छ भने यसको अन्तरसम्बन्धको दायरामा पनि विविधता पाइन्छ ।

भद्रपुर राजवंशी, सन्थाल/सतार जस्ता आदिवासी समुदायहरुको बसोबास रहेको नगरपालिका पनि हो । यी समुदायहरु झापा र मोरङ्ग जिल्लाका केही स्थानहरुमा मात्र पाईन्छ । यिनीहरुको आफ्नै विशेष प्रकारको रीतिरिवाज, पर्व, संस्कृति रहेको छ । जसले गर्दा यी समुदायहरुको मोरङ र झापा जिल्लाका अन्य स्थानहरुमा बस्ने राजवंशी र सन्थाल/सतार जस्ता समुदायहरुसँग सामाजिक, धार्मिक र साँस्कतिक अन्तरसम्बन्ध रहेको छ । दशै, तिहार, माघे संक्रान्ति जस्ता चाडपर्वहरुमा भद्रपुर र आसपासका क्षेत्रमा लाग्ने मेलाहरु यी आदिवासी समुदायका मानिसहरु टाढाबाट समेत मेला भर्न आउने गरेका छन् । त्यसैगरी भद्रपुर नगरपालिकामा मारवाडी, बगांली र मुस्लिम समुदायका मानिसहरुको समेत बसोबास रहेको छ । यी समुदायका मानिसहरुको सम्बन्ध भद्रपुर नगरपालिका भन्दा बाहिर र छिमेकी मुलक भारतमा बसोबास गर्ने समुदायहरुसँग समेत रहेको देखिन्छ । भद्रपुर नगरपालिकाको वडा नं १, २, ३ र ८ मा लिम्बु, राई र गुरुङ जस्ता जनजाती समुदायहरुको समेत बाक्लो बसोबास रहेको छ । यी समुदायहरु पुर्वी तराईका ईलाम, पाँतथर, ताप्लेजुङ, धनकुट्टा, तेऱ्हथुम जस्ता पहाडी जिल्लाहरुबाट बसाई सरी आएका हुनाले उक्त समुदायका मानिसहरुको सामाजिक र साँस्कृतिक अन्तरसम्बन्ध पूर्वी पहाडी जिल्लाहरुसँग समेत रहेको पाईन्छ । त्यसैगरी भद्रपुरमा बसोबास गर्ने केही मानिसहरु उत्तर पूर्वी भारतीय क्षेत्रबाट (दार्जीलिङ, कालिङ्पोङ, सिक्किम, आसाम, मनिपुर आदि क्षेत्रबाट) बसाईसरी आएका र उनीहरुको आफन्त, नातागोता समेत उक्त

क्षेत्रहरुमा रहेको र हालसम्म वैवाहिक सम्बन्ध रहेकोले भद्रपुरको सामाजिक र साँस्कृतिक अन्तरसम्बन्ध उत्तर पूर्वी भारतीय राज्यहरुसँग समेत रहेको देखिन्छ ।

भद्रपुर नगरपालिका झापा जिल्लाकै प्रशासनिक केन्द्र (सदरमुकाम) भएकोले नगरपालिकाको सम्पूर्ण जिल्लासँग प्रशासनिक र राजनैतिक अन्तरसम्बन्ध रहेको छ । अहिले पनि जिल्लावासीहरु नागरिकता, राहदानी लगायत अन्य प्रशासनिक कामको लागि भद्रपुर आउने गर्दछन् । भद्रपुर झापा जिल्लाकै दक्षिण पूर्वी क्षेत्रको पुरानो शहर, नगरपालिका र बजार केन्द्र हो । भद्रपुर नगरपालिका वरीपरी रहेका कचनकवल गाउँपालिका, हल्दिवारी गाउँपालिका लगायत जलथल, बनियानी, वालुवाडी, पथरिया, पाठामारी, डाँगाबारी, घेरावारी जस्ता झापा जिल्लाका दक्षिणी क्षेत्रमा वासीन्दाहरुको किनमेल र बिक्री वितरण गर्ने मुख्य थलो भद्रपुर नगरपालिका नै हो । त्यसैगरी नगरपालिकाको उत्तरी क्षेत्रमा रहेका घोडामारा, पुहातुवारी, ज्यामिरगढी लगायत मेची नगरपालिकाका दक्षिणी क्षेत्रहरुका वासिन्दाहरुको किनमेल र बिक्रीको प्रमुख बजार पनि भद्रपुर नै हो । यी वरिरपिका वस्ती र गाउँपालिकाहरुका वासिन्दाहरुलाई आवश्यक पर्ने लत्ताकपडा, खाद्यान्न, निर्माण सामग्री, औषधी, श्रृंगार सामग्री, भाँडाकुडा, कृषि औजार, घरसायी सामग्री, ईन्धन आदी भद्रपुरबाटै जाने गरेको छ भने नगरवासीलाई आवश्यक पर्ने तरकारी, दूध र मासुका लागि चाहिने खसी बाख्रा, राँगा र सुगुरहरु पनि यसै क्षेत्रबाट आपूर्ति हुने गरेको छ जसले गर्दा वरिपरिका वस्ती/गापा/नपाहरुसँग भद्रपुर बजारको अन्तरसम्बन्ध प्रगाढ र निकट रहेको पाइन्छ । त्यसैगरी भद्रपुर नगरपालिकामा बसोबास गर्ने मानिसहरुको लागि आवश्यक पर्ने लत्ताकपडा, तरकारी, खाद्यान्न, निर्माण सामग्री, औषधी, श्रृंगार सामग्री, ईन्धन आदी बिर्तामोड, बिराटनगर, काठमाण्डौ र भारतीय बजारबाट आउने गरेका छ । भद्रपुरमा प्रशस्त चिया बगानहरु र चिया उद्योग छन् त्यसैगरी नगरपालिकामा सिमेन्ट उद्योग, ग्यास रिफिलिङ प्लान्ट, धान मिल आदि ठूला उद्योगहरु समेत रहेका छन् उक्त उद्योगहरुको उत्पादन देशका प्रमुख शहरहरुसम्म निर्यात हुने गरेको छ । विशेषगरी भद्रपुर नगरपालिकामा उत्पादन हुने चिया नेपालका सबै प्रमुख शहरहरुमा बिक्रीवितरण हुने गर्दछ । यस हिसाबले हेर्दा भद्रपुरको आर्थिक र व्यापारिक अन्तरसम्बन्ध नगरपालिकाका वरीपरिका गाउँ, वस्ती, गाउँपालिकामा मात्र सिमित नभै देशका प्रमुख शहरहरु, राजधानी काठमाण्डौ र भारतीय बजारसम्म फैलिएको छ ।

भद्रपुर नगरपालिका भित्र विभिन्न वडाहरुमा गरी हाल ९ वटा हाटबजार लाग्ने गरेको छ । उक्त हाटबजारमा किनमेल र बिक्री वितरणको लागि नगरवासीहरु बाहेक वरिपरि रहेका वस्तीहरु,

गाउँपालिका र ग्रामीण क्षेत्रबाट समेत मानिसहरु किनमेल र विक्री वितरणको लागि आउने गरेका छन् । आफ्ना ग्रामीण उत्पादनहरु दूध, अन्न, ताजा तरकारी, फलफूल, चौपाया, घरेल उत्पादनहरु (डोको, नाम्लो, कुचो, डोरी, आदि) यिनै हाटबजारहरुमा बिक्री गरी आफूलाई आवश्यक पर्ने सामग्री किनमेल गर्ने गर्दछन् । यसरी नगरपालिका भित्र लाग्ने हाटबजारहरु मार्फत समेत भद्रपुरको अन्तरसम्बन्ध नगरपालिका भित्रका र वरिपरिका स-साना वस्तीहरुसँग प्रगाढ र गाढा रुपमा रहेको छ ।

भद्रपुर नगरपालिकामा पूर्वी क्षेत्रकै ठूलो सरकारी मेची अन्चल अस्पताल र त्रिभुवन विश्व विद्यालय अन्तरगतको मेची बहुमुखी क्याम्पस रहेकोले भद्रपुरमा स्वास्थ्य सेवा र उच्च शिक्षाको लागि जिल्लावासी, वरिपरिका गाउँपालिका, नगरपालिका र छिमेकी जिल्लाहरुबाट समेत आउने गरेका छन् । यसरी शिक्षा र स्वास्थ्य सेवा प्रवाहको दृष्टिकोणले हेर्दा भद्रपुरको अन्तरसम्बन्ध वरिपरिका गाउँपालिका, नगरपालिका हुँदै छिमेकी जिल्लाहरुसम्म पुगेको देखिन्छ । त्यसैगरी अन्य ठाँउहरुसँगको अन्तरसम्बन्धलाई विश्लेषण गर्ने हो भने सडक र यातायातको पहुँचको कारण पूर्वी नेपालको शहरहरु दमक, विर्तामोड, काकडभिट्टा, ईलाम, उर्लावारी, ईटहरी, बिराटनगर, धरान र भारतीय सीमावर्ती शहरहरु जलपाईगुडी, सिलिगुडी, गलगलिया, ठाकुरगंजसम्म रहेको देखिन्छ ।

राजधानी भएको नाताले भद्रपुरको काठमाडौंसँग पनि प्रशासनिक अन्तरसम्बन्ध रहेको देखिन्छ । भद्रपुरका सम्पन्न र पहुँच भएका मानिसहरुको लागि उच्च शिक्षा र रोजगारको आकर्षक गन्तव्य काठमाडौं नै रहेको छ । यहाँबाट ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेका छन् । यसरी वैदेशिक रोजगारीमा जाने युवाहरु पनि काठमाडौं नै भएर जानुपर्ने वाध्यता रहेको छ । भद्रपुरको व्यापारिक अन्तरसम्बन्ध मुख्य गरेर झापाको विर्तामोड, दमक, मेचीनगर, ईलाम र बिराटनगरसँग रहेको देखिन्छ । भद्रपुरलाई चाहिने सम्पूर्ण उपभोगका सामानहरु लगायत निर्माण सामग्री, लत्ताकपडा, भाँडाकुडा र औषधीहरु झापाको बिर्तामोडबाट नै आपूर्ति हुँदै आएको छ भने भद्रपुरमा उत्पादित कृषि जन्य उत्पादनहरु पनि बिर्तामोड हुदै देशका अन्य शहरहरु तर्फ जाने गरेको छ । नगरपालिकालाई आवश्यक पर्ने केही तरकारीहरु ईलामबाट र अन्य केही सामानहरु बिराटनगर र काठमाण्डौबाट आयात हुने देखिएतापनि भद्रपुरको सबैभन्दा गाढा र निकट व्यापारिक अन्तरसम्बन्ध चाँहि बिर्तामोडसँग रहेको देखिन्छ । भद्रपुरलाई चाहिने आवश्यक जनशक्तिहरु (कृषि मजदुर, डकर्मी र सिकर्मीहरु) पनि हाल वरिपरिका ग्रामीण भेग र भारतीय सीमावर्ती वस्तीहरुबाट आपूर्ति हुन थालेको कुरा स्थानीय जानिफकारहरुले बताएका छन् ।

हाल भद्रपुरलाई भारतीय सिमावर्ती बजारसँग जोडने मेची नदीमा पक्की पुलको निर्माण अन्तिम चरणमा पुगेको छ । मेची नदीमा पुल निर्माणले भद्रपुरलाई भारतीय बजारसँग जोडने छ भने भद्रपुर अन्तरदेशीय व्यापारिक नाकाको रुपमा समेत बिकसित हुने देखिन्छ । भद्रपुरबाट बंगलादेशको सिमा समेत नजिक (करिब २२ किमि) पर्ने भएकोले पुल निर्माण पश्चात भद्रपुरमा रहेको भन्सारको स्तरोउन्नती भएमा भद्रपुरको व्यापारिक अन्तरसम्बन्ध छिमेकी देशहरुसँग समेत बढ्ने देखिन्छ । भद्रपुरबाट झापाको गौरीगंज हुँदै रंगेली जोडने हुलाकी राजमार्गको निर्माण भैरहेको छ । भद्रपुर रंगेली हुलाकी राजमार्गहुँदै बिराटनगर जाने यो सडकमा पर्ने ठूला नदीहरुमा पुल (बिरिङ, कन्काई, रतुवा) निर्माणको काम समेत धमाधम भैरहेको छ । उक्त राजमार्गको निर्माण पश्चात भद्रपुरको बिराटनगरसँग सिधा सम्पर्क स्थापित हुने देखिन्छ भने भद्रपुरबाट बिराटनगर जाने हालको दुरी समेत छोटो हुने देखिन्छ । त्यसैले भविश्यमा मेची पुल निर्माण पश्चात भद्रपुर नाकाबाट भित्रिने मालवाहक सवारीहरु हुलाकी राजमार्ग हुँदै बिराटनगर प्रवल संभावना रहेको छ । त्यसैगरी हाल चारआली केचना हुलाकी राजमार्गको समेत स्तरोउन्नती भैरहेको र उक्त राजमार्गको निर्माण पश्चात भद्रपुरको अन्तरसम्बन्ध जिल्लाका दक्षिणी र उत्तरी क्षेत्रहरुसंग अझ प्रगाढ हुने देखिन्छ । भद्रपुर नगरपालिकाको अन्य शहर, गाउँपालिका, नगरपालिका र वस्तीहरुसँगको अन्तरसम्बन्ध तलको चित्रमा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।


ईलाम
७३ किमि
महेन्द्र राजमार्ग
महेन्द्र राजमार्ग
दमक
विर्तामोड
चारआली
धुलावारी (मेचीनगर) नपा
१७ किमि
१४ किमि
ज्यामिरग
हल्दीवारी गाउँपालिका
चन्द्रगढी
भद्रपुर-गौरीगंज-रंगेली हुरा
१५ किमि
गलगलिया
जलथल
बनियानी
महेशपुर
पृथ्वीनगर
बालुबाडी
डाँगाबारी
पाठामारी

कचनकवल गाउँपालिका

**भद्रपुर नगरपालिकाको अन्य शहर, नगरपालिका/गाउँपालिका र वस्तीहरुसँगको अन्तरसम्बन्ध**

## ४.६ सामाजिक विश्लेषण

### ४.६.१ जनसंख्या

भद्रपुर नगरपालिकाको वर्तमान सामाजिक अवस्थाबारे माथि खण्ड ३ मा नै चर्चा गरिएको छ । यस खण्डमा सामाजिक अवस्थाको विष्लेषण गर्ने प्रयास गरिएको छ । प्रदेश नं १ को झापा जिल्लामा अवस्थित भद्रपुर नगरपालिका नेपालको जेठो नगरपालिका मध्यको एक नगरपालिका हो । वि.सं. २००८ सालमा स्थापना भएको यो नगरपालिकामा २०३८/३९ सालमा चन्द्रगढी र महेशपुर गाविसको केही वडाहरुलाई एकीकृत गरी १५ वडामा विभाजन गरिएको थियो । वि.स. २०७१ सालमा चन्द्रगढी र महेशपुर दुबै गाविसहरु तत्कालिन भद्रपुर नगरपालिकामा समावेश गरी १५ वटै वडामा विभाजित गरिएको थियो भने २०७३ को राज्य पुनरसंरचनाले साविकको पृथ्वीनगर गाविसलाई समेत समावेश गरी १० वटा वडाहरुमा विभाजन गरिएको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार तत्कालिन भद्रपुर नगरपालिकाको जनसंख्या १८१६४ रहेको थियो । हालै गरिएको स्थानीय तह पुनरसंरचनामा साविक भद्रपुर नगरपालिकामा साविकको पृथ्वीनगर गाविसलाई समेत गाभियो जस अनुसार हाल भद्रपुर नगरपालिकाको जनसंख्या ६५,५३३ हुन गएको छ । जसअनुसार यस नगरपालिकामा पुरुषको संख्या ३०,९५८ (४७.२%) र महिलाको संख्या ३४,५७५ (५२.८%) रहेको छ भने कूल घरधुरी संख्या १५,२७० रहेको छ ।

नेपालको जनसंख्या वृद्धिदर राष्ट्रिय जनगणना २०६८ अनुसार १.३५% छ भने भद्रपुर नगरपालिकाको जनसंख्या वृद्धिदर १.५३% रहेको छ । यसले पनि के देखाउछ भने भद्रपुर नगरपालिकाको जनसंख्या क्रमश वृद्धि हुँदै गैरहेको छ । तर बैदेशिक रोजगार लगायत उच्च शिक्षा, रोजगारी र नयाँ अवसरको खोजिमा नगरपालिकाबाट बाहिर जाने मानिसहरु पनि उल्लेख्य रुपमा रहेका छन । राष्ट्रिय जनगणना २०६८ को बसाईसराईको तथ्याङ्कलाई हेर्दा भद्रपुर नगरपालिकाबाट अन्यन्त्र जाने मानिसहरुको संख्या ९.८% रहेको देखिन्छ जुन निक्कै बढी हो । नगरपालिकामा गाभिएको साविक पृथ्वीनगर गाविसमा वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या उच्च रहेको छ ।

### ४.६.२ जनसंख्याको प्रक्षेपण

राष्ट्रिय जनगणना २०५८ र २०६८ को जनसंख्यालाई विश्लेषण गरेर हेर्दा भद्रपुर नगरपालिकाको जनसंख्या १.५३% को दरले वृद्धि भएको देखिन्छ । यसै वृद्धिदरलाई आधार मानेर हेर्दा भद्रपुर नगरपालिकाको जनसंख्या वि.स. २०७८ मा ७६,२७९ र वि.स. २०८८ मा ८८,७८७ पुग्ने देखिन्छ भने २५ बर्षपछि बि.स. २०९८ मा यस नगरपालिकाको जनसंख्या बढेर १०३,३४६ पुग्ने देखिन्छ । हाल भद्रपुर नगरपालिकाको जनसंख्या वृद्धि उच्च नभएपनि यसै वृद्धिदर कायम रहेका २५ बर्ष पछि यस नगरपालिकाको जनसंख्या एक लाख भन्दा बढी पुग्ने देखिन्छ । अहिले भद्रपुरको नेपाल भारत सीम स्थित मेची नदिमा पुल बनिरहेको, विमानस्थल र अस्पतालको स्तरोउन्नती हुन गैरहेको, संघन शहरी कार्यक्रम अन्तरगत रणनैतिक सडकहरु कालोपत्रे भैरहेको, भद्रपुर-राजगढ-गौरीगंज-बिराटनगर हुलाकी राजमार्गको निर्माण कार्य प्रारम्भ भएको, चारआली-केचना हुलाकी राजमार्गको निर्माण भैरहेको र नेपाल सरकारबाट पनि भद्रपुर नगरपालिकाको पूर्वाधार विकासमा थप लगानी गर्ने घोषणा भएकोले भविश्यमा भद्रपुर पूर्वी नेपालकै आर्थिक केन्द्र बन्ने देखिन्छ भने शहरी पूर्वाधारहरुको विकासले बसोबासको लागि उपयुक्त शहर बन्ने पनि संभावना रहेको छ । जसले गर्दा भविश्यमा भद्रपुर नगरपालिकामा सामाजिक तथा आर्थिक अवसरको खोजी र शहरी सुविधाको लागि ग्रामीण भेगबाट मानिसहरु बसाई सरी आएमा यहाँको जनसंख्या वृद्धिदर उच्च हुन गै यस प्रक्षेपणमा प्रस्तुत गरिएको भन्दा पनि बढी जनसंख्या हुन सक्ने संभावना रहेको छ । भद्रपुर नगरपालिकाको जनसंख्याको प्रक्षेपण तलको डायग्राममा प्रस्तुत गरिएको छः

**तालिका ४.२: भद्रपुर नगरपालिकाको जनसंख्याको प्रक्षेपण**

| बर्ष | जनसंख्या |
|---|---|
| २०५८ | ५६८४१ |
| २०६८ | ६५५३३ |
| २०७८ | ७६२७९ |
| २०८८ | ८८७८७ |
| २०९८ | १०३३४६ |

वृद्धिदरः १.५३

स्रोत: राष्ट्रिय जनगणना २०५८ र २०६८




### ४.६.३ शिक्षा

शैक्षिक सुविधा र शिक्षाका पूर्वाधारहरुको अवस्थालाई हेर्दा हाल भद्रपुर नगरपालिकाको शिक्षाको अवस्था राम्रो रहेको देखिन्छ । पंचायत कालदेखि नै स्नातकोत्तरसम्म अध्यापन हुने त्रिभुवन विश्वविद्यालय अन्तरगतको मेची बहुमुखी क्याम्पस भद्रपुरमा रहेकोले भद्रपुर नगरपालिका बिगत देखि नै जिल्लाको एक प्रमुख शैक्षिक केन्द्रको रुपमा रहेको छ । बिगतमा झापा जिल्लाबाट मात्र नभएर ईलाम, पाँचथर र ताप्लेजुङबाट समेत विद्यार्थीहरु यस क्याम्पसमा पढन आउने गरेका थिए । तर प्रजातन्त्रको उदयसँगै जिल्लाका अन्य स्थानहरुमा निजी र सरकारी क्याम्पसहरु खुलेसँगै हाल मेची क्याम्पसमा पढ्ने विद्यार्थीहरुको संख्या प्रत्येक बर्षजसो घटिरहेका छन् । तत्कालिन भद्रपुर नगरपालिकामा गाभिएका साविस महेशपुर, चन्द्रगढी र पृथ्वीनगर गाविसलाई समेत जोडेर समग्रमा हेर्दा पनि भद्रपुर नगरपालिकाको साक्षरता ७६.९% रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार झापा जिल्लाको साक्षरता ७५.१% र नेपालको साक्षरता ६५.९% रहेको छ । यसरी जिल्ला र देशको साक्षरतासँग तुलना गरेर हेर्दा भद्रपुर नगरपालिकाको साक्षरता बढी नै रहेको देखिन्छ । यी तथ्याङ्कहरुले पनि भद्रपुर नगरपालिकाको शैक्षिक स्तर राम्रो रहेको कुरालाई थप प्रमाणित गर्दछन् ।

हाल भद्रपुर नगरपालिकामा सरकारी र निजी गरी कुल ६८ वटा विद्यालहरु रहेका छन् । जसमा १० वटा वाल विकास केन्द्र र ३ मदरसा रहेका छन् भने सरकारी र निजी गरी कुल २२ वटा प्राथमिक

विद्याहरु रहेका छन् । त्ससैगरी ७ वटा सरकारी र ७ वटा निजी निम्न माध्यमिक विद्यालयहरु रहेका छन् । भद्रपुर नगरपालिकामा हाल ५ वटा सरकारी माध्यमिक विद्यालय र १० वटा निजी माध्यमिक विद्यालयहरु रहेका छन् । निजी र सरकारी गरी कुल ४ वटा उच्च माध्यमिक विद्यालयहरु रहेका छन् । हिमाली उच्च मावि, अरनिको उच्च मावि, भद्रपुर उच्च मावि, बिरेन्द्र उच्च मावि नगरपालिकाका सरकारी सरकारी उच्च माविहरु हुन् । नगरपालिकाको प्रत्येक क्षेत्रमा सरकारी र निजी उच्च माविहरू भएकोले नगरपालिकाका युवा युवातीहरुलाई आफ्नै घर गाउँ नजिकै उच्च माविको अध्ययन सहज रुपमा उपलब्ध छ । तर भद्रपुर नगरपालिकामा हालसम्म पनि प्राविधिक शिक्षालय र पोलीटेक्नीकल ईन्स्टीच्यूटको भने अभाव रहेको छ ।

भद्रपुर नगरपालिकामा हाल एक नर्सिङ क्याम्सप (मदन भण्डारी मेमोरियल) समेत रहेको छ । यस नरसिंह क्याम्पसमा भद्रपुर नगरपालिकाका अलावा कचनकवल गाउँपालिका, हल्दीवारी गाउँपालिका लगायत जिल्लाका अन्य ग्रामीण भेगबाट युवतीहरु नर्सिङ पढ्न आउने गरेका छन् । शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारलाई हेर्दा वडा नं १ मा अवस्थित हिमाली उमाविको नयाँ २ तल्ले पक्की भवन रहेको छ भने वडा नं २ को सुर्यनगरमा रहेको अरनिको उमाविको पनि नयाँ भवन निर्माणधीन रहेको छ । तर भद्रपुर नगरपालिको बजार क्षेत्रमा रहेको यस क्षेत्रकै पुरानो भद्रपुर उमाविको भवन भने जीर्ण भएकोले नयाँ भवन निर्माण गर्नुपर्ने देखिन्छ । त्यसैगरी वडा नं १० मा रहेको वीरेन्द्र उमाविको भवन पनि पुरानो भएकोले मर्मत संभार गर्नुपर्ने देखिन्छ । नगरपालिकाका सबै वडाहरुमा विद्यालयको सहज पहुँच रहेको छ । तर पनि केही विद्यालयहरुमा छात्रामैत्री शौचालयको अभाव रहेको छ भने केही विद्यालयहरुमा खानेपानी सहज पहुँच हालसम्म हुन सकेको छैन ।

### ४.६.४ स्वास्थ्य

स्वास्थ्य सेवाको दृष्टिकोण भद्रपुर नगरपालिका सवल रहेको देखिन्छ । नगरपालिकामा १०० शैयाको सरकारी अस्पताल, १०० शैयाको निजी अस्पताल, ३ वटा प्राथमिक स्वास्थ्य चौकी, १ ईलाका स्वास्थ्य चौकी, जिल्ला आयुर्वेदिक अस्पताल, निजी क्लिनक र औषधी पसलहरुमा अलावा नगरपालिका भित्र विभिन्न संस्था र सामुदायिक संस्थाहरुबाट संचालित एम्वुलेन्स सेवाहरु समेत रहेका छन् । यसका अलावा छिमेकी विर्तामोड नगरपालिकामा सुविधा सम्पन्न वि. एण्ड सी. अस्पताल र मेची आँखा अस्पताल समेत भएकोले भद्रपुरवासीले सहज रुपमा स्वास्थ्य सेवा उपभोग गर्न पाएको देखिन्छ । नेपाल सरकारको लगानीमा मेची अंचल अस्पतालको स्तरोन्नती भैरहेको,

अस्पतालको नयाँ भवन निर्माण भैरहेको, डायलासिस सेवा र अन्य संघन उपचार सेवाको समेत शुरुवात भएकोले भविश्यमा नगरवासीलाई सहज र सुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध हुने देखिन्छ ।

संघन उपचारको लागि भने अहिले पनि भद्रपुर वासीहरु बिर्तामोड स्थित बि एण्ड सी मेडिकल कलेज, बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, नोबेल अस्पताल बिरानगर या भारतको सिलिगुडी र काठमाडौं जानो गर्दछन् । नगरपालिकामा ग्रामीण भेगमा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र र ईलाका स्वास्थ्य चौकीमा भने स्वास्थ्य उपकरण र दक्ष चिकित्सकको अभावमा स्तरीय सेवाहरु प्रदान हुन सकेको देखिदैन । नगरपालिकाको उच्च शैक्षिक स्तर, उच्च सामाजिक चेतना र तुलनात्मक रुपमा सवल आर्थिक अवस्थाको कारणले गर्दा नगरवासीहरुको स्वास्थ स्थिति वरिपरिका छिमेकी गाउँपालिकाहरुको भन्दा राम्रो रहेको देखिन्छ ।

### **४.६.५ सामाजिक विविधता, महिला सहभागित र विकास**

भद्रपुर सामाजिक विविधता भएको नगरको रुपमा परिचित छ । हाल नगरपालिकामा ३२ भन्दा बढी जात/जातिहरुको बसोबास रहेको पाईन्छ । यहाँ कुनै एक जातिको बाहुल्यता रहेको नभएतापनि सबैभन्दा बढी पहाडी ब्राम्हण जातिका मानिसहरु रहेका छन् जसको संख्या १३७४७ (२१%) रहेको छ । त्यसैगरी दोस्रो र तेस्रो धैरै स्थानमा क्रमश राजवंशी (१४.७%) र क्षेत्री (१०.८%) जातिका मानिसहरु रहेका छन् । भद्रपुर नगरपालिकामा ८.४% लिम्बुहरु रहेका छन् । सन्थाल जातिहरु बिशेष गरेर साविक महेशपुर बसोबास गर्ने गर्दछन् र उनीहरुको संख्या ४.५% रहेको छ । राई, लिम्वु र गुरुङ र तामाङ यहाँक मुख्य जनजातीहरु हुन् । साविक पृथ्वीनगर गाविसमा राई र लिम्वुहरुको बाक्लो बसोबास रहेको छ । त्यसैगरी राजवंशी, सन्थाल र माझी यहाँका प्रमुख आदिवासीहरु हुन् । तर यी जनजाती र आदिवासीहरुको आफ्नो संस्कृति, भेषभुषा, धर्म र भाषा क्रमश लोप हुँदै गैरहेकोले नगरपालिकाको नगरपालिका भित्र उपयुक्त स्थान चयन गरी एक जनजाति र एक आदीवासी संग्राहलयको स्थापन गर्ने सकेको खण्डमा नगरपालिका भित्र बसोबास गर्ने आदिवासी र जनजातीहरुको धर्म, संस्कृतिको र भाषाको जगेर्ना हुने थियो भने उक्त संग्राहलयलाई पर्यटकिय स्थलको रुपमा समेत विकास गर्न सक्ने संभावना रहेको छ ।

भद्रपुर नगरपालिकाले महिला विकासमा निक्कै राम्रो प्रगति गरेको देखिन्छ । नगरपालिकाको सामाजिक र भौतिक विकासको क्रममा महिला सहभागिता उत्साहजनक रुपमा हुने गरेको छ भने हालैका बर्षहरुमा महिलाहरु नगदेवाली र फलफूल, आयमुलक व्यवसाय लगायत अन्य आर्थिक गतिविधिमा समेत संलग्न हुन थालेका छन् । महिलाहरुको घरायसी निर्णयमा पनि महत्वपूर्ण भूमिका देखिन थालेको छ । आमा समूह, बचत तथा सहकारी समूह, उपभोक्ता समूहमा महिला सहभागिता उत्साहजन रहेको देखिन्छ भने हाल स्थानीय राजनीतिमा समेत महिला सहभागिता उत्साहजन रुपमा रहेको पाईन्छ ।

### ४.६.६ धार्मिक र साँस्कृतिक अवस्था

सामाजिक विकास अन्तर्गत धार्मिक, साँस्कृतिक र खेलकुद लगायतका कृयाकलापको विकासलाई समेत समावेश गरिएको छ । नगरपालिकामा हिन्दू धर्म मान्ने मानिसहरुको बाहुल्यता भएतापनि यहाँ बौद्ध, किराँत, मुस्लिम र ईसाई धर्म मान्ने मानिसहरु समेत रहेका छन् । यस हिसाबले हेर्दा भद्रपुर धार्मिक र साँस्कृतिक विविधता भएको नगरपालिका हो । नगरपालिकाको वडा नं २ मा रहेको कमलधाप नगरपालिकाको धार्मिक सहिष्णुताको उत्कृष्ट नमुनाको रुपमा रहेको छ । कमलधापमा १८ जातजाति र सवै धर्मका मठ मन्दिरहरु एकै ठाउँमा रहेको यस स्थानको पर्यटकीय महत्व समेत रहेको छ । हिन्दू धर्मावलम्बीहरुले मुख्यतया: बडा दशै, शुभ दिपावाली, तीज, छठ, होली, सिरुवा, गाई जात्रा तथा साकेला जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । क्रिस्चियन समुदायहरुले क्रिसमस डे मुस्लिम समुदायले इदुल फ्रिद इद र बकरिद एवं बौद्ध धर्मावलम्बीहरुले बुद्ध पूर्णिमा जस्ता चाडपर्वका साथै जाति विशेष अनेक चाडवाड आ-आफ्नै परम्परा र संस्कृति अनुसार मनाउने गरेको पाइन्छ । नगरपालिकाका विभिन्न वडा र टोलहरुमा स्थानीयवासीहरुले सामुदायिक भवन निर्माण गरेका छन् । जहाँ विवाह, व्रतबन्ध, होम, सप्ताह पुराण, योग, सामुदायिक भेला, छलफल आदि जस्ता सामाजिक कार्यहरु नियमित रुपमा हुने गरेको छ । नगरपालिकाको वडा नं २ स्थिति देउनीया खोला किनार, वडा नं ४ स्थिति रंगेडाँडा, वडा नं १० को कलवलगुडी स्थित देउनीया खोला किनार, घोडामारा स्थित घोडामारा खोला किनार, मेची नदि किनारमा विभिन्न जात र धर्मका मानिसहरुको दाहसंस्कार स्थल रहेको छ । मुस्लिम समुदायले भने भद्रपुर नगरपालिकाको बजार क्षेत्रमा रहेको मस्जिदहरुमा अन्तिम संस्कार गर्ने गरेका छन् ।

यस नगरपालिकाको सामाजिक विकास योजना तर्जुमा गर्दा निम्न लिखित निर्देशक सिद्धान्तहरु आधार मानिएको छ:

- दिगो विकास तथा गरिबी न्यूनिकरणका लागि समावेशी सामाजिक परिचालनलाई माध्यम बनाई कार्यक्रम संचालन गरिनेछ ।
- लक्षित वर्गको सामाजिक, आर्थिक विकासका लागि प्राथमिकता प्रदान गरिनेछ ।
- सामाजिक सुरक्षाका लागि कार्यक्रमहरु तर्जुमा गरी आवश्यक सुरक्षा प्रदान गरिनेछ ।
- रोजगार र स्वरोजगार प्रवर्द्धन कार्यक्रम संचालन गर्न स्थानीयवासीलाई उत्प्रेरित गरिनेछ ।
- प्रभावकारी सेवा प्रवाहको सुनिश्चिता गर्दै दिगो विकास र प्रवर्धनमा जोड दिइनेछ ।

## ४.७ आर्थिक अवस्थाको विश्लेषण

विगतमा भद्रपुर पूर्वी नेपालकै पुरानो व्यापारिक नगरको रुपमा रहेको थियो । भारतीय सीमाबाट नजिक रहेको भएतापनि मेची नदिमा आवत जावतको लागि पुल नभएको र महेन्द्र राजमार्गको निर्माण पश्चात काकडभिट्टा ठूलो नाकाको रुपमा विकास भएपछि भने भद्रपुरको व्यापार र व्यवसाय क्रमश: ओरालो लाग्न थाल्यो । तर पनि भद्रपुर झापा जिल्लाको दक्षिण पूर्वी क्षेत्रको मुख्य बजार केन्द्रको रुपमा अझैसम्म स्थापित रहेको छ । जिल्लाको सदरमुकाम, विमानस्थल, अंचल अस्पताल, स्नातकोत्तरसम्म अध्यापन हुने सरकारी क्याम्पस लगायत अन्य शहरी पूर्वाधारहरुको सुविधाले गर्दा हालैका बर्षहरुमा भद्रपुरमा बसाईसरी आउने मानिसहरुको क्रम क्रमश: बढ्दै गैरहेको छ । नगरपालिका क्षेत्र भित्र प्रशस्त चिया बगानहरु, ठूला चिया उद्योगहरु, आधुनिक राईस मिल, सिमेन्ट उद्योग, ईटा भट्टा, गार्मेन्ट उद्योग जस्ता ठूला उद्योगहरु लयागत थुप्रै साना तथा घरेलु उद्योगहरु समेत संचालनमा रहेका छन् । भद्रपुर यस क्षेत्रकै मुख्य बजार केन्द्र भएकोले भद्रपुर र चन्द्रगढीमा व्यापार तथा व्यवसाय पनि राम्रोसँग फस्टाएको देखिएको छ । यस हिसाबले हेर्दा भद्रपुरको मुख्य आर्थिक स्रोत व्यपार व्यवसाय र उद्योग नै रहेको देखिन्छ । तर नगरपालिकाको क्षेत्र विस्तार र स्थानीय तह पुनरसंरचनासँगै भद्रपुरमा साविक महेशपुर र पृथ्वीनगर गाविसहरु समेत मिसिन पुगेपछि भने नगरपालिकामा कृषि पनि मुख्य आर्थिक स्रोतको रुपमा देखा परेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कलाई विश्लेषण गर्दा भद्रपुर नगरपालिकामा तालिम प्राप्त कृषि, वन र मत्स्य कामदार पेशामा संलग्न मानिसहरुको संख्या सबैभन्दा बढी भएता पनि केवल केवल २६.९% मानिसहरु मात्र उक्त पेशामा संलग्न रहेका छन् । यसको मुख्य कारण पुरानो नगरपालिकाको पुरै क्षेत्र

र साविक चन्द्रगढी गावसिको बजार क्षेत्रका मानिसहरु व्यापार व्यवसाय र जागिरमा संलग्न रहनु नै हो । दोस्रो ठूलो पेशामा सेवा र विक्री कामदार रहेको छ जहाँ १९.१% मानिसहरु संलग्न रहेका छन् । त्यसैगरी साधरण पेशामा संलग्न मानिसहरु १४.३% र कालिगढ पेशामा १३.८% मानिसहरु संलग्न रहेका छन् । व्यवसायिक, प्राविधिक/सह-व्यवसायिक, मेशिनरी प्राविधिक पेशामा संलग्न मानिसहरु भने क्रमश: ६.६%, ४.४% र ४.१% रहेका छन् ।

भद्रपुरको रणनैतिक अवस्थिति, उत्तर दक्षिण (चारआली-केचना) मेची राजमार्ग, पूर्व पश्चिम (भद्रपुर-रंगेली) हुलाकी राजमार्ग र भारतीय सिमानाकाबाट नजिक भएकोले मेची नदिमा निर्माणधीन पुलको निर्माण सम्पन्न पश्चात नगरपालिकाले लगानीको उचित वातावरण निर्माण गर्न सकेको खण्डमा नयाँ उद्योगहरु आकर्षित हुने सक्ने ठूलो संभावना रहेको छ । हाल मेची पुल निर्माणको अन्तिम चरणमा पुगेको, नदी पारि करिब १.५ किमि को दुरीमा (गलगलिया) भारतीय रेल स्टेसन रहेको, पूर्व पश्चिम हुलाकी राजमार्ग र उत्तर दक्षिण मेची राजमार्गको स्तरोउन्नती भैरहेकोले भद्रपुरमा उद्योग तथा व्यापारको प्रचुर संभावना रहेको छ भने उद्योग तथा व्यापारबाट स्थानीय मानिसहरुले रोजगारीको नयाँ अवसरहरु पाउने देखिन्छ । मेची पुलको निर्माण पश्चात भद्रपुरमा अन्तरदेशीय व्यापार समेत बढ्ने देकिन्छ त्यसैले हाल भद्रपुरमा भैरहेको छोटी भन्सारको स्तरोउन्नती गरी आधुनिक सुख्खा बन्दरगाहको निर्माण गर्न सकेको खण्डमा भद्रपुर नगरपालिकाले आयात निर्यातबाट ठूलो आर्थिक लाभ लिन सक्ने देखिन्छ । भद्रपुरमा निर्माणधीन मेची पुलबाट तेस्रो देश बंगलादेश समेत नजिक पर्ने भएकोले आवश्यक पूर्वाधार निर्माण हुन सकेको कण्डमा भद्रपुर पूर्वकै प्रमुख व्यापारिक नाकाको रुपमा विकास हुने सक्ने प्रवल संभावना रहेको छ ।

हाल भद्रपुरमा संचालित उद्योगहरु मध्ये केही ठूला उद्योगहरुले स्थानीय युवाहरुलाई रोजागर समेत प्रदान गरिरहेको छ । केही बर्ष अगाडीसम्म संचालनमा रहेको मोमेन्टो एपरल्सले ठूलो संख्यामा रोजगारी प्रदान गरको भएतापनि हाल उक्त उद्योग बन्द भएकोले यस उद्योगलाई पुन संचालन गर्न सकेको खण्डमा भद्रपुरको आर्थिक विकास ठूलो योगदान हुने थियो । भद्रपुरमा कृषिमा आधारित चिया र आधुनिक धान मिलहरु समेत रहेका छन् । उक्त उद्योगहरुले समेत स्थानीय मजदुरहरुलाई रोजगार प्रदान गरिरहेका छन् । नगरपालिकामा ग्रामीण वस्तीहरुमा सिंचाई सुविधा, आधुनि कृषि औजार, बिउ, कृषि प्राविधिक, तालिम, औषधी, मल, सुलभ कृषि ऋण र बजारको उचित व्यवस्था गर्ने सकेको खण्डमा व्यवसायिक कृषि, फलफूल, नगदेवाली र दूग्ध उत्पादनबाट स्थानीय कृषकहरु र नगरपालिकाले ठूलो आर्थिक लाभ लिन सक्ने देखिन्छ ।

भद्रपुरमा किचकबध, कमलधाप, चन्द्रगढ जस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरु, रमणीय चिया बगानहरु र सीमसार क्षेत्रहरु समेत रहेकोले पर्यटन को प्रशस्त संभावना रहेको छ । यी पर्यटकीय स्थलहरुमा पर्यटनका पूर्वाधारहरु निर्माण गर्न सकेको खण्डमा पर्टयनबाट समेत नगरपालिका र स्थानीय मानिसहरुले आर्थिक लाग लिन सक्ने देखिन्छ । भद्रपुर नगरपालिकाबाट ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा गएकोले विप्रेषण पनि नगरपालिकाको मुख्य आर्थिक स्रोत हो । यसरी विदेशबाट भित्रिने विप्रेषणको ठूलो हिस्सा घडेरी खरिद, घर निर्माण, घरयासी सामान, सवारी साधन, लत्ताकपडा आदि खरिदमा नै खर्च हुने गरेको देखिन्छ । यदि विदेश जाने स्थानीय युवाहरुलाई उद्यम र शिपमुलक तालिम दिन सकेको खण्डमा विदेशमा समेत बढी तलब पाउन सक्ने देखिन्छ भने विदेशबाट आएको रकमलाई उद्यम र आयमुलक कार्यमा खर्च गरेमा रोजगारीको नयाँ अवसरहरु सिर्जना भै नगरको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । मौद्रिक कारोबारबाट आर्थिक क्रियाकलाप प्रवर्द्धनका लागि सहयोग पुऱ्याउन स्थापित विभिन्न वैंकहरु र सहकारी संस्थाहरुबाट ऋण लिएर उद्योग व्यवसाय संचलान गर्ने क्रममा हालैका दिनहरुका केही वृद्धि हुदै गएको छ । यसबाट केही व्यक्तिहरुले रोजगारी र आय आर्जनको अवसर पनि प्राप्त गरेका छन् ।

**४.७.१ आन्तरिक स्रोत परिचालन**

नगरपालिकाको आन्तरिक श्रोतको परिभाषा भित्र मालपोत, घर बहाल कर, व्यवसाय कर, सवारीकर, घर नक्शा पास कर, मनोरन्जन कर, विज्ञापन कर, स्थानीय सेवा शुल्क मुख्य रुपमा रहेका छन् । यसैगरी स्थानीय विकास शुल्क, दण्ड जरिवाना दस्तुर, आर्थिक अनुदान, नेपाल सरकारले तोकेको न्यूनतम तथा वस्तुगत अनुदान आदि समेतलाई नगरपालिकाको श्रोतमा समावेश गर्न सकिन्छ । यी विषयगत शिर्षकहरुका साथै प्रशासन, अनुदान, विकास अनुदान आदि समेत उल्लेखनीय आर्थिक श्रोतहरु हुन् । नगरपालिकाले आर्थिक श्रोतहरुलाई आन्तरिक तथा वाह्य गरी दुई पक्षबाट ग्रहण गरेको देखिन्छ । आन्तिरक श्रोतहरुलाई बढी भन्दा बढी परिचालन गरी बाह्य निर्भरतालाई कम गर्दै लैजाने राष्ट्रिय नीति समेतलाई दृष्टिगत गरी निम्न अनुसारका आयोजनाहरु कार्यान्वयन हुन सक्ने गरी प्रस्ताव गरिएको छ । आर्थिक विकास कार्यान्वयन पश्चात निम्न उद्देश्यहरु प्राप्त गर्ने सकिने अपेक्षा गरिएको छ ।

- मेची पुलको निर्माण सम्पन्न गरी भद्रपुर भन्सारको स्तरोउन्नती भै अन्तरदेशीय आयात निर्यात बढेको हुनेछ ।

- नगरपालिकामा औधोगिक लगानीको उचित वातावरण र औधोगिक पूर्वाधारहरुको निर्माण भै नयाँ उद्योगहरु स्थापना भएका हुनेछन् ।
- निर्माणधीन हुलाकी सडकहरुको स्तरोउन्नती भै नगरको व्यापारिक सम्बन्ध थप विस्तारित र मजबुत भएको हुनेछ ।
- भौतिक पूर्वाधारहरुको विकास तथा विस्तार भै उल्लेखनीय रुपमा रोजगारीका क्षेत्रहरुको विकास भएको हुनेछ ।
- प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक धरोधरको उचित संवर्द्धन र संरक्षण भै पर्यटन क्षेत्रलाई यथेस्ट सहयोग पुगेको हुनेछ ।
- पर्यटन सम्बन्धी पूर्वाधारहरुको विकास भै पर्यटन आवगमनमा उल्लेख्य वृद्धि भै पर्यटन क्षेत्रबाट प्रशस्त आर्थिक लाभ पुगेको हुनेछ ।
- उन्नत कृषि विकास, पशुपालन तथा नगदेवालीबाट कृषकहरुको आम्दानीको स्तर वृद्धि भएको हुनेछ ।
- सीप विकास, स्वरोजगार, घरेलु तथा लघु उद्योगबाट आय आर्जनको क्षेत्रमा यथेस्ट प्रयोग गरिएको हुनेछ।

**४.७.२ लागत सहभागिता**

विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी वहन गर्न सिकाउँछ । यसले गर्दा जनताहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भै विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । विशेषगरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी आयोजनाको निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्दतिलाई समेत दृष्टिगत गरी भविश्यमा निर्माण/संचालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यज क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकीय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत संचालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु संचालन गर्ने, व्यवसायिक तरकारी खेती, नगदेवालीको र पशुपालनका लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनीहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामुलक कार्यक्रमहरु संचालन गरी नगरवासीको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराउदै जानु पर्ने देखिन्छ ।

**४.७.३ राजश्व सुधार कार्ययोजनाका कार्यक्रमहरु**

भद्रपुर नगरपालिकाको संस्थागत आर्थिक विकासलाई समेत ध्यान दिनु आवश्यक छ । खासगरी नगरपालिकाको आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि नगरपालिकाले राजश्व सुधारका कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने देखिन्छ । राजश्व सुधारको लागि नगरपालिकाले गर्न सक्ने कार्यहरु निम्न बमोजिम हुन सक्छन् :

- व्यवसाय कर व्यवस्थित गर्ने,
- बहाल करको लगत तयार गर्ने,
- नक्शापास व्यवस्थित गर्ने,
- स्थानीय पार्क, बगैचा, पर्यटकीय क्षेत्र, पोखरी, सीमसार, खुल्ला क्षेत्र तथा मठमन्दिरको आवश्यक सुधार गरी व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता गराउने,
- जनसहभागितामा आधारित योजनाहरु संचालन गर्ने,
- सरसफाई तथा फोहर संकलन कार्यलाई व्यवस्थित गर्ने,
- कार्यालयका प्रशासनिक कामहरुलाई कम्प्युरकृत गरी थप दरबन्दी सृजना गर्न नपर्ने अवस्थामा लैजाने,
- जगेडा कोषबाट अधिकतम परिचालन हुन सक्ने योजनाहरु संचालन गर्ने,
- शहरी विकास तथा भवन निर्माण विभाग, नगर विकास कोष, जिल्ला समन्वय समिति, सडक बोर्ड लगायतका लाईन एजेन्सीहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने,

- दातृ निकाय तथा संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने आदि।

#### ४.७.४ वित्तीय विकास

नगर विकासको अवधारणालाई मूर्त रुप दिन आवश्यक पर्ने स्रोत तथा साधनको पहिचान एवं परिचालनको योजना तर्जुमा गर्ने योजना नै वित्तीय विकास योजना हो । वित्तीय विकासमा देहायका विषयहरुलाई समावेश गर्ने प्रयास गरिएको छ:

क) आन्तरिक स्रोत परिचालन र आर्थिक सवलता: नगरपालिकाले आन्तरिक स्रोतहरुको पहिचान गरी ती श्रोतहरुको बढी भन्दा बढी उपयोग गरी बाह्य निर्भरतालाई कम गर्दै लैजाने वातावरण तयार गर्नुपर्ने देखिन्छ । नगरपालिकाले आफ्नै क्षेत्रभित्र करको असुलीलाई प्रभावकारी बनाउने र सेवा व्यवहारिक बनाई अधिकतम उपलब्धी गर्ने तर्फ प्रयासरत रहनु पर्ने देखिन्छ ।

ख) लागत सहभागिता: नगरपालिकाको सिमित स्रोत र साधनले मात्र लक्षित विकास कार्यहरु संचालन गर्न कठिन हुन्छ । आम नगरवासीहरुमा विकास प्रति अपनत्व (Ownership) समेत जनाउने हिसाबले प्रत्येक विकास निर्माणका कार्यहरुको निश्चित प्रतिशत रकम उपभोक्ता समितिले व्यहोर्ने प्रावधानको विकास गर्नुपर्ने हुन्छ । यस नगरपालिकामा हाल संचालन गर्ने कतिपय विकास निर्माणका कार्यहरुमा जनसहभागितालाई एक मुख्य अंगको रुपमा समेत विकास गरेको पाइन्छ जसले गर्दा विकास निर्माणमा जनसहभागिताको अवस्था समेत राम्रो रहेको देखिन्छ ।

## ४.८ भौतिक विश्लेषण

भौगोलिक स्थिति विश्लेषण अन्तर्गत मुख्य रुपमा तीन पक्षलाई ध्यान दिनु पर्ने हुन्छ । ती हुन् : अवस्थिति, भू-उपयोग र भौतिक पूर्वाधार स्थिति । भद्रपुर नगरपालिका झापा जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा अवस्थित पूर्वी नेपालको पुरानो शहर र झापा जिल्लाको सदरमुकाम हो । यो नगरपालिका महेन्द्र राजमार्गमा अवस्थित जिल्लाको विर्तामोड बजारबाट १७ किमि दक्षिणमा मेची नदीको किनारमा रहेको छ भने भद्रपुर नगरपालिका चारआली केचना मेची राजमार्ग र भद्रपुर-गौरीगजं-रगेली हुलाकी सडकको संगम स्थल समेत हो । भद्रपुर नगरपालिका तीनवटा राजमार्गहरु (विर्तामोड-भद्रपुर, चारआली-चन्द्रगढी-भद्रपुर र धुलावारी-भद्रपुर) बाट महेन्द्र राजमार्गसँग जोडिएको छ । जसमध्ये भद्रपुर विर्तामोड-भद्रपुर र चारआली-भद्रपुर कालोपत्रे सडक हुन् भने धुलावारी-भद्रपुर

ग्राभेल सडक हो जुन संघन शहरी कार्यक्रमबाट चाँडै कालोपत्रे हुन गैरहेक छ । यी तीनवटा मध्ये विर्तामोड-भद्रपुर पक्की सडक भद्रपुर नगरपालिकालाई महेन्द्र राजमार्गसँग जोडने मुख्य सडक हो भने सबैभन्दा चल्तीको सडक पनि यही हो । हाल विर्तामोड-भद्रपुर नियमित बस सेवा संचालनमा रहेको छ भने चारआली-भद्रपुरमा सडकमा पनि बस, जिप तथा टेम्पो सेवा संचालनमा रहेको छ । भद्रपुर नगरपालिकाको मुख्य बजार क्षेत्रमा १ बस पार्क रहेको छ । जहाँबाट राजधानी काठमाण्डौ लगायत पूर्वका मुख्य शहरहरु विर्तामोड, काकडभिट्टा, ईलाम, दमक, धरान, धनकुट्टा, बिराटनगर, जनकपुर, गाईघाट जस्ता शहरहरुसम्म बस सेवा रहेक छ । त्यसैगरी नगरपालिकाको वडा नं १ को हिमालीबाट समेत भद्रपुर र बिर्तामोडसम्म नियमित रुपमा बस, टेम्पो, जिप, सफारी आदि संचालनमा भैरहेका छन् । नगरपालिका भित्र नगरका विभिन्न टोल र चोकहरुमा नियमित रुपमा सफारी, टेम्पो र रिक्साहरु संचालनमा रहेका छन् । यसरी सडक तथा यातायातको हिसाबले हेर्दा भद्रपुर निक्कै सुगम र सवल देखिन्छ ।

चारआली-केचना र झापा चौक-राजगढ-गौरीगंज सडक हुलाकी आयोजना अन्तरगत कालोपत्रै गर्न स्तरोउन्नती भैरहेको छ । यी दुई सडकको निर्माण पश्चात भद्रपुरका वडा नं १, २ र ३ का बासिन्दाहरुले कालोपत्रे सडकको सुविधा प्राप्त गर्नछन् भने भद्रपुरबाट हुलाकी राजमार्ग हुँदै सिधै राजगढ, गौरीगंज, रंगेली हुँदै बिराटनगर पुग्न सकिने छ, जसले गर्दा हाल महेन्द्र राजमार्ग हुँदै लामो यात्रा गर्नुपर्ने वाध्यताको अन्त्य हुनेछ । यसबाट भद्रपुरको बिराटनगरसँग सिधा सम्पर्क स्थापित हुनेछ । नगरपालिकाको मुख्य बजार क्षेत्रका सम्पूर्ण सडकहरु कालोपत्रे भैसकेका छन् । नगरपालिका भित्र पर्ने अन्य रणनैतिक सडकहरु जस्तै: भद्रपुर-धुलावारी, मन्त्रीचौक-तेलीभिट्टा-गारमेन्ट चौक-लेखनाथ चौक-धनुषमोड-चैतुमन्दिर, भानुनगर-तेलिभिट्टा, मन्त्री चौक-ज्ञानेचौक, रंगेडाँडा-ज्ञानेचौक, नयाँबजार-आपगाँछी-भिमनगर-किकचबध-हात्तिमारा-भैडाबाडी शहरी विकास तथा भवन निर्माण विभागको सघन शहरी कार्यक्रम अन्तरगत कालोपत्रे हुन गैरहेका छन् । त्यसैगरी वडा नं २ को सगरमाथा चौकबाट गौरीशंकर हुँदै सिंगामारी र वालुवाडी जाने सडक पनि कालोपत्रे भैसकेको छ । नगरपालिकाले यसै बर्ष सोमबारे-साना किसान चिया कारखाना, चारआली-सूर्यनगर, सोमबारे फुटबल ग्राउण्ड-मेरो मिल र सगरमाथा-किचबध सडक समेत कालोपत्रे गर्ने योजना बनाएको छ । भद्रपुर नगरपालिकाको मेची भन्सारबाट भारतीय सीमावर्ती बजार गलगलिया जोडन मेची नदिमा पुल निर्माण अन्तिम चरणमा रहेको छ । उक्त पुल निर्मान पश्चात भद्रपुर अन्तर देशीय सडज संजालसँग जोडिन पुग्दछ । नगरपालिकाको चैतु मन्दिर, रंगेडाँडा र ज्ञाने चौक गरी देउनिया खोलामा ३ वटा र

भद्रपुर-धुलावारी सडकको हडिया खोलामा १ गरी ४ वटा ठूला पक्की पुलहरु छन् । संघन शहरी कार्यक्रम अन्तरगत नयाँबजार-आपगाँछी-भिमनगर-किकचकबध-हात्तिमारा-भैसावाढी सकड कालोपत्रे हुन गैरहेको भएतापनि उक्त सडकको किचकबधमा पर्ने देउनीया खोलामा पुल निर्माण गर्ने योजना नरहेकोले नगरपालिकाले यथाशीघ्र उक्त पुल निर्माण गर्नुपर्ने देखिन्छ । उक्त पुलले भद्रपुर बजारबाट किचकबध जाने सकडको दुरी समेत घट्ने छ भने वडा नं २ सूर्यनगरका बासिन्दाहरुलाई भद्रपुर बजार आउन समेत नजिक हुनेछ । भद्रपुर नगरपालिकामा कुल ३७५ किमि सडक रहेको छ जसमा ९०.१७ किमि कालोपत्रे, १९५.९१ किमि ग्राभेल, २१ किमि कच्ची र १०.१७ किमि गोरेटो सडक रहेको छ ।

भद्रपुर नगरपालिकाको वडा नं ८ मा चन्द्रगढी विमानस्थल रहेको छ । उक्त विमानस्थलबाट राजधानी काठमाण्डौसम्म नियमित हवाई सेवा संचालनमा रहेको छ । यस विमानस्थले पूर्वी तराई लगायत ईलाम, पाँचथर र ताप्लेलुङ जिल्लासम्म मानिसहरुलाई हवाई सेवा प्रदान गरिरहेको छ भने भारतको उत्तर पूर्वी राज्यहरु पश्चिम बंगाल, सिक्किम, आसाम, मनिपुर, मेघालयबाट आउने पर्यटकहरु समेत यसै विमानस्थल हुँदै काठमाण्डौ जाने गरेक छन् । त्यसैले यो विमानस्थललाई स्तरोउन्नती गरी क्षेत्रीय विमानस्थलको रुपमा विकास गर्न सकेको खण्डमा भद्रपुर नगरपालिकाले यसबाट ठूलो आर्थिक लाभ लिन सक्ने देखिन्छ भने यो विमानस्थल पूर्वी नेपाल र उत्तर पूर्वी भारतीय पर्यटकहरुको लागि काठमाण्डौ जाने ट्रान्जिट विमानस्थलको रुपमा समेत विकास हुन सक्ने देखिन्छ ।

भद्रपुर नगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा सडकको दायाँबाँया सतल ढल निर्माण भएको छ भने अन्य स्थानहरु (वडा नं १, २, ३, ७ को पश्चिम भाग, वडा नं ९ को पश्चिम र उत्तरी खण्ड र वडा नं १० मा) हालसम्म ढलको कुनै सुविधा छैन । मुख्य बजार क्षेत्रको ढलहरु ढाकिएको छ भने अन्य ढलहरु खुल्ला रहेका छन् । त्ययैगरी हाल नगरपालिकामा ७ वटा खानेपानी आयोजना मार्फत खानेपानी वितरण भैरहेको छ । भद्रपुरमा ४,५०,००० लिटर क्षमताको १ ओभरहेड टैंक, १ रिजर्भभायर र १ फिल्ट्रेसन प्लान्ट रहेको छ भने चन्द्रगढीमा ३००००० लिटर क्षमताको १ ओभरहेड टैंक रहेको छ । यी दुई खानेपानी आयोजना मार्फत नगरपालिकाको मुख्य बजार क्षेत्रमा धारा वितरण गरिएको छ । नगरपालिका मुख्य बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा खानेपानीको मुख्य स्रोत ट्युवेल/हेण्डपम्प नै हो । मुख्य शहरी क्षेत्रमा २ वटा ओभरहेड टैंकीबाट खानेपानी वितरण भएकोले खानेपानी आपूर्ती राम्रो

रहेको देखिन्छ । तर सडक र बढ्दो शहरीकरणले खानेपानी लाइन विस्तारमा विभिन्न समस्या रहेको छ । खानेपानी संस्थान वा खानेपानी विभागबाट विस्तार भएको पुरानो पाईपहरुको साइज र लाईन विस्तार अझै पनि पर्याप्त मात्रामा हुन सकेको छैन भने हाल नगरपालिकामा गाभिएका साविक महेशपुर र पृथ्वीनगरमा खानेपानी वितरण हुन सकेको छैन । नगरपालिकाको वडा नं १ को सोमबारे र वडा नं २ को गौरीशंकमा २ वटा खानेपानी आयोजनाको ओभरहेड टैंक रहेको भएतापनि हाल दुवै आयोजनाहरु संचालनमा रहेको छैन । राष्ट्रिय जनगणना २०६८ लाई आधार मानेर हेर्दा हाल भद्रपुर नगरपालिकामा खानेपानीको मुख्य स्रोत ट्युवेल/हेण्डपम्प (६६.१%) नै रहेको देखिन्छ । धाराको पानी ३०.७% घरधुरीमा मात्र वितरण भएको भएको छ । धाराको पानी मुख्य शहरी क्षेत्रमा (चन्द्रगढी, भद्रपुर) मात्र वितरण भएको छ भने वडा नं १, २ र ३ (साविक पृथ्वीनगर र महेशपुर) ग्रामीण क्षेत्रहरु भएकोले त्यहाँ खानेपानीको मुख्य स्रोत ट्युवेल/हेण्डपम्प हो ।

भद्रपुर नगरपालिकाको मुख्य बजार क्षेत्रमा १ बसपार्क रहेको छ । अहिलेको स्थितिमा उक्त बसपार्कले यातायातको चाँप धान्ने देखिएता पनि निर्माणधीण हुलाकी राजमार्गहरु कालोपत्रे भैसकेपछि र मेची पुलको संचालन पश्चात नगरपालिकामा नयाँ सुविधा सम्पन्न बसपार्क निर्माण गर्नुपर्ने देखिन्छ । यसको लागि नगरपालिकाले समयमै उपयुक्त स्थान चयन गरी विस्तृत योजना बनाउनुपर्ने देखिन्छ । त्यसैगरी नगरपालिका भित्र पर्ने मुख्य सडकमा यात्रु प्रतिक्षालय समेत निर्माण गर्नुपर्ने देखिन्छ । नगरपालिकाको मुख्य शहरी पूर्वाधारहरुमा पर्ने आधुनिक बधशाला र स्यानिटरी ल्याण्ड फिल साईट जस्ता शहरी वातावरणसँग सम्बन्धित पूर्वाधाहरु पनि नगरपालिकामा निर्माण गर्नुपर्ने देखिन्छ । यसको लागि नगरपालिकाले यथाशक्य चाडो संभाव्यता अध्ययन गरी डिपिआर तयार गर्नु पर्दछ । भद्रपुर नगरपालिकाको सम्पूर्ण वडाहरुमा विद्युत सेवा पुगेको भएतापनि सबै घरहरुमा विद्युत सेवा पुग्न सकेको छैन । नगरपालिकाका वडा नं ३ मा रहेका हात्तीमारा, भैसावाडीका सबै घरहरुमा विद्युत सेवा पुग्न सकेको छैन भने मेची पारीका गाउँहरुमा पनि विद्युतीकरण हुन सकेको छैन । त्यसैगरी नगरपालिकाका कृषि योग्य भुमिका सिंचाईको लागि कृषि विद्युतीकरण समेत गर्नुपर्ने देखिन्छ । विद्युत सेवा पुगेका गाउँ र टोलहरुमा पनि दुई फेजको लाईन मात्र पुगेकोले विद्युत लाईनको स्तरोउन्नती समेत गर्नुपर्ने देखिन्छ । नगरपालिकामा कृषियोग्य प्रशस्त भूमि रहेको भएतापनि अहिलेसम्म ठूला सिंचाई आयोजनाहरु निर्माण हुन सकेका छैनन् । यस अध्ययनले कृषिलाई नगरपालिकाको मुख्य अग्रणी क्षेत्रको रुपमा पहिचान गरिसकेको अवस्थामा सिंचाईलाई

विशेष महत्व दिनुपर्ने हुन्छ । यसको लागि नगरपालिकामा भूमिगत सिंचाई आयोजनाको संभाव्यता गरी सिंचाई आयोजनाहरु निर्माण गर्नुपर्ने देखिन्छ ।

## ४.९ वातावरणीय विश्लेषण

भद्रपुर नगरपालिकाले मुख्य बजार क्षेत्रको फोहोरमैला दैनिक रुपमा उठाएर लैजाने गरको छ तर यो नियमित र प्रभावकारी भने छैन । नगरपालिकाको ट्र्याक्टरबाट संकलन गरिएको फोहोर नयाँ बजारबाट दक्षिणतिर मेची नदी किनारमा खाल्डो खनी गाडने गरिएको छ । बर्षातमा मेची नदीमा बाढी आउनसाथ उक्त फोहोर बगाएर लैजाने गरेको छ । त्यसैले नगरपालिकामा फोहोरमैलाको दीर्घकालीन समाधानको लागि स्थाई स्यानिटरी ल्याण्ड फिल साइटको व्यवस्था हुन अत्यन्त आवश्यक भैसकेको छ । मुख्य बजारको केही स्थानहरुमा फोहोर संकलन गर्ने डस्टबिनहरुको व्यवस्था भएको भएतापनि यो पर्याप्त देखिदैन । यस्ता डस्टबिनहरु नगरपालिकाको मुख्य बजार, चौक, सार्वजनिक स्थान, स्वास्थ्य र शैक्षिक संस्था परिसर, हाटबजारहरुमा थप गर्नुपर्ने देखिन्छ ।

भद्रपुर नगरपालिकामा हालसम्म ढलको व्यवस्था हुन सकेको छैन । नगरको मुख्य बजार क्षेत्रमा ढाकिएको सतह ढल रहेको छ भने नगरपालिकाको नगरक्षेत्रमा सडकको दाँयाबाँया खुल्ला सतह ढल रहेको छ । केही सडकको दायाँबाँया पक्की र ढलान गरिएको सतह ढल भएकोले मजबुत रहेको भएतापनि केही स्थानमा ग्रेड नमिलेकोले ढल जमेको अवस्था छ । नगरपालिकाका बासिन्दाहरुले आफ्नो शौचालयसँगै सकपिट र खाल्डो बनाएर दिशा र पिसाबको व्यवस्थापन गर्दै आइरहेका छन् । घर र भान्साबाट निस्कने फोहोरहलाई आफ्नै बारीमा गाड्ने र जलाउने गरिएको छ भने मुख्य बजार क्षेत्रमा बासिन्दाहरुले घर नजिकै संकलन गरी नगरपालिकाको ट्र्याक्टरमा पठाउने गरेका छन् । नगरपालिकाले नगरवासीहरुलाई फोहोरमैला संकलन, संकलित फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने, फोहोरलाई स्रोतमा नै व्यवस्थापन जस्ता फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्न सकेको खण्डमा नगरपालिकालाई फोहोर व्यवस्थापन गर्न थप सहज हुनेछ भने नगरपालिकाको वातावरण अझ सफा हुनेछ । नगरपालिकाको बसपार्क नजिकै र चन्द्रगढी बजारमा रहेको खोलामा ढल मिसाईएको, हाटबजार क्षेत्रको फोहोरमैला व्यवस्थापन हुने नसकेको, व्यवस्थित वधशालाको अभाव जस्ता कारणले मासु र माछा बजार दूर्गन्धित रहेको र नगरपालिकामा सार्वजनिक शौचालयहरु नभएकोले केही स्थानको वातावरण दूर्गन्धित र प्रदूषित रहेको देखिन्छ । नगरपालिकाले यस्ता क्षेत्रहरुको वातावरणीय अवस्थामा सुधार ल्याउनको लागि यस योजनाले प्रस्ताव गरेका योजना

तथा कार्यक्रमहरुलाई यथाशीघ्र लागु गर्नुपर्ने छ । नगरपालिका खुल्ला दिशामुक्त र प्लाष्टिक झोला मुक्त घोषणा भएको भएतापनि यो पूर्ण कार्यान्वयनमा आउने सकेको छैन । नगरपालिकाले यसलाई कम्तिमा पनि मुख्य बजार क्षेत्रमा कडाईका साथ लागू गर्नसकेको खण्डमा शहरी वातावरणलाई थप सुधार गर्न थप टेवा पुग्ने थियो । नगरपालिकामा फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन नगरपालिकाले सचेतना कार्यक्रम, फोहोरमैलाको आयमुलक, पुन प्रयोग र पुनरोत्पादन जस्ता कार्यक्रम तथा फोहोरमैला व्यवस्थापनका लागि स्थायी स्यानीटरी ल्याण्ड फिल साइटको व्यवस्था गर्नु अपरिहार्य भैसकेको छ ।

वातावरण संरक्षणको दृष्टिकोणले संवेदनशील मानिने मेडिकल फोहर व्यवस्थापनको क्षेत्रमा नगरपालिकाले खासै ध्यान दिन सकेको देखिदैन । नगरवासीहरुमा फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना बढ्दै गएको छ भने नगरलाई सफा राख्ने सवालमा स्थानीयवासीहरुबाट नगरपालिकालाई राम्रो सहयोग प्राप्त भएको छ । नगरपालिकाले वातावरणीय तथा सरसफाई कार्यक्रममा सहयोगको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने अन्य गैरसरकारी र सामुदायिक संस्थाहरुसग सहकार्य गर्नुपर्ने देखिन्छ ।

भद्रपुर नगरपालिकामा प्रदूषण जन्य ठूला उद्योगहरुको संख्या धेरै नभएतापनि चन्द्रगढी चारआली क्षेत्रमा रहेका सिमेन्ट उद्योगहरुबाट निस्कने धुलोलाई न्यूनीकरण गर्न उद्योगहरुसँग सहकार्य गर्नुपर्ने देखिन्छ । अब स्थापना हुने नयाँ उद्योगहरुलाई समेत भू-उपयोग योजनाले प्रस्ताव गरे बमोजिम औधोगिक क्षेत्र प्रस्ताव गरी उक्त क्षेत्रमा मात्र उद्योगहरु स्थापना गर्न स्वीकृती प्रदान गर्नु पर्दछ । जसले गर्दा उद्योगहरु वस्ती र बजार क्षेत्रबाट टाढा हुन गै नगरपावासीहरु प्रदूषण र धुलो धुवाबाट मुक्त हुनेछन् । भद्रपुर नगरपालिका भित्र प्रशस्त चिया बगाहरु रहेको र चिया बगानमा विषादीको प्रयोग बढिरहेको सन्दर्भमा चिया र अन्य कृषि वालीमा समेत विषादी प्रयोगको मापदण्ड लगायत चिया किसान र उद्योगीहरुलाई विषादी प्रयोग सम्बन्धी तालिम प्रदान गर्नुपर्ने देखिन्छ । बर्षातको समयमा मेची र देउनीया खोलामा आउने बाढीबाट नगरपालिकाको ठूलो क्षेत्र कटान, बाढी र डुबानबाट प्रभावित हुने गरेका छन् । यस्ता क्षेत्रहरुमा नगरपालिकाले तत्काल बाँध बाँधी बृक्षारोपण गर्ने र बाढी प्रभावित क्षेत्रमा खानेपानी र शौचालयको दीर्घकालीन व्यवस्थापनमा गर्नुपर्ने देखिन्छ । त्यसैगरी बाढी प्रभावित क्षेत्रमा हुने झाडा पखाला, हैजा जस्ता रोगहरुबाट बच्नको लागि स्थानीय स्वास्थ्य संस्थाहरु समन्वय गर स्वास्थ्य शिविर र सचेतना कार्यक्रहरु पनि संचालन गर्नुपर्ने देखिन्छ ।

नगरपालिकामा प्रशस्त चिया बगानहरु, खुल्ला क्षेत्र, सामुदायिक वन, सरकारी वन, सिमसार, पोखरी, ताल र नदीहरु रहेकोले नगरपालिकाको वातावरण समग्रमा राम्रो रहेको छ । नगरवासीहरुमा फोहोरमैला व्यवस्थापन र सरसफाई सम्बन्धी चेतनामा वृद्धि भैरहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कलाई हेर्दा पनि नगरपालिकामा ७७.४% घरधुरीमा शौचालय रहेको देखिन्छ । यसबाट पनि नगरवासीको सरसफाई सम्बन्धी चेतनाको स्तर राम्रो रहेको देखिन्छ । त्यसैले नगरपालिकाको वातावरणलाई थप ह्रास हुन नदिन नगरपालिकाले खुल्ला ठाउँहरुमा बृक्षारोपण र संरक्षण गर्ने, मुख्य सडकको दाँयाबाँया र नदी किनारमा रुख रोप्ने, सिमसार, पोखरी र तालहरुको संरक्षण गर्ने, सामुदायिक वन उपभोक्ता समूहहरुलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

## ४.१० जोखिम न्यूनीकरण तथा जलवायु अनूकुलन विश्लेषण

विकास निर्माणको बढ्दो क्रम, जनसंख्या वृद्धि, जथाभावी वस्ती विकास, जमीनको अत्यधिक दोहन, ठूला उद्योगहरुको विकास, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, वनजंगल र नदीहरुको दोहनसँगै नगरपालिका क्षेत्रभित्र पनि विभिन्न प्रकारका प्राकृतिक जोखिम र विपदहरु देखा पर्न थालेका छन् भने स्थानीय जलवायुमा समेत सयको नकारात्मक प्रभाव पर्ने थालेको छ । भद्रपर नगरपालिकामा सबैभन्दा ठूलो जोखिम भनेको मेची नदी र देउनीया खोलामा आउने बाढी नै हो । उक्त बाढीले प्रत्येक बर्ष करिब १५०० घरधुरीलाई प्रभावित गर्ने गरेको छ भने नगरपालिकाको हजारौ बिगाह खेतीयोग्य जमीन वालुवाको बगरको रुपमा परिणत भैरहेको छ । त्यसैगरी नदी कटानबाट नदी किनारको क्षेत्रहरु नदीमा परिणत भैरहेका छन् । यसको मुख्य कारण मेची नदीको चुरे क्षेत्रमा भएको नदीको दोहनले दक्षिणी क्षेत्रमा नदीको सतह पुरिनु, जथाभावी घर र बाध निर्माणले नदीको प्रवाहलाई अवरोध गर्नु आदि रहेका छन् । त्यस बाहेक हालैका बर्षहरुमा भद्रपुर नगरपालिकामा विभिन्न वडाहरुमा (विशेषगरी वडा नं १, २, ७, १०) जंगली हात्तीको आक्रमण पनि क्रमश: बढ्दै गैरहेको छ । अहिले प्रत्येक महिना जस्तो जंगली हात्तीहरु नगरपालिका भित्रका वस्तीहरुमा छिरेर घर भत्काउने, अन्न र वालीहरु नष्ट गरिदिने र कहिलेकाँही मानिसहरुको ज्यान समेत लिने गरेकोले उक्त क्षेत्रका मानिसहरु हात्ती आक्रमणको त्रासमा बाच्नु परेको छ । नगरपालिकामा भएका अन्य जोखिमहरुमा सडक दूर्घटना, बेला बखत देखिने बर्डफ्लु, खडेरी, चट्याङ, भूकम्प आदि रहेका छन् ।

माथि उल्लेख गरिएका मध्ये सबैभन्दा बढी जोखिम भनेको यस नगरपालिकामा बाढी, डुबान, कटान र हात्तीको आक्रमण नै हुन् । बाढीको जोखिमलाई न्यूनीकरण गर्नेको लागि नगरपालिकाले

अल्पकालीन रुपमा नदी तटीय क्षेत्रहरुमा बृक्षारोपण गर्नुपर्ने हुन्छ भने दीर्घकालीन समाधानको लागि नगरपालिकाले विस्तृत योजना सहित नदी तटीय क्षेत्रहरुमा पक्की तटबन्ध गर्नुपर्ने हुन्छ। त्यसैगरी नदि किनारमा वस्तीहरुलाई उपयुक्त स्थानहरुमा स्थानान्तरण गर्ने, स्थानान्तरण गर्न नसकिने र नमिल्ने वस्तीहरुलाई प्रकोप न्यूनीकरण सम्बन्धी सचेतना तालिम प्रदान गर्ने, नदी किनारमा जथाभावी वस्ती विकास र भौतिक निर्माण कार्यलाई कडाईसाथ नियन्त्रण गर्ने, नदी क्षेत्रबाट वालुवा गिट्टी झिक्ने कार्यलाई वातावरणीय प्रभाव मूल्याङ्न गरेर मात्र गर्ने लगायत नगरपालिकाले विपद व्यवस्थापनको लागि आपतकालीन उद्धार घर र सागग्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ।

हात्तीको आक्रमणको जोखिम न्यूनीकरणको लागि नगरपालिकाले नेपाल सरकार र अन्य सरोकारवाला संघसंस्थाहरुको सहयोगमा प्रभावित क्षेत्रमा सचेतना कार्यक्रम गर्ने, उद्धार र बचावटका सामग्रीहरु प्रदान गर्ने, प्रभावित घरधुरी र व्यक्तिहरुलाई राहत वितरण गर्दै जंगली हात्तीको आक्रमणलाई न्यूनीकरण गर्नेको लागि नेपाल र विदेशमा भएका विभिन्न प्रयास र मोडेलहरुको अध्ययन गरी उपयुक्त मोडेलको प्रस्ताव गर्नेगरी यथाशीघ्र विज्ञहरुको टोली गठन गरी अध्ययन कार्यलाई अघि बढाउने। तत्कालको लागि नगरपालिकाबाट संभव भए नगरपालिकाले नत्र नेपाल सरकार र अन्य सरोकारवाला निकायहरुको सहयोगमा जंगली हात्तीहरुको आवगमन हुने क्षेत्रहरुमा मानिसहरुको आवतजावतलाई रोक लगाउने, वन र वस्तीहरुमा बिचमा घेरावार र तारवार लगाउने, पूर्व सूचना प्रणाली/साईरन जडान गर्ने, सामाजिक संजालको प्रयोग गरी सूचना आदानप्रदान गर्ने, हात्तीको आवगमनलाई टाढाबाट हेर्नको लागि अग्ला घरहरु (टौवा) निर्माण गर्ने, प्रभावित वस्तीहरुमा लामो दुरीका टर्च लाइटलहरु वितरण गर्ने, प्रभावित वस्तीहरुमा सरोकारवाला समूहहरु बनाई सूचना र बचाउ कार्यलाई प्रभावकारी बनाउने, प्रभावित क्षेत्रहरुलाई जोखिम क्षेत्र घोषणा गरी विशेष कार्यक्रमहरु गर्ने जस्ता कार्यहरु गरी हात्तीको आक्रमण र त्यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ।

भद्रपुर नगरपालिकामा प्रशस्त चिया बगानहरु रहेको र उक्त बगानहरुमा बिषादीको प्रयोग बढ्दै गैरहेको स्थिति छ। त्यसैगरी अन्य खेती र वालीहरुमा समेत किसानहरुले बिषादी प्रयोग गरिरहेका छन्, जसले गर्दा हाल चिया खेती र अन्य खेतीवालीहरुमा नयाँ नयाँ रोगहरु देखा पर्ने र चिया बगान छेउका वालीहरुमा चियामा हालिएको बिषादीबाट नकारात्मक प्रभाव पर्न थालेको छ। यसरी विषादीको प्रयोग बढिरहेको यसलाई न्यूनिकरण गर्नेको लागि नगरपालिकाले बिषादी प्रयोगको मापदण्ड निर्धारण गर्ने, कृषकहरुलाई विषादी प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने जस्ता कार्यहरु गर्नुपर्नेछ। त्यसैगरी नगरपालिकामा वस्ती क्षेत्र भित्र या नजिक रहेका उद्योगहरुलाई सम्भव

भएसम्म स्थानान्तरण गरी अन्य स्थानमा लैजाने, स्थानान्तरण गर्न नसकिने या नमिल्ने उद्योगहरुलाई वातावरण प्रभाव मूल्याङ्कन गरी धुलो र धुँवा उत्सर्जन कम गर्ने यन्त्र जडान गर्ने लगाउने, प्रभावित वस्ती र मानिसहरुलाई उद्योगहरुबाट उचित क्षतिपुर्ती र उपचारको व्यवस्था गर्ने लगाउने र भविश्यमा स्थापना हुने उद्योगहरुलाई भू-उपयोग योजना तर्जुमा गरी उक्त योजनाले प्रस्वात गरेको क्षेत्रमा मात्र उद्योग स्थापना गर्ने दिने गर्नुपर्नेछ । भूकम्प, आगालागी, चट्याङ जस्ता प्रकोपहरुबाट बच्नको लागि नगरपालिकाले निर्माण तथा योजना मापदण्ड र भवन निर्माण संहिता कडाईका साथ लागू गर्ने, नगरपालिका र प्रत्येक वडा कार्यालयहरुमा विपद व्यवस्थापन घर र उद्धार सामग्री सहितको टोलीको व्यवस्था गर्नु पर्दछ । त्यसैगरी हाल नगरपालिकामा रहेका दमलकलाई मर्मत संभार गर्ने, आवश्यक्ता हेरी नयाँ दमकल खरिद गर्ने, फायरम्यानहरुलाई विपद व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने, विपद व्यवस्थापनमा काम गर्ने विभिन्न संघ संस्थाहरु जस्तैः रेडक्रस, भूकम्प प्रविधी राष्ट्रिय समाज (NSET), गैरसरकारी संस्थाहरु लगायत सुरक्षा निकायहरुसँग निरन्तर समन्वय गर्ने, नगरपालिका दैविक प्रकोप उद्धार समितिको गठन गरी क्रियाशील गर्ने जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ ।

## ४.११ संस्थागत क्षमता विश्लेषण

### ४.११.१ नगरपालिकाको जनशक्ति तथा प्राविधिक क्षमता विश्लेषण

नगरपालिका क्षेत्र भित्र संचालन गरिने विकास निर्माण लगायत विभिन्न विषयगत क्षेत्रको विकासको लागि सम्बन्धित विषयका दक्ष प्राविधिकहरुको कमी महशुस गरिएको छ । स्वयं नगरपालिका कार्यालयबाट संचालन गरिने आयोजनाहरुमा पनि प्राविधिक जनशक्तिहरुको कमी रहेको देखिन्छ । नगरपालिकामा विकास निर्माणका कार्यहरु लागत इष्टिमेट तथा विस्तृत सर्भे डिजाइन गरेर मात्र कार्य हुने गरेका छन् । तथापि पर्याप्त प्राविधिक जनशक्तिको कमीले गर्दा विकास कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनमा जुन रुपमा ध्यान दिनुपर्ने हो सो रुपमा ध्यान दिन सकेको देखिदैन । हाल नगरपालिकालमा नेपाल सरकारको १ जना कार्यकारी अधिकृत र नगरपालिकातर्फ स्थायी र करार गरी कूल ५४ जना कर्मचारीहरु कार्यरत रहेका छन् । स्थानीय तह पुनरसंरचना पश्चात नगरपालिकामा बिभिन्न बिषयगत शाखाहरुको व्यवस्था गरको भएतापनि हालसम्म उक्त शाखाहरु गठन हुन सकेको देखिदैन भने बिषयगत कार्यालयहरुबाट समेत कर्मचारीहरु नगरपालिकामा समायोजन हुने सकेको छैन । भद्रपुर नगरपालिकामा प्राविधिकको रुपमा १ जना इन्जिनियर, २ जन

सव ईन्जिनियर स्थाई प्राविधिकको रुपमा कार्यरत रहेका छन् भने LGDCP कार्यक्रम अन्तरगत १ जना ईन्जिनियर करार सेवामा कार्यरत हुँदा विकास निर्माणको कार्यहरु रेखदेख तथा सुपरीवेक्षण गर्न गठिनाई महशुस भएको देखिन्छ । त्यसैगरी नगरपालिका तर्फ १ प्रशासकीय अधिकृत र १ लेखा अधिकृत कार्यरत रहेका छन् भने ५ जना नायब सुब्बा रहेका छन् । खरिदार ७ जना कम्प्युटर अपरेटर १ जना र सहायक कम्प्युटर अपरेटर १ जना रहेका छन् । अन्य कर्मचारीहरुमा विद्युत मिस्त्री, जमदार/हवल्दार, कार्यालय सहयोगी, फायरमेन, सवारी चालक, विद्यतु हेल्पर, कुचीकार आदि रहेका छन् । प्रत्येक वडामा वडा सचिवको व्यवस्था नभएकोले पनि नगरको कामकारवाही र सेवा प्रवाह चुस्त र छिटोछरितो हुन सकेको देखिदैन । नगर विकास सम्बन्धी कार्यक्रम, बजेट तथा पारित गर्ने नगर परिषदको वैठक तथा नगरपालिकाको बार्षिक समीक्षा वैठक, योजना कार्यान्वयन स्थिति, प्रगती, सकारात्मक पक्षहरु लगायत चुनौति तथा समस्या आदि वारे छलफल नियमित हुन सकेको छैन ।

नगरपालिकाका वैठकहरुमा कार्यक्रम/आयोजनाहरुको सन्तोषजनक कार्यान्वयन हुन नसकेका गुनासा उठ्दा पर्याप्त जनशक्ति नभएको, समयमा अख्तियारी प्राप्त नभएको, समयमा बजेट निकास नभएको, योजना कार्यान्वयन दौरानमा अनुचित राजनैतिक दवाव दिने गरेको आदि कारणहरु देखिएका छन् । नगरपालिकामा मानवीय संसाधन विकास योजना वनेको नदेखिएको तथा मानवीय संशाधन विकास एकाई पनि स्थापना हुन सकेको देखिदैन । नगरपालिकामा हालसम्म शहरी योजना विद, भूगोल विद, जिआईएस विद, वातावरणविद, समाजशास्त्री, तथ्याङ्कविद जस्ता जनशक्तिहरुको अभाव देखिएको छ । नगरपालिकामा हाल LGCDP अन्तरगत एक जना ईन्जिनियर, एक जना कार्यक्रम अधिकृत र एकजना ICT Volunteer करारको रुपमा कार्यरत हरेका छन् । त्यसैगरी तालिम आवश्यक्ता पहिचान ((Training Needs Assessment) पनि गरिएको देखिदैन । अन्य केही नगरपालिकामा नगरको समग्र तथ्याङ्कलाई भू-सूचना पद्दतिद्वारा कम्पुटरकृत गरी व्यवस्थापन गर्ने प्रयास गरिएको भएतापनि यस नगरपालिकामा हालसम्म यो पद्दति अवलम्बन गर्न सकिएको छैन ।

### ४.११.२ योजना तथा कार्यान्वयन क्षमता विष्लेषण

नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन, व्यवस्थित गर्न तथा विकासको प्रतिफल आम नगरवासीहरुलाई समानुपातिक रुपमा उपलब्ध गराउन समेत नगरपालिकाको संगठन विकास

योजना र जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नगरपालिकाको संस्थागत विकास योजना तर्जुमा गर्दा निम्न कुराहरुलाई ध्यान दिइनु पर्दछ:

क) विकेन्द्रीकरण, स्वशासन एवं जनताको सक्रिय तथा सार्थक सहभागिता

ख) स्थानीय स्रोत तथा सीपको उच्चतम प्रयोग

ग) संस्थागत समन्वय र संजाल स्थापनाको अवधारणा

घ) नागरिक समाज र निजी क्षेत्रको साझेदारी

ङ) संगठनात्मक क्षमता र दक्षता अभिवृद्वि

ट्) नागरिक समाजको सवलीकरण

ज) असल शासनका आचरण (Norms) को अवलम्वन र प्रजातान्त्रिकरण

यसका साथै संस्थागत विकास योजना तर्जुमा गर्दा नगर क्षेत्रमा सेवा प्रवाह गर्ने सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकायहरुको क्षमता विकासलाई ध्यानमा राखी सबैको समान सहभागितालाई यस योजनाले आत्मसाथ गरेको छ । स्थानीय तह पुनरसंरचना अनुसार थप जनशक्ति नियुक्त गर्न नगरपालिकाले प्रकृया थालनी गरेको छ । सोही अनुसार यस नगरपालिकाले पनि केही जनशक्ति नियुक्ती थालिसकेकोले नगरपालिकाको संस्थागत क्षमता सुधारमा केही सघाउ पुग्ने देखिएको छ ।

**४.११.३ नगरपालिकाको संगठन विकास**

भद्रपुर नगरपालिकामा पनि अन्य नगरपालिका जस्तै प्रशासन शाखा, आन्तरिक लेखा परिक्षण शाखा, राजश्व शाखा, आर्थिक प्रशासन शाखा, योजना शाखा, सामुदायिक विकास शाखा/गाउँ नगर साझेदारी विकास शाखा/वातावरण शाखाहरु रहेका छन् । आर्थिक प्रशासन शाखाको मुख्य कार्य भनेको करको दायरालाई संभव भएसम्म बढाउने, कर असुली गर्ने, जिन्सी सामानको अभिलेख कायम गर्नु रहेको छ । यसैगरी बेरुजुको अवस्थालाई दुरुस्त र पारदर्शी पार्ने कार्य समेत रहेको छ । यसैगरी प्रशासन शाखा अन्तर्गत शाखाहरुले क्रमश: समाज कल्याणको काम, गाँउनगर, साझेदारी कार्यक्रम, सरसफाई, दमकल संचालन आदि कार्यहरु गर्ने गरेको पाईन्छ । यस्तै योजना शाखाले विकास निर्माणका कार्य गरेको पाईन्छ । तर नगरपालिकाको विद्यमान संगठन संरचनाले यस नगरको दीर्घकालीन (Long-term Vision) सोचको कार्यको लागि पर्याप्त हुन नसक्ने देखिन्छ । त्यसैले अब नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु आईसकेको अवस्थामा स्थानीय तह

पुनरसंरचनाले प्रस्ताव गरे बमोजिम नगरपालिकाको शाखाहरुको पुनरसंरचना गरी थप जनशक्ति नियुक्त गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको दीर्घकालीन सोचलाई सफलतापूर्वक कार्यान्वयन गर्नको लागि नगरपालिकाले शहरी योजनाविद्व (Urban Planner), भूगोल विद (Geographer), भौगोलिक सूचना प्रणाली विद (GIS Specialist), समाजशास्त्री (Sociologist), तथ्याङ्क शास्त्री (Statistician), वातावरण विज्ञ (Environmentalist) जस्ता विज्ञहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसैगरी यस नगरपालिकामा वित्तीय क्षेत्रको सुधार गर्न तथा आर्थिक स्वावलम्बन प्राप्तिको लागि अनुगमन र मूल्याङ्कन शाखा र आर्थिक श्रोतहरुको परिचालन गरी आयस्रोत वृद्धि गर्ने शाखा उपशाखाहरु थप गर्नुपर्ने देखिन्छ । यसो गर्न सकिएमा नगरपालिकाको काम छिटो र छरितो रुपमा सम्पन्न गर्न सकिन्छ भने नगरवासीहरुलाई सेवा सुविधा सहज रुपमा प्रदान गर्न सकिन्छ ।

यति हुँदाहुँदै पनि भद्रपुर नगरपालिकाले स्थानीयवासीहरुलाई सकेसम्म सेवा सुविधा राम्रो किसिमले पुऱ्याउदै आएको पाइन्छ । विशेषगरी निर्वाचित जनप्रतिनिधीहरु, प्रशासकीय अधिकृत, प्राविधिक र अन्य कर्मचारीहरुको सहयोगी भावना, सबैसँगको मिलनसार बानी तथा सेवाग्राहीलाई छिटो र छरितो किसिमले सेवा पुऱ्याउने प्रवृति रहेको देखिन्छ भने नगरवासीहरु पनि उनीहरुको काम कारवाही प्रति सकारात्मक रहेका देखिन्छन् । तर थोरै कर्मचारीले काम चलाउनु पर्ने र प्राविधिक कठिनाई विद्यमान रहेकोले सो कुरालाई सुधार गर्दै अझै सहज रुपमा सेवा सुविधा पुऱ्याउन यस योजनाले दिएको सुझावलाई अनुसरण गर्दै जानुपर्ने देखिन्छ ।

**४.११.४ जनसहभागिता परिचालन**

समग्र नगरपालिकाकमा स्थिति हेर्ने हो भने भद्रपुर नगरपालिकामा जनचेतनाको स्तर निक्कै राम्रो रहेको छ भने नगरपालिकाको साक्षरता दर पनि वरीपरिका गाउँपालिकाहरुको भन्दा माथि नै रहेको छ । नगरवासीमा सामाजिक सदभाव र विकास निर्माण कार्यमा जनसहभागिता पनि उच्च रहेको छ । स्थानीयवासीमा आफ्नो काम आफै गर्ने सोच भएकोले सरकारको मुख ताक्ने प्रवृति पनि निक्कै कम रहेको पाईन्छ जसले गर्दा जनसहभागितामा उत्साहजनक हुने गर्दछ ।

नगरपालिका र वडा कार्यालयहरुको विकास निर्माण लगायत योजना तर्जुमा तथा कार्यक्रमहरुको छनौट आदिमा नगरवासीको उत्साहजनक सहभागिता हुने गरेको छ । यस एकीकृत शहरी विकास

योजना तर्जुमाको क्रममा पनि नगरपालिका र नगरवासीहरुको उत्साहजनक सहभागिता रहेको थियो । जसले गर्दा यस योजनाले प्रस्ताव गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन चरणमा समेत उत्साहजनक जनसहभागिता जुटन सकिने देखिन्छ । हाल नगरपालिकाबाट हुने आयोजना तथा कार्यक्रमहरुमा पारदर्शिता हुने कारणले पनि जनसहभागिता जुटाउने सम्बन्धमा बढी अभिरुची देखिन थालेको छ । शुरुमा आयोजना संचालन हुँदा जनउत्साहको कारण जनसहभागिता बढने गरेको छ भने आयोजना सम्पन्न भैसकेपछि आयोजनाहरुको संचालन तथा सम्बर्द्धनको लागि समेत उत्साहजनक जनसहभागितामा हुने गरेको छ ।

भद्रपुर नगरपालिकाको हकमा भविश्यमा समेत उच्च जनसहभागिता हुने देखिन्छ भने योजना कार्यान्वयनमा यसले ठूलो भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । विकास योजनामा जनसहभागिता तथा लाईन एजेन्सीहरुको भूमिका महत्वपूर्ण मानिन्छ । विशेषगरी यस नगरपालिकामा स्थानीय प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघ झापा, नागरिक समाज लगायतको सहभागिता उत्साहजनक देखिएकोले पनि यस बृहत एकीकृत शहरी विकास योजना कार्यान्वयन सघाउ पुग्ने देखिन्छ ।

**४.११.५ निजी क्षेत्र**

यस नगरपालिकामा निजी क्षेत्रले पनि आर्थिक तथा सामाजिक पूर्वाधार विकासको लागि विभिन्न कार्यक्रमहरु संचालन गरेको देखिन्छ । यस अन्तर्गत निजी विद्यालय, घरेलु उद्योग, व्यापारिक क्रियाकलाप, सेवाजन्य आदि क्षेत्रमा लगानी गरेको पाईन्छ । निजी क्षेत्रले BOT (Build, Operate and Transfer) जस्ता पद्दतिबाट आर्थिक तथा सामाजिक पूर्वाधारका क्षेत्रमा लगानी गर्न सक्ने भएतापनि त्यस्तो किसिमको लगानी हालसम्म नगरपालिकामा आकृष्ट गराउन सकिएको छैन । नगरपालिका क्षेत्रमा विदेशमा काम गरी भित्रिने विप्रेषण (Remittance) उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न सकेमा अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ । ठूला चिया उद्योग, चिया बगान, सिमेन्ट कारखाना, आधुनिक धान मिल, गार्मेन्ट कारखाना लगायत अन्य उद्योगहरु मार्फत नगरपालिकामा निजी क्षेत्रबाट पनि प्रशस्त लगानी भएको देखिन्छ । झापा उद्योग वाणिज्य संघ लगायत केही निजी संस्थाहरुबाट नगरपालिकाको विकासमा केही लगानी गर्दै आएका र भविश्यमा समेत विस्तार गर्दै जाने नीति लिएको देखिन्छ । जसले गर्दा निजी क्षेत्रको लगानी क्रमश: बढ्दै जाने अनुमान गर्न सकिन्छ ।

## ४.१२ वित्तीय स्रोत तथा क्षमता विश्लेषण

भद्रपुर नगरपालिकाको वित्तीय स्रोत क्षमता विश्लेषणको लागि विगतको आय तथा व्यय स्थितिको अध्ययन गरिएको छ । विगतको आय तथा व्यय अध्ययन गर्नको लागि नगरपालिकाको क्षेत्र हालसाल मात्र विस्तार भै एक आर्थिक वर्ष (२०७३/७४) सालो मात्र एकीकृत आय व्यय प्राप्त भएको हुँदा सोही आर्थिक वर्षको आय-व्ययलाई समावेश गरिएको छ । नगरपालिकाको आय तथा व्यय स्थिति यसप्रकार रहेको छ ;

### ४.१२.१ आयको विवरण

नगरपालिकाको आयको विवरण यसप्रकार रहेको छ ।

| तालिका ४.३: भद्रपुर नगरपालिकाको आ.व. २०७३/७४ को संसोधित आयको विवरण | | |
|---|---|---|
| **क्र.स.** | **विवरण** | **रकम (रु)** |
| **१) आन्तरिक आय** | | |
| १.१ | स्थानीयकरबाट हुने आय | १४७६८८११ |
| १.२ | सेवाशुल्कबाट हुने आय | ३६२५५३० |
| १.३ | दस्तुरबाटहुने आय | ६८००००० |
| १.४ | बिक्रिबाटहुने आय | ७४२३०० |
| १.५ | स्रोतपरिचालनबाट हुने आय | ४०००००० |
| १.६ | साँवा/व्याज/लाभांशबाट हुने आय | ० |
| १.७ | अन्यबाटहुने आय | ३८२५००० |
| जम्मा आन्तरिक आय | | ३३७६१६४१ |
| **२) बाह्य आम्दानी** | | |
| १.१ | नेपालसरकारबाट निशर्त चालु अनुदान | ५९४६००० |
| १.२ | नेपालसरकारबाट शसर्त(LGCDP) चालु अनुदान | ८०२१००० |
| १.३ | नेपालसरकार निशर्त पूँजिगत अनुदान | ३२३६८००० |
| १.४ | नेपाल सरकार शसर्त (ठूला पूर्वाधार, सौर्य बत्ति, साविकगाविस/स्थानीय विकास शुल्क, पूँजिगत अनुदान) | २७८५६००० |
| १.५ | नेपाल सरकार शसर्त (पूर्वाधार विकास कार्यक्रम) पूँजिगत अनुदान | १४३५६००० |
| १.६ | जिल्ला विकास समितिबाट प्राप्त अनुदान (सिमा क्षेत्र विकासकार्यक्रम समेत) | ४०००००० |
| १.७ | राजश्वबाँडफाँडबाट प्राप्त रकम | ५०००००० |

| | | |
|---|---|---|
| १.८ | बैदेशिकश्रोतबाट प्राप्त रकम | ९६०००००० |
| १.९ | सडक बोर्डनेपाल | १००००००० |
| १.१ | अन्यनिकायबाट प्राप्त हुने अनुदान | ९०५००००० |
| १.१ | नगर विकासकोषबाट ऋण तथा अनुदान | १०८०००००० |
| १.१ | योजनामालागत सहभागिता | ९९३०२७५ |
| | जम्मा बाहयआम्दानी | १४६९२७२७५ |
| **३) मौज्दात अल्यारकम** | | ९९११०८४ |
| | कुल आय (आन्तरिक + बाहय+मौज्दात अल्या रकम) | १९०६००००० |
| स्रोतः भद्रपुरनगरपालिकाको २३ औ नगर परिषदबाट स्वीकृत बजेट , २०७४ | | |

### ४.१२.२ व्ययको विवरण

नगरपालिकाको व्ययको स्थिति यसप्रकार रहेको छ;

**तालिका ४.४: भद्रपुर नगरपालिकाको आ.व. २०७३/७४ को संसोधित खर्चको विवरण**

| क्र.स. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | चालु तथा प्रशासनिक खर्च | २३०००००० |
| २ | कार्यक्रम तथा पूजिगत खर्च | १६७६००००० |
| | **जम्मा खर्च** | **१९०६०००००** |
| | **चालु खर्चर विनियोजित रकम** | |
| | संघसंस्था सहयोग साझेदारी/सहकार्य | ३००००० |
| | जनस्वास्थ्य सम्बन्धी खर्च | ९००००० |
| | जनस्वास्थ्य सूचना व्यवस्थापन खर्च | ८००००० |
| | सामाजिक परिचालन कार्यक्रम(LGCDP) | ९१०६००० |
| | अन्यकार्यक्रम | ४००००० |
| | कार्यक्रमभ्रमण खर्च | ४००००० |
| | सार्वजनिक सम्पतिको मर्मत खर्च | ६००००० |
| | नगर सरसफाई तथा फोहोरमैला व्यवस्थापन खर्च | ३९००००० |
| | बारुणयन्त्र संचालन खर्च | ४८००००० |
| | सडक बत्तीमहसुल तथा जडान खर्च | ११५००००० |
| | रजिष्ट्रेसनफिर्ता | २९४००० |
| | **कुलकार्यक्रम खर्च** | **३३००००००** |
| | **पूजिगतखर्च तथा विनियोजित रकम** | |
| | फर्निचर खरिद | ९००००० |
| | सवारी साधनखरिद | ५०००० |

| | | |
|---|---|---|
| | मेशिनरीऔजार तथा कम्प्युटर खरिद | ९००००० |
| | कार्यालय भवन निर्माण | ७५००००० |
| | सार्वजनिक निर्माण खर्च | ९८३६०००० |
| | पूजिगत सुधार खर्च | १६३०००००० |
| | प्रवर्दनात्मक योजना | ४०००००० |
| | सामाजिक पूर्वाधार (लक्षित कार्यक्रम) विकास खर्च | ४५९०००० |
| | पूजिगत अनुदान खर्च | ० |
| | साँवा ब्याज भुक्तानी | २०००००० |
| | **कुल पूजिगतखर्च** | **१३४६००००००** |
| | **जम्मा खर्च** | **१६७६००००००** |
| स्रोतः भद्रपुर नगरपालिकाको २३ औ नगर परिषदबाट स्वीकृत बजेट , २०७४ | | |

### ४.१२.३ नगरपालिकाको आगामी ५ बर्षको अनुमानित आय प्रक्षेपण

नगरपालिकाको समग्र आम्दानीलाई आधार मानी वार्षिक २०% वृद्धि हुने अनुमानका आधारमा बजेट प्रक्षेपण गर्ने प्रयास गरिएको छ । यसरी गरिएको प्रक्षेपणको आधारमा नगरपालिकाको कुल आय आर्थिक बर्ष २०७४/०७५ मा रु २०,११,२०,००० पुग्ने देखिन्छ भने पाँच बर्षपछि आर्थिक बर्ष २०७८/७९ मा कुल आय रु ४१,७०,४२,००० पुग्ने देखिन्छ ।

**तालिका ४.५: नगरपालिकाको आगामी ५ बर्षको आयको अनुमानित प्रक्षेपण (रु हजारम)**

| **विवरण** | **आर्थिक बर्ष** | | | | |
|---|---|---|---|---|---|
| | **२०७४/०७५** | **२०७५/७६** | **२०७६/०७७** | **२०७७/०७८** | **२०७८/०७९** |
| आयको प्रक्षेपण | २०११२० | २४१३४४ | २८९६१३ | ३४७५३५ | ४१७०४२ |

तर, उपरोक्त आम्दानीको प्रक्षेपण गर्दा भद्रपुर नगरपालिकाको विद्यमान आय व्ययलाई आधार मानी वार्षिक २०% वृद्धि हुने अनुमानको आधारमा गरिएको छ । नगरपालिकाले आम्दानीको स्रोत विस्तार गरी करका स्रोतको दायरा फरक पारेमा तथा भर्खरै मात्र घोषित गरिएका नगरपालिकाका सबै क्षेत्रलाई समेटी नगरवासीलाई प्रभावकारी रुपमा करको दायरामा ल्याउँदा आम्दानीको स्रोत बढ्न गै आय बढ्ने संभावना देखिन्छ ।

साथै, विद्‌यमान पुनरसंरचनाले प्रत्यायोजन गरेको स्थानीय तह संचालन कार्यविधि तथा संविधानले प्रदत्त अधिकार अनुसार स्थानीय तहको आधिकार तथा आयस्रोतमा व्यापक परिवर्तन हुने संभावनाले गर्दा प्रक्षेपित आय भन्दा नगरपालिको आय तथा व्ययमा पनि अवस्य सुधार हुने छ र आम्दानी निकै बढ्ने निश्चित छ ।

# ५. नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्‌देश्य र रणनीतिहरु

## ५.१ नगरपालिकाको दीर्घकालीन सोच

दीर्घकालीन सोचलाई नगरपालिकाको दीर्घकालको आदर्शको रुपमा लिन सकिन्छ । दीर्घकालीन सोच भन्नाले वर्तमानको अवस्थाबाट निश्चित भविश्यमा पुग्न सकिने एक ईच्छित अवस्था हो । यसको लागि नगरपालिकामा उपलब्ध स्रोत, साधन, संभाव्यतालाई सदुपयोग गर्दै नगरको मुख्य समस्या र चुनौतीलाई सामना गर्न तयार बनाउन सक्नु पर्दछ । दीर्घकालीन सोच एउटा एकीकृत शहरी विकास योजनामा मात्र प्राप्त गर्न सकिने सोच नभएतापनि एकीकृत शहरी विकास योजनाले यसलाई अगाडी बढाउन मद्‌दत गर्दछ ।

आगामी २० देखि २५ बर्षको अवधिको लागि भद्रपुर नगरपालिकाको समग्र दिगो आर्थिक विकास र वातावरणीय दृष्टिकोणले समृद्‌ध नगरको विकासको लागि दीर्घकालीन सोच निर्धारण गर्न मिति २०७४ भाद्र १ गते भद्रपुर नगरपालिकाको सभाहलमा १ दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा नगरपालिका निर्वाचित पदाधिकारीहरु, कार्यकारी अधिकृत, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, निर्देशक समितिका पदाधिकारीहरु, विषयगत उप-समितिका संयोजकहरु तथा सदस्यहरु लगायत नगरपालिकाका सरोकारवालाहरु, बुद्‌धिजीवीहरु, समाजसेवीहरु र परामर्शदाताका विज्ञ टोलीको उपस्थिति थियो । उक्त कार्यशाला गोष्ठीले भद्रपुर नगरपालिकाको विगतको आवधिक योजनाले निर्दिष्ट गरेको दीर्घकालीन सोचलाई नै निरन्तरता दिने निर्णय गरेको थियो । नगरपालिकाको दीर्घकालीन सोच यस प्रकार रहेको छः

**"पूर्वी क्षेत्रको व्यापारिक द्‌वार**

**शान्ति, समृद्‌धि सहितको भद्रपुर शहर"**

## ५.२ दीर्घकालीन सोचको व्याख्या

यस एकीकृत शहरी विकास योजनामा समावेश गरिएको उपरोक्त दीर्घकालीन सोचले समेट्‌ने शव्दावलीहरुको व्याख्या यसप्रकार रहेको छ ;

**ख) व्यापारिक द्वार**

पूर्व-पश्चिम हुलाकी राजमार्ग यसै नगरबाट शुरु हुने र अहिले उत्तर-दक्षिण चारआली-केचना राजमार्ग समेत कालोपत्रे हुन गैरहेको छ । त्यसैगरी हाल मेची नदिमा पक्की पुल निर्मानधीन रहेको र उक्त पुल निर्माण पश्चात भद्रपुर त्रिदेशीय व्यापारिक नाकाको (नेपाल, भारत र बंगलादेश) रुपमा विकास हुने देखिन्छ । जसले गर्दा भविश्यमा भद्रपुर पूर्वी नेपालकै व्यापारिक द्वार हुने देखिन्छ । त्यसबाहेक नगरपालिकाको यस दीर्घकालीन सोंचले व्यापारिकद्वार भन्नाले निम्न पूर्वाधारहरु सहितको द्वार भन्ने जनाउँदछः

क) हालको छोटी भन्सारको स्तरोउन्नी भै आधुनिक भन्सार भएको

ख) पशु क्वारेन्टाईन भएको

ग) भन्सार नजिकै सुविधा सम्पन्न शुख्खा बन्दरगाह भएको

घ) पुलबाट नेपाल छिर्ने नाकामा मानिस र सामानहरुको आवागमनलाई अनुगमन र नियन्त्रण गर्न सिसि टिभी क्यामारा र सुरक्षाकर्मी सहितको अनुगमनको व्यवस्था भएको

ङ) सीमा सुरक्षा चौकी भएको

च) सुरक्षाकर्मीबाट २४ सै घण्टा सिमा क्षेत्रको निरन्तर अनुगमन भएको

**क) शान्ति**

नेपाली बृहत शब्दकोषका अनुसार शान्ति शब्दको अर्थ विद्रोह, होहल्ला, खलबली, रडाको नभएको, सुखदुःख, हर्षबिस्मात, रिसद्वेष आदि मनोभावनाले नबिथोलिएको मानसिक स्थित, शान्त र स्थिर अवस्था, मनमा दुखपीर आदि नभएको अवस्थालाई जनाउँदछ । यसमा परयोग भएको शव्दावलीले भद्रपुर नगरपालिकामा कुनै विद्रोह नभएको, होहल्ला र झैझगडा नभएको, चोरी डकैती लुटपाट र अतिक्रमण र आक्रमणबाट मुक्त शान्त शहरको रुपमा विकास गर्नुपर्ने विषयलाई समेटेको छ । त्यसबाहेक यस दीर्घकालीन सोचमा समाविष्ट शान्ती शब्दले निम्न बिषयहरुलाई समेटेको छः

क) सामाजिक रुपमा शान्त

ख) राजनैतिक रुपमा शान्त

ग) लगानीको वातावरणको हिसाबले शान्त

घ) बाहृय अतिक्रमण, आक्रमण, चोरी डकैती, लुटपाट, होहल्ला र झैगडाबाट मुक्त

घ) धार्मिक र साँस्कृतिक रुपमा शान्त (सवै धर्म र परम्पराको संरक्षण र सर्वद्धन भएको)

**ख) समृद्धि**

समृद्धि शव्दको अर्थ वृहत् नेपाली शव्दकोशले राम्ररी बढेको, पूर्ण रुपले बढेको, विकसित भएको, सप्रिएको, राम्रो वृद्धि, बढिबढाउ, सामर्थ्य र शक्ति भएको भन्ने कुरालाई जनाउँदछ । यसले भद्रपुर नगरपालिकालाई उन्नतशील, उन्नत तथा सामाजिक, आर्थिक, पूर्वाधार लगायत शहरी पूर्वाधारहरुको विकास भएको नगरपालिका भन्ने जनाउँदछ । नगरपालिकाको दीर्घकालीन सोचमा समाविष्ट समृद्धि शव्दले तल उल्लेख गरिएको विषयलाई समेट्न खोजिएको छ;

क) शैक्षिक रुपमा विकसित
ख) स्वास्थ्य सेवा सुविधामा सहज पहुँच
ग) शहरी पूर्वाधारको पर्याप्त विकास भएको
घ) आर्थिक (उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन, रोजगार) विकास भएको
ङ) नगरपालिकाको सेवा सुविधा प्रवाहमा सहज पहुँच भएको
च) रोजगारीको व्यवस्था भएको
छ) पर्यटनको विकास भै रोजगारीको अवसर सृजना भएको आदि

## ५.२ ध्येय (Mission)

उद्योग, व्यापार, कृषि र पर्‍यटनको विकास र विस्तारद्वारा भद्रपुर नगरपालिकालाई पूर्वी नेपालकै नमूना आधुनिक शहरको रुपमा विकास गर्ने ।

## ५.३ लक्ष, उद्देश्य तथा रणनीतिहरु

### क) लक्ष्य (Goal)

भद्रपुर नगरपालिकामा पूर्वाधार एवं आर्थिक गतिविधिहरुको विकास गर्दै सहभागितात्मक तथा समावेशी विकासको माध्यमबाट उत्पादनका साधनमा पहुँचको अभिवृद्धि गरी नगरपालिकाको सामाजिक एवं आर्थिक स्तरमा सुधार ल्याई आधुनिक शहरको निर्माण गर्नु ।

### ख) उद्देश्यहरु (Objectives)

नगरपालिकाको समष्टिगत उद्देश्यहरु यसप्रकार छन्:

१. नगरपालिकालाई अन्तरदेशीय व्यापारिक नाकाको रुपमा विकास गर्ने ।
२. नगरपालिकालाई तरकारी, खाद्य उत्पादन, मासु, दूधमा आत्मनिर्भर बनाउने ।
३. नगरपालिकालाई आधारभ्ूत पूर्वाधारले सम्पन्न बनाउन्े ।
४. नगरपालिकामा लगानी मैत्री वातावरणको सृजनाद्वारा कृषि, उद्योग तथा व्यापार/व्यवसाय र पर्यटनलाई प्रवर्द्धन गर्ने ।
५. नगरपालिकामा शिक्षा, स्वास्थ्य, रोजगार शान्ति–सुरक्षा जस्ता आधारभूत अधिकारको विकासको लागि उपयुक्त वातावरण निर्माण गर्दै उत्पीडित, असहाय, गरीब, बालबालिका, अशक्त, वृद्धवृद्धाहरुको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
६. वातावरण संरक्षण र सम्बर्धन गर्दै स्वच्छ, सफा, हराभरा र सुरक्षित शहर निर्माण गर्न पूर्वाधार तथा भवनहरुको निर्माण कार्य प्रचलित निर्माण संहिता अनुसार गर्ने/गराउने ।
७. मेची र देउनिया नदिको डुबान र कटानलाई व्यवस्थित गरी नगरवासीलाई बाढी र कटानको समस्याबाट मुक्त गर्ने ।
८. नगरपालिका र वडा कार्यालयहरुको आन्तरिक क्षमता अभिवृद्धि गर्दै सेवा सुविधालाई प्रभावकारी एवं सर्वसुलभ बनाई जनउत्तरदायी स्थानीय सरकारको विकास गर्ने ।

**रणनीतिहरु (Strategies)**

नगरपालिकाको यस एकीकृत/वृहत शहरी योजनाले निर्दिष्ट गरेका उद्देश्यहरु पुरा गर्नको लागि विभिन्न रणनीतिहरु अवलम्बन गरिनुपर्दछ । विकास रणनीतिहरु उद्देश्य अनुरुप हुनुपर्ने हुँदा उक्त विषयगत रणनीतिहरु तल उल्लेख गरिएको छ;

१. नगरपालिकामा कृषि, व्यापार, उद्योग र पर्यटन र विकासको लागि पूर्वाधार विकास कार्यलाई तिव्रता दिने ।
२. नगरपालिकाका सम्पूर्ण जनसंख्यालाई खानेपानी, विद्युत, टेलिफोन सेवाको सुनिश्चितता गर्ने ।
३. भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्दै जाने ।
४. उद्योग तथा व्यापार र पर्यटन व्यवसायी मैत्री कार्यनीति अबलम्बन गर्ने ।

५. नगरवासीको लागि आवश्यक शिक्षा, स्वास्थ्यका पूर्वाधारहरुको विकास र विस्तार गर्दै जाने ।
६. नगरपालिकाको लागि आवश्यक दक्ष जनशक्ति पहिचान गरी सो मुताविक कार्ययोजना बनाउने ।
७. उत्पीडित, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्न, दलित, जनजाति, आदिवासी समुदायलाई लक्षित हुनेगरी रोजगारीमुलक तथा क्षमता विकासका कार्यक्रम तर्जुमा गर्ने ।
८. भवन/पूर्वाधार निर्माण तथा योजना मापदण्ड र भवन संहिता कडाईका साथ कार्यान्वयन गर्ने ।
९. विपद व्यवस्थापन तथा नागरिक सुरक्षा व्यवस्थापनको लागि पूर्व जानकारी, पूर्व तयारी, न्यूनीकरण, व्यवस्थापन र पुनर्स्थापना सम्बन्धी कार्य संचालन गर्दै जाने ।
१०. वातावरण संरक्षण र प्राकृतिक प्रकोपको न्यूनीकरण सम्बन्धी प्रष्ट नीति ल्याउने ।
११. वातावरण सुधार र फोहोर व्यवस्थापनको लागि फोहोरको बहु-उपयोगको व्यवस्था सुरुदेखिनै अबलम्बन गर्ने ।
१२. भौतिक संरचनालाई अपांग मैत्री र वातावरण मैत्री बनाउने ।
१३. रोजगारीमुलक व्यवसायको विकास र प्रवर्द्धनको लागि पहल गर्ने ।
१४. विकास आयोजना तय गर्ने र बजेट विनियोजन गर्ने कार्यलाई पहुँचमा आधारित प्रणालीलाई निरुत्साहित गर्दै वास्तविक आवश्यकताको सिद्धान्तलाई अनुसरण गरी योजना तथा कार्यक्रम तय गर्ने ।
१५. स्थानीय निकायको सेवा, सुविधालाई सरल तथा गुणस्तरीय बनाउने र सेवाग्राही-मैत्री एवं विद्युतीय सुशासनद्वारा सेवा प्रदान गर्ने पद्दतिको शुरुवात गर्ने ।
१६. मानवपूँजी निर्माण र सशक्तिकरण गर्न नगरपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
१७. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
१८. लक्षित समूहलाई लक्षित गरेका कार्यक्रमहरुमा नगरपालिकाको अनुदान बढाउदै जाने ।
१९. नगरपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने ।
२०. विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै नगरको दीर्घकालीन योजनामा समावेश गर्ने ।
२१. निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकास कार्य संचालन गर्ने ।

## ५.४ नगरका विकासका निर्देशक सिद्धान्तहरु (Guiding Principles)

नगरपालिकाको समग्र विकास गर्न र यस बृहत/एकीकृत शहरी विकास योजनाले राखेको दीर्घकालीन सोच तर्फ उन्मुख हुँदै लक्ष्यमा पुग्न विभिन्न कार्यक्रमहरुको संचालनका साथै योजनावद्ध प्रयासहरु तर्फ अघि बढ्न केही निर्देशक सिद्धान्तहरु अपनाइनु पर्ने हुन्छ जुन, यसप्रकार छः

**क) व्यवसायिक कृषि, वाली विविधिकरण तथा खाद्य सुरक्षा**

- नगरपालिकामा कृषि विकासको संभाव्य क्षेत्रहरु पहिचान गरी संभाव्य पकेट क्षेत्र अनुसार कृषि विकास योजना कार्यान्वयन गरिँदै लगिनेछ ।
- कृषकहरुलाई व्यवसायिक कृषि तर्फ आकर्षित गराइने छ र नयाँ कृषिका संभावनाहरुलाई खोजी गरी 'कृषि पकेट क्षेत्र'को कार्ययोजना बनाई अघि लगिनेछ ।
- खाद्य सुरक्षाका लागि कृषि तथा पशुजन्य उत्पादन वृद्धिका लागि विशेष कार्यक्रम संचालन गरिनेछ तथा आवश्यका अनुसार वैकिल्पक व्यवस्था समेत गरिनेछ ।
- फलफूल तथा नगदेवालीलाई प्राथमिकता दिइ भद्रपुरलाई अत्मनिर्भर बनाइनेछ ।
- कृषिवाली विविधिकरण र यान्त्रिकीकरणद्वारा कृषि विकासका कार्यक्रम संचालन गर्दै लगिने छ साथै कृषि पेशामा लाग्नका लागि अभिमुखीकरण तालिम संचालन गर्दै लगिने छ ।
- 'मेची पारि तरकारी वारी' को अवधारणालाई मूर्तरुप दिन तरकारी खेतिलाई विशेष योजना अगाडि ल्याइने छ ।

**ख) पर्यटन विकासद्वारा आर्थिक गतिविधिमा योगदान**

- नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसार कार्य अगाडि बढाइने छ ।
- नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्यस्थलहरु पहिचान गरी तिनको सुधार र व्यवस्थित गर्न प्राथमिकताका साथ कार्यक्रम अगाडि बढाइने छ ।
- नगरपालिकामा पर्यटन विकास र प्रवर्द्धनको लागि पर्यटन मैत्री वातावरणको सृजना गर्दै स्वदेशी तथा विदेशी पर्यटकहरु भित्र्याउने नीति अवलम्बन गरिनेछ ।
- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक पर्यटन, ग्रामीण पर्यटन, पर्या-पर्यटन जस्ता पर्यटकीय कार्यक्रमहरुद्वारा नगरपालिकामा निजी क्षेत्रलाई पर्यटनमा लाग्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक निजी साझेदारीको नीतिअनुसार पर्यटन व्यवसायको विकास तथा बिस्तार गरिनेछ ।

**ग) औद्यगिक विकासद्वारा आर्थिक गतिविधिमा योगदान**

- अन्तरदेशीय व्यापारिक नाकाको रुपमा विकास गर्न मेची भन्सारको स्तरोउन्नती गरी सुख्खा वन्दरगाहको पूर्वाधार निर्माण गरिनेछ ।
- उद्योगको स्थापना र विकासको लागि लगानी मैत्री वातावरणको सृजना गर्दै स्वदेशी तथा विदेशी लगानी कर्ताहरुलाई भित्र्याउने नीति अवलम्बन गरिनेछ ।
- निजी क्षेत्रको प्रवर्द्धन र विकासमा टेवा पुर्‍याई आधारभूत उद्योग प्रवर्द्धन गर्ने तथा सुशासनको प्रत्याभूति गराईनेछ ।
- कृषिजन्य एवं अन्य स्वदेशी वस्तु र सेवामा आधारित तुलनात्मक लाभ एवं बढी अग्रपृष्ठ सम्बन्ध भएका उद्योगहरूलाई विशेष प्राथमिकता दिदै निर्यात वृद्धिमा उच्च टेवा पुर्‍याइने नीति अवलम्वन गरिनेछ ।
- कृषि उपजमा आधारित उद्योगहरु स्थापनाको लागि पूर्वाधार निर्माण गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ ।
- नगरपालिकामा औद्योगिक क्षेत्रको विकास गरी औद्योगिक विकासलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिकाको निर्माण तथा योजना मापदण्ड र भू-उपयोग योजनाले निर्देशित गरे अनुसार औधोगिक क्षेत्र तोकी उक्त स्थानमा उद्योगहरुको लागि अन्य पूर्वाधार निर्माण गरिनेछ ।
- नगरपालिकाका ग्रामीण भेगमा बैंकिङ सेवा पहुँच पुर्‍याईनेछ ।

**घ) पूर्वाधार विकास मार्फत समृद्धि हासिल गर्ने**

- प्रदेश, केन्द्र तहबाट स्थानीय स्तरमा संचालन हुने पूर्वाधार सम्वन्धी कार्यक्रमहरुमा नगरपालिकाबाट आवश्यक समन्वय गरिनेछ ।
- नगरपालिकाको पूर्वाधारहरुको मर्मत संभार गर्नको लागि नगरपालिका मतोहत रहेनगरी कार्य टोली (Work Team) गठन गरी परिचालन गरिने छ ।
- नगरपालिका भित्र शहरी पूर्वाधारहरुको विकास र स्तरोन्नती गरी नगरवासीलाई स्तरीय शहरी सेवा र सुविधाहरु प्रदान गरिनेछ ।
- नगरपालिकाको परिचय र पहिचान झल्कने पूर्वाधार तथा धरोहरको विकास गरिनेछ ।
- जनसहभागिताको माध्यमबाट स्थानीय पूर्वाधार विकासमा स्थानीय स्रोत, साधन र सीप परिचालन गर्ने अवधारणा तथा कार्यशैली अबलम्वन गरिनेछ ।

- स्थानीय पूर्वाधार विकासमा संलग्न दातृ निकायबीच सामजस्यता कायम गर्दै उपलव्ध स्रोतको प्रभावकारी उपयोग गरिनेछ ।
- नगरपालिकाको रणनैतिक पूर्वाधार तथा बढी भन्दा बढी जनताहरु लाभान्वित हुने योजना निर्माणलाई प्राथमिकता दिइनेछ ।
- पूर्वाधार विकास गर्दा वातावरण मैत्री, मितव्ययी तथा आवश्यकतामूखी नीति अनुशरण गरिनेछ ।

**ङ) लक्षित क्षेत्र र समुदायको विकास तथा सामुदायिक सहभागिता**

- सामाजिक परिचालनको माध्यमबाट महिला, वालवालिका र पिछडिएको तथा सीमान्तकृत वर्ग आदिवासी, जनजाति, दलित समुदायको सशक्तिकरण गरिनेछ ।
- जनसवलीकरणको माध्यमबाट लोकतान्त्रिक अवधारण पछ्याउँदै लक्षित वर्गको संलग्नतामा विकास कार्यहरु संचालन गरिनेछ ।
- लक्षित समूहलाई मध्यनजर गर्दै कृषि, व्यापार व्यवसाय, उद्योग र पर्यटनको विकास गरी गरिवी न्यूनीकरणमा जोड दिइनेछ ।

**च) वातावरण सन्तुलन तथा दिगो विकास**

- नगरपालिकाको फोहोर व्यवस्थापनको लागि फोहोर छुट्याई व्यवस्थापन गर्ने नीति अनुसरण गरिनेछ र दीर्घकालीन स्यानिटरी ल्याण्डफिल साइटको निर्माण र संचालन गरिनेछ ।
- स्थानीय श्रोत र सम्पदाको अध्ययन, संरक्षण र व्यवस्थापन गरी दिगो विकास हासिल गरिनेछ ।
- प्राङ्गारिक खेति र पर्यावरणीय (अनुकुल) कृषिमा जोड दिइनेछ ।
- भौतिक पूर्वाधार विकास तथा संरचना निर्माण सम्बन्धी कार्यलाई वातावरणमैत्री बनाइनेछ ।
- जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरणको लागि वन क्षेत्रसँग सम्बन्धित न्यूनीकरण तथा अनुकुलनको उपायहरु अवलम्बन गरी समग्र नगरपालिकाको विकास गरिनेछ ।
- प्राकृतिक श्रोतको दीगो विकासका साथै वातावरणमैत्री विकास अवधारणा अनुसार विकासका कार्यहरु संचालन गरिनेछ ।

- बाढी र कटानको समस्यालाई न्यूनीकरण गर्नेको लागि नदी तटीय क्षेत्रहरुमा वृक्षारोपण, तटबन्ध र ग्यावियन वालको निर्माण गरिनेछ ।
- सामुदायिक वन, सीमसार र झील क्षेत्रहरुको संरक्षण र संवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समूहहरुलाई प्रभावकारी र उत्तरदायी बनाईनेछ ।
- हात्ती आतंक न्यूनीकरण गर्नको लागि विशेष कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

**छ) संस्थागत क्षमता विकास**

- नगरपालिकाको काम कारवाहीलाई सूचना प्रविधि मार्फत चुस्त, सहज र पारदर्शी बनाई सुशासन कायम गरिने छ ।
- नगरपालिका र वडा कार्यालयहरुमा सहायता कक्षको निर्माण गरी जनतालाई सहज र छिटो सेवा प्रदान गरिनेछ ।
- नगरपालिकाको कायम दरबन्दीमा पदपुर्ति गरी आवश्यक विज्ञ, प्राविधिक र अन्य कर्मचारीको पदपुर्ति गरिने छ ।
- वडा कार्यालयहरुलाई एकीकृत सेवा केन्द्रको रुपमा विकास गरी नगरवासीलाई सम्पूर्ण सेवा एकै ठाउँबाट प्रदान गरिनेछ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आवश्यक तालिम र अभिमुखीकरण गरी आधुनिक सूचना प्रविधी/प्रणाली मैत्री बनाईनेछ ।
- नगरपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र राखी पूर्ण रुपमा कार्यान्वयना ल्याईनेछ ।
- विकास आयोजना छनौट प्रकृयामा लक्षित वर्ग, दलित, जनजाति, आदिवासीसमुदायको सहभागिता सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाइनेछ ।
- उपभोक्ता समितिलाई आयोजना निर्माण तथा संचालन सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै आयोजना संचालनलाई प्रभावकारी तथा पारदर्शी बनाइनेछ ।
- महिला, बालबालिका लगायत लक्षित वर्गको संस्थागत र क्षमता विकास गरी विकास व्यवस्थापन तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित र प्रभावकारी बनाइनेछ ।

**ज) सामाजिक समावेशीकरण तथा अवसरमा समानता**

- योजना तर्जुमा तथा संचालन प्रक्रियालाई अझ बढी समावेशी र सहभागितामुलक बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी सन्तुलित विकासमा जोड दिइनेछ ।
- स्थानीय श्रममुलक प्रविधिमा जोड दिई विकास निर्माण कार्य अगाडि बढाइनेछ तथा स्थानीय उत्पादन वृद्धिमा विशेष ध्यान केन्द्रित गरिनेछ ।
- आमा समूह, महिला समूह तथा संजाल, कृषक समूह, उपभोक्ता समूहहरुलाई सशक्त बनाई समावेशी समानताको नीति अपनाइनेछ ।
- महिला, बालबालिका लगायत लक्षित वर्ग, दलित, जनजाति, आदिवासीको कार्यक्रम व्यवस्थित रुपमा तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी मूलप्रवाहीकरण गरिनेछ ।

**झ) स्थानीय सुशासन तथा जनउत्तरदायित्व**

- नगरपालिका र स्थानीय सरोकारवालाहरुबीच समन्वयमा योजना कार्यान्वयन गरिने परिपाटीको विकास गरिनेछ ।
- संस्थागत सुढृढीकरण, गुणस्तरियता, पारदर्शिता तथा दीगोपनालाई विकास कार्य संचालनको प्रमुख रणनीतिको रुपमा अपनाइनेछ ।
- स्थानीय सुशासन तथा जनउत्तरदायित्व अभिवृद्धिका लागि साझेदारहरु बीच नियमित अन्तरक्रिया, छलफल र वहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक र सहभागितामुलक बनाउदै नागरिक समाजलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।
- संस्थागत सुशासन कायम गर्दै भ्रष्टचारमुक्त कार्यविधि अपनाईनेछ ।
- सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको लागि आवश्यक संयन्त्रको विकास गरी सूचना उपलब्धताको सुनिश्चितता गरिनेछ ।
- योजना कार्यान्वयनको नगरपालिकामा अनुगमन संयन्त्र तयार गरी परिचालन गरिने छ साथै प्रगती समीक्षा नियमित रुपमा गरिनेछ ।

**ञ) सामाजिक न्याय तथा मानव अधिकार**

- सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको संस्थागत संरचनामा विपन्न एवं सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ ।
- सामाजिक परिचालनलाई स्थानीय समुदायको सशक्तिकरणको प्रमुख रणनीतिको रुपमा संचालन गरिनेछ र यस कार्यमा स्थानीय सहजकर्तालाई परिचालन गरिनेछ ।

- समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, महिलाहरुको विकास र सहभागिताका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक वृत्ति लगायत अन्य सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने वातावरण बनाई यसको प्रभावकारिता अध्ययन मूल्याङ्कन गरिनेछ ।
- नगरपालिका भित्र रहेका उद्योगहरुमा कार्यरत मजदुरहरुको भविश्यको लागि नगरपालिका, उद्योग र मजदुरहरुको सहकार्यमा मजदुर कल्याण कोष खडा गरिनेछ ।

**ट) समुदाय, निजी क्षेत्र एवं गैरसरकारी संस्थाको परिचालन**

- सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक–निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ ।
- निजी क्षेत्रलाई विकास निर्माणमा परिचालन गर्नका लागि स्थानीयस्तरमा लगानीमैत्री वातावरण निर्माणका साथै वाह्य श्रोत तथा साधनको अधिकतम परिचालन गरिनेछ ।
- समुदाय, निजी क्षेत्र तथा गैसस जस्ता साझेदारहरु बीच अन्तरक्रिया छलफल र वहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक, सहभागितामुलक र प्रभावकारी बनाइनेछ ।
- सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाको संरचनामा विपन्न एवं सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने नीति लिइनेछ ।
- सार्वजनिक सेवा तथा कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्वको अभिवृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजारहरु प्रयोग गरी सुधारका प्रतिबद्धताको पालना गरिनेछ ।

**ठ) नतिजामुलक अनुगमन प्रणाली**

- योजना तथा बजेट तर्जुमा गर्दा स्थानीय तह पुनरसंरचना अनुसार नगरपालिका मातहत रहने विषयगत कार्यालयहरुको समन्वय र समझदारीमा अगाडि बढाइने छ ।
- योजना कार्यान्वयनको नगरपालिकामा अनुगमन संयन्त्र तयार गरी परिचालन गरिने छ साथै प्रगती समीक्षा नियमित रुपमा गरिनेछ ।
- योजनाहरुको अनुगमन गर्दा नतिजामुखी खाका अनुसार गरिनेछ ।
- आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

- नगरपालिकाबाट हुने विकास निर्माण र अन्य कार्यहरुको बारेमा नियमित रुपमा सार्वजनि सुनवाई र सामाजिक लेखा परिक्षण गरिने छ ।
- कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिनेछ ।

# ६. क्षेत्रगत विकास योजना तथा तर्कबद्ध खाका विश्लेषण

## ६.१ परिचय

कुनैपनि शहरको समग्र विकास गर्नेको लागि उक्त स्थानको सामाजिक, आर्थिक, भौतिक र वातावरणीय अवस्थाको बारेमा विस्तृत अध्ययन भै एकीकृत योजनाहरु तर्जुमा हुन जरुरी छ । यस्ता अध्ययनको आधारमा उक्त स्थानको वर्तमान सामाजिक, आर्थिक र भौतिक अवस्थाको जानकारी प्राप्त हुन्छ भने समग्र विकासको लागि उक्त स्थानमा कस्तो संभावना रहेको छ, उक्त संभावनाहरुमा के कस्ता चुनौतीहरु रहेका छन् भन्ने कुराको पनि निक्यौंल गर्न सकिन्छ । यस खण्डमा भद्रपुर नगरपालिकाको क्षेत्रगत विकास योजनालाई प्रस्तुत गरिएको छ । यसरी क्षेत्रगत योजनाहरु तर्जुमा गर्ने क्रममा नगरपालिकाको  समस्या र मुद्दाहरुलाई पहिचान गरी क्षेत्रगत रुपमा व्याख्या र विश्लेषण गरिएको छ । त्यसपछि नगरपालिकाको वर्तमान अवस्थाको आधारमा क्षेत्रगत विकासका योजनाहरुलाई तर्कबद्ध योजना खाकामा (LFA:Logical Framework Analysis) समेत प्रस्तुत गरिएको छ । यसरी तयार पारिएको तर्कबद्ध खाकाले नगरपालिकाको विकासको लागि कस्तो लक्ष्य निर्धारण गरिएको छ, उक्त लक्ष्यहरुको उद्देश्य कसरी र कहिले प्राप्त गर्न सकिन्छ, नतिजाहरु कस्तो हुनेछन् र उक्त नतिजा प्राप्त गर्नको लागि कस्ता कस्ता आयोजनाहरु संचालन र कार्यान्वयन गर्नु पर्छ,

आयोजनाबाट को को लाभान्वित हुन्छन्, आयोजना संचालनमा कस्ता प्रकारका चुनौतीहरु आउन सक्छन्, समस्याहरु के के हुन्छन् र आयोजना कुन निकाय/संस्थाले कसरी कार्यान्वयन गर्ने भन्ने प्रष्ट खाका प्रदान गर्दछ । यस भद्रपुर नगरपालिकाको मुख्य समस्या, तर्कबद्ध खाका र रणनैतिक योजनाहरु तल प्रस्तत गरिएको छः

## ६.२ भौतिक विकास योजना

### ६.२.१ भुमिका

कुनै पनि शहरको विकासको प्रमुख आधार भनेको त्यहाँको भौतिक पूर्वाधारको विकासलाई लिन सकिन्छ । भौतिक पूर्वाधारको विकास बिना कुनै पनि क्षेत्रको विकास सम्भव छैन र मानिसको जीविकोपार्जनको लागि पनि भौतिक पूर्वाधारको विकास तथा विस्तारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसै कारणले गर्दा मानिस आधुनिक भौतिक सुविधाहरु र आर्थिक उपार्जनको खोजिमा लागिरहेका हुन्छन् ।

मानव बसोबास भएको बस्ती, बजार वा नगरको विस्तार क्रमलाई व्यवस्थित ढंगबाट विकास गर्दै लैजान भौतिक विकास योजना तर्जुमा हुनु अति आवश्यक छ । भौतिक विकास योजनाले विद्यमान स्थितिहरुको विश्लेषण गर्दै स्थानीय स्रोत तथा साधनहरुको अधिकतम उपयोग गरी प्राथमिकताको आधारमा भावी विकासको परिकल्पनालाई साकार रुप दिन्छ । जनसंख्या तथा यसका क्रियाकलापहरुले माग गरेको विभिन्न किसिमका पूर्वाधार तथा अन्य आवश्यकताहरुलाई मूर्तरुप दिने दिशामा भौतिक विकास योजना एउटा उपयुक्त आधार हो । यसै कुरालाई मनन गर्दै भद्रपुर नगरपालिकाका मुख्य पूर्वाधारहरु जस्तैः सडक तथा यातायात, खानेपानी तथा सरसफाई, ढल तथा सतह ढल, सिंचाई र विद्युत तथा संचारका सेवा विकासको लागि मुख्य समस्याहरु र तर्कबद्ध खाकामा तल प्रस्तुत गरिएको छ ।

### ६.२.२ भौतिक विकास योजनाको परिभाषा एवं उद्देश्य

भौतिक विकास योजना (Physical Development Plan) ले भद्रपुर नगरपालिकाको शहरी विकास प्रक्रियालाई योजनाबद्ध तवरले विकास गर्दै लैजान आवश्यक दिशा निर्देश गर्दछ । यस अन्तर्गत शहर कुन क्षेत्र तर्फ विस्तार गर्ने भनी शहरी विस्तार क्षेत्रको निर्धारण, नगरमा उपलब्ध जमिन के

कस्तो प्रयोजनको लागि उपभोग गर्न दिने, भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि लगानी रणनीति लगायतका कार्यक्रम तथा विनियमहरुको समेत पहिचान गरिएको हुन्छ । भद्रपुर नगरपालिकाको भौतिक विकास योजनाको प्रस्ताव गर्दा विद्यमान बस्ती क्षेत्र बिचको खाली जमिन, विस्तार हुँदै गैरहेको शहरी क्षेत्र, खुल्ला जमिनको उपलब्धता, वातावरणीय कम संवेदनशील/जोखिम क्षेत्र आदिका क्षेत्रहरुमा शहरी विकास र विस्तारलाई प्राथमिकता दिइएको छ । यसका साथै नगरपालिकाको भौतिक विकास योजना प्रस्ताव गर्दा पूर्वाधार विकास र स्तरोन्नती, भवन निर्माणलाई नियमन र अनुगमन, निर्माण भैसकेका भवनहरुको अनुगमन लगायत पक्षलाई विशेष जोड दिइएको छ । अहिलेको नगरपालिकाको स्थिति हेर्ने हो भने विद्यमान बजारलाई सुव्यवस्थित गरी दिगो शहरी विकासको लक्ष हासिल गर्ने तथा खाली जमिनको सदुपयोग गर्दै हरियाली कायमनै राखी आगामी दिनमा शहर विस्तार गर्नुपर्ने दिशामा विशेष प्रयास हुनुपर्ने देखिन्छ । यसै अनुरुप तल उल्लेखित उद्देश्यहरु प्राप्त हुनेगरी भौतिक विकास योजना तर्जुमा गरिएको छः

- विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै नगरपालिकाको विद्यमान बस्ती विकासको अवस्थालाई नियमन, अनुगमन र पुनर्विकास गर्ने;
- विद्यमान र प्रस्तावित शहरी विकास तथा पूर्वाधार लगानी कार्यक्रमबीच मितव्ययी तरिकाले तालमेल गर्दै लगानी रणनीति अवलम्बन गर्ने;
- नगरपालिकाको दिगो विकास र भौतिक पूर्वाधार विकासको लागि यस अध्ययनले तयार गरेको निर्माण संहिता र मापदण्ड (भवन, सडक, आवास लगायत) कार्यान्वयन, अनुगम र व्यवस्थापन गर्दै जाने;
- शहरी विकासलाई दिगो रुप दिन मुख्य कार्यक्रमहरुमा लगानी केन्द्रित गरी विकास आयोजनाहरु संचालन र कार्यान्वयन गर्ने;
- जोखिम युक्त क्षेत्रहरुमा शहरी विकासलाई नियन्त्रित गर्दै सुरक्षित शहरी विकास गर्दै जाने र अतिक्रमित सार्वजनिक जग्गा जमिनहरुको संरक्षण गर्ने;
- संभाव्य क्षेत्रहरुमा भौतिक तथा सामाजिक पूर्वाधारहरुको विकास र विस्तारद्वारा शहरी विकासलाई नियमित गर्ने ।

**६.२.३ योजना तयारी**

भौतिक विकास योजनाले नगरपालिकाको शहरी विकास र विस्तारलाई निश्चित गर्न एक अवधारणागत मार्गचित्र प्रस्तुत गर्दछ । पूर्वाधार विकासको लागि प्राथमिकीकरण गरी योजनाहरुको बर्गीकरण गर्दै लगानी रणनीति तयार पार्नुपर्ने हुन्छ । यसै वास्तविकतालाई मध्यनजर गर्दै भद्रपुर नगरपालिकाको भौतिक विकास योजना तयार गर्दा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा संचालन गरिनुपर्ने योजनाहरु प्रस्ताव गरिएको छ र सोही अनुसार लगानी केन्द्रित गर्दै जानुपर्ने प्रस्ताव समेत गरिएको छ ।

नगरपालिकाको योजनाहरुको पहिचानका आधारहरु;

- छलफल, अन्तर्क्रिया, प्रस्तुतीकरण, अवलोकनद्वारा समस्याहरु संकलन
- समस्याहरुको प्राथमिकीकरण
- मौजुदा योजनाहरुको विश्लेषण
- स्थलगत निरीक्षण तथा प्राविधिक दृष्टिकोण
- नगरपालिकाका विभिन्न निकायहरुसँगको छलफल
- सरोकारवालाहरुसँगको छलफल तथा सहभागितामुलक कार्यशाला गोष्ठी

भद्रपुर नगरपालिकाको भौतिक विकास योजना तर्जुमा गर्दा योजनाले स्थानीयलाई पार्ने सकारात्मक प्रभाव, लाभान्वित हुने जनसंख्या, लगानीको मात्राका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन किसिमका आयोजनाहरुमा बर्गीकरण गरिएको छ । भौतिक विकास योजना तर्जुमा गर्दा पूर्वाधारको विकास, भू-उपयोग, शहरी विकासको विद्यमान स्वरुपको आधारमा भविष्यको शहरी स्वरुप, पूर्वाधार विकासमा नीतिगत व्यवस्था जस्ता विषयहरुलाई नक्शाङ्कन सहित प्रस्ताव गरिएको छ । योजना तयारी गर्दा भू-उपयोग योजना, सडक संजाल योजना, पूर्वाधार विकास योजना, संस्थागत क्षेत्र निर्धारण, संवेदनशील क्षेत्र निर्धारण, संभाव्यताका आधारमा शहर विस्तार र विकास लगायत नक्शाङ्कन सहित प्रस्ताव गरिएको छ ।

### ६.२.४ शहरी विस्तार क्षेत्र निर्धारण

भद्रपुर नगरपालिकामा तत्कालिन चन्द्रगढी र महेशपुर गाविसहरु गाभिएका थिए भने पछि स्थानीय तह पुनरसंरचनामा गाभिएको साविक पृथ्वीनगर गाविसलाई समेत भद्रपुर नगरपालिकामा भागेर नगरपालिकाको क्षेत्र विस्तार गरिएको थियो, जसले गर्दा नगरपालिकाको मुख्य बजार क्षेत्र (साविक

भद्रपुर नगरपालिका र साविक चन्द्रगढी गाविसकको मुख्य बजार क्षेत्र) बाहेक अन्य क्षेत्रमा अवस्थित वडाहरु ग्रामिण प्रकृतिका रहेकोले हालसम्म घना वस्तीहरुको विकास भैसकेको छैन । जसले गर्दा नगरपालिका भित्र बस्ती विकासको लागि प्रशस्त जमीन उपलब्ध हुने देखिन्छ । तर नगरपालिकाका मुख्य बजार क्षेत्रहरुमा नयाँ घरहरु निर्माण गर्ने क्रमश: बढ्दै गएको देखिन्छ । त्यसैले नगरपालिकामा बेलैमा शहरी योजना तर्जुमा गरी उक्त योजना अनुसार भूउपयोग नीति लागू गरी - बस्तीको विकास गर्न सकेको खण्डमाभद्रपुर नगरपालिकालाई व्यवस्थित नमुना शहरको रुपमा विकास गर्न सक्ने ठूलो संभावना रहेको छ । प्रक्षेपित जनसंख्यालाई व्यवस्थापन गर्न भद्रपुर नगरपालिकका भित्र शहरी विस्तारको लागि पहिचान गरिएका क्षेत्रहरु प्राथमिकताक्रम अनुसार तल उल्लेख गरिएका क्षेत्रहरुमा विस्तार गर्नुपर्ने देखिन्छ;

**पहिलो चरणः**

भद्रपुर नगरपालिकाको प्रस्तावित शहरी विस्तारको लागि हाल विस्तारको क्रममा रहेका मेची राजमार्गको दाँयाबाया क्षेत्र, विर्तामोड-चन्द्रगढी सडकको दायाँबायाँ क्षेत्र, चन्द्रगढी-चारआली सडकको दायाँबायाँ क्षेत्रहरुलाई विशेष प्राथमिकता दिनुपर्दछ ।

**दोस्रो चरणः**

बस्ती विकास र विस्तारको लागि दोस्रो चरणमा पृथ्वी नगर क्षेत्रमा रहेको हालको वस्ती क्षेत्रलाई दोस्रो प्राथमिकता दिनुपर्दछ । यस क्षेत्रमा बस्तीविकास र कार्यालयहरु समेत राख्नु उपयुक्त हुने देखिन्छ ।

**तेस्रो चरणः**

तेस्रो चरणमा हाल खाली रहेका वस्ती विकासको लागि उपयुक्त डुबान र कटानबाट सुरक्षित क्षेत्रहरुलाई प्राथमिकता दिनुपर्दछ ।

### ६.२.५ प्रस्तावित भू-उपयोग क्षेत्र निर्धारण

भद्रपुर नगरपालिकाको मुख्य बजार क्षेत्र बाहेक अन्य क्षेत्रहरु खुल्ला नै रहेको छ । भद्रपुर, नयाँ बजार, संगम चौक, त्रिभुवन चौक, भानु चौक, शिव मन्दिर, जनता चौक, सगरमाथा, किराँत कोलनी, चन्द्रगढी बजार, क्याम्पस मोड, लेखनाथ चौक, धनुषमोड, एसपी मोड देखि क्याम्पस मोड क्षेत्र, हस्पिटल एरिया, बाहेक अन्यत्र घना वस्तीको विकास भैसकेको छैन । खाली क्षेत्र भएकोले व्यवस्थित वस्ती विकास गर्न तथा भू-उपयोग योजना कार्यान्वयन गराउन केही सहज हुने देखिन्छ । भू-उपयोग

क्षेत्र निर्धारण गर्दा विद्‌यमान शहरीकरण, जग्गाको उपलब्धता, जग्गाको उपयोगको संभावना आदिलाई आधार मानी प्रस्ताव गरिएको छ। प्रस्तावित भू-उपयोगको किसिम तालिका तथा नक्सा (अनुसूची ५) मा समेत देखाइएको छ ।

**तालिका ६.१: भद्रपुर नगरपालिकाको प्रस्तावित भू-उपयोग**

| क्र स | भु-उपयोग किसिम | क्षेत्रफल (व किमी) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ५८.३६ | ६०.५७ |
| २ | वन क्षेत्र | ७.८२ | ८.१२ |
| ३ | आवासीय, संस्थागत तथा औदयोगिक क्षेत्र | १८.४० | १९.१० |
| ४ | झाडी क्षेत्र | ०.३१ | ०.३२ |
| ५ | नदी तथा खोला क्षेत्र | २.४५ | २.५४ |
| ६ | खुल्ला जमीन | ३.७४ | ३.८८ |
| ७ | बगान क्षेत्र | ०.४५ | ०.४७ |
| ७ | बालुवा तथा बगर क्षेत्र | ४.८२ | ५.०० |
| | **जम्मा** | **९६.३५** | **१००.००** |

*स्रोत: नापी नक्शा तथा स्थलगत अध्ययन, २०७४*

### ६.२.६ जग्गा विकास कार्यक्रम

भद्रपुर नगरपालिकामा हालसम्म जग्गा विकास कार्यक्रम लागु भएको पाईंदैन । जग्गा विकास कार्यक्रमले आवासलाई व्यवस्थित बनाउनुका साथै पूर्वाधारयुक्त आवासको विकास गर्न समेत मद्‌दत पुग्दछ । मुख्य बजार क्षेत्रभित्र मात्र सीमित नरही जग्गा विकास कार्यक्रमलाई नगरपालिकाका पृथ्वीनगर र महेशपुर जस्ता ग्रामीण क्षेत्रहरुमा समेत विस्तार गर्नु जरुरी छ । खाली जमीनमा जथाभावी प्लटिङ गर्नु भन्दा पूर्वाधार सहितको जग्गा विकास कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने हुन्छ जसबाट व्यवस्थित आवासको विकासमा सहयोग पुग्दछ ।

भद्रपुर नगरपालिका भित्र जग्गा विकास कार्यक्रमको लागि ठूला ठूला प्लटहरु हालसम्म पनि उपलब्ध हुन सक्ने देखिन्छ । भद्रपुर र चन्द्रगढीमा केही घना वस्ती रहेको भएतापनि खासमा ठूला बस्तीहरु विकास भैसकेका छैनन् । नगरपालिकाका विभिन्न क्षेत्रमा निजी प्लटहरुको विकासको लागि एकीकृत जग्गा विकास कार्यक्रम संचालन गर्न सकिने प्रशस्त संभावना देखिन्छ । यी क्षेत्रमा जग्गा

विकास कार्यक्रम संचालन गर्दा घडेरी तथा सेवा सुविधा, एकीकृत जग्गा विकास कार्यक्रम लगायत निर्देशित जग्गा विकास कार्यक्रम संचालन गर्न सकिने देखिन्छ ।

भद्रपुर नगरपालिका अन्तर्गतका झापा चौकको पूर्व, दक्षिण र उत्तरतर्फ, चारआली केचना राजमार्गको झापा चौक देखि हिमालीसम्मको खण्डमा चारआली केचना राजमार्गको दाँयाबाँया, रंगेडाँडा-गार्मेन्ट चौकको सडक दायाँबायाँ, पशु अस्पतालको उत्तर, दक्षिण र पश्चिमा तर्फका खाली जग्गाहरु, लेखनाथ चौक देखि चैतु मन्दिर सम्मको विर्तामोड भद्रपुर राजमार्गको कोरिडोर क्षेत्र संघन कृषिको लागि कम उब्जाउशील हुनको साथै प्रकोपका दृष्टिकोणले पनि सुरक्षित देखिन्छ । सडक संजालले जोडिएको, घना आवादी विकास नभै सकेको, सार्वजनिक पूर्वाधार विकास हुँदै गरेको यी क्षेत्रहरुमा जग्गा विकास कार्यक्रम संचालन गर्न सकिने देखिन्छ । यी क्षेत्रहरुमा जग्गा विकास कार्यक्रम संचालन गर्नको लागि नगरपालिका, शहरी विकास तथा भवन निर्माण विभाग सहित अन्य सरोकारवाला निकायहरुको सक्रिएया जरुरी देखिन्छ ।

### ६.२.७ पूर्वाधार लगानी रणनीति

प्रस्तावित प्राथमिकतागत क्षेत्र अनुरुप नै शहरी विस्तार क्षेत्रको सफल कार्यान्वयनका लागि सो क्षेत्रहरुलाई प्रोत्साहित गर्ने तथा शहरी विस्तारका लागि प्रस्ताव नगरिएको क्षेत्रलाई निरुत्साहित गर्न नगरपालिका तथा नेपाल सरकारबाट भौतिक पूर्वाधार निर्माण (मर्मत संभार) कार्यमा गरिने लगानी सम्बन्धी स्पष्ट नीति तय गरी लागू गर्नु पर्दछ । अन्यथा दोस्रो र तेस्रो चरणमा प्रस्ताव गरिएका विस्तार क्षेत्रमा शहर विस्तार हुनजान सक्दछ । जस्तै दोस्रो र तेस्रो विस्तार क्षेत्रमा नगरपालिकाले भौतिक पूर्वाधार निर्माण नगरी भावी विस्तार क्षेत्रतर्फ निर्माण गरिदिने हो भने बस्तीहरु भावी विस्तार क्षेत्र तर्फ बढ्न जान्छन । भौतिक पूर्वाधार निर्माण (मर्मत संभार) कार्य सम्बन्धी लगानी नीति (Infrastructure Investment Policy) को उदाहरण (सडकको लागि) तालिका नं ६.२ मा प्रस्तु गरिएको छ । यसैगरी भद्रपुर नगरपालिकामा अवस्थित साविकाका गाविस क्षेत्रहरुमा (हालको वडा नं १, २ ३) पनि स-साना आयोजनाहरु निर्माणमा निजी क्षेत्रसँगको समन्वयमा योजना अगाडि बढाउनु पर्दछ भने ठूला ठूला आयोजनाहरु निर्माणको लागि केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायलाई समेत समन्वय गराई योजना कार्यान्वयनमा विशेष ध्यान दिनु जरुरी छ । नगरपालिकामा पूर्वाधार विकास गर्दा तल प्रस्तावित रणनीति अबलम्बन गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ ।

**तालिका ६.२: सडक निर्माण लगानी रणनीति**

| प्राथमिकतायुक्त शहरी विस्तार क्षेत्र | पूर्वाधार निर्माण तथा संचार संभार कार्यमा लगानी नीति | कैफियत |
|---|---|---|
| प्रथम | नगरपालिका तथा उपभोक्ता | ८ मिटर भन्दा बढी चौडाइ भएका सडकहरुको हकमा नगरपालिका ७५% लगानी तथा सो भन्दा सानो सडकमा नगरपालिकाको २५% सम्म लगानी र बाँकी उपभोक्ताहरुको |
| दोस्रो | नगरपालिका तथा उपभोक्ता | लगानी बराबर (८ मिटर चौडा बाटो) |
| तेस्रो | नगरपालिका तथा उपभोक्ता | उपभोक्ता ७५% लगानी (६ मिटर मुनिको बाटो) |
| भावी | उपभोक्ता | नगरपालिकाले लगानी नै नगर्ने (सम्पूर्ण लगानी व्यक्तिगत) (६ मिटर भन्दा कम चौडाईका बाटो) |

माथि प्रस्तावित तालिका अनुसार सडक पूर्वाधारमा लगानी गर्ने हो भने स-साना बाटोको निर्माण गर्नु भन्दा ठूला सडकहरु निर्माण तर्फ स्थानीयवासी आकर्षित हुने र चौंडा बाटो सहित शहरीकरणलाई व्यवस्थित गर्न मद्दत पुग्ने देखिन्छ ।

### ६.२.८ भू-उपयोग क्षेत्र भित्र स्वीकृत हुने क्रियाकलाप

नेपालका अधिकांश शहरहरु विगतमा भू-उपयोग सम्बन्धी मापदण्ड तथा नियमावली अभावमा अव्यवस्थित र अनियमित रुपमा विस्तार भएको पाईन्छ । यसै कुरालाई मनन गरी भद्रपुर नगरपालिकाको भौतिक विकास योजना तर्जुमा गर्ने क्रममा शहरी विस्तारलाई व्यवस्थित र वैज्ञानिक रुपमा दिशानिर्देशित गर्ने उदेश्यलाई ध्यानमा राखी भू-उपयोग नीति अवलम्बन गरिनु जरुरी छ । अहिलेसम्म नगरपालिकामा भू-उपयोग स्थानीयकरण (Land use Zoning) को कार्यान्वयन हुन सकेको छैन भने बस्ती विकास र विस्तारलाई समेत व्यवस्थित गर्न सकेको छैन । शहरको व्यवस्थित विकासको लागि भू-उपयोगको स्थानीयकरण तथा भू-उपयोग नीतिलाई कार्यान्वयनमा ध्यान दिनु जरुरी छ । भद्रपुर नगरपालिकाको विभिन्न क्षेत्रमा कुन कुन क्रियाकलाप गर्न दिने, नदिने वा विशेष स्वीकृति लिएर दिने भन्ने प्रस्ताव तयार गरी तालिकामा प्रस्तुत गरिएको छ । (तालिका ६.३)

विशेषगरी प्राकृतिक प्रकोपको समयमा नगरमा रहेका खुल्ला क्षेत्रको निक्कै महत्व हुन्छ । तीव्र बस्ती विकासको कारण भविष्यमा प्राकृतिक प्रकोप न्यूनीकरण तथा बस्तीलाई व्यवस्थित गर्न भू-उपयोग नीति तथा निर्माण मापदण्डलाई कडाईकासाथ लागू गर्नुपर्ने देखिन्छ भने संवेदनशील क्षेत्रमा भवन निर्माण र भौतिक संरचना निर्माणमा रोक लगाउनु पर्ने देखिन्छ । भद्रपुर नगरपालिकालाई व्यवस्थित गर्नको लागि तल (तालिका ६.३) प्रस्तुत गरिएको खाका अनुसार भू-उपयोग नीति

कडाईका साथ अवलम्वन गर्नु आवश्यक हुन्छ, जसले गर्दा भविष्यमा भू-उपयोग स्तरीयकरण भै व्यवस्थित शहर बन्न सहयोग पुग्नेछ . यस किसिमको भू-उपयोग नीतिले Land use Zoning निर्धारण गरी व्यवस्थित शहरीकरण तर्फ नगरपालिकाको विकास अगाडि बढाउन सकिन्छ ।

**तालिका ६.३: भूउपयोग सम्बन्धी क्रियाकलापहरु**

| क्र.स. | क्रियाकलाप | भू-उपयोग सम्बन्धि क्रियाकलापहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आवासीय तथा व्यापारिक | आवासीय | संस्थागत | भावी शहरी विस्तार क्षेत्र (हाल कृषि प्रयोजन क्षेत्र) | छरिएको वस्ती | औधोगिक |
| **क** | **भवन** | | | | | | |
| १ | आवासीय भवन | √ | √ | √ | * | √ | * |
| २ | सरकारी भवन | √ | * | √ | * | * | * |
| ३ | सरकारी भवनहरु (आवास) | √ | √ | √ | * | * | * |
| ४ | संस्थागत भवन | * | * | √ | * | * | * |
| ५ | गोदाम | √ | # | * | # | √ | √ |
| **ख** | **पसल** | | | | | | |
| १ | किराना पसल | √ | √ | # | √ | √ | √ |
| २ | लत्ताकपडा | √ | * | # | * | √ | # |
| ३ | फेन्सी पसल | √ | * | # | * | √ | # |
| ४ | चिया, पान | √ | √ | √ | √ | √ | √ |
| ५ | पुस्तक, स्टेशनरी | √ | √ | √ | # | √ | # |
| ६ | भाडा पसल | √ | √ | # | # | √ | # |
| ७ | शृगार पसल | √ | # | # | √ | √ | # |
| ८ | हार्डवेयर | √ | # | # | # | # | # |
| ९ | डिपार्टमेन्ट स्टोर | √ | √ | # | * | √ | # |
| १० | सैलुन | √ | √ | # | * | √ | # |
| **ग** | **बजार व्यवस्था** | | | | | | |
| १ | हाटबजार | √ | | | √ | √ | # |
| २ | माछा र मासु बजार | √ | √ | # | √ | √ | # |
| ३ | तरकारी बजार (पसल) | √ | √ | # | √ | √ | # |
| ४ | वधशाला | √ | # | # | √ | √ | * |
| ५ | पशु हाट | √ | # | # | √ | √ | * |
| **घ** | **स्वास्थ्य** | | | | | | |
| १ | स्वास्थ्य क्लिनिक | √ | √ | √ | * | √ | √ |
| २ | औषधी पसल | √ | √ | √ | * | √ | √ |
| ३ | नर्सिङ होम | √ | √ | √ | * | √ | # |
| ४ | अस्पताल | | | | | | |
| ५ | स्थास्थ्य चौकी | √ | √ | √ | * | √ | # |
| ६ | स्वास्थ्य प्रयोगशाला | √ | √ | √ | * | √ | # |
| **ङ** | **शिक्षा** | | | | | | |
| १ | शिसु स्याहार केन्द्र | √ | √ | √ | √ | √ | √ |
| २ | मदरसा | | | | | | |
| ३ | प्राथमिक विदयालय | √ | √ | √ | √ | √ | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | निम्न माध्यमिक | * | √ | √ | * | √ | # |
| ५ | माध्यमिक विदयालय | * | √ | √ | * | √ | # |
| ६ | उच्च मावि | * | * | √ | * | √ | # |
| ७ | महाविदयालय | √ | √ | √ | * | √ | # |
| ८ | व्यवसायिक तालिक | √ | √ | √ | √ | √ | √ |
| ९ | पुस्तकालय/वाचनालय/ | √ | √ | √ | √ | √ | √ |
| **च** | **सार्वजनिक स्थलहरु** | | | | | | |
| १ | मन्दिर, मस्जिद, चर्च | * | * | * | * | * | * |
| २ | सभाहल | * | * | * | * | * | # |
| ३ | मसानघाट | # | # | # | * | # | # |
| ४ | क्रबस्थान | # | # | # | * | # | # |
| ५ | सार्वजनिक शौचालय | * | * | * | * | * | * |
| ६ | प्रहरी चौकी | * | * | √ | * | * | * |
| ७ | सिनो फाल्ने ठाउँ | # | # | # | * | # | # |
| ८ | धर्मशाला | | | | | | |
| ९ | विश्रामगृह | | | | | | |
| **छ** | **मनोरन्जन स्थल** | | | | | | |
| १ | सिनेमा हल/नाटक गृह | √ | * | # | # | * | * |
| २ | भिडियो हल | √ | * | # | # | * | * |
| ३ | सार्वजनिक उदयान | √ | √ | √ | √ | √ | √ |
| ४ | पार्क | √ | √ | √ | √ | √ | √ |
| ५ | रंगशाला | # | # | * | √ | * | # |
| ६ | खेलकद मैदान | √ | √ | √ | √ | √ | √ |
| ७ | पार्टी प्यालेस | | | | | | |
| **ज** | **सेवा मलक व्यवसाय** | | | | | | |
| १ | रेडियो, घडी टिभि मर्मत, पेन्टिङ, | √ | √ | √ | # | √ | √ |
| २ | परामर्श सेवा | √ | √ | √ | # | √ | √ |
| ३ | डाई क्लिनर्स, हेयर डेसर | √ | √ | √ | # | √ | √ |
| ४ | सैलन | √ | √ | √ | √ | √ | √ |
| ५ | टेलिफोन, फ्याक्स, | √ | √ | √ | √ | √ | √ |
| ६ | ट्राभल ऐजन्सी | | | | | | |
| **झ** | **अन्य व्यवसाय** | | | | | | |
| १ | होटेल, तारे होटल | √ | * | * | * | * | # |
| २ | रेष्टरेन्ट | √ | √ | # | # | √ | √ |
| ३ | लज, अतिथि गृह, | * | * | # | # | √ | √ |
| ४ | ईन्धन डिपो | * | # | # | # | # | √ |
| ५ | कवडीखाना | * | # | # | # | * | √ |
| ६ | मोटर र मोटर साईकल वर्कशप | * | # | # | # | * | √ |
| **ञ** | **कषि** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि, बागवानी, फलफुल उत्पादन | # | # | # | √ | √ | # |
| २ | नर्सरी | √ | √ | # | √ | √ | # |
| ३ | चिया बगान | # | # | # | √ | √ | # |
| ४ | पोल्टी फार्म | # | # | # | √ | √ | √ |
| ५ | व्यवसायिक पशपालन | √ | √ | # | √ | √ | √ |
| ६ | शित भण्डार | # | # | # | √ | √ | √ |
| ६ | फलफल प्रशोधन | # | # | # | √ | √ | # |
| ८ | मत्य पालन | | | | | | |
| **ट** | **उदयोग** | | | | | | |
| १ | घरेल उदयोग | # | # | # | # | # | * |
| २ | प्रदषणयक्त | * | # | # | √ | √ | √ |
| ३ | प्रदषण रहित | * | # | # | √ | √ | √ |
| ४ | राईस मिल | * | # | # | # | * | √ |
| ५ | ग्रील, वेल्डिङ | * | # | # | * | * | √ |
| ६ | काठ मिल, फर्निचर उदयोग | √ | # | # | * | * | √ |
| ७ | छापाखना, स्टेसनरी | # | # | # | # | # | √ |
| ८ | प्लाष्टिक उदयोग | | | | | | |
| ९ | चिया प्रशोधन | * | # | # | * | * | # |
| १० | डिष्टीलरी | * | # | # | * | * | √ |
| ११ | सिमेन्ट उदयोग | √ | √ | √ | √ | √ | √ |
| १२ | ग्यास उदयोग | √ | # | # | √ | * | √ |
| १३ | पाउरोटी उदयोग | | | | | | |
| १४ | मसला उदयोग | | | | | | |
| १५ | इटा भटटा | | | | | | |
| **ठ** | **यातायात** | | | | | | |
| १ | बस/मिनिबस पार्क | | | | | | |
| २ | रिक्सा र सफारी पार्क | | | | | | |
| ३ | टक पार्किङ | | | | | | |
| ४ | ठेला पार्किङ | | | | | | |
| ५ | ढवानी सेवा | | | | | | |
| नोट: √ स्वीकृति पाउने, * विशेष स्वीकृति लिनुपर्ने, # स्वीकृति नपाउने | | | | | | | |

### ६.२.९ निर्माण मापदण्ड

भद्रपुर नगरपालिका देशकै पुरानो नगरपालिका भएतापनि निर्माण मापदण्ड पूर्ण रुपमा कार्यान्वयनमा आउने सकेको छैन भने स्थानीय तह पुनरसंरचनामा गाभिएको साविक गाविस पृथ्वीनगर र नगरपालिकाको क्षेत्र विस्तार गर्दा गाभिएको तत्कालिन महेशपुर गाविस पूर्ण रुपमा ग्रामिण प्रकृतिको भएकोले अहिले नगरपालिकामा निर्माण मापदण्डको कार्यान्वयन अझ चुनौतीपूर्ण भएको छ । निर्माण मापदण्ड कार्यान्वयन गर्न नसक्दा मुख्य शहर भित्रका सडकहरु साँघुरा हुने

स्थिति रहन्छ । निर्माण मापदण्ड अन्तर्गत भवन निर्माण मापदण्डको कार्यान्वनले साँघुरा गल्लीहरु बन्न नदिने, जथाभावी शहरीकरण रोक्ने, आवश्यक खुल्ला क्षेत्रहरुको व्यवस्था गर्ने, स्रोतसाधनको समानुपातिक उपभोग र वितरणलाई नियमित गर्ने, वातावरणीय ह्रास हुन नदिने र शहरी जीवनलाई सरलीकरण गर्न मद्दत गर्दछ । मापदण्डले मुख्यतः भू-उपयोग क्षेत्र, विस्तार क्षेत्र, सडक अधिकार क्षेत्र, सेट व्याक, निर्माण रेखा आदिको निम्ति मापदण्ड तोकेको हुन्छ र सोही अनुरुप शहरी विस्तारमा ध्यान दिन सकेमा भद्रपुर नगरपालिका व्यवस्थित शहरको रुपमा निर्माण हुन्छ । नगरपालिकामा निर्माण भैरहेका सरकारी तथा निजी भवन, विद्यालय लगायत अन्य पूर्वाधारहरुको निर्माण मापदण्ड कार्यान्वयन छ छैन सो कुराको अनुगमन हुन सकेको अवस्था छैन । भवन र भौतिक पूर्वाधारको निर्माण गर्दा सडक अधिकार क्षेत्र, ढल/नालाको अवस्था, सेट व्याक, भवन संहिता लगायत प्राविधिक पक्षलाई कार्यान्वयन गर्नु अनिवार्य हुन्छ । हालको अवस्थामा भद्रपुर नगरपालिकाले अनुगमन पक्षलाई कडाइका साथ कार्यान्वयन गर्न सकेको छैन भने प्राविधिकहरुको परिचालन शसक्त नहुँदा भवन निर्माण संहिता कार्यान्वयन गराउन सकिएको अवस्था छैन । भद्रपुर नगरपालिकाको निर्माण मापदण्डको विस्तृत खाका “निर्माण तथा योजना मापदण्ड” यसै अध्ययन प्रतिवेदनको भाग दुई मा छुट्टै पेश गरिएको छ ।

**६.२.१० सडक अधिकार क्षेत्र निर्धारण**

शहर विकास तथा विस्तारको क्रममा सडक अधिकार क्षेत्रको अवलम्वनको अभावमा सडकहरुको निश्चित चौडाईहरुमा कुनै समानता छैन । सडक अधिकार क्षेत्र तोक्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी यस क्षेत्रमा यथास्थितिका सडकहरुको विभिन्न ठाँउमा चौडाईहरु सडक विभागको नियम अनुसार भए सोही अनुसार अन्यथा नयाँ सडक अधिकार क्षेत्र तोक्नुपर्ने देखिन्छ । नगरपालिकाको बजार क्षेत्र भित्रका सडकहरुको अधिकार क्षेत्र तोक्दा ती सडकहरुको प्रकृति, उद्देश्य तथा ती सडकको भावी सुधार तर्फको संम्भावनालाई विश्लेषण गरिएको छ । यसै क्रममा तयार गरिएको सडक सम्बन्धी नक्शामा वर्तमान तथा प्रस्तावित मोटर चल्ने सडकहरु देखाईएका छन । नगरपालिकाको सडक अधिकार क्षेत्रलाई शुरुदेखि नै कार्यान्वयन गराउन नसकिएमा पछिल्लो समयमा सडक अधिकार क्षेत्र कायम गराउन कठिनाई हुने जस्ता समस्याहरु देखा पर्दछन् । त्यसैले अबका दिनहरुमा नया निर्माण हुने संचरनामा अनिवार्य रुपमा सडक अधिकार क्षेत्रको कार्यान्वयनलाई ध्यान दिनु जरुरी छ ।

विद्यमान राजमार्गले तोकेको सडक अधिकार क्षेत्र प्रस्तावित मुल सडकको लागि पनि प्रस्ताव गरिएको छ । भद्रपुर नगरपालिकामा सडक अधिकार क्षेत्र कार्यान्वयन गराउनको लागि राजमार्ग, जिल्ला सडक, फिडर रोड, स्थानीय सडक जस्ता तहमा विभाजन गरी सोही अनुरुप अधिकार क्षेत्रको कार्यान्वयनमा ध्यान दिनु जरुरी छ । भू-उपयोग नक्शामा देखाईए बमोजिमको क्षेत्रमा भवन निर्माणमा प्रतिवन्ध लगाउने, जग्गा विकास कार्यक्रम अन्तर्गत निर्माण हुने सडक र बाटोहरुको हकमा नगरपालिकाले तोके वमोजिम हुने, मापदण्ड नतोकिएका अन्य सम्पूर्ण बाटाहरुको लागि न्यूनतम ६ मीटरको हुने गरी तोकिएको छ । प्रस्तावित सडक अधिकार क्षेत्र निर्धारण गर्दा ग्रामिण पूर्वाधार तथा कृषि सडक विभागले प्रस्ताव गरेको ग्रामीण शहरी सडकको मापदण्डलाई अपनाईएको छ, जस अनुसार सडक अधिकार क्षेत्र तोक्दा भैरहेको न्यूनतम चौडाईमा सम्भावना भएसम्म चौडाई थप गर्ने गरी जोडिने बाटोहरुबाट हुनसक्ने सवारी यात्रु चापलाई समेत ध्यान दिईएको छ । विद्यमान सडकको चौडाई प्रस्तावित अधिकार क्षेत्र भन्दा बढी भएको खण्डमा उक्त स्थानमा सडकको चौडाई यथावत नै कायम रहने छ, जसको प्रयोग सार्वजनिक पार्किङ वा यस्तै अन्य प्रयोजनमा ल्याउन सकिनेछ । यस वाहेक नयाँ खाले बाटोहरुको न्यूनतम चौडाई ६ मिटर भन्दा कम नहुने गरी सडक अधिकार क्षेत्र तोकिएको छ । भद्रपुर नगरपालिकाको सन्दर्भमा नगरपालिकामा गाभिएका साविक गाविसहरुमा समेत सडक अधिकार क्षेत्र तोकी सोही अनुसार निर्माण संरचनाहरु बनाइनुपर्ने हुन्छ ( मुख्य सडकहरुको अधिकार क्षेत्र मापदण्ड प्रतिवेदनमा समावेश गरिएको छ) ।

### ६.२.११ ठेगाना प्रणाली

आधारभूत सम्पर्कका लागि मात्र नभई तथ्याङ्क संकलन, सूचना प्रवाह आदिका लागि पनि घरहरुको ठेगाना महत्वपूर्ण हुन्छ । घरहरुको ठेगाना व्यवस्थित गर्न सके र त्यसको विवरण कम्प्युटरकृत गरी डाटावेस (Database) बनाई समय समयमा अद्यावधिक गर्न सके प्रत्येक घरको जनसंख्या, सदस्य संख्या, लिंग, पेशा, आय जस्ता आर्थि-सामाजिक विवरणका साथै घरघरमा संचालित पसल, व्यवसाय आदिको विवरण पनि सजिलै प्राप्त हुन सक्ने र सम्पूर्ण नगरपालिकाको घरधुरी सर्वेक्षण, कर संकलन आदि कार्यमा ठूलो सहयोग मिल्न सक्छ ।

वैज्ञानिक ठेगाना प्रणाली लागू गर्दा हाल काठमाण्डौ महानगरपालिकाले अपनाएको मेट्रिक ठेगाना प्रणाली (Metric Addressing System) अति उपयुक्त हुन्छ । यो प्रणाली लचिलो (Flexible) र सरल छ । यस प्रणाली अनुसार घरहरुलाई सडकको उदगम विन्दुदेखिको दुरी (Distance) को आधारमा घर

नम्बर दिईन्छ । बाटो देब्रेतर्फको घरको लागि बिजोर (Odd) र दाहिने तर्फको घरको लागि जोर (Even) नम्वर दिईन्छ । यो ठेगाना प्रणाली लागू गर्दा प्रत्येक घरलाई बाटोको नाम र घर नम्बर सहितको पाता दिईन्छ र सो पातालाई घरको मूल ढोकानिर सबैले देख्ने गरी टाँसिन्छ । घर नम्बरको शुरुको बिन्दु यकिन गर्दा उत्तर-दक्षिण बाटो भए दक्षिणी छेउ र पूर्व-पश्चिम बाटो भए पूर्वी छेउलाई आधार मानिन्छ । घरका साथै बाटोहरुको पनि नामाकरण गरिएको हुन्छ । चौडाईका आधारमा बाटोलाई थप, सडक (पेटी भएको बाटो), मार्ग (पेटी नभएको बाटो) र गल्लीमा विभाजन गर्न सकिन्छ । भद्रपुर नगरपालिकाले शहरी विकासलाई व्यवस्थित गर्नको लागि मेट्रिक ठेगाना प्रणालीको कार्यान्वयन गर्नुपर्दछ, जसको लागि पहिला अध्ययन गरी घर नम्बरिङ गर्ने कार्य सम्पन्न गरिनुपर्दछ । नगरपालिकाको भौतिक विकास योजनालाई तलको एलएफए खाकामा समेत प्रस्तुत गरिएको छ;

## ६.२.१२ तर्क बद्ध खाका विष्लेषण (Logical Framework Analysis)

**भौतिक विकास**

| **१) सडक तथा यातायात** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य (Goal):**<br><br>**१.१:** आधारभूत भौतिक पूर्वाधारको निर्माण तथा विकास गरी नगरवासीको जीवन यापन सहज बनाउने । | किमि | ९०.१७ | २०० | कालो पत्रे सडक | भद्रपुर नगरपालिका | नगरवासी | ▪ नगर पार्श्वचित्र<br>▪ जिल्ला पार्श्वचित्र<br>▪ आर्थिक सर्भेक्षण<br>▪ पूर्वाधार क्षेत्रका मूल्यांकन प्रतिवेदन<br>▪ ट्राफिक सर्भे | ▪ भौतिक पूर्वाधारहरुको संचालन तथा सुव्यवस्थापन गर्ने कार्यमा नगरपालिकाका निर्वाचित पदाधिकारीहरुले नियमित रुपमा अनुगमन, मूल्यांकन तथा निर्देशन प्रदान गरिरहेको हुनेछ ।<br>▪ भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी<br>▪ दातृ संस्थाहरुको |
| | किमि | १९५.९१ | १५० | ग्राभेल सडक | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | किमि | ७८.७५ | ५० | कच्ची सडक | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | किमि | - | २५ | नयाँ सडकको निर्माण | भद्रपुर नगरपालिका | नगरवासी | | |
| **उद्देश्य (Ojbectives):**<br>**१.२.१:** नगरपालिकाका सवै बस्तीहरुमा मोटर बाटोको सहज पहुँच पुऱ्याउने ।<br><br>**१.२.२:** निर्माणधीन पुलहरुको निर्माण सम्पन्न गर्ने | संख्या | निर्माणधीण | निर्माण सम्पन्न भएको हुनेछन् | मेची पुल | भद्रपुर नगरपालिका | सम्पूर्ण जिल्लावासी र १ नं प्रदेश | | |
| | प्रतिशत | नभएको | १००% | यातायात गुरु योजनाको कार्यान्वय | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | अवस्था | १ सामान्य बसपार्क भएको | आधुनिक बसपार्कको निर्माण हुनेछ | बसपार्क | भद्रपुर नगरपालिका | सम्पूर्ण जिल्लावासी र १ नं प्रदेश | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१.२.३:** पूर्वाधार विकासमा भू-उपयोग योजना लागू गर्ने<br><br>**१.२.४ :** नया निर्माण हुने पूर्वाधार अपाङ्ग तथा बालमैत्री बनाउने ।<br><br>**१.२.५ :** सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री बनाउने । | अवस्था | नभएको | मुख्य सडकमा पर्ने चौक र बजार क्षेत्रमा बस स्टेण्ड निर्माण भएको हुनेछ | बस स्ट्याण्ड | भद्रपुर नगरपालिका | सम्पूर्ण जिल्लावासी | | सहयोग निरन्तर रुपमा उपलब्ध भएको हुनेछ ।<br>▪ नेपाल सरकारको लगानी निरन्तर हुनेछ । |
| | संख्या | - | २५ वटा | सिटी सफारी र टेम्पो स्टेण्ड | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | अवस्था | नभएको | कम्तिमा ४ वटा नगरबस संचालन भएको हुनेछ | नगरबस | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | योजना | नभएको | कार्यान्वयन भएको हुनेछ | भू-उपयोग योजना | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | अवस्था | न्यून पहुँच | सुधारिएको | लक्षित समूहको पूर्वाधार पहँच | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | संख्या | लागू नभएको | नयाँ निर्माण हुने सम्पूर्ण सार्वजनिक पूर्वाधार | अपाङ्ग मैत्री पूर्वाधार विकास | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | मापदण्ड कार्यान्वय | शुरुवात भएको | नगर क्षेत्रमा भवन निर्माण संहिता | निर्माण मापदण्ड | भद्रपुर नगरपालिका | नगरवासी | | |

**अपेक्षित नतिजा:**

- कालोपत्रे सडक २०० किमी हुनेछ ।
- थप २५ किमी नया सडक निर्माण हुनेछ ।
- १५० किमी सडकको स्तरोन्नती हुनेछ ।
- मेची पुलको निर्माण सम्पन्न भै अन्तरदेशीय आवागमन सहज भएको हुनेछ
- संघन शहरी कार्यक्रम अन्तरगत बन्ने सडकहरुमा पुल निर्माण भएको हुनेछ
- सडक गुरु योजनाको कार्यान्वयन हुनेछ ।
- नगरपालिकामा आधुनिक बसपार्को निर्माण भै लामा दुरीका वसहरु व्यस्थित रुपमा संचालन भएका हुनेछन
- मुख्य सडकका चौक र बजारमा बस स्टेन्डको निर्माण भै यात्रुहरु लाभान्वित भएका हुनेछन
- सिटी सफारी र टेम्पोहरुको स्टेण्ड निर्माण भै नगरवासीहरु लाभान्वित भएका हुनेछन
- नगरपालिकाको सम्पूर्ण बस्तीहरु ग्राभेल सडक संजालमा जोडिएका हुनेछन् ।
- नगरपालिकामा भू-उपयोग योजना कार्यान्वयन भएको हुनेछ ।
- नगरपालिका तथा मुख्य आवास/बजार क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वयन भएको हुनेछ ।
- सडक निर्माण गर्दा वायो ईन्जिनियरिङ पद्दती अपनाइएको हुनेछ ।
- सडक किनारमा अनिवार्य वृक्षारोपण गर्ने पद्दति कार्यान्वयन हुँदै जानेछ ।
- नगरपालिकामा यात्रु मैत्री सार्वजनिक यातायात सहज रुपमा संचालन भएको हुनेछ ।

| **कृयाकलाप/कार्यक्रमहरु** |
|---|
| ▪ सडक यातायात गुरयोजना तर्जुमा गर्ने<br>▪ थप ११० किमी सडक कालोपत्रे गर्ने<br>▪ १५० किमी सडकको स्तरोन्नती गर्ने<br>▪ २५ किमी नया सडक निर्माण गर्ने<br>▪ झापा चौक आसपास नयाँ आधुनिक बसपार्क निर्माण गर्ने<br>▪ निर्माणधीन पुलहरुको निर्माण सम्पन्न गर्ने<br>▪ मुख्य चौकहरुमा बस स्टेन्ड निर्माण गर्ने<br>▪ सिटी सफारी र टेम्पोको स्टेन्ड कायम गर्ने<br>▪ संघन शहरी कार्यक्रम अन्तरगत निर्माणधीन सडकहरु समयमै सम्पन्न गर्ने<br>▪ वडा नं २ र ३ लाई  किचकवधसँग जोड्न देउनीया खोलामा पककी पुल निर्माण गर्ने<br>▪ भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>▪ भवन निर्माण मापदण्ड कार्यान्वयन गर्ने<br>▪ सडक निर्माण गर्दा वायोइन्जिनियरिङ पद्दति अनिवार्य गर्ने<br>▪ यात्रु मैत्री सार्वजनिक यातयात संचालन र व्यवस्थापन गर्ने<br>▪ मुख्य बजार क्षेत्रमा ट्राफिक लाईटको व्यवस्था गर्ने<br>▪ पूर्वाधार निर्माणको प्रभावकी अनुगमन, सुपरीवेक्षण गर्ने |

| **२) खानेपानी, सरसफाई तथा ढल** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य (Goal):**<br>**२.१:** नगरपालिकाका सम्पूर्ण जनतालाई स्वच्छ | प्रतिशत | ३०.७% (२०६८ जनगणना) | ८५% | धाराको पानी प्रयोग गर्ने गरधुरी | भद्रपुर नगरपालिका | नगरवासी | ▪ नगर पार्श्वचित्र<br>▪ जिल्ला पार्श्वचित्र<br>▪ आर्थिक सर्भेक्षण | ▪ भौतिक पूर्वाधारहरुको संचालन तथा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी र ढल सुविधा उपलब्ध गराई नगरपालिकालाई पूर्ण सरसफाई युक्त बनाउने ।<br>**उद्देश्य (Objectives)**<br>**२.२.१:** सम्पूर्ण नया शहरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने ।<br>**२.२.२:** मुख्य बजार र बस्तीहरुमा सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गर्ने ।<br>**२.२.३:** नगरपालिकाका सबै विद्यालयहरुमा छात्रा मैत्री शौचालयको व्यवस्था गर्ने ।<br>**२.२.४:** बजार र मुख्य बस्तीहरुका प्रत्येक घरबाट नियमित फोहोरमैला संकलन गर्ने<br>**२.२.५:** सार्जनिक धाराहरुको निर्माण गर्ने | संख्या | - | १० | सार्वजनिक शौचालय | मुख्य बजार केन्द्र र बस्तीहरु | नगरवासी | ▪ पूर्वाधार क्षेत्रका मूल्यांकन प्रतिवेदन<br>▪ जिल्ला खानेपानी तथा सरसफाई कार्यालयको बार्षिक प्रतिवेदन<br>▪ सरकारी तथा गैन्ह सरकारी संस्थाहरुको प्रतिवेदन | सुव्यवस्थापन गर्ने कार्यमा नगरपालिकाका निर्वाचित पदाधिकारीहरुले नेतृत्व प्रदान गरी अनुगमन, मूल्यांकन तथा निर्देशन प्रदान गरिरहेको हुनेछ ।<br>▪ भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी<br>▪ दातृ संस्थाहरुको सहयोग निरन्तर रुपमा उपलब्ध भएको हुनेछ ।<br>▪ नेपाल सरकारको लगानी निरन्तर हुनेछ ।<br>▪ सरोकारवाला निकायहरुबिच प्रभावकारी समन्वय हुनेछ |
| | संख्या | - | १ | स्यानिटरी ल्यान्डफिल साइट | उपयुक्त स्थान | नगरवासी | | |
| | किमि | - | ५० | ढल संजाल निर्माण | नगरपालिका क्षेत्र | नगरवासी | | |
| | किमि | - | २५० | खानेपानीको पाईपलाईन | नगरपालिका क्षेत्र | नगरवासी | | |
| | अवस्था | क्रममा रहेको | पूर्ण सरसफाई | सरसफाई | नगरपालिका क्षेत्र | नगरवासी | | |
| | अवस्था | निर्माणको क्रममा रहेको | प्रत्येक विद्यालयमा अनिवार्य | विद्यालय शौचालय | सम्पूर्ण नगगरपालिका क्षेत्र | स्थानीय वालवालिका | | |
| | अवस्था | निर्माणको क्रममा रहेको | प्रत्येक विद्यालयमा अनिवार्य | छात्रा मैत्री शौचालय | सम्पूर्ण नगगरपालिका क्षेत्र | स्थानीय वालवालिका | | |
| | पटक | नियमित संकलन हुने गरेको छैन | प्रत्येक दिन | फोहोरमैला संकलन | नगरपालिका क्षेत्र | नगरवासी | | |
| | संख्या | ४७ | ७५ | सार्वजनिक धारा | नगरपालिका क्षेत्र | नगरवासी | | |

**अपेक्षित नतिजा:**

- नगरपालिकाका ८५% मानिसहरुले धाराको पानि प्राप्त गरेका हुनेछन् ।
- स्वास्थ्य, खानेपानी र सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि भएको हुनेछ ।
- खानेपानी उपभोक्ता समितिहरु सुदृढ भै योजनाको व्यवस्थापन गर्न सक्षम भएका हुनेछन् ।
- प्रत्येक विद्यालयमा छात्रा मैत्री शौचालय निर्माण भएको हुनेछ ।
- बजार केन्द्र र मुख्य बस्तीहरुमा सार्वजनिक शौचालय निर्माण भएको हुनेछ ।
- बजार केन्द्र र मुख्य बस्तीहरुमा सार्वजनिक धारा निर्माण भएको हुनेछ
- ढल/नाला संजाल गरुयोजना तर्जमा र कार्यान्वयन भएको हनेछ ।

**कार्यक्रम/ कृयाकलापहरु**

- बजार क्षेत्रको एकीकृत ढलसंजाल योजना निर्माण गर्ने ।
- खानेपानी अपुग क्षेत्रमा खानेपानी योजना निर्माण गर्ने ।
- परम्परागत पोखरीहरु र सीमसार क्षेत्रको संरक्षण गर्ने ।
- सार्वजनिक शौचालयहरु निर्माण गर्ने ।
- स्यानिटरी ल्याण्डफिस साइटको निर्माण गर्ने ।
- नगरपालिकामा फोहोर मैला नियमित संकलन गर्ने ।
- कुहिने र नकुहिने फोहोर मैलालाई छुट्याउने कार्यको थालनी गर्ने ।
- फोहोर व्यवस्थापनमा जन परिचालन गर्न सचेतना अभिवृद्धि गर्ने ।
- सबदाह स्थल निर्माण गर्ने ।
- लक्षित समूह सरसफाई कार्यक्रम संचालन गर्ने ।

| **३) सिंचाई** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य (Goal):**<br>**३.१:** कृषि योग्य क्षेत्रहरुमा | संख्या | १ | ५वटा सम्पन्न गर्ने | सिंचाई आयोजना | पृथ्वीनगर र महेशपुर | स्थानीय कृषकहरु | ▪ नगर प्रोफाइल<br>▪ पूर्वाधार क्षेत्रका | ▪ भौतिक पूर्वाधारहरुको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिंचाई सुविधा पुऱ्याई कृषि विस्तार तथा उत्पादन वृद्धि गर्ने ।<br><br>**उद्देश्य (Objectives)**<br>**३.१.१:** सिंचाई योग्य जमीनमा नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी कृषि उत्पादकत्व र उत्पादन वृद्धि गर्ने ।<br><br>**३.२.२:** भूमिगत जल सिंचाई आयोजनाहरु निर्माण गर्ने ।<br><br>**३.२.३**: सिंचाईको लागि स्यालो ट्युवेल निर्माण गर्ने | संख्या | २ | ५ वटा सम्पन्न गर्ने | भूमिगत जल सिंचाई आयोजना | नगरपालिकाको कृषि योग्य भूमि | स्थानीय कृषकहरु | मूल्यांकन प्रतिवेदन<br>▪ सिंचाई कार्यालयको प्रतिवेदन तथा प्रोफाइल | संचालन तथा सुव्यवस्थापन गर्ने कार्यमा नगरपालिकाका निर्वाचित पदाधिकारीहरुले नेतृत्व प्रदान गरी अनुगमन, मूल्यांकन तथा निर्देशन प्रदान गरिरहेको हुनेछ ।<br>▪ दातृ संस्थाहरु नेपाल सरकारको सहयोग निरन्तर रुपमा उपलब्ध भएको हुनेछ |
| | हेक्टर | ६५० | १००० | कृषि योग्य भूमी मध्ये सिंचाई सुविधा | नगरपालिकाको कृषि योग्य भूमि | स्थानीय कृषकहरु | | |
| | संख्या | नभएको | ४ वटा | सिंचाई पोखरी | नगरपालिकाको कृषि योग्य भूमि | स्थानीय कृषकहरु | | |
| | संख्या | ३९ | १५० | सिंचाई स्यालो ट्युवेल | नगरपालिकाको कृषि योग्य भूमि | स्थानीय कृषकहरु | | |
| | संख्या | - | ५० | सिंचाई उपभोक्ता समूहरु/समितिहरु | नगरपालिकाको कृषि योग्य भूमि | स्थानीय कृषकहरु | | |

**नतिजाहरु (अपेक्षित उपलब्धी)**

- नगरपालिकाको खेतियोग्य भूमिमा सिंचाई सुविधा पुगेको हुनेछ ।
- सिंचित भूमि हालको तुलनामा विस्तार भएको हुनेछ ।
- तरकारी तथा फलफुल खेतीमा वृद्धि भै व्यवसायीकरण भएको हुनेछ ।
- सिंचाई सुविधाका कारण कृषि उत्पादनमा उल्लेख्य वृद्धि भएको हुनेछ ।
- कृषकहरुको जीवनस्तर माथि उठेको हुनेछ ।

**कृयाकलाप/कार्यक्रमहरु**

- सिंचाई आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने
- भूमिगत जल सिंचाई आयोजनाको संभाव्यता अध्ययन गर्ने ।
- स्यालो ट्युवेलहरुको निर्माण गर्ने ।
- आकासे पानी संकलन गरी सिंचाई गर्ने ।
- तरकारी खेतिको लागि थोपा सिंचाई आयोजना सचालन गर्ने ।
- पोखरी सिंचाई अभियान संचालन गर्ने ।
- पकेट क्षेत्र सिंचाई योजना कार्यान्वयन गर्ने ।

| **४) विद्युत र संचार** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य (Goal):**<br>**४.१:** नगरपालिकाका सम्पूर्ण जनतालाई विद्युत तथा संचार सुविधा पुऱ्याउने ।<br><br>**उद्देश्य (Objectives)**<br>**४.१.१:** नगरपालिकाका सबै घरधुरीमा विद्युत सेवा उपलब्ध गराउने ।<br><br>**४.१.२:** नगरपालिकाका सम्पूर्ण बस्तीहरुमा संचार पूर्वाधार निर्माण तथा विस्तार गर्ने । | प्रतिशत | ८५.९% | १००% | विद्युत सेवा पुगेका घरधरीहरु | भद्रपुर नगरपालिका | नगरवासी | ▪ नगर पार्श्वचित्र<br>▪ सरकारी र गैर सरकारी प्रतिवेदनहरु<br>▪ नेपाल टेलिकमको बार्षिक प्रतिवेदन<br>▪ नेपाल विद्युत प्राधिकरणको बार्षिक प्रतिवेदन | ▪ नेपाल सरकार तथा दातृ निकायहरुको निरन्तर सहयोग हुनुपर्ने<br>▪ निजी क्षेत्रबाट लगानी हुनुपर्ने<br>▪ पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी अवधारणा लागु हुनुपर्ने<br>▪ सरोकारवालानि |
| | प्रतिशत | ७१% | ९५% | टेलिभिजन भएका घरधुरीहरु | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | २३.८% | ७०% | केवल टेलिभिजन भएका घरधुरीहरु | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | ९.६% | ५०% | कम्प्युटर भएका घरधरीहरु | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | ३.८% | ४०% | ईन्टरनेट जडान भएका घरधरीहरु | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | सख्या | २/० | ३/१ | सिनेमाहल/नाटकघर | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | संख्या | ४ | ६ | स्थानीय समाचार पत्र | भद्रपुर | नगरवासी | | |
| | संख्या | १ | २ | एफ.एम रेडियो | भद्रपुर | नगरवासी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | - | ५० | सडक बत्ती भएका सडकहरु | भद्रपुर नगरपालिका | नगरवासी | ▪ जिल्ला स्थित वैकल्पिक उर्जा केन्द्रको बार्षिक प्रितिवदेन | कायहरुबिच समन्वय हुनुपर्ने |
| | संख्या | ७१.४% | १००% | मोवाईल फोन | भद्रपुर नगरपालिका | नगरवासी | | |

**नतिजाहरु (उपेक्षित उपलब्धी)**

- नगरपालिकाका सम्पूर्ण वस्तीहरुमा विद्युत सेवा विस्तार भएको हुनेछ ।
- वर्तमान विद्युत प्रणालीको अवस्थामा सुधार भएको हुनेछ ।
- वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरहरुको संख्यामा वृद्धि भएको हुनेछ
- हुलाक सेवा द्रुत, छरितो र प्रभावकारी भएको हुनेछ ।
- नगरपालिकाको सम्पूर्ण क्षेत्रमा संचार सुविधा पुगेको हुनेछ ।
- स्थानीय एफएम रेडियो र छापा संचारको विकास भएको हुनेछ ।

**क्रियाकलाप/कार्यक्रम**

- नगरपालिकामा विद्युतीकरण कार्य पुरा गर्ने ।
- वैकल्पिक उर्जालाई विस्तार गर्ने ।
- विद्युत प्रसारण लाईनको स्तरोउन्नती गर्ने ।
- कृषि विद्युतीकरण गर्ने ।
- संचार क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्हासन गर्ने ।
- मुख्य बजार केन्द्रह र वस्तीरुमा सडक वत्तीको व्यवस्था गर्ने ।
- मोवाईलम, ईन्टरनेट र टेलिफोनको क्षमता वृद्धि र माग अनुसार वितरण गर्ने ।
- मुख्य पर्यटकीय क्षेत्रहरुमा इन्टरनेट इमेल सुविधा विस्तार गर्ने ।

## ६.३ सामाजिक विकास योजना

### ६.३.१ भूमिका

सामाजिक विकास योजनाले यस भद्रपुर नगरपालिकाका समाजिक विकाससँग सम्बन्धित मुद्दाहरुलाई विशेष महत्व दिएको छ । सामाजिक विषयहरु जस्तै: शिक्षा, स्वास्थ्य, खेलकुद, महिला, बालबालिका, पिछडिएका वर्ग समुदाय आदिलाई समेटिएको यस योजनाले खासगरी सामाजिक रुपमा बहिष्कृत र सीमान्तकृत समूह, बालबालिका, वृद्ध/वृद्धा, महिला, आदिवासी, जनजाती आदिसँग सम्बन्धित मुद्दाहरुलाई सामाजिक विकास योजनामा समावेश गरी सम्बोधन गर्ने प्रयास गरेको छ । यस्ता समूह र जातजातिहरु लयायत न्यून आय भएका मानिसहरुसँग सम्बन्धित समस्या, चुनौती र संभावनाहरुलाई विश्लेषण गरी कसरी समाजको हिस्सा बनाएर समावेशी रुपमा समाज विकासको मुल धारमा समाहित गर्न सकिन्छ भन्ने कुरालाई प्रतिवेदनको यस खण्डमा विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ । तर्कबद्ध योजना खाकामा माथि प्रस्तुत गरिएको विद्यमान वस्तुस्थिति विश्लेषणको आधारमा हालको अवस्था, पाँचवर्षे लक्ष्य, सूचकहरु, लक्षित समूह समेत पहिचा न गरी प्रमाणित गर्ने आधार र मान्यता समेत प्रष्ट देखाइएको छ ।

### ६.३.२ तर्कबद्ध खाका विश्लेषण

<table>
<tr><th colspan="10">सामाजिक विकासको एलफलए विश्लेषण</th></tr>
<tr><th rowspan="2">१) शिक्षा</th><th colspan="6">सूचकहरु</th><th rowspan="2">प्रमाणित गर्ने आधार</th><th rowspan="2">मुख्य मान्यता</th></tr>
<tr><th>ईकाई</th><th>हालको अवस्था</th><th>पाँच वर्षे लक्ष्य (२०७८/७९)</th><th>मापक सूचक</th><th>स्थान</th><th>लक्षित समूह</th></tr>
<tr><td rowspan="7">लक्ष्य (Goal):<br>१.१: नगरवासीलाई पूर्ण साक्षर गराई आधारभूत र माध्यमिक तहको शिक्षा सहज रुपमा प्रदान गर्ने ।<br><br>उद्देश्य (Objectives)<br>१.१.१: नगरपालिकाका सबै वर्ग र समुदायको शैक्षिक अवस्थामा सुधार ल्याउने ।<br>१.१.२: विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता गरी सबै वालवालिकाहरुलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।<br>१.१.३: विद्यालय शिक्षा, भौतिक पूर्वाधार र वातावरण बाल मैत्री बनाउने ।<br>१.१.४: सबै वालवालिकालाई माध्यमिक तहसम्मको शिक्षाको अवसर उपलब्ध गराउने ।</td><td>प्रतिशत</td><td>७६.९%</td><td>१००%</td><td>साक्षरता दर</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td><td rowspan="7">▪ नगर प्रोफाइल<br>▪ जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन<br>▪ Flash Report,<br>▪ महिला तथा वालवालिका कार्यालयको प्रतिवेदन<br>▪ गैर सरकारी संस्थाहरुको प्रतिवेदन<br>▪ शिक्षा विभाग र मन्त्रालयको बार्षिक प्रतिवेदन</td><td rowspan="7">▪ बजेट विनियोजन<br>▪ नेपाल सरकार र दातृ निकायबाट निरन्तर सहयोग हुनुपर्ने<br>▪ पूर्वाधार विकासमा निजी साझेदारी अवधारणा लागु हुनुपर्ने<br>▪ सरोकारवालाहरु सग प्रभावाकारी समन्वय हुनुपर्ने<br>▪ विद्यालय व्यवस्थापन समिति सकृय र प्रभावकारी हुनुपर्ने</td></tr>
<tr><td>संख्या</td><td>१</td><td>२</td><td>क्याम्पस</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>-</td><td>२</td><td>प्राविधिक शिक्षालय</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>४</td><td>५</td><td>उच्च मावि</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>१५</td><td>१७</td><td>माध्यमिक विद्यालय</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>१४</td><td>१५</td><td>निम्न माध्यमिक विद्यालय</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>२२</td><td>२३</td><td>प्राथमिक माध्यमिक विद्यालय</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
</table>

**नतिजाहरु (अपेक्षित उपलब्धी):**

- सबै विद्यालयहरुमा बालमैत्री वातावरण भएको हुनेछ ।
- सबै तह ( आधारभूत र मावि तहको ) Dropout Rate 2% भन्दा कममा झरेको हुनेछ ।
- आधारभूत तहको Survival rate बृध्दि भै ९० पुग्नेछ ।
- Basic तहको Co–efficient of internal efficiency 80 पुगेको हुनेछ ।
- Basic level का प्रत्येक विषयको Average achievement Score ८०% पुगेको हुनेछ ।
- Basic level मा Promotion, Repetition र Dropout Rate क्रमश: 95%, 3% र 3% हुनेछ ।
- Grade-1 experienced rate increased by 90%

**कृयाकलाप/कार्यक्रमः**

- प्रत्येक विद्यालयमा MEC पूरा गर्न भौतिक सुविधा विस्तार (कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला र वाहिरी वातावरण) क्रार्यक्रम संचालन गर्ने ।
- नक्साङ्कनका आधारमा र अनावश्यक स्थानमा रहेका विद्यालयहरुलाई गाभ्ने ।
- शिक्षक विद्यार्थी अनुपात (STR) का आधारमा शिक्षक दरबन्दी मिलान र वितरण गर्ने ।
- प्रत्येक शिक्षक शिक्षिकाहरुलाई पुनर्ताजगी तालिम प्रदान गर्ने ।
- प्रत्येक विद्यालयमा पुस्तकालय स्थापना गर्ने ।
- लक्षित समूहका वालवालिकाहरुको Retention Rate वृद्धिका लागि छात्रवृत्तिलाई सहयोगलाई निरन्तरता दिने ।
- शिक्षाका सरोकारवालाहरु (जिसस, नगरपालिका, शिअसंघ, RPs, SS, Parents, Teachers, HTs) को क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

| २) स्वास्थ्य | सूचकहरु | | | | | | प्रमाणित गर्ने आधार | मुख्य मान्यता |
|---|---|---|---|---|---|---|---|---|
| | ईकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य (२०७८/७९) | मापक सूचक | स्थान | लक्षित समूह | | |
| **लक्ष्य (Goal):**<br>**२.१:** नगरपालिकामा सहज एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नगरवासीको | संख्या | - | निर्माण कार्य प्रारम्भ गर्ने | शिक्षण अस्पताल | कलवलगुडी | पूर्वी नेपालका सम्पूर्ण जनता | ▪ मानव विकास सूचाङ्क<br>▪ जिल्ला स्तरमा गरिने नमूना | ▪ स्वास्थ्य क्षेत्रको प्रभावकारी विकासका लागि अनुकूल |
| | संख्या | १ | २ | सरकारी अस्पताल | भद्रपुर नगरपालिका | नगरवासी | | |

<table>
<tr><td rowspan="7">स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।<br><br>उद्‌देश्य (Objectives)<br>२.२.१: नगरपालिकाका सम्पूर्ण जनसमुदायहरुलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुच गराउने ।<br><br>२.२.२: नगरपालिकामा गुणस्तरीय स्वास्थ्य सेवाको लागि पूर्वाधार विकास गर्ने ।<br><br>२.२.३: नगरपालिकामा आयुर्वेदिक स्वास्थ्य सेवाको विकास र विस्तार गर्ने ।</td><td>वेड संख्या</td><td>१००</td><td>२००</td><td>अस्पताल वेड</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td><td rowspan="7">सर्वेक्षण<br>▪ जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदन<br>▪ एनजिओहरुको प्रतिवेदन<br>▪ नगर प्रोफाइल</td><td rowspan="7">वातावरण सिर्जना भई सरोकारवाला सबैको निरन्तर सहभागिता भएको हुनेछ ।<br>▪ नेपाल सरकारको अनुदान तथा बजेट व्यवस्थापनमा बढोत्तरी हुनेछ<br>▪ पूर्वाधार विकासमा निजी साझेदारी अवधारणाको विकास भएको हुनेछ</td></tr>
<tr><td>संख्या</td><td>२</td><td>३</td><td>प्राथमिक स्वास्थ्य केन्द्र</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>१</td><td>२</td><td>ईलाका स्वास्थ्य केन्द्र</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>-</td><td>कम्तिमा बर्षको २ पटक</td><td>स्वास्थ्य शिविर</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>संख्या</td><td>१</td><td>२</td><td>आयुर्वेद अस्पताल</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>दर</td><td>६७.५</td><td>७०</td><td>सरदर आयु</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
<tr><td>प्रतिशत</td><td>७७.४%</td><td>आडिएफ मुख्त नगरपालिका</td><td>साधरण शौचालय भएका घरधुरीहरु</td><td>भद्रपुर नगरपालिका</td><td>नगरवासी</td></tr>
</table>

**नतिजाहरु (अपेक्षित उपलब्धी)**

- मेची अंचल अस्पतालको स्तरोउन्नती भै थप २०० शैया संचालन भएको हुनेछ ।
- नगरपालिकाका स्वास्थ्य केन्द्रहरुमा आवश्यकता अनुसार स्वास्थ्यकर्मीको व्यवस्था भएको हुनेछ ।
- स्वास्थ्यकर्मीको ज्ञान, सीप, दक्षता वृद्‌धि भएको हुनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी र स्वास्थ्य उपकरण/औजार, भवन, आपूर्तिको सुनिश्चितता भएको हुनेछ ।
- स्वास्थ्य सेवाको प्रभावकारिताको अनुगमन तथा शुपरिवेक्षण प्रणालीमा सुधार हुनेछ ।
- नगरपालिकामा समग्र स्वास्थ्य अवस्थाको स्तरोन्नती हुनेछ ।
- स्वास्थ्य सम्बन्धी विशेष शिविर संचालन गरी विभिन्न रोगहरुको सुलभ उपचार गर्न पाउने अवस्था भएको हुनेछ ।
- संस्थागत रुपमा सामुदायिक स्वास्थ्य सेवा प्रदान गर्ने संघ संस्थाहरुको संख्या र सेवामा विस्तार भएको हुनेछ ।

**कार्यक्रम/क्रियाकलाप**

- कलवलगुडीमा शिक्षण अस्पताल निर्माण गर्ने
- मेची अंचल अस्पतालमा नयाँ सुविधा सम्पन्न भवन निर्माण गरी थप १०० शैया संचालन गर्ने
- प्राथमिक स्वास्थ्य केन्द्रमा भौतिक पुर्वाधार र दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने
- स्वास्थ्य कर्मीहरुलाई (SBA, ASBA, NSV, FP) तालिम प्रदान गर्ने
- स्वास्थ्य सेवाको पहुँचबाट टाँढा रहेको ठाउँमा स्वास्थ्य सेवा ईकाई गठन गर्ने
- नगरपालिकामा रहेका HIV AIDS संक्रमितहरुको खोजी गर्न आवश्यक कार्यक्रम र शिविरहरु संचालन गर्ने
- नगरपालिकामा रहेका क्षयरोगी पत्ता लगाउन विभिन्न कार्यक्रम र शिविरहरु संचालन गर्ने ।
- नगरपालिकालाई पूर्ण खोपयुक्त बनाउन खोप अभियान कार्यक्रमहरु संचालन गर्ने
- संस्थागत सुत्केरीको संख्यामा वृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने
- परिवार नियोजन प्रयोग कर्ताको दरमा वृद्धि गर्ने विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
- जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- महिला स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- लक्षित वर्गमा निशुल्क औषधी उपलब्ध गराउने

| **३) महिला, बालबालिका तथा लक्षित समूह** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य (Goal):**<br>**३.१:** महिला बालबालिका तथा लक्षित वर्गको श्रोत, साधन, सेवा र सुविधामा पहुँच वृद्धि गराई सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक एवं | बर्ष | ६७.५ | ७० | सरदर आयु | भद्रपुर नगरपालिका | नगरवासी | ▪ जिसस प्रगति प्रतिवेदन,<br>▪ जिल्ला स्तरमा गरिने नमूना सर्वेक्षण<br>▪ एनजिओको | ▪ बजेट विनियोजन<br>▪ नेपाल सरकार र दातृ निकायको निरन्तर सहयोग<br>▪ पूर्वाधार विकासमा |
| | सूचाङ्क | ०.५२ | ०.५५ | मानव विकास सूचाङ्क | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | ६९.३ (धाराको पानीबाट | ३०% | स्वच्छ खानेपानीबाट बन्चित जनसंख्या | भद्रपुर नगरपालिका | नगरवासी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मानवीय विकासको स्थितिमा सुधार ल्याउने ।<br><br>**उद्देश्य (Objectives)**<br>**३.२.१:** सामाजिक तथा जातीय विभेदको अन्त्य गरी महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला र पछाडि परेका समुदायहरुको समावेशी विकास गर्ने ।<br><br>**३.२.२:** योजना तर्जुमा तथा सामाजिक गतिविधिमा लक्षित समूहको सहभागिता सुनिश्चित गर्ने ।<br><br>**३.२.३:** लोप हुन लागेको भाषा, कला, संस्कृति, धर्म, भेषभुषा आदिको संरक्षण र सम्बर्द्धन गर्ने ।<br><br>**३.२.४:** लैगिंक हिंसा, घरेलु हिंसा, यौन दुराचार जस्ता घटनाहरुको अन्त्य गर्ने । | प्रतिशत | ८.७६% | ६% | ४० बर्षभन्दा बढी नबाच्ने जनसख्या । | भद्रपुर नगरपालिका | नगरवासी | प्रतिवेदन<br>▪ जिल्ला प्रोफाइल<br>▪ जिल्ला स्थित महिला तथा वालवालिका कार्यालयको प्रतिवेदन | सार्वजनिक निजी साझेदारी<br>▪ सरोकारवालाहरु बिच प्रभावकारी समन्वय |
| | अनुपात | ९.४८ (योजना आयोज, २०७०) | ५ | गरिबीको दर | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | १४.८४% | ८% | आर्थिक अवसरबाट बन्चित जनसंख्या | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | अवस्था | - | समावेशी र समानुपातिक | सामाजिक, राजनैतिक आर्थिक गतिविधिमा | भद्रपुर नगरपालिका | नगरपालिकाका महिलाहरु | | |
| | संख्या | - | सबै विद्यालयहरु | बालविकास केन्द्र | भद्रपुर नगरपालिका | नगरपालिकाका वालवालिका | | |
| | संख्या | - | २ | बृद्ध आश्रम | भद्रपुर नगरपालिका | नगरपालिकाका जेष्ठ नागरिकहरु | | |
| | संख्या | - | २ | कला र साँस्कृतिक केन्द्र | भद्रपुर नगरपालिका | नगरपालिकाका जेष्ठ नागरिकहरु | | |
| | संख्या | - | २ | बाल उद्यान | भद्रपुर नगरपालिका | नगरपालिकाका जेष्ठ नागरिकहरु | | |
| | संख्या | - | १ | अपांग गृह | भद्रपुर नगरपालिका | नगरपालिकाका जेष्ठ नागरिकहरु | | |

**नतिजाहरु (अपेक्षित उपलब्धी)**

- नगरपालिका भित्र विकास निर्माण कार्य समावेसी हुनेछ ।
- लक्षित समुदायको हकहित र अधिकारको सुनिश्चितता भै सामाजिक तथा जातीय विभेदको न्यूनीकरण हुनेछ
- लक्षित वर्गहरु सवलीकृत भएका हुनेछन् ।
- दलित उत्पीडित बालबालिकाहरुले शिक्षामा पहुँच उल्लेखनीय रुपमा बढेको हुनेछ ।
- अनौपचारिक शिक्षा कार्यक्रमबाट अशिक्षित महिलाहरुको निरक्षरता दर घटेको हुनेछ ।
- लैंगिक तथा घरेलु हिंशा उल्लेखनीय रुपमा घटेको हुनेछ ।
- विकास योजना तर्जुमा तथा कार्यक्रमहरुमा महिलाहरुको सहभागितामा वृद्धि भएको हुनेछ ।
- महिला, वालवालिका र बृद्धहरुको नगरपालिका र वडा कार्यालयहरुमा सहज पहुँच हुनेछ ।
- एकल महिला, शारीरिक र मानसिक अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुको हकहितको सुरक्षा भएको हुनेछ ।

**कार्यक्रम/कृयाकलाप**

- लक्षित बर्गको प्रोफाईल तयार पार्ने
- लक्षित समूह साक्षरता विकास कार्यक्रम संचालन गर्ने
- बिद्यालय शिक्षामा महिला तथा दलितहरुलाई छात्रबृति प्रदान गर्ने
- अपाङ्ग, अशक्त, बृद्ध/बृद्ध तथा बाल मैत्री निर्माण संरचनाहरु निर्माण गर्ने
- नीति निर्माण, योजना अनुगमन लगायत क्षेत्रमा समावेशिता अवलम्बन गर्ने
- पिछडिएका समुदायलाई विकासको मुल धारमा ल्याउन क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने
- सचेतनामूलक कार्यक्रहरु (सडक नाटक, होर्डिङबोर्ड, पर्चा पम्प्लेट, अन्तरक्रिया, गोष्ठी, श्रव्य दृश्य, कार्यक्रम आदि) संचालन गर्ने ।
- सीपमुलक तथा आयमुलक तालिम प्रदान गर्ने
- सहकारीको अवधारणा तथा संस्थागत क्षमता विकासलाई प्रोत्साहन गर्ने
- जेष्ठ नागरिकहरुका लागि दिवा हेरचाह केन्द्र स्थापना गर्ने
- बालबालिकाको श्रोतहरुको नक्शाङकन, परिचालन र अनुगमन गर्ने
- उपयुक्त स्थान चयन गरी बाल उद्यान निर्माण गर्ने
- वृद्ध/वृद्धा आश्रम र अपांग गृह निर्माण गर्ने

| ४. खेलकुद | सूचकहरु | | | | | | प्रमाणित गर्ने आधार | मुख्य मान्यता |
|---|---|---|---|---|---|---|---|---|
| | ईकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य (२०७८/७९) | मापक सूचक | स्थान | लक्षित समूह | | |
| **लक्ष्य (Goal):**<br>**४.१:** नगरपालिकामा खेलकुदको विकास गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेल प्रतिभाहरु तयार गर्ने ।<br><br>**उद्देश्य (Objectives)**<br>**४.२.१:** नगरपालिकामा आवश्यक खेलकुदका पूर्वाधारहरुको विकास गर्ने ।<br><br>**४.२.२:** नगरपालिकामा खेलकुदका कार्यक्रम नियमति रुपमा संचालन गर्ने ।<br><br>**४.२.३:** नगरपालिकामा राष्ट्रिय | संख्या | १ | १ (स्तरीय) | रंगशाला | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | ▪ जिल्ला खेलकुद कार्यालयको प्रतिवेदन<br>▪ नगर प्रोफाइल<br>▪ राष्ट्रिय खेलकुद परिषदको बार्षिक प्रतिवेदन<br>▪ शिक्षा तथा खेलकुद मन्त्रालयको बार्षिक प्रतिवेदन<br>▪ स्थानीय युवा | ▪ बजेट विनियोजन हुनुपर्ने<br>▪ नेपाल सरकार र प्रायोजक र स्थानीयवासीहरु बाट निरन्तर सहयोग प्राप्त हनुपर्ने<br>▪ सरोकारवाला निकायहरुबिच प्रभावकारी समन्वय हुनुपर्ने<br>▪ खेल टुर्नामेन्टहरु नियमित हुनुपर्ने |
| | संख्या | ३ | ३ (स्तरोउन्नती) | सामान्य खैल मैदान | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |
| | प्रतिशत | - | ५०% | खेलकुदमा सहभागिता वृद्धि | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |
| | संख्या | - | २ | जिल्लाव्यापी खेलकुद आयोजना (वार्षिक) | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |
| | संख्या | - | १ | राष्ट्रिय खेलकुद आयोजना (वार्षिक) | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |
| | संख्या | - | १ | क्रिकेट मैदान | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |
| | संख्या | १ | २ (स्तरीय) | कभर्ड हल | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |
| | संख्या | - | २ (स्तरीय) | खेल प्रशिक्षण केन्द्र | भद्रपुर नगरपालिका | नगरवासी, खेलप्रेमी युवा | | |

**नतिजाहरु (अपेक्षित उपलब्धी)**

- मेची रंगशालाको स्तरोउन्नती भै रंगशाला परिसरमा खेल प्रशिक्षण केन्द्रको पूर्वाधार विकास भएको हुनेछन ।
- थप १ स्तरीय कभर्ड हलको निर्माण भएको हुनेछ
- एक स्तरीय क्रिकेट मैदानको विकास भै क्रिकेट खेलको विकास भएको हुनेछ भने क्रिकेट प्रति युवाहरुको थप आकर्षण बढने छ ।
- नगरवासीहरुको खेलकुदमा चाख बढ्न गै अन्तर जिल्ला र राष्ट्रिय खेलकुदमा उल्लेखनीय प्रतिनिधित्व हुनेछ ।
- नगरपालिकामा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेल प्रतिभा (खेलाडी) हरुको उदय हुनेछ ।
- नगरपालिकामा रहेका क्लबहरुको भौतिक पूर्वाधारमा विकास भै खेलकुद गतिविधिहरु निमयित रुपमा संचालन भएका हुनेछन् ।
- खेलकुदको विकास भै नगरवासीको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्नेछ ।

**कृयाकलाप/कार्यक्रमहरु**

- मेची रंगशालाको स्तरोउन्नती गरी स्तरीय खेल प्रशिक्षण केन्द्रको पूर्वाधार निर्माण गर्ने
- नगरपालिकामा १ स्तरीय क्रिकेट मैदान तयार गर्ने
- थप १ बहुउदेश्यीय कभर्डहल निर्माण गर्ने ।
- सोमबारे, हिमाली र ज्ञानेचौकका खेल मैदानहरुको स्तरोउन्नती गर्ने
- सम्पूर्ण उच्चमाविहरुमा खेल मैदान निर्माण गर्ने ।
- मेची रंगशालामा खेलाडी प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।
- अन्तर विद्यालय र अन्तर क्याम्पस खेलकुद आयोजना संचालन गर्ने ।
- प्रत्येक माध्यमिक र उच्च माध्यमिक विद्यालयमा विभिन्न खेलकुदहरुको प्रशिक्षण तथा प्रतियोगिता संचालन गर्ने ।
- जिल्ला र राष्ट्रिय स्तरका फुटबल र क्रिकेट प्रतियोगिताहरु बार्षिक रुपमा संचालन गर्ने

## ६.४ आर्थिक विकास योजना

### ६.४.१ भूमिका

आर्थिक विकासको योजनाले स्थानीय अर्थतन्त्रलाई मजबुद र क्रियाशील बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ भने स्थानीय सरकारको आर्थिक विकास योजनाका रणनीतिहरु तर्जुमा गर्नमा समेत मद्दत गर्दछ । यसरी तर्जुमा गरिएको आर्थिक विकास योजनाले स्थानीय अर्थतन्त्रको विस्तृत लेखाजोखा गरी भविष्यको लागि आवश्यक पर्ने आर्थिक नीतिहरुको आधार समेत प्रदान गर्ने गर्दछ, जसबाट उपयुक्त रणनीतिहरु, कार्यक्रमहरु, योजनाहरु चयन भै समग्र आर्थिक अवस्थाको सुधार हुनेछ । यस उप-खण्डमा भद्रपुर नगरपालिकाको दिगो आर्थिक विकासको लागि के कस्ता संभावना, अवसरहरु र चुनौतीहरु छन् भन्ने बारेमा विस्तृत व्याख्या गरिएएको छ ।

साधरणतया आर्थिक विकास भन्नाले कुनैपनि स्थानको आर्थिक विकास गर्नको लागि के कस्ता नीति र कार्यक्रमहरु आवश्यक पर्छन भन्ने नै हो । यस्ता आर्थिक नीति र कार्यक्रमहरुलाई स्थानीय लक्ष्य र उद्देश्यहरु हेरी तिनिहरुको प्राथमिकताका आधारमा तय गरिएको हुन्छ, जसले गर्दा स्थानीय स्तर र तहमा लगानी अभिवृद्धि गरी रोजगारीका नयाँ अवसरहरु सृजना हुने गर्दछन् । भद्रपुर नगरपालिकाको आर्थिक विकास योजनामा कृषि, उद्योग, पर्यटन, सहकारी विकासका कार्यक्रमहरु समेटिएको छ । यी क्षेत्रहरुनै भद्रपुर नगरपालिकाको सन्दर्भमा मुख्य आर्थिक क्षेत्रहरु हुन् भने रोजगारी सृजना गरी आय आर्जनका कार्यमा पनि यिन क्षेत्रको ठूलो भूमिका रहेको हुन्छ ।

भद्रपुर नगरपालिकामा वि.स. २०२५/३० सालतिर करिब ४० वटा आधुनिक धान कुट्ने मिलहरु रहेका थिए । यस हिसाबले हेर्दा भद्रपुर बिगतदेखी नै औधोगिक शहरको रुपमा रहेको देखिन्छ । भारतीय सीमाबाट नजिक रहेको र सडक तथा यातायातको सहज पहुँच रहेकोले यहाँ उद्योगको विकास जुन रुपमा हुनुपर्ने थियो त्यो रुपमा हुन सकेन । महेन्द्र राजमार्गले नगरपालिकालाई नछुनु, काकडभिट्टामा मेची पुलको निर्माण र भद्रपुरमा मेची पुलको निर्माण नहुनुले गर्दा भद्रपुरको औधोगिक विकास र आर्थिक विकास ओझेलमा पर्न गयो । समयक्रमसँगै भद्रपुरका पुराना धानमिलहरु विस्थापित हुन थाले । पचासको दशकमा भद्रपुरमा मोमेन्टो एपरल्सको आगमनसँगै (हाल मोमेन्टो एपरल्स आन्तरिक कारणले हाल बन्द रहेको छ) नगरपालिकामा आर्थिक गतिविधिहरु पुन शुरु हुन थाले भने ठूलो संख्यामा स्थानीय मजदुरहरुले रोजगार समेत पाए । त्यसैगरी नगरपालिकामा गाभिएका साविक पृथ्वीनगर, महेशपुर र चन्द्रगढी गाविसहरुमा चिया खेतीको पनि

शुरुवातसँगै चिया उद्योगहरु समेत स्थापना हुन थाले । हालसालै गाभिएका पृथ्वीनगर, महेशपुर जस्ता कृषि प्रधानता रहेका क्षेत्रहरु, चिया बगान जस्ता कृषिमा आधारित औद्योगिक विकासको संभावनाले भद्रपुरलाई कृषि, उद्योग र यहाँ रहेका किचलबध, कमलधाप, चन्द्रगढी जस्ता महत्वपूर्ण पर्यटकीय संभावनाका कारण आर्थिक विकासमा कृषि, पर्यटन र उद्योगलाई आर्थिक विकासको मेरुदण्ड मानी यी क्षेत्रलाई विशेष प्राथमिकता दिइएको छ ।

**६.४.२ तर्कबद्ध खाका विश्लेषण**

| १. कृषि विकास | सूचकहरु | | | | | | प्रमाणित गर्ने आधार | मुख्य मान्यता |
|---|---|---|---|---|---|---|---|---|
| | ईकाई | हालको अवस्था | पाँच वर्ष लक्ष्य (२०७८/७९) | मापक सूचक | स्थान | लक्षित समूह | | |
| लक्ष्य **(Goal):**<br>**१.१:** कृषि, पशुपालन, नगदेवाली तथा व्यवसायिक तरकारी खेतिमा प्राथमिकता दिई स्थानीय कृषकहरुको आयस्तर वृद्धि गराउने ।<br><br>**उद्देश्य (Objectives)**<br>**१.२.१:** नगरपालिकाका कृषकहरुलाई व्यवसायिक कृषि, नगदेवाली र तरकारी खेतिमा आकर्षित गर्ने ।<br><br>**१.२.२:** कृषकहरुलाई व्यवसायिक पशुपालनमा संलग्न गराई उनीहरुको आय-आर्जनमा वृद्धि गराउने ।<br><br>**१.२.३:** नगरपालिकामा वैज्ञानिक कृषि पकेट क्षेत्रको निर्धारण गरी सोही अनुरुपको कृषि उत्पादन कार्यक्रम | संख्या | - | १ | आधुनिक कृषि सामग्री केन्द्र | सम्पूर्ण नगरपालिका | कृषक समूह | ▪ मानव विकास प्रतिवेदन<br>▪ नगर प्रोफाइल<br>▪ जिल्ला कृषि विकास कार्यालयको तथ्याङ्क/प्रतिवेदन<br>▪ जीवनस्तर सर्भेक्षण | ▪ नेपाल सरकारको वजेट विनियोजन<br>▪ विकास साझेदारहरुको सहयोग निरन्तर रुपमा प्राप्त भएको हुनेछ ।<br>▪ कृषकहरु नगदे बाली, फलफुल खेति र पशुपालनमा आकर्षित हुनेछन् ।<br>▪ स्थानीय निकायहरुबिच प्रभावकारी समन्वय |
| | प्रतिशत | १४.८४% (राज, २०६८) | ८% | आर्थिक अवसरबाट वञ्चित | सम्पूर्ण नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | २०.% अनुमानित | ५०% | सिंचित जमीन | सम्पूर्ण नगरपालिका | कृषक समुदाय | | |
| | प्रतिशत | ९.४८ (योजना आयोज, २०७०) | ५ | मानव गरिवी सूचांङ्क | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | | |
| | संख्या | - | ५ | कृषि उपज संकलन केन्द्र | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |
| | प्रतिशत | - | २० | व्यवसायिक तरकारी खेतिमा संलग्न कृषकहरु | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |
| | प्रतिशत | २० (अनुमानित) | ३० | नगद्देवालीमा संलग्न कृषकहरु (चिया खेती समेत) | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |
| | प्रतिशत | ५ (अनुमानित) | १० | व्यवसायिक पशुपालनमा संलग्न कृषकहरु | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संचालन गर्ने । | संख्या | - | २ | पशुसेवा केन्द्र (स्तरीय) | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |
| | संख्या | - | ६ वटा दुग्ध संकलन र २ वटा चिस्यान केन्द्र | दुग्ध संकलन र चिस्यान केन्द्र | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |
| | संख्या | - | ४ | कृषिमा आधारित उद्योगहरु | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका सम्पूर्ण कृषकहरु (व्यवसायिक समेत) | | |
| | संख्या | - | ५ | कृषि पकेट क्षेत्र | नगरपालिकाका संभावित विभिन्न क्षेत्र | संभावित क्षेत्रका कृषक | | |

**<u>नतिजा (अपेक्षित उपलब्धि)</u>**

- नगरपालिकाका थप कृषकहरु व्यवसायिक तरकारी खेति तथा नगदेवाली उत्पादनमा लागेका हुनेछन् ।
- कृषिको व्यवसायिकरण र बजारीकरण भै स्थानीय युवाहरु कृषिमा आकर्षित भएका हुनेछन् ।
- व्यवसायिक खेतिबाट कृषि उत्पादन तथा आय-आर्जनमा उल्लेखनीय वृद्धि भएको हुनेछ ।
- कृषकहरुको लागि आवश्यक बजारको व्यवस्था भएको हुनेछ ।
- खाद्य आत्म निर्भरतामा नगरपालिका सफल हुनेछ ।
- वाली विविधिकरण भै क्षेत्रगत उत्पादनले प्रश्रय पाएको हुनेछ ।

**कार्यक्रम/कृयाकलाप**

- कृषि पकेट क्षेत्र निर्धारण गरी वाली विशिष्टीकरण गर्ने
- कृषि अनुदान कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने
- स्थानीय वाली र फलफूलको पहिचान र संरक्षण गर्ने
- कृषि उपज संकलन केन्द्र, तरकारी तथा फलफूल संकलन केन्द्रहरु र चिस्यान केन्द्रहरुको निर्माण गर्ने
- कृषि तालिम, सेमिनार, गोष्ठी संचालन गर्ने
- कृषकहरुलाई सहज रुपमा कृषि ऋणको व्यवस्था गर्ने
- एनजिओसँगको समन्वयमा कृषि भ्यालु-चेन कार्यक्रम संचालन गर्ने
- उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गर्ने
- विउ बिजन तथा विरुवा वितरण कार्यक्रम संचालन गर्ने
- विशेष कृषि उत्पादन कार्यक्रम संचालन गर्ने
- समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम संचालन गर्ने
- स्थानीय कुलो र नहरहरुको मर्मत संभार गर्ने
- नयाँ भूमिगत सिंचाई आयोजनाहरु निर्माण गर्ने

| **२. पर्यटन विकास** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य: (Goal)**<br>**२.१:** नगरपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाहरुको सरंक्षण र प्रवर्द्धन गरी पर्यटनको विकासबाट जनताको आर्थिक विकासमा योगदान पुऱ्याउने । | संख्या | - | २००० | पर्यटकीय क्षेत्रमा रोजगारी | भद्रपुर नगरपालिका | नगरवासी | ▪ जिल्ला पर्यटन प्रोफाइल<br>▪ नगर प्रोफाइल<br>▪ पर्यटन विभागको प्रतिवेदन<br>▪ पर्यटन पूर्वाधार | ▪ आवश्यकता अनुसार वजेट विनियोजन गरेको हुनेछ ।<br>▪ विकास साझेदारहरुको सहयोग निरन्तर रुपमा प्राप्त |
| | संख्या | - | २ | पर्यटन सूचना केन्द्र | पर्यटकीय संभावनाका क्षेत्र | सम्पूर्ण पर्यटकहरु | | |
| | अभियान | - | उल्लेखनीय मात्रामा | पर्यटन प्रचार प्रसार | भद्रपुर नपा र पूर्वी क्षेत्रका शहरहरु | सम्पूर्ण पर्यटकहरु | | |
| | योजना कार्यान्वयन | - | तयार भै प्रभावकारी | पर्यटन गुरुयोजना तर्जुमा र कार्यान्वयन | भद्रपुर नगरपालिका | नगरवासी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **उद्देश्य (Objectives)**<br>**२.२.१:** नगरपालिकामा पर्यटक आगमन कार्यक्रम प्रवर्द्धन गरी पर्यटन गतिविधि बढाउने ।<br>**२.२.२:** नगरपालिकामा पर्यटन क्षेत्रको विकासलाई प्राथिकता दिई रोजगारीका नयाँ अवसरहरु सिर्जना गर्ने ।<br>**२.२.३:** मुख्य पर्यटकीय क्षेत्रहरुमा आवश्यक पर्यटन पूर्वाधारको विकास गर्ने ।<br>**२.२.४:** नयाँ पर्यटकिय क्षेत्रहरुको पहिचान र विकास गर्ने | संख्या | - | ४ | चिया पर्यटकिय क्षेत्र | नपा भित्रका चिया बगानहरु | नगरवासी | विकास आयोजनाको प्रतिवेदन<br>▪ जिल्ला स्थित उद्योग वाणिज्य संघको प्रतिवेदन<br>▪ होटल व्यवसायीहरु को प्रतिवेदन | भएको हुनेछ ।<br>▪ पर्यटन क्षेत्रको प्रचारप्रसार भएको हुनेछ ।<br>▪ निजी क्षेत्रद्वारा पर्यटन तथा व्यवसायिक गतिविधिहरुमा लगानी बढ्ने छ । |
| | संख्या | - | कमलधाप, किचकबध, चन्द्रगढ, | होमस्टे संचालित गाँउ | संभावित क्षेत्र | नगरवासी | | |
| | संख्या | - | २ (किचकवध र चन्द्रगढ) | सिमसार क्षेत्र | संभावित क्षेत्र | सम्पूर्ण पर्यटक | | |
| | संख्या | - | २ | उद्यान | संभावित क्षेत्र | सम्पूर्ण पर्यटक | | |
| | संख्या | केही सामान्य स्थलहरु | पूर्वाधार सहितको ४ | वनभोज स्थल | संभावित क्षेत्र | सम्पूर्ण पर्यटक | | |
| | संख्या | २ | ७ | स्तरीय होटल | संभावित क्षेत्र | सम्पूर्ण पर्यटक | | |
| | संख्या | - | १ | साइन्स सिटी | नगरपालिकाको उपयुक्त क्षेत्र | सम्पूर्ण पर्यटक | | |

**<u>नतिजा (अपेक्षित उपलब्धि)</u>**

- नगरपालिकामा पर्यटन गुरु योजना तर्जुमा भएको हुने छ ।
- पर्यटन गुरुयोजना अनुसारका कार्यक्रमहरु क्रमश: कार्यान्वयन गुँदै जानेछ ।
- नगरपालिकामा वार्षिक पर्यटकहरुको आगमनमा वृद्धि हुँदै गएको हुनेछ ।
- नगरपालिकामा प्रमुख पर्यटकीय गन्तव्य प्राकृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकास भएको हुनेछ
- पर्यटन व्यवसायमा लाग्ने घर पारिवारको संख्या बढ्दै गएको हुनेछ ।
- पर्यटन व्यवसायबाट नगरपालिकामा रोजगारीको नयाँ अवसरहरु सिर्जना भएको हुनेछ ।
- नगरपालिकामा पर्यटकीय गतिविधिमा उल्लेखनीय वृद्धि भै नगरपालिकाको प्रमुख आयस्रोतको रुपमा पर्यटन पनि एक हुनेछ ।
- पर्यटन क्षेत्रबाट नगरपालिकाकाको समग्र आर्थिक विकासमा उल्लेखनीय योगदान पुगेको हुनेछ ।

**कार्यक्रम/कृयाकलाप**

- नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गर्ने
- पर्यटन प्रचार-प्रसार अभियान कार्यक्रम संचालन गर्ने
- पर्यटन गुरु योजना तर्जुमा गरी क्रमश कार्यान्वयन गर्दै जाने
- स्तरीय होटलहरु निर्माण गर्ने
- पर्यटन सूचना केन्द्रको स्थापना गर्ने
- किचकबधलाई संरक्षण गरी पर्यटन पूर्वाधारहरु विकास गर्ने
- गुरुयोजना मार्फत कमलधापलाई नमुना धार्मिक क्षेत्रको रुपमा विकास गर्ने
- कमलधापमा रहेको सिमसार क्षेत्रलाई संरक्षण गरी पर्यटन पूर्वाधार विकास गर्ने
- संभावित क्षेत्रहरुमा होम स्टे संचालन गर्ने
- पर्यटन पूर्वाधारको विकास गर्ने (मनोरन्जन पार्क, बाल उद्यान, साईन्स सिटी, सिमसार क्षेत्र, पिकनिक स्थल)
- चन्द्रगढीमा अवस्थित महेन्द्र पार्कको संरक्षण गरी अझ आकर्षक बनाउने
- स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थल, गम्बा आदिको संरक्षण र जीर्णोद्दार गर्ने

| **३. औद्योगिक विकास** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| लक्ष्य **(Goal):**<br>**३.१:** नगरपालिकामा | संख्या | - | २००० | औद्योगिक तथा व्यवसायिक क्षेत्रमा | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | ▪ घरेलु तथा साना उद्योग | ▪ आवश्यका अनुसार वजेट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| औधोगिक विकास गरी आर्थिक समृद्दि र नयाँ रोजगार सिर्जना गर्ने<br><br>**उद्देश्य**<br>**३.२.१:** नगरपालिकामा कृषिमा आधारित उद्योगहरुको विकास र विस्तार गर्ने ।<br><br>**३.२.२:** नगरपालिकामा उद्योगहरुको विकास र विस्तार गरी रोजगारीका नयाँ अवसरहरु सिर्जना गर्ने ।<br><br>**३.२.३:** सिपमुलक तालिम संचालन गरी सिप हस्तान्तरण तथा स्वरोजगरीको अवसर सृजना गर्ने । | संख्या | - | १० | कृषिमा आधिरत उद्योगहरु | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका कृषकहरु | विकास समितिको प्रतिवेदन<br>▪ नगर प्रोफाइल<br>▪ झापा उद्योग वाणिज्य संघको प्रतिवेदन | विनियोजन भएको हुनेछ ।<br>▪ विकास साझेदारहरुको सहयोग निरन्तर रुपमा प्राप्त भएको हुनेछ ।<br>▪ उद्योग वाणिज्य संग तथा निजी क्षेत्रको लगानीमा निरतन्तर वृद्धि हुनेछ ।<br>▪ स्थानीय निकायहरुबिच प्रभावकारी समन्वय स्थापित भएको हुनेछ |
| | संख्या | - | ५०० | विभिन्न किसिमका उद्योग तथा कलकारखाना (दर्ता | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | | |
| | संख्या | - | २०० | उद्यमीहरु | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | | |
| | संख्या | - | १००० | शिपविकास तालिम प्राप्त जनशक्ति | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | | |
| | अवस्था | | सम्पूर्ण उद्योगहरु नगरपालिका दर्ता भै नगरपालिकाको कर प्रणालीमा | औधोगिक कर | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | | |
| | संख्या | १ | २ | आधुनिक चिस्यान केन्द्र (दुध र तरकारी वालीको लागी | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरपालिकाका कृषकहरु | | |
| | संख्या | - | ५००० | औद्योगिक रोजगार | सम्पूर्ण नगरपालिका क्षेत्र | नगरवासी | | |

**<u>नतिजा (अपेक्षित उपलब्धि)</u>**

- नगरपालिकामा कृषि उत्पादनमा आधारित उद्योगहरुको विकास भएको हुनेछ ।
- नगरपालिकामा लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार तथा प्रवर्द्धन भएको हुनेछ ।
- नगरपालिकामा उद्यमशीलताको माध्यमबाट लघुउद्यमी सिर्जना भै रोजगारीमा वृद्धि भएको हुनेछ ।
- औदयोगिक क्षेत्रमा रोजगारीको अवसर सृजना भएको हुनेछ ।

**कार्यक्रम/कृयाकलाप**

- स्थानीय उद्यमीहरुको क्षमता अभिवृद्धि तालिम संचालन गर्ने
- स्थानीय समुदायमा व्यवसाय अभिमुखीकरण तालिम संचालन गर्ने
- कृषि जन्य उद्योगको लागि पकेट क्षेत्र अनुसारको कृषि उद्योगको विकास गर्ने
- औधोगिक क्षेत्र विस्तारको लागि संभाव्यता अध्ययन गर्ने
- उद्यमशीलताको लागि लघुउद्यमी विकास तथा सहयोग कार्यक्रम संचालन गर्ने
- साना उद्यमीहरुको विकास र विस्तारको लागि स्वरोजगार कार्यक्रम संचालन गर्ने
- उपलब्ध कच्चा पदार्थमा (कृषिमा) आधारित उद्योग स्थापना र संचालन गर्ने
- नगरपालिकाको पायक पर्ने स्थानमा कृषि उपज संकलन केन्द्र स्थापना गर्ने
- नगरपालिकाको पायक पर्ने स्थानमा चिस्यान केन्द्रको निर्माण गर्ने

## ६.५ वातावरण व्यवस्थापन योजना

### ६.५.१ भूमिका

कुनैपनि योजना निर्माण गर्दा त्यस आयोजनाले उक्त स्थानको वातावरणमा प्रतिकुल प्रभाव पर्न सक्दछ, जसले गर्दा भविष्यमा त्यहाँको वातावरणमा नकारात्मक प्रभाव पर्न गै विभिन्न प्रकारका प्राकृतिक प्रकोपहरुको जोखिम बढ्न सक्दछ । प्राकृतिक प्रकोप र वातावरणबीच गहिरो सम्बन्ध रहेको छ । भौतिक विकास निर्माणका कार्यहरु जस्तै: सडक निर्माण, पुल निर्माण, जलविद्युतका लागि निर्माण गरिने ठूला बाँधहरु, कुलो, नहर आदिका कारणबाट स्थानीय वन सम्पदा, जल सम्पदा, वन्यजन्तु र समग्र मानव जीवनमा हुने प्रभावले आगालागी, खडेरी, प्रदूषण, पहिरो, भू-क्षय, बाढी, अति बर्षा, कृषि उत्पादनमा कमी जस्ता वातावरणीय जोखिम/विपदहरु निम्तिन सक्दछन् । यस्ता मानव सिर्जित क्रियाकलापहरुबाट उत्पन्न विपदहरुबाट हुने वातावरणीय विनासको क्षतिपुर्ति हुन धेरै बर्ष लाग्न सक्दछन् भने कहिले काँही यस्ता विनासबाट अपुरणीय क्षति समेत हुने गर्दछ । त्यसैले वातावरणीय व्यवस्थापनको सही योजनाबाट नै जोखिम न्यूनीकरण समेत हुने भएकोले विकास योजनामा वातावरणीय व्यवस्थापन योजना निक्कै महत्वपूर्ण हुने गर्दछ । जसले गर्दा मानव लगायत समस्त जिवजन्तुको जीवन सुरक्षित राख्न सहयोग पुग्दछ भने विकासका पूर्वाधारहरु पनि दिगो बन्न पुग्दछन् ।

भद्रपुर नगरपालिकामा करिब १९०० हेक्टरमा सामुदायिक वन र प्रशस्त चिया बगानहरु रहेको भएता पनि वातावरण दृष्टिकोणले हेर्दा भद्रपुर नगरपालिकामा निक्कै चुनौतीहरु रहेका छन् । नगरपालिका वरिपरिका साविक गाविसहरु गाभिएसँगै नगरपालिकाको अधिकांश क्षेत्रमा ढल संजालको विकास भएको छैन । नगरपालिकाको मुख्य बजार क्षेत्रमा समेत ढाकिएको र खुल्ला सतहढल मात्र रहेको देखिन्छ । सम्पूर्ण नगरपालिका क्षेत्र खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएतापनि वास्तविकतमा यो पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन । राष्ट्रिय जनगणना २०६८ लाई आधार मानेर हेर्दा नगरपालिका अहिले पनि २२% घरधुरीमा शौचालय छैन । नगरपालिकाले मुख्य बजार क्षेत्रमा फोहोरमैला उठाउने गरेतापनि स्थाई स्यानिटरी ल्याण्डफिल साइट निर्माण हुने सकेको छैन । अहिले फोहोरमैला व्यवस्थापनको लागि मेची नदि नजिकै खाल्डो खनेर गाडने गरिएको छ भने बर्षातमा उक्त फोहोर नदिमा बाढी आउनसाथ बगेर जाने अवस्था छ । नगरपालिकामा व्यवस्थित वधशालाको अभाव रहेको छ । नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक र सरकारी वनहरु लगायत सिमसार

क्षेत्रको उचित व्यवस्थापन र संरक्षण हुन सकेको छैन । शुद्ध खानेपानीको पहुँचलाई सरसफाईसँग जोडेर हेर्दा करिब ३०% (जनगणना, २०६८) घरधुरीले मात्रै धाराको पानी प्रयोग गरिरहेका छन । प्रदुषणजन्य उद्योगहरुको संख्या क्रमश: बढिरहेको छ भने स्थानीय चियाबगान र खेतीहरुमा विषादीको प्रयोग दिनानुदिन बढिरहेको छ । यति भएतापनी नगरपालिकाको वातावरणीय क्षेत्रमा केही सकारात्मक पक्षहरु समेत रहेका छन । नगरपालिकामा फोहोरमैला व्यवस्थापन ठुलो चुनौतीको रुपमा हालसम्म देखा परिसकेको छैन भने नगरपालिकाले यसको दिर्घकालिन समाधानको लागि काम गरिरहेको छ । नगरपालिकाले नगरक्षेत्रमा प्लाष्टिक झोला निषेध गरेको छ । मुख्य बजार र सडक दायाँबाँया रहेका सतहढलले राम्रो काम गरिरहेको छन् र केही क्षेत्रमा नयाँ सतहढल निर्माणको कार्य जारी रहेको छ । नगरवासीहरुमा सरसफाई सम्बन्धी चेतनाको विकास भएको छ । शौचालय प्रयोग गर्ने घरधुरीको संख्या बढ्दै गैरहेको छ भने नयाँ बन्ने पक्की घरहरुले शौचालयसँगै सकपिट निर्माण गरेका छन् । त्यसैगरी भवन संहिता र नक्शापासमा नगरपालिकाको कडाई गर्न थालेको छ भने निर्माण तथा योजना मापदण्ड र भू-उपयोग योजना तर्जुमा हुन गैरहेको छ । अध्ययनको यस खण्डमा भद्रपुर नगरपालिकाको वातावरण व्यवस्थापन योजना तर्जुमाको क्रममा देखा परेका समस्या र चुनौतीहरुलाई तर्कबद्ध खाका मार्फत व्याख्या र विश्लेषण गरिएको छः

**६.५.२ नगरपालिकाको वातावरण संवेदनशील क्षेत्रहरु**

नेपाल भारत सिमा भएर बग्ने मेची नदी र देउनीया खोला नगरपालिका भित्र मुख्य नदीहरु हुन् । बर्षातको समयमा उक्त स्थानमा आउने बाढी र उक्त बाढीबाट बर्षेनी कटान हुँदै गैरहेको छ । नगरपालिकाको नदी किनारको क्षेत्र र होचा स्थानहरु बर्षातमा डुबान र कटानबाट प्रभावित भएकोले उक्त स्थानहरु (वडा नं ३, ५ र ७ को मेची नदि किनारका क्षेत्रहरु) नै वातावरणीय हिसाबले नगरपालिका वातावरण संवेदनशील क्षेत्रहरु हुन् । त्यस बाहेक नगरपालिका मुख्य बजार क्षेत्रहरु रहेका स्थानहरु विषेश गरेर बसपार्क खोला किनारमा रहेको पास बेच्ने स्थान, भद्रपुर बजार भित्र हटिया लाग्ने वरपरका क्षेत्रहरु, घना वस्ती र साँघुरा गल्लीहरु भएका वस्ती क्षेत्रहरु नगरपालिकाका अन्य वातावरणीय संवेदनशील क्षेत्रहरु हुन् । त्यसैगरी वडा नं १ स्थित सोमबारे बजार नजिकै रहेको सोमबारे खोला आसपासको क्षेत्र, वडा नं २ मा रहेको कमलधाप, सिमसार र वन क्षेत्र, वडा नं ९ र १० को चारआली वन क्षेत्र, वडा नं १० स्थित कलवलगुडी पछाडि देउनिया खोला आसपासको क्षेत्र, चन्द्रगढी चारआली सडक दाँयाबाँय रहेका सिमेन्ट उद्योगहरु भएको क्षेत्र, वडा नं ३ मा रहेको हात्तिमारा, क्यामावाडी, भैसाबाडी र भैसावासी नजिकै रहेको दलदले झील क्षेत्र, वडा नं २ मा देउनिया

खोलाबाट सगरमाथा उकालोबाट पूर्वतर्फ किचकबध मन्दिर क्षेत्रसम्मको तल्लो तटीय क्षेत्र, झापा चौक आसपासको क्षेत्र, वडा नं १ को कंनचवस्ती नगरपालिकाका अन्य वातावरण संवेदनशील क्षेत्रहरु हुन् । नगरपालिकाको वातावरण संवेदनशील क्षेत्रको नक्शा अनुसूची-५ मा देखाइएको छ ।

भद्रपुरको वातावरणीय संरक्षणको लागि विशेषगरी वनजंगल संरक्षण, कटान तथा डुबान नियन्त्रण, फोहोर व्यवस्थापन, शहरी वातावरण सुधार जस्ता आयोजनाहरुलाई विशेष प्राथमिकता राख्नुपर्ने देखिन्छ । यसलाई तलको एलएफए विश्लेषणमा समेत व्याख्या गरिएको छ ।

| **१. वन तथा वातावरण संरक्षण र विकास** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य** **(Goal):**<br>**१:१.** वन, वातावरण तथा भूसंरक्षणको दीगो व्यवस्थापन गरी जनजीवन सुरक्षित गर्ने ।<br><br>**उद्देश्य** **(Objectives)**<br>**१.१.१:** सामुदायिक वन र अन्य सरकारी वनको संरक्षण र सदुपयोग गर्ने<br><br>**१.१.२**: स्थानीय नदि, खोला, पोखरी र सिमसार क्षेत्रहरुको संरक्षण गर्ने<br><br>**१.१.३:** भू-संरक्षण, नदि नियन्त्रण कार्य प्रभावकारी रुपमा संचालन गर्ने ।<br><br>**१.१.४**: नदी किनार र सार्वजनिक नाङ्गो जमिनमा वृक्षारोपण गरी हरियाली | संख्या | ६९६३ (जिवका, २०७४) | ८००० | सामुदायिक वनबाट लाभान्वित घरधुरी | नगरपालिका | वन उपभोक्ता समूह र क्षेत्र | ▪ जिल्ला वन कार्यालयको वार्षिक प्रगति प्रतिवेदन<br>▪ जिल्ला वन उपभोक्ता महासंघको प्रतिवेदन<br>▪ जिल्ला भू-संरक्षण कार्यालयको प्रतिवेदन<br>▪ गैन्ह सरकारी संस्थाहरुको प्रतिवेदन<br>▪ जिल्ला कृषि विकास कार्यालयको बार्षिक | ▪ बजेट विनियोजन<br>▪ नेपाल सरकार र दातृ निकायहरुबाट नियमित सहयोग<br>▪ स्थानीय सरोकारवाला निकायहरुबिच प्रभावकारी समन्वय<br>▪ पूर्वाधार विकासमा निजी साझेदारी अवधारणाको अवलम्वन |
| | अवस्था | नभएको | स्यानिटरी ल्याण्ड फिल साइटको संभाव्यता अध्ययन भै निर्माण कार्यको प्रारम्भ | स्यानिटरी ल्याण्ड फिल साइट | नगरपालिका | नगरवासी | | |
| | अवस्था | सामान्य वलधाला भएको | आधुनिक बधशालाको निर्माण भएको हुनेछ | बधशाला | नगरपालिका | नगरवासी | | |
| | अवस्था | कुने योजना तर्जुमा नभएके | नगरपालिका भित्र रहेका सिमसार, झील र पोखरीहरुको संरक्षण र सदुपयोगको उचित योजना तर्जुमा भै कार्यान्वयन | सिमसार तथा पोखरी संरक्षण | नगरपालिका | वन उपभोक्ता समूह र क्षेत्र | | |
| | अवस्था | महेन्द्र पार्कको गतवर्ष मर्मत संभार | कमलधाप, किचकवध, कलवलगुडी र चन्द्रगढ जस्ता स्थानहरुमा नयाँ उद्यानहरुको निर्माण हुनेछ | उद्यानहरुको निर्माण, संरक्षण र सम्वर्द्वन | नगरपालिका | नगरवासी | | |
| | प्रतिशत | करिब ९% (वन, बुट्यान र | १५ | हरित क्षेत्र | नगरपालिका | नगरवासी | | |
| | पद्दति | - | अनिवार्य अपनाइने | पूर्वाधार विकासमा वातावरण मैत्री पद्दति | नगरपालिका | नगरवासी | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बनाउने ।<br><br>**१.२.५:** सहरी क्षेत्रमा हरियाली व्यवस्थापन गरी शहरी वातावरण सुधार गर्ने ।<br><br>**१.२.६:** सडक तथा अन्य भौतिक निर्माण गर्दा वातावरण मैत्री बनाउने तथा वायो ईन्जिनियरङ पद्दति अपनाउने । | संख्या | नगर क्षेत्रमा लागु | नगरपालिकाका सम्पूर्ण क्षेत्रमा कडाईका साथ लागु भएको | भवन निर्माण संहिताको कार्यान्वयन | नगरपालिका | नगरवासी | प्रतिवेदन | | |
| | अवस्था | - | तर्जुमा भै कार्यान्वयन भएको हुनेछ | निर्माण तथा योजना मापदण्ड | नगरपालिका | नगरवासी | | | |
| | संख्या | विद्यमान | अनिवार्य | वातावरणीय प्रभाव मूल्याङ्कनको | नगरपालिका | नगरवासी | | | |
| | संख्या | - | शुन्य | डढेलो र आगालागीको घटना | नगरपालिका | नगरवासी | | | |
| | अवस्था | | प्रत्येक विद्यालय र वडामा बर्षको कम्तीमा २ वटा | वातावरणीय सचेतना कार्यक्रम | नगरपालिका का सबै | नगरवासी | | | |
| | अवस्था | - | नदि किनार र नांगो जमीनमा बृक्षारोपण गरी भू-क्षयमा कमी | वृक्षारोपण कार्यक्रम | नगरपालिका | नगरवासी | | | |
| | अवस्था | - | मुख्य सडकको दायाँ बाँया र मुख्य बजार क्षेत्रमा रुख रोपी | शहरी हरियाली कार्यक्रम | नगरपालिका | नगरवासी | | | |
| | क्षेत्र | - | न्यून | खडेरी र सुख्खा प्रभाव | नगरपालिका | नगरवासी | | | |
| | संख्या | प्रत्येक बर्ष भैरहेको | नदि कटान र डुबानको समम्यामा कमी आएको हुनेछ | बाढी र डुबानको घटना | नगरपालिका | नगरवासी | | | |

**<u>नतिजाहरु:</u>**

- नदि किनार बाँझो जमीनहरुमा बृक्षारोपण भै कटान र डुबानको समस्यामा कमी आएको हुनेछ ।
- सामुदायिक र अन्य वनबाट लाभान्वित हुने घरधुरीको संख्यामा वृद्धि भएको हुनेछ ।
- पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा लागू भएको भएको हुनेछ ।
- फोहोर व्यवस्थापनको लागि स्यानीटरी ल्याण्डफिल साइटको व्यवस्थापन भएको हुनेछ ।
- सार्वजनिक जग्गाहरु, पार्क, चौर तथा पोखरीहरुको व्यवस्थापन भएको हुनेछ ।
- संवेदनशील भू-उपयोग क्षेत्र निर्धारण गरी योजना कार्यान्वयन हुनेछ ।
- नगरपालिका क्षेत्रमा भूकम्प प्रतिरोधक भवनहरु निर्माण हुनेछन् ।
- निर्माण तथा योजना मापदण्ड तर्जुमा भै व्यवस्थित शहरी विकासको थालनी भएको हुनेछ ।
- मुख्य बजार क्षेत्रमा हरियाली क्षेत्रको विकास भै शहरी हरियाली कायम भएको हुनेछ ।
- वधशालाको निर्माण भै नगरवासीले स्वच्छ मासको उपभोग गरेका हुनेछन ।

**<u>कार्यक्रम/कृयाकलाप</u>**

- फोहोर स्रोतमा नै न्यूनीकरण गर्न जनतेचना कार्यक्रम संचालन गर्ने ।
- स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्ने ।
- वातावरणीय सेवा शुल्क लगायत वातावरण संरक्षण सम्बन्धी विशेष कोषको व्यवस्थापन गर्ने ।
- प्राकृतिक स्रोतसाधनको उपयोगमा व्यवस्थापनका परिस्कृत वैकल्पिक उपायहरु अवलम्वन गर्ने ।
- IEE, EIA लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- विद्यालयमा वातावरणीय सचेतना कार्यक्रम संचालन गर्ने ।
- आधुनिक वधशालाको निर्माण गर्ने ।
- मुख्य बजार र चौकहरुम डस्टबिनको व्यवस्था गर्ने ।
- कुहिने तथ नकुहिने फोहोर छुट्याई व्यवस्थापन गर्ने ।
- नगरपालिका र मुख्य मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गर्ने ।

## ६.६ जवायु परिवर्तन प्रकोप न्यूनीकरण तथा जलवायु अनुकुलन योजना

### ६.६.१ भूमिका

प्राकृतिक प्रकोप र वातावरणबीच गहिरो सम्बन्ध रहेको छ । भौतिक विकास निर्माणका कार्यहरु जस्तैः सडक निर्माण, पुल निर्माण, जलविद्युतका लागि निर्माण गरिने ठूला वाँधहरु, कुलो, नहर आदिका कारणबाट स्थानीय वन सम्पदा, जल सम्पदा, वन्यजन्तु र समग्र मानव जीवनमा हुने प्रभावले आगालागी, खडेरी, प्रदूषण, पहिरो, भू-क्षय, बाढी, अति बर्षा, कृषि उत्पादनमा कमी जस्ता वातावरणीय जोखिम/विपदहरु निम्तिन सक्दछन् । यस्ता मानव सिर्जित क्रियाकलापहरुबाट उत्पन्न विपदहरुबाट हुने वातावरणीय विनासको क्षतिपुर्ति हुन धैरै बर्ष लाग्न सक्दछन् भने कहिले काँही यस्ता विनासबाट अपुरणीय क्षति समेत हुने गर्दछ । त्यसैगरी जलवायु परिवर्तन लामो समयको जलवायु सम्बन्धी तथ्याङ्कको नियमिततामा देखिने स्थायी प्रकृतिको परिवर्तन हो, जस अनुसार बेला बेलामा मौसममा आउने उतार चढावलाई वातावरणीय परिवर्तन मान्न सकिन्न । जलवायु परिवर्तन पृथ्वीको प्राकृतिक प्रक्रियाभित्र पर्ने गतिविधि हो । जलवायु परिवर्तन साधारणतया ३० वर्षको अन्तरालमा मापन गरेको तापक्रम, वर्षा, हावाको गतिको तथ्यांक विश्लेषणको आधारमा पहिचान गर्न सकिन्छ । जलवायु परिवर्तनको मुख्य कारण भनेको हरितगृह ग्यासको परिमाणमा भएको थपघट तथा वायुमण्डलको तल्लो तहमा जम्मा भएर रहेको हरितगृह ग्यास हो । यो प्राकृतिक तथा मानवजन्य क्रियाकलापको कारण हुन गएको हो । पछिल्ला केही वर्षहरुयता विश्वमा खनिज इन्धनको बढ्दो प्रयोग गर्ने मानवीय क्रियाकलापका कारण हरितगृह ग्यास जस्तैः कार्वनडाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड आदि अत्यधिक रुपमा उत्सर्जन भइरहेको छ, जुन अत्यन्त संवेदनशील र चासोको विषय बनेको छ ।

जलवायु परिवर्तन विश्वव्यापी समस्या भएपनि नेपालजस्ता विकासोन्मुख राष्ट्रहरुका लागि यो एउटा महत्वपूर्ण सामाजिक तथा वातावरणीय चुनौतीको रुपमा आएको छ । यसको प्रभाव तथा असरहरु मुलुकभर महसुस गर्न थालिएको छ । विशेषगरी ग्रामीण समुदायका मानिसहरुले वर्षाको प्रवृत्तिमा भएको परिवर्तन महसुस गर्दै आइरहेका छन् । मनसुनी वर्षाको ढिलाइ, अनियमित वर्षा, अचानक बाढी आउने, गर्मीमा एकदमै तातो, जाडोमा कम चिसो हुदै गैइरहेको, हिमाली क्षेत्रमा हिउ पग्लिंदै जानु, हिमताल फुट्नु, मध्य-पहाडी क्षेत्रमा पानीका स्रोतहरु सुक्दै जानु, तराईमा ठूला–ठूला बाढी आउने र एक्कासी शीतलहर बढ्ने, कृषि बालीमा नयाँ किसिमका रोगहरु देखा पर्नु, लामो

समयसम्म सुख्खा, खडेरी, मानव स्वास्थ्यमा असर पर्नु तथा विभिन्न रोगहरु बढ्नु, फागुन चैतमा फुल्ने सिमल, गुरॉस, आरु इत्यादी मंसिर पुसमै फुल्नुले विश्वव्यापी उष्णिकरण तथा जलवायु परिवर्तनको स्पष्ट संकेत दिन्छ । वन तथा ऊर्जा क्षेत्रमा समेत जलवायु परिवर्तनका असरहरु महसुस भइरहेका छन् ।

भद्रपुर नगरपालिकामा पर्ने मेची नदी र देउनिया खोला आसपासका क्षेत्रहरु लगायत अन्य केही स्थान र वस्तीहरुमा डुबान र कटानको समस्या रहेको छ । त्यसैगरी कँही सिमसार क्षेत्रहरु सुक्न थालेका छन् भने झिलहरु लोप हुने स्थितिमा पुगेका छन् जसलाई वातावरणीय विश्लेषणमा समावेश गरिएको छ । नगरपालिका भित्र रहेका चिया बगानहरु लगायत कृषिमा नयाँ खाले रोगहरु देखा पर्न थालेका छन् । त्यसैगरी बर्षातमा कम पानी पर्ने, हिउँदमा खडेरी लाग्ने, तापक्रम बढ्ने जस्ता वातावणीय परिवर्तनमा समस्याहरु समेत देखा पर्न थालेका छन् । यसै कुरालाई ध्यानमा राख्दै यस रणनैतिक विकास योजनाले भद्रपुर नगरपालिकामा जलवायु परवर्तनले के कस्तो असर पुर्‍याईरहेको छ? यसबाट बच्नको लागि कस्ता खालका रणनीति र योजनाहरु तर्जुमा आवश्यक छ भन्ने कुरालाई ध्यान दिदै जोखिम न्यूनीकरण र जलवायु परिवर्तनका समस्याहरु पहिचान गरी तर्कवद्ध खाकामा विश्लेषण गरी तल प्रस्तुत गरिएको छः

### ६.६.२ तर्कवद्ध खाका विश्लेषण

| **१. जोखिम न्यूनीकरण योजना** | **सूचकहरु** | | | | | | **प्रमाणित गर्ने आधार** | **मुख्य मान्यता** |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७८/७९)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य (Goal)**<br>**१.१:** नगरपालिकामा प्रकोप/जोखिम न्यूनीकरण गरी नगरवासी जनधनको सुरक्षा गर्ने।<br><br>**उद्देश्य (Objectives)**<br><br>**१.१ :१.** नगरपालिकामा प्ाकृतिक प्रकोपको जोखिम कम गर्ने ।<br><br>**१.२.२ :** नगरपालिकामा जलवायु अनुकुलन कार्यक्रमहरु संचालन गर्दै जाने । | संख्या | २ वटा | दमकल र जनशक्ति थप भै सेवा प्रभावकारी हुनेछ | दमकल सेवा | भद्रपुर नगरपालिका | स्थानीय समुदाय | ▪ गैन्ह सरकारी संस्थाहरुको प्रतिवेदन<br>▪ नगर प्रोफाइल<br>▪ जिल्ला विपद व्यवस्थापन समितिको प्रतिवेदन<br>▪ जिल्ला रेडक्रसको बार्षिक प्रतिवेदन | ▪ नियमित बजेट व्यवस्थापन हुनुपर्ने<br>▪ दातृ निकायको अनुदान सहयोग हुनुपर्ने<br>▪ निजी साझेदारीमा वातावरण व्यवस्थापन तथा जलवायु अनुकुलन कार्यक्रम लागु गर्ने |
| | प्रावधान | - | कार्यान्वयन हुने | योजनामा वातावरण मैत्री प्रावधान | भद्रपुर नगरपालिका | स्थानीय समदाय | | |
| | अवस्था | नभएको | मेची नदिमा जडान हनेछ | जल र बाढी मापन यन्त्र | भद्रपुर नगरपालिका | बाढी प्रभावित जनता | | |
| | संख्या | नभएको | वडा नं ५ र ३ मा २ वटा जडान भएको हनेछ | बाढी पूर्व सूचना यन्त्र (Early Warning System) | भद्रपुर नगरपालिका | बाढी प्रभावित जनता | | |
| | संख्या | नभएको | १० वटा (प्रत्येक वडा कार्यालयमा) | आपतकालिन उद्वार केन्द्र र उद्धार सामाग्री | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | अवस्था | नभएको | नगरपालिकामा विपद व्यवस्थापन तथा न्यूनिकरण शाकाको गठन भएको हुनेछ | विपद व्यवस्थापन तथा न्यूनिकरण शाखा | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | अवस्था | नभएको | नगर प्रमुखको अध्यक्षतामा गठन भएको हुनेछ | दैवी प्रकोप उद्दार कोष र समितिको गठन | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | संख्या | - | बर्षको २ पटक | जनचेतना कार्यक्रम (बाढी, डुबान र भूकम्प) | भद्रपुर नगरपालिका | नगरवासी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बार्षिक २-५ जना | न्यूनिकरण भएको हुनेछ | जंगली हातिको आतंकबाट मृत्यु | भद्रपुर नगरपालिका | नगरवासी | | |
| | प्रावधान | - | अनिवार्य समावेश गर्ने | योजनामा जलवायु अनुकुलन कार्यक्रम | प्रभावित क्षेत्र | स्थानीय समुदाय | | |
| | अवस्था | नभएको | गठन भै सक्रिय रुपमा संचालन | विद्यालयमा जुनियर रेडक्रस युनिट | सम्पूर्ण नगरपालिका क्षेत्र | स्थानीयवासी र विद्यार्थीहरु | | |
| | प्रतिशत | - | १०० | नयाँ निर्माण हुने भवनमा मापदण्ड | सम्पूर्ण नगरपालिका क्षेत्र | स्थानीयवासी | | |
| | संख्या | - | १० | खुल्ला क्षेत्रको व्यवस्थापन र संरक्षण | सम्पूर्ण नगरपालिका क्षेत्र | स्थानीयवासी | | |

**नतिजा (अपेक्षित उपलब्धी)**

- नगरपालिकामा बाढी र डुबान जस्ता प्राकृतिक प्रकोप जोखिम न्युनीकरण भै व्यवस्थापन भएको हुनेछ ।
- वारुण यन्त्र र आगालानी नियन्त्रकको थप व्यवस्था भएको हुनेछ ।
- भू-उयोग योजना कार्यान्वयन तथा भवन संहिता र निर्माण तथा योजना मापदण्डद्वारा भू-कम्पीय जोखिम न्यूनीकरणमा मद्दत पुग्नेछ ।
- विपद व्यवस्थापनको लागि प्रत्येक वडामा उद्धार सामग्री सहितको विपद व्यवस्थापन केन्द्रको निर्माण भएको हुनेछ ।
- मेची र टेउनिया खोलामा बाढी मापन यन्त्र र पूर्व सूचना यन्त्र जडान भै अकस्मात आउने बाढीबाट जनधनको क्षतिमा न्यूनिकरण भएको हुनेछ ।

**कार्यक्रम/कृयाकलाप**

- मेची र देउनीया खोलामा बाढी र डुबान क्षेत्रहरु पहिचान गरी तत्काल अस्थाई बाध निर्माण गरेर बृक्षारोपण गर्ने ।
- बाढीको दिर्घकालीन समस्या समाधानको लागि पक्की तटबन्ध निर्माण गर्ने ।
- सबै विद्यालयमा विपत जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि जुनियर रेडक्रस युनिट निर्माण गर्ने ।
- भवन निर्माण संहिता र निर्माण तथा योजना मापदण्ड कडाईका साथ लागू गर्ने ।
- विपद व्यवस्थापनको लागि प्रत्येक वडामा उद्धार सामग्री सहितको विपद व्यवस्थापन केन्द्रको गर्ने गर्ने ।
- मेची र देउनिया खोलामा बाढी मापन यन्त्र र पूर्व सूचना यन्त्र जडान गर्ने ।
- थप दमकल र दक्ष आगालागी नियन्त्रकको व्यवस्था गर्ने ।
- जंगली हातीको आक्रमणलाई नियन्त्रण गर्न विद्युतीय तार बार र पूर्व सूचना यन्त्रको व्यवस्था गर्ने ।
- सुरक्षित भवन निर्माण गर्न जनचेतनाका कार्यक्रम संचालन गर्ने ।
- खुल्ला क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने ।

## ६.७ संस्थागत विकास योजना

### ६.७.१ भूमिका

योजनाका प्राथमिकताका विषय क्षेत्रहरु मध्ये संस्थागत विकास तथा सुशासन एक हो । यसले सेवा प्रदायी र सेवा उपभोगकर्ता बीचको सम्वन्धलाई प्रत्यक्ष प्रभावित गर्दछ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायहरुलाई दिएको मूल कार्यको जिम्मेवारी लगायत संस्थागत ढंगले कार्य तथा अन्य विषयगत ऐनहरुले समेत तोकेको कार्य गर्ने जिम्मेवारी दिएको छ । यी सम्पूर्ण कार्यहरुलाई प्रभावकारी रुपले संचालन गर्न गराउन स्थानीय तहका जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाहरुको समन्वयकारी भूमिका महत्वपूर्ण हुने गर्दछ । स्थानीय निकायहरुको आवश्यकता र सम्भावनाका आधारमा आवधिक एवं वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने र विकासका साझेदार संस्थाहरुबीच समन्वय कायम गर्ने जस्ता कार्यहरु गरी समग्र नगरपालिकाको विकास गर्नु स्थानीय निकायहरुको दायित्व रहेको छ ।

नगरपालिकाले भर्खरै जननिर्वाचित प्रतिनिधिहरु प्राप्त गरेको भएतापनि निर्वाचित पदाधिकारीहरुलाई पनि काम गर्ने वातावरण, आवश्यक सहयोग, सल्लाह र सुझावहरुको खाँचो रहेको हुन्छ । त्यसैले यस भद्रपुर नगरपालिकाको बृहत/एकीकृत शहरी विकास योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु सफल रुपमा कार्यान्वयन हुनको लागि नगरपालिकाको सबैभन्दा ठूलो भूमिका रहेको हुन्छ भने नगरपालिका भित्र अवस्थित अन्य सरकारी र गैऱ्ह सकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, निजी क्षेत्र, राजनैतिक दलहरु लगायत स्थानीयवासीको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

कुनैपनि विकास योजनाहरु तर्जुमा गरी सफल रुपमा कार्यान्वयन हुन संस्थागत विकास र सवलीकरण महत्वपूर्ण पाटो हो । कुनै पनि संस्थाको संस्थागत विकास, सवलीकरण र क्षमता विकास विना उक्त संस्थाले गर्ने कार्य र योजनाहरु सफल रुपमा कार्यान्वयन हुन निक्कै कठिन हुने गर्दछन् । यसैले नगरपालिकाको यस वृहत/एकीकृत शहरी विकास योजनालाई कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने संस्थागत क्षमता, समस्या र चुनौतीहरुको तर्कबद्ध खाका मार्फत निम्न बमोजिम व्याख्या र विश्लेषण गरिएको छः

### ६.७.२ संस्थागत विकास रणनीति

माथि उल्लेख गरिएका तथ्यहरुको आधारमा प्रस्तावित नयाँ शहरको लागि संस्थागत विकास रणनीति प्रस्ताव गरिएको छ, जसलाई निम्न बमोजिमको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ७.१ : संस्थागत विकास रणनीति**

| रणनीतिहरु | प्रस्तावित कार्यक्रमहरु |
|---|---|
| नगरवासीका लागि सुशासन | ▪ नगरपालिकाको मोवाईल एप्स र वेवसाईट मार्फत सूचना तथा जानकारी र कर प्रणालीमा सहजता ल्याउने<br>▪ सूचनामा जनताको सहज पहुँच बढाउने<br>▪ योजना तथा कार्यक्रममा पारदर्शिता गर्ने<br>▪ एकै पटकमा जनतालाई सबै सेवाहरु प्रवाह गर्ने प्रत्याभूति दिलाउने<br>▪ आयोजना स्थलको नियमित अनुगमन र मूल्याङ्कन गर्ने<br>▪ विकासमा जनसहभागिता बढाउने<br>▪ स्थानीयवासीहरुमा सचेतना कार्यक्रम संचालन गर्ने<br>▪ सामाजिक लेखपरीक्षण नियमित गर्ने<br>▪ सार्वजनिक सुनवाई गर्ने |
| संस्थागत समन्वय र विश्वासिलो वातावरणको सृजना गर्ने | ▪ अन्तर कार्यालय छलफल र परामर्श नियमित गर्ने<br>▪ सूचनाहरु आदानप्रदान गर्ने (योजना, आयोजना, तथ्याङ्क र नीति, रणनीति आदि)<br>▪ अन्तर कार्यालय तालिमबाट शिप र ज्ञानहरु आदान प्रदान गर्ने |
| संस्थागत क्षमताको सुधार र जनशक्तिको विकास गर्ने | ▪ आवश्यक जनशक्तिको पूर्ति गर्ने<br>▪ कार्यालय सामग्री र सुविधामा अभिवृद्धि गर्ने<br>▪ उत्कृष्ट कर्मचारीको लागि प्रोत्साहन प्याकेजको व्यवस्था गर्ने<br>▪ कर्मचारीको लागि पुनर्ताजगी तालिम र शैक्षिक भ्रमणको व्यवस्था गर्ने |

| | |
|---|---|
| | ▪ अन्तर कार्यालय प्रविधि हस्तान्तरण गर्ने |
| स्थानीय स्रोतको उपयुक्त र प्रभावकारी परिचालन | ▪ प्रचलिन ऐन कानुन अनुसार कर, दस्तुर, सेवा शुल्क लागु गर्ने<br>▪ कर तिर्न स्थानीय जनतालाई अभिप्रेरित गर्न सचेतनामुलक कार्यक्रम गर्ने<br>▪ नियमित अनुगमन र मूल्याङ्कन गर्ने<br>▪ प्राकृतिक स्रोतको जताभावी दोहनलाई नियन्त्रण गर्ने<br>▪ प्राकृतिक स्रोत (वन, नदि आदी) र साधनको उपयोगमा वैज्ञानिक नीति र मापदण्ड लागू गर्ने |
| वडा तहमा योजनाको प्रभावकारी कार्यान्वयन गर्नको लागि योजना प्रकृयालाई सुधार गरी जनसहभागिता वृद्धि गर्ने | ▪ योजना कार्यान्वयनमा अन्य सरकारी र गैर सरकारी निकायहरुबिच समन्वय गर्ने आयोजना छनौटमा समावेशी विधि अवलम्वन गर्ने<br>▪ वडा नागरिक मंच र स्थानीय सामुदायिक संस्था/समूहहरुलाई परिचालन गर्ने<br>▪ पहुँच भन्दा आवश्यक्ताका आधारमा योजना छनौट गर्ने परिपाटीको विकास गर्ने<br>▪ आवश्यक दरवन्दीको पूर्ती गर्ने |

**६.७.३ तर्कबद्ध खाका विश्लेषण**

| १. संस्थागत विकास | सूचकहरु | | | | | | प्रमाणित गर्ने आधार | मुख्य मान्यता |
|---|---|---|---|---|---|---|---|---|
| | **ईकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य (२०७७/७८)** | **मापक सूचक** | **स्थान** | **लक्षित समूह** | | |
| **लक्ष्य** (Goal):<br>**१.१:** नगरपालिका र वडा कार्यालयहरुबाट प्रभावकारी र सक्षम कार्यसम्पादन भै सुशासन कायम गर्ने<br><br>**उद्देश्य** (Objectives)<br><br>**१.२.१:** नगरपालिकाको विद्यमान स्थानीय सुशासनको स्थितिमा सुधार गर्ने ।<br><br>**१.२.२:** नगरपालिका र वडा कार्यालयहरुमा विद्युतीय शुसासन पद्दति सहति सेवा प्रवाह गर्ने ।<br><br>**१.२.३**: स्थानीय तह पुनरसंरचनाको खाका अनुसार नगरपालिकामा समाहित हुने कार्यालयहरुलाई नगरपालिका मातहत राखी कार्य सम्पादन गर्ने | संख्या | गर्ने गरिएको | योजनाको लागत र प्रकृति हेरी १-३ | सार्वजनिक सुनवाई | सम्पूर्ण नगरपालिका क्षेत्र | सम्पूर्ण नगरवासी | ▪ वार्षिक समीक्षा गोष्ठीको निर्णय पुस्तिका<br>▪ कार्यालयको वेवसाइट<br>▪ अध्ययन प्रतिवेदन<br>▪ सामाजिक परीक्षण प्रतिवेदन<br>▪ सार्वजनिक सुनुवाई प्रतिवेदन<br>▪ तालिम र क्षमता अभिबृद्दिका प्रगति विवरण | ▪ जनताको सकृय सहभागिता र जागरुकता हुनेछ ।<br>▪ नियमित सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण हुनुपर्ने ।<br>▪ आयोजनाको नियमित अनुगमन र मूल्याङ्कन<br>▪ प्रविधि मैत्री कर्मचारी<br>▪ कर्मचारीको क्षमता अभिबृद्दि कार्यक्रम नियमित हुनुपर्ने |
| | स्थिति | गर्ने गरिएको | हरेक वर्षको अन्तिममा | सामाजिक परीक्षण | सम्पूर्ण नगरपालिका क्षेत्र | सम्पूर्ण नगरवासी | | |
| | स्थिति | - | प्रत्येक आयोजना स्थलमा | आयोजना सूचनापाटी | सम्पूर्ण नगरपालिका क्षेत्र | सम्पूर्ण नगरवासी | | |
| | स्थिति | - | प्रत्येक ३ महिनामा | प्रगति समिक्षा वैठक | नगरपालिकाका र वडा कार्यालयहरु | नगरपालिकाका सम्पूर्ण | | |
| | स्थिति | नागरिक वडापत्र भएको | अनिवार्य हुनुपर्ने | क्षतिपूर्ति सहितको नागरिक वडापत्रको | नगरपालिकाका र वडा कार्यालयहरु | नगरपालिकाका सम्पूर्ण | | |
| | स्थिति | - | नगरपालिकाका र वडा | विद्युतीय शुसासन | नगरपालिकाका र वडा कार्यालयहरु | नगरपालिकाका सम्पूर्ण | | |
| | स्थिति | हाल नभएको | नगरपालिकाका र वडा कार्यालयहरु | वेवसाइट अध्यावधिक | नगरपालिकाका र वडा कार्यालयहरु | नगरपालिकाका सम्पूर्ण सेवाग्राहीहरु | | |
| | स्थिति | हाल नभएको | संचालन भएको हुनेछ | नगरपालिकाको मोवाईल पप्स | नगरपालिका | नगरवासी | | |
| | पटक | - | हरेको तीन महिनामा | कार्य सम्पादन मूल्याङ्कन | नगरपालिकाका र वडा कार्यालयहरु | नगरपालिकाका सम्पूर्ण सेवाग्राहीहरु | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **१.२.४ :** नगरपालिकामा रहेका अन्य कार्यालयहरुबीच प्रभावकारी समन्वय गर्ने ।<br><br>**१.२.५:** रिक्त दरवन्दीमा पदपूर्ति गरी अन्य आवश्यक जनशक्ति थप गर्ने | पटक | हुने गरेको तर अनियमित | प्रत्येक ३ महिनामा | योजना अनुगमन र मूल्याङ्कन | नगरपालिकाका सम्पूर्ण आयोजनाहरु | नगरवासी | | |
| | स्थिति | हाल नभएको | नगरपालिका र वडा कार्यालय | कम्प्यूटराईज सेवा | नगरपालिका र वडा कार्यालहरु | नगरपालिकाका सम्पूर्ण सेवाग्राहीहरु | | |
| | स्थिति | बेलाबेला | प्रत्येक बर्ष | कर्मचारी क्षमा अबिवृद्धि कार्यक्रम र तालिम | नगरपालिका | नगरपालिका सम्पूर्ण सेवाग्राहीहरु र | | |
| | स्थिति | गर्ने गरिएको | प्रत्येक आर्थिक बर्षमा | लेखा परिक्षण | नगरपालिका | नगरवासी | | |
| | संख्या | समय समयमा | प्रत्येक बर्ष | कर्मचारी शैक्षिक भ्रमण | नगरपालिका | नगरपालिकाका कर्चारीहरु | | |
| | स्थिति | कमजोर समन्वय | प्रभावकारी समन्वय | अन्तर कार्यालय समन्वय | जिल्लाभर | सम्पूर्ण नगरवासी | | |
| | स्थिति | बेला बेला | प्रत्येक ६ महिनामा | प्रदर्शनी र शिविर | नगरपालिका भरी | सम्पूर्ण नगरवासी | | |
| | स्थिति | नभएको | नगरपालिका र वडा कार्यालयहरुमा कर्मचारी सहितको | सहायता कक्ष | नगरपालिका र वडा कार्यालहरु | सम्पूर्ण नगरवासी | | |
| | स्थिति | हुने गरेको | समावेशी | कर्मचारीको बढुवा र प्रोत्साहन | नगरपालिकाक | नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु | | |

**<u>नतिजाहरु (अपेक्षित उपलब्धी)</u>**

- निर्वाचित जनप्रतिनिधीहरुले यो एकीकृत शहरी विकास योजना सफलतापूर्वक कार्यान्वय गरेको हुनेछ ।
- योजना तर्जुमा तालिम तथा क्षमता विकास तालिम (प्राविधिक तथा शिप मुलक तालिम, महिला अपाङ्ग र जेष्ठ नागरिक र पिछडिएको जाति र क्षेत्र सहित) नियमित हुनेछ ।
- अनुगमन तथा सुपरीबेक्षण, समिक्षा गोष्ठी, सार्बजनिक सुनुवाई, सार्बजनिक लेखा परीक्षण, प्रभाव मूल्याङकनमा जवाफदेहिता, पारदर्शिता र उत्तरदायी भूमिकाको प्रत्याभूति हुनेछ ।
- निजी, सामुदायिक तथा गैससको उत्साहजनक सहभागिता हुनेछ ।
- सरोकारवालाहरुलाई आबश्यक तालिम दिई अझ बढी सक्षम, योग्य र सवल भएका हुनेछन् ।
- समन्वयात्मक वैठक र योजनामा सहकार्यको व्यवस्था भएको हुनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरुमा सुझाव पेटिका, क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था भएको हुनेछ ।
- योग्य कर्मचारी छनौट गरी रिक्त दरवन्दीमा दक्ष जनशक्ति पुरा भएको हुनेछ ।
- नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारता संस्थागत सुदृढीकरण भएको हुनेछ ।
- नगर स्थित कार्यालयहरुको श्रोत परिचालन तथा सेवा प्रदान, प्रविधि, अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार हुनेछ ।
- नगरपालिकामा भएका उद्योग, व्यवसायिक फर्म तथा आर्थिक कारोवार गर्ने निकायहरु पहिचान गरी करको दायरामा ल्याईने छ ।
- नगरपालिकामा रहेका कार्यालयहरुबीच आपसी समन्वय स्थापित भएको हुनेछ ।
- कार्यालयहरुले विद्युतीय सुशासन पद्दति मार्फत सेवा सुविधा चुस्त दुरुस्त बनाएका हुनेछन् ।
- नगरपालिकाको मोवाईल एप्स मार्फत नगरवासीहरुले सहज सेवा सुविधा र सूचना प्राप्त गरेका हुनेछन् ।

**कार्यक्रम/क्रियाकलापहरु**

- अन्तर निकाय तथा अन्त: निकाय संस्थाहरुबीच समन्वय गर्ने ।
- कार्यालयले आफ्ना सूचना तथा वार्षिक प्रगति नियमित अध्यावधिक गरी वेबसाइटमा राख्ने
- कार्यालयहरुमा ई-सुशासनको पद्दति कार्यान्वयन गर्ने ।
- नगरपालिकाको मोवाईल एप्स निर्माण गरी कार्यान्वयन गर्ने
- क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण कार्यक्रम संचालन गर्ने ।
- वडा कार्यालयहरुलाई एकीकृत सेवा केद्रको रुपमा विकास गर्ने ।
- दक्षता अभिवृद्धिको लागि तालिम, क्षमता विकास, गोष्ठी, सेमिनारका कार्यक्रम संचालन गर्ने ।
- कार्यालयको लागि आवश्यक पूर्वाधार विकास र व्यवस्थापन गर्ने ।
- एनजिओहरुको अनुगमनलाई प्रभावकारी बनाउने ।
- नगरपालिकामा मिडिया सेन्टरको स्थापना गर्ने ।

# ७. प्रस्तावित योजना तथा कार्यक्रम र बहु-क्षेत्रगत लगानी कार्य योजना

## ७.१ परिचय

यस खण्डमा भद्रपुर नगरपालिको योजना तथा कार्यक्रम र ती कार्यक्रमहरुको कार्यान्वयन योजना समेत प्रस्ताव गरिएको छ । कार्यक्रमहरु प्रस्ताव गर्दा विषयगत उप-समितिहरुको छलफल र प्रस्तुतीकरणलाई आधार मानी योजनाहरु पहिचान गरिएको छ । यसैगरी विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि समेत स्थलगत भ्रमण, अलोकन तथा स्थानीयवासीसँग छलफल गरिएको थियो ।

## ७.२ डिपिआर तयारीको लागि योजना छनौटको आधार

यस अध्ययनको कार्यशर्त बमोजिम ३ वटा संभाव्य तथा आवश्यक पूर्वाधारहरुको डिपिआर तयार गर्नु रहेको छ । छलफल अध्ययनको क्रममा विभिन्न योजनाहरु पहिचान भएको भएतापनि मुख्य आवश्यक संभाव्य पूर्वाधारहरु छनौट गरिएको थियो । डिपिआरको लागि आयोजना छनौट गर्नेआधारहरु निम्न बमोजिम रहेको छः

- प्रारम्भिक स्थलगत अध्ययनमा प्राप्त सुझावहरु
- नगरपालिकाका प्रतिनीधिहरु र स्थानीयवासीसँगको छलफल/अन्तर्क्रियाका क्रममा प्राप्त सुझाबहरु
- स्थलगत अध्ययन तथा प्रारम्भिक संभाव्यता
- आयोजना निर्माणबाट स्थानीयमा पर्नजाने सकारात्मक प्रभाव तथा आयोजनाले जनस्तरमा पुऱ्याउने लाभ ।

## ७.३ विस्तृत आयोजनाहरुको विवरण र पुष्ट्याई

विस्तृत आयोजना प्रतिवेदन तयार गर्नको लागि माथि उल्लेख गरिएको आधारमा आयोजना छनौट गर्दा प्रारम्भिक संभाव्यता अध्ययनको आधारमा निम्न बमोजिमका आयोजनाहरु पहिचान गरी ती आयोजनाहरुको डिपिआर तयार गरिएको छ (आयोजनाहरुको विस्तृत विवरण अनुसूची ४ मा समावेश गरिएको छ) :

**आयोजना १ - भद्रपुर नगरपालिकामा आधुनिक बसपार्कको डिपिआर तयार गर्ने**

भद्रपुर नगरपालिकामा उत्तर-दक्षिण चारआली-केचना र पूर्व-पश्चिम झापा चौक-गौरीगंज-रंगेली दुई हुलाकी राजमार्गहरु निर्माणधीन अवस्थामा रहेका छन् । त्यसैगरी भद्रपुरलाई भारतीय सिमावर्ती बजारसँग जोड्नको लागि मेची नदीमा पक्की पुलको निर्माण पनि करिब अन्तिम चरणमा पुगेको छ । माथि उल्लेखित दुई हुलाकी राजमार्गको निर्माण पश्चात भद्रपुरको सम्पर्क र पहुँच जिल्लाका दक्षिण क्षेत्रमा अवस्थित गाउँपालिकाहरुसँग र पूर्व-पश्चिम हुलाकी राजमार्ग मार्फत बिराटनगरसँग बढ्ने देखिन्छ भने मेची पुलको निर्माण सम्पन्न पश्चात भद्रपुर अन्तरदेशीय नाकाको रुपमा समेत बिकास हुने देखिन्छ । यसरी सडक र पुल जस्ता ठूला पूर्वाधारहरुको विकासले भद्रपुरमा हाल भैरहेको बसपार्कले यातायातको चाप धान्न नसक्ने देखिएकोले भद्रपुर जस्तो रणनैतिक स्थानमा रहेको र बढ्दो शहरीकरण बेहोरिरहेको शहरको लागि निकट भविश्यमा आधुनिक बसपार्कको आवश्यकता महशुस गरी यो डिपिआर तयार गरिएको छ ।

**आयोजना २ - कमलधाप पर्यटकीय र सीमसार क्षेत्रको अवधारणागत गुरु योजना (Conceptual Master Plan) तर्जुमा**

कमलधाप भद्रपुर नगरपालिकाको एक प्रमुख धार्मिक, पर्यटकीय र सीमसार क्षेत्र हो । नगरपालिकाको वडा नं २ मा अवस्थित यस क्षेत्रमा १८ जातजाति र विभिन्न धर्मसँग सम्बन्धित मठमन्दिरहरु एकै ठाउँमा रहेकोले धार्मिक हिसाबले समेत कमलधाप एक नमुना पर्यटकीय क्षेत्र हो । कमलधाप जलथल जंगलसँग जोडिएको र कमलधाप परिसरमा एक सिमसार क्षेत्र समेत रहेकोले यो क्षेत्रको वातावणीय महत्व समेत रहेको छ । झापाचौकबाट केचना जाने मुख्य सडकको सगरमाथा चौकबाट करिब १ किमि पश्चिममा अवस्थित यस पर्यटकीय स्थललाई मुल सडकसँग पक्की सडकले जोडेको छ । हाल कमलधाप परिसरमा बनेका मठमन्दिरहरु कुनै योजना बिना नै निर्माण भैरहेको र सीमसार क्षेत्रको समेत संरक्षण गर्नुपर्ने आवश्यकतालाई महशुस गरी यो अवधारणागत गुरुयोजना तयार गरिएको छ । यसमा पोखरीको संरक्षण योजना, पोखरी र पोखरीको बीचभागमा मन्दिर, पिकनिक स्थल जस्ता पर्यटकीय पूर्वाधारहरु समेटिएको छ ।

**आयोजना ३ - भद्रपुर नगरपालिकाको सगरमाथा चौकबाट खानेपानीको टैंकी र मेची क्याम्पसको पश्चिम हुँदै चन्द्रगढी विमानस्थल जाने सडकको डिपिआर**

भद्रपुर नगरपालिका भित्रका मुख्य रणनैतिक सडकहरु शहरी विकास तथा भवन निर्माण विभागको संघन शहरी कार्यक्रममा परी निर्माणको चरणमा गैसकेका छन् । माथि उल्लेख गरिएको सडक संघन शहरी कार्यक्रममा नपरेको, विमानस्थल जोड्ने वैकल्पिक सडकको रुपमा रहेको र उक्त सडकको स्तरोन्नती भएमा नगरपालिकाबाट विमानस्थल जान समेत छोटो पर्ने भएकोले यो सडक डिपिआरको लागि छनौट गरिएको छ । यस सडकको निर्माण पश्चात भद्रपुर बजारबाट छोटो दुरीमा नै एयरपोर्ट पुग्न सकिने हुँदा यो सडक महत्वपूर्ण सडकको रुपमा पहिचान गरिएको छ ।

## ७.४ अल्पकालीन योजनाहरु (०-५ बर्ष )

तालिका ७.१ अल्पकालीन योजनाहरुम (लागत रु हजारमा)

| क्र. स. | योजना तथा कार्यक्रम | स्थान | एकाई/दुरी | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकायहरु | |
|---|---|---|---|---|---|---|
| **भौतिक विकास** | | | | | | |
| **सडक** | | | | | | |
| | | | | | मुख्य | सहायक |
| १ | नगर यातायात गुरु योजना तर्जुमा गर्ने | | | १५०० | नपा | |
| २ | मन्त्री चोक-लेखानाथ चोक- बि.पि. चोक-चौतुवारी सम्म ड्रेन सहितको बाटो पक्की गर्ने | | ६.४२ किमी | १५५१४६ | सघन शहरी | नपा |
| ३ | NEA कार्यालय – सगरमाथा चोक – झिलमिलया पैनी र गार्मेन्ट चोक – अन्जनी मोड र देउनिया खोला सम्मको बाटो पक्की गर्ने | | ४.३ किमी | १००३५५ | सघन शहरी | नपा |
| ४ | रंगेडाँडा- मवा चोक हुदै ज्ञाने चोक सम्मको सडक पक्की गर्ने | | ४.२ किमी | ११५५९० | सघन शहरी | नपा |
| ५ | चन्द्रगढी सामुदायिक वन कार्यालय देखि देउनिया खोला सम्मको वाटो पक्की गर्ने | | ४ किमी | १०७०६० | सघन शहरी | नपा |
| ५ | देवी वस्ती- वलभद्र चोक- श्याम चौधरीको घर- घिमिरे वस्ती- धुलावरी जोड्ने सडक, जनता कलभर्ट-मेचीखओला नाला, हस्पिटल चोक- गणेश मन्दिर-घोडामारा पैनी सम्मको सडक पक्की बनाउने | | ४.४ किमी | १०२८५२ | सघन शहरी | नपा |
| ७ | शिव मन्दिर- चैतुवारी हुदै डाँफे चोक सम्मको सडक पिच गर्ने | | २.८ किमी | ७८२५५ | सघन शहरी | नपा |
| ८ | चन्द्रगढी चिया उद्यान –धनुषा मोड- साई | | ४.६ | १२४१६९ | सघन | नपा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मार्ग- कौवा खाडी हुदै कुमार श्रेष्ठको घरसम्मको सडक पक्की बनाउने | | | | शहरी | |
| ९ | नयाँ बजारको दक्षिणबाट अमल डाँगी- तारा नगर – डाँगीबारी- पाण्डेचोक- आँपगाछी चोक- किच्चक बध हुदै भैसेवाडी सम्मको सडक पक्की गर्ने | | १४.६२ किमी | ३८१४५१ | सघन शहरी | नपा |
| १० | धनुष मोडबाट धुलावारी सडक हुँदै देवकोटा मार्ग सडक पक्की गर्ने | | १.६५ किमी | ३५२३१ | सघन शहरी | नपा |
| ११ | नपाका मुख्य सडकहरुको चौडाई न्यूनतम ४० फिट  कायम गरी कालो पत्रे गर्ने (वार्षिक १० किमीक दरले) | | ५० किमी | १७८९८०० | नपा | दातृ निकाय/प्रदेश सरकार/केन्द्र सरकार |
| १२ | नगरपालिकाको मुख्य सडकहरुको स्तरोन्नती गर्ने  (वार्षिक १० किमी) | | ५० किमी | १२४१३०० | नपा | दातृ निकाय/प्रदेश सरकार/केन्द्र सरकार |
| १३ | नगरपालिका भित्र भत्केका सडकहरुलाई मर्मत संभार गर्ने  (वार्षिक १० किमी) | | ५०किमी | ९१२७५० | नपा | दातृ निकाय/प्रदेश सरकार/केन्द्र सरकार |
| १४ | नगरपालिमा नयाँ सडकको निर्माण गर्ने (वार्षिक ५ किमी | | २५ | ९८२२५० | नपा | प्रदेश सरकार/केन्द्र सरकार |
| १५ | नपा भित्र भत्किएका सडक, ढल, नाला आदिको छिटो मर्मत गर्न प्राविधिक र साधन सहितको एक Rapid Response Team/Unit को गठन गर्नका लागि बजेट विनियोजना गर्ने | | | नीतिगत | नपा | दतृ निकाय |
| १६ | सडक र ढल निर्माण गर्दा नपा, विद्युत प्राधिकरण, दुरसंचार, केवल नेटवर्क, खानेपानी जस्ता कार्यालयहरुबीच समन्वय गरी गर्ने पद्दतिको विकास गर्ने | | | नीतिगत | नपा | नपा, प्रदेश सरकार/ केन्द्रीय सरकार |
| १७ | निर्माणाधीन मेची पुलसँग भारतीय सडक संजालसँग जोड्न नेपाल सरकारलाई भारत सरकारसँग समन्वय गर्न नपाले अनुरोध गर्ने | | | नीतिगत | नपा | नपा, प्रदेश सरकार/ केन्द्रीय सरकार |
| १८ | ज्ञानेचोक, बारघ्रा फाराम, मन्त्रीचोकहुँदै लेखनाथचोक जाने सडक कालोपत्रे गर्ने | | ५ किमि | १३३८२५ | नपा | प्रदेश सरकार/केन्द्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सरकार |
| १९ | गोलेचोक बाट विश्वनाथको बगान जाने सडक कालोपत्रे गर्ने | | २.३ किमि | ६१५५९.५ | नपा | प्रदेश सरकार |
| **कुल** | | | | **६३२३०९४** | | |
| **पुल तथा कल्भर्ट निर्माण** | | | | | | |
| १ | वार्ड नं ३ बाघे खोल्सीमा कल्भर्ट निर्माण गर्ने | वडा ३ | | ५७०० | नपा | स्थानीय |
| २ | वार्ड नं ३ भच्चक वस्तीमा कल्भर्ट निर्माण गर्ने | वडा ३ | | ५७०० | नपा | श्थानिय |
| ३ | गुराशपुर चोकदेखि फुटलबल ग्राउण्ड जाने सडकमा कुमालको घरअगाडि निर्माण कार्य अपुरो रहेको पुलको निर्माण कार्य सम्पन्न गर्ने (जग मात्र हालेको) | वडा नं १ | २५ मि | २३७५० | प्रदेश सरकार/ केन्द्र सरकार | नपा |
| ४ | मेरो मिलबाट दक्षिणतर्फ जाने सडकमा पुल निर्माण गर्ने | वडा नं १ | २५ मिटर | २३७५० | प्रदेश सरकार/ केन्द्र सरकार | नपा |
| ५ | गुराँशपुरबाट दुर्गा मन्दिर हुँदै साना किसान सहकारी संस्था र संयुक्त वडा कार्यालय जाने सडकको सोमबारे खोलामा पक्की पुल निर्माण गर्ने | वडा नं १ | २५ मिटर | २३७५० | प्रदेश सरकार/ केन्द्र सरकार | नपा |
| ६ | विष्टको घर नजिक कल्भर्ट निर्माण गर्ने | वर्ड नं ३ | | ५७०० | नपा | स्थानीय |
| ७ | मेची नदीमा भैसाबारी जोड्ने पुल निर्माण | वर्ड नं. ३ | ५० मिटर | ४७५०० | प्रदेश सरकार/ केन्द्र सरकार | नपा |
| ८ | चन्द्रभानु सँगै खड्काको घरवाट फुँयालको घरजानेबाटोमा पुल निर्माण | वार्ड नं. ३ | २५ मिटर | २३७५० | प्रदेश सरकार/ केन्द्र सरकार | नपा |
| ९ | आँपगाँछी सुरेन्द्र मेचेको घरनजिक पुल निर्माण गर्ने | वार्ड नं. ३ | २५ मिटर | २३७५० | प्रदेश सरकार/ केन्द्र सरकार | नपा |
| **जम्मा** | | | | **१८३३५०** | | |
| **शहरी पूर्वाधार** | | | | | | |
| १ | Science City को संभाव्यता अध्ययन गरी DPR तयार गर्ने | | | ८५०० | नपा | नपा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सगरमाथा चोकमा घण्टाघरको निर्माण गर्ने | | | २५०० | नपा | नपा, दातृ निकाय |
| ३ | कमलधाप क्षेत्रमा गुरुयोजना बनाई पिकनिक स्पट र पार्क निर्माण गर्ने (प्रारम्बिक) | | | ७५०० | नपा | नपा |
| ४ | सोमबारे दूर्गा मन्दिरको दक्षिणमा (देवी कोईरालाको घर अगाडी) रहेको सार्वजनिक जग्गामा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्ने | वडा नं १ | ३०० सिट क्षमताको | ४१५९१ | नपा | दातृ निकाय/ प्रदेश सरकार |
| ५ | भद्रपुर नगरपालिका क्षेत्रका मा गेट निर्माण गरने | २ वटा | | २०००० | | |
| **जम्मा** | | | | **८००९१** | | |
| **सिंचाई** | | | | | | |
| १ | स्थानीय कुलो र नहरहरुको मर्मत संभार र स्तरोउन्नती गर्ने | | | ७००० | नपा | स्थानीय |
